# तुल्सी लाल स्मृति प्रतिष्ठान

# TULSI LAL MEMORIAL FOUNDATION



# वार्षिक प्रगति प्रतिवदेन

## Annual Progress Report

# विषय सूची


| | |
|---|---|
| तुल्सी लाल स्मृति प्रतिष्ठाको २ औं (दोस्रो) साधारण सभा | 2 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको ३ औं (तेश्रो) साधारण सभा | 4 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको ४ औ (चौथौं) साधारण सभाको प्रतिवेदन | 6 |
| पाँचौ साधारण सभा | 11 |
| छैठौं साधारण सभामा प्रस्तुत गरिएको प्रतिवेदन | 16 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको सातौं (७) साधारण सभामा | 21 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको आठौं (८) साधारण सभामा | 29 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको नवौं साधारण सभामा | 33 |
| दशौं साधारण सभा | 39 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको एघारौं साधारण सभामा | 41 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको बाहौं (१२) साधारण सभामा | 49 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको १३ औं साधारण सभामा | 57 |
| १४ औं साधारण सभामा प्रस्तुत प्रतिवेदन | 61 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको १५ औं साधारण सभामा | 64 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको १६ औं साधारण सभामा | 75 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको १७ औं साधारणसभामा प्रतिष्ठानका सचिव श्री हिम बहादुर क्षेत्रीद्वारा प्रस्तुत प्रतिवेदन | 83 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको १८ औं साधारण सभामा महासचिव | 93 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको १९ औं साधारण सभामा महासचिव हिमबहादुर क्षेत्रीद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन | 102 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको २० औं साधारण सभामा महासचिव हिमबहादुर क्षेत्रीद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन | 111 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको २१ औं साधारण सभा | 117 |
| तुल्सी लाल स्मृति प्रतिष्ठानको २२ औं साधारण सभामा प्रतिष्ठानका महासचिव हिम बहादुर क्षेत्री द्वारा प्रस्तुत प्रतिवेदन : मितिः २०७९ पौष १५ | 122 |


तुल्सी लाल स्मृति प्रतिठान

# तुल्सी लाल स्मृति प्रतिष्ठाको २ औं (दोस्रो) साधारण सभा

सभाका सभापति महोदय तथा उपस्थित संस्थापक सदस्य एवं पत्रकार बन्धुहरु र अन्य महानुभावहरु यस "तुल्सी लाल स्मृति प्रतिष्ठान" को साधारण सभामा यहाँहरु उपस्थित भई सोभा बढाई दिनु भएकोमा म यस प्रतिष्ठानको सचिवको हैसियतले ह्रदय देखि धन्यवाद ज्ञापन गर्दछु ।

स्वर्गीय कामरेड तुल्सी लाल अमात्यले नेपालको कम्युनिष्ट तथा प्रजातान्त्रिक आन्दोलनमा र किसान आन्दोलनमा निर्वाह गर्नुभएकोमा भूमिका बारे नेपाली राजनीतिमा थोरै पनि चासो राख्ने कुनै पनि नेपाली अनभिज्ञ छैन । चाहे त्यो जहाँनिया राणा शासन विरुद्धको आन्दोलन होस् , चाहे त्यो निरंकुश पंचायत व्यवस्था विरुद्धको आन्दोलन होस् , चाहे त्यो नेपालको किसान आन्दोलन होस् वहाँ संघर्षको अग्रीम मोर्चामा कार्यरत रहनु भयो । नेपालको कम्युनिष्ट एवं प्रजातान्त्रिक आन्दोलनका एक महारथी स्वर्गीय कामरेड तुल्सी लाल अमात्यका योगदानहरुलाई नेपाली जनमानसमा स्थापित गराउने उद्देश्यले २०५५ साल श्रावण ११ गते "तुल्सी लाल स्मृति प्रतिष्ठान" विधिवत रुपले दर्ता भएको हो । प्रतिष्ठान स्थापना भए पश्चात् कयौं प्रतिकुल अवस्थाहरुको बावुजुद सबैको सर-सहयोग र सल्लाहले प्रतिष्ठानको कार्यलाई सुचारुपले संचालन गर्ने प्रयत्नहरु जारी छन् । प्रतिष्ठानको यो दोस्रो साधारण सभाले विगतमा भएका कार्यहरुको समिक्षा गर्दै आगामी दिनहरुमा प्रतिष्ठानले निर्वाह गर्नु पर्ने दायित्व तथा कार्ययोजना बारे उचित मार्ग निर्देशन र निष्कर्ष निकाल्ने छ भन्नेमा म विश्वस्त छु । अब म प्रतिष्ठान स्थापना भए देखि हाल सम्म प्रतिष्ठानले गरेको कार्य एवं प्रयत्नहरु बारे यहाँ उपस्थित महानुभावहरु समक्ष जानकारी गराउन चाहन्छौं ।

तुल्सी लाल स्मृति प्रतिठान

**जग्गा, हुलाक टिकट प्रकाशन तथा थप अनुदान रकम सम्बन्धमा**

प्रतिष्ठानले सर्वप्रथम मिति २०५५।६।६ मा ललितपुर जिल्ला अन्तरगत गोदावरी गा.वि.स. वडा नं. ५ मा अवस्थित अन्दाजि १३-१४ रोपनी जग्गा माग गरेको थियो । तर सो जग्गा नपुग हुने देखिएकोले पछि ललितपुर महानगरपालिका वडा नं. ९ अवस्थित ऐलानी जग्गा प्राप्तिको लागि माग गरिएको थियो तर तत्कालीन प्रधानमन्त्री र अन्य सम्बन्धित निकायमा माग र ताकेता गर्दा पनि कुनै सुनुवाई नभएकोले २०५७ जेष्ठ २ गते यस प्रतिष्ठानका सभापति कमरेड माधव कुमार नेपालको नेतृत्वमा प्रतिष्ठानको प्रतिनिधि मण्डलले सम्माननीय प्रधानमन्त्री गिराजा प्रसाद कोइरालालाई भेटि प्रतिष्ठानलाई जग्गा उपलब्ध गराउनु पर्ने, स्व. कमरेड तुल्सी लाल अमात्यको फोटो अंकित हुलाक टिकट जारी गर्नु पर्ने र प्रतिष्ठानलाई थप अनुदान उपलब्ध गराउनु पर्ने माग राखेको थियो । प्रतिष्ठानले राखेका उपरोक्त मागहरु प्रति प्रधानमन्त्रीबाट सकारात्मक जवाफ प्राप्त भएको थियो । तदनुरुप हाल आएर मालपोत कार्यालय ललितरबाट जग्गा सम्बन्धि कार्यलाई अगाडी बढाउन खोजिएको आभास पाइएको छ । आशा गरौं, छिटो नै यस प्रतिष्ठानलाई श्री ५ को सरकारबाट उपरोक्त जग्गा प्राप्त हुनेछ । त्यस्तै कमरेड तुल्सी लाल अमात्यको फोटो अंकति हुलाक टिकट प्रकाशनका साथै थप अनुदान रकम पनि यस प्रतिष्ठानलाई प्राप्त हुने कुरामा आशा राखौं ।

**तेस्रो वार्षिक स्मृति दिवस मनाउने बारे**

तेस्रो वार्षिक स्मृति दिवस २०५७ श्रावण १७ गते मंगलबार मनाउने निर्णय २०५७।०१।३१ गतेको बैठकद्वारा गरिएको जानकारी गराउन चाहन्छु ।

**सालिक निर्माण सम्बन्धी**

दिवंगत नेता तुल्सी लाल अमात्यको सालिक (प्रतिमा) चक्रपथ स्थित ग्वार्कोको चोकमा स्थापना गर्नको निम्ति यस प्रतिष्ठानबाट तयार गरिएको अनुमानित नक्सा र उक्त क्षेत्रको तस्वीर समेत सडक कार्यालयमा पेश भै सकेको छ । उक्त कार्यालयसंग कार्यान्वयनको लागि सर्म्पक गर्दा प्र.जि.अ. कार्यालय ललितपुरको सिफारिश पेश गर्ने तत्पश्चात कार्यान्वयनको लागि आवश्यक प्रकृया अगाडी बढ्न सकिने व्यहोराको जानकारी प्राप्त भएको छ ।

**हाजिरी जवाफ निबन्ध प्रतियोगिता सम्बन्धमा**

ललितपुर र रौतहट जिल्ला व्यापी माध्यामिक विद्यालय स्तरीय "तुल्सी लाल हाजिरी जवाफ रनिङ्ग शिल्ड प्रतियोगिता" र "नेपालको प्रजातान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा का. तुल्सी लाल अमात्यको योगदान" विषयक निबन्ध प्रतियोगिता संचालन गर्नको लागि यस साधारण सभाबाट आयोजक समितिको गठन गर्नु पर्ने देखिन्छ ।

**आजीवन सदस्य तथा साधारण सदस्य बारे**

सादा जीवन उच्च विचार भएका वरिष्ठ वामपंथी नेताको नाममा खुलेको प्रतिष्ठानको आजीवन सदस्यको रकम अलि बढी हुन गएको महशुस आजीवन सदस्य बन्न चाहने महानुभावहरुबाट हुने गरेको हँदा यो दोस्रो साधारण सभाले यस विषयमा पनि विचार गर्नेछ । साथै प्रतिष्ठानको साधारण सदस्य बनाउने अभियान पनि यो दोस्रो साधारण सभा पश्चात अगाडी बढाउनु पर्ने आवश्यक देखिन्छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

त्यस्तै ललितपुर उप-महानगरपालिकामा बन्दै गरेको ललित सभा गृह र रौतहट जिल्लाको सभा गृहलाई नामाकरण गर्ने काम बाँकी रहेको र दिवंगत नेता तुल्सी लाल अमात्यको लेख, रचनाहरुको साथै टेप वार्ता र श्रव्य दृष्य समेत संकलनको लागि मिति २०५७।०२।११ गतेको गोरखापत्र मार्फत आव्हान गरेकोमा हालसम्म कही कतैबाट कुनै पनि सामग्री प्राप्त नभएको । आर्थिक कारोबार बारे यस प्रतिष्ठानका कोषाध्यक्ष श्री अष्टमान महर्जनबाट जानकारी गराइ सक्नु भएको छ ।
अन्तमा यस प्रतिष्ठानबाट भए गरेको मूल विषय यिनै हुन् ।
धन्यवाद ।

(भीम प्रसाद उपाध्याय)
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको ३ औं (तेश्रो) साधारण सभा

**मितिः– २०५८।८।३**

यस “तुल्सी लाल स्मृति प्रतिष्ठान” को तेश्रो साधारण सभाका सभापति, संस्थापक सदस्य, आजीवन सदस्य, पत्रकार एवं अन्य महानुभावहरुलाई आजको यस कार्यक्रममा उपस्थित हुनु भई सोभा बढाईदिनु भएकोमा यस प्रतिष्ठानको सचिवको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

स्वं. तुल्सी लाल अमात्यले नेपालको कम्युनिष्ट एवं प्रजातान्त्रिक आन्दोलनमा गर्नु भएको राजनीतिक संघर्ष, त्याग र बलिदान यर्थातमै अतुलनीय छ । राणा शासन विरुद्धको आन्दोलनमा होस् या निरंकुस पंचायती व्यवस्था विरुद्धको आन्दोलन अथवा नेपाल किसान आन्दोलनमा होस् वहाँ सधै अग्रिम मोर्चामा कार्यरत रहनुभयो ।

२०१९ सालमा बनारसमा सम्पन्न भएको ने.क.पा. को तेश्रो महाधिवेशनमा क. टी.एल. ले राष्ट्रिय प्रजातन्त्रको गैर पूँजीवादी कार्यक्रम प्रस्तुत गर्नुभयो, जुन महाधिवेशनद्वारा अत्यधिक बहुमतले पारित भयो । सोभियत कम्युनिष्ट पार्टीको २० औं महाधिवेशन पश्चाप विश्व कम्युनिष्ट आन्दोलन दुई धुब्रमा विभाजित हुन पुग्यो । फलस्वरुप विभिन्न देशका कम्युनिष्ट पार्टीहरु रुस पक्ष वा चीन पक्ष भनि विभाजित हुन पुगे । यसको प्रत्यक्ष नेपालको कम्युनिष्ट आन्दोलनमा पनि पऱ्यो । कमरेड टी.एल. ले ने.क.पा को तेश्रो महाधिवेशनमा प्रस्तुत गर्नुभएको राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रमको आधारमा वहाँलाई रुस परस्त भनि आरोपित गरियो ।

तर यर्थातमा वहाँ विश्व कम्युनिष्ट आन्दोलन एवं दुई ठूला समाजवादी मूलूकहरु सोभियत संघ र चीन बीच एकताको पक्षपाती हुनुहुन्थ्यो । वहाँले तेश्रो महाधिवेशनमा प्रस्तुत गर्नुभएको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम सन् १९२० मा लेनिनले मंगोलिया जस्तो पिछडिएको मूलूकमा पनि पूँजीवादीलाई फड्को मारी समाजवादमा जान सकिन्छ भनि प्रस्तुत गर्नुभएको सिद्धान्तमा आधारित थियो । राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रमलाई मान्ने सवालमा सोभियत कम्युनिष्ट पार्टी र चिनियां कम्युनिष्ट पार्टी एक मत थिए । गैर पूँजीवादी विकासको राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम नेपालको वस्तुगत धरातलमा लागु गर्नका लागि वहाँ आत्मानिर्भर र राष्ट्रिय अर्थतन्त्रको पक्षपाती हनुहुन्थ्यो । यसका लागि नेपालमा उपलब्ध भएका जडीबुटी, रसायन, खनिज पदार्थहरुको अधित्कतम उपयोग चाहनुहुन्थ्यो ।

रुसमा कम्युनिष्ट पार्टीको शासन समाप्त भएपछि संसार भरिका अधिकांस कम्युनिष्ट पार्टीहरुले आफ्नो दस्तावेजलाई सुधारे र संसोधन गरे, तर क. टी.एल.ले आफ्नो विचारमा कुनै परिवर्तन गर्नु भएन । आफ्नो जीवनको अन्तिम बेलासम्म वहां राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम र गैर पूँजीवादी विकासको पक्षमा अटल रहनु भयो ।

नेपालको कम्युनिष्ट एवं प्रजातान्त्रिक आन्दोलनका एक महारथी स्व. क. तुल्सी लाल अमात्यका योगदानहरुलाई स्मरण गरी स्थापना भएको यस प्रतिष्ठान सबैको सर-सल्लाह र सहयोगले आफ्ना कार्यहरु सुचारुपले चलाउन प्रयत्नशील छ । प्रतिष्ठानको यो तेश्रो साधारण सभाले विगतका कार्यहरुको समिक्षा गर्दै आगामी दिनहरुमा प्रतिष्ठानले निर्वाह गर्नुपर्ने दायित्व तथा कार्ययोजना बारे उचित मार्ग निर्देशन र निकाल्ने छ भन्नेमा म विश्वस्त छु ।

अब म उपस्थित महानुभावहरु समक्ष प्रतिष्ठानको दोश्रो साधारण सभा पश्चात भए गरेका कार्यहरुको जानकारी दिन गइरहेछु ।

१. **जग्गा सम्बन्धमा**

क. प्रतिष्ठानलाई जग्गा दिलाउने क्रममा मालपोत कार्यालय ललितपुरले मिति २०५७७४ मा कुन-कुन कित्ता, कुन प्रयोजनका लागि भन्ने व्यहोरा पत्र लेखी पठाएकोमा मिति २०५७७१८ गते आवश्यक कित्ताहरु लेखी पठायौं ।

ख. प्रतिष्ठानको नाममा यथाशक्य जग्गा प्राप्त गर्न मिति २०५७८।१२ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा गयौं र त्यहाँबाट जुन मन्त्रालयसंग प्रतिष्ठान सम्बन्धि छ त्यहाँको सिफारिस आवश्यक पर्ने जानकारी प्राप्त भयो । त्यसपछि मिति २०५८।३।२५ मा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट सिफारिस पत्र प्राप्त भएपछि भूमिसुधार मन्त्रालयमा उपलब्ध गराइयो ।
ग. भूमिसुधार तथा व्यवस्था मन्त्रालयले मिति २०५८।४।२३ मा जग्गा सम्बन्धि प्रकृया अगाडि बढाउन भूमिसुधार तथा व्यवस्था विभाग बबर महलमा आदेशनुसार अनुरोध गरेको बोधार्थ पत्र प्राप्त भएको छ ।

२. **हुलाक टिकट सम्बन्धमा**

तुल्सी लाल स्मृति प्रतिष्ठान

मिति २०५८।३।१५ गते हुलाक सेवा विभागबाट स्व. वरिष्ठ वामपन्थी नेता तुल्सी लाल अमात्यको रु २।- को दश लाख प्रति हुलाक टिकट प्रकाशित भईसकेको छ ।

३. **सालिक निर्माण सम्बन्धि**

वरिष्ठ वामपन्थी नेता स्व. तुल्सी लाल अमात्यको सालिक ग्वार्को चोकमा राख्नलाई आवश्यक प्रकृयाहरु भइरहेको सन्दर्भमा मिति २०५८।४।१९ गते डिभिजन सडक कार्यालय नं. ३ ललितपुरबाट शालिक स्थापना गर्ने सम्बन्धको मापदण्ड प्राप्त भएको थियो । सो बारे प्रतिष्ठानको कार्यसमितिको बैठकमा छलफल हुँदा निर्णय हुन नसकेको ।

४. **हाजिरी जवाफ तथा निबन्ध प्रतियोगिता सम्बन्धमा**

वरिष्ठ वामपन्थी नेता स्व. तुल्सी लाल अमात्यको तेश्रो तथा चौथो वार्षिक पुण्य तिथिका अवसरमा मिति २०५७४।१५ देखि १६ सम्म ललितपुर जिल्ला व्यापी मा.वि. स्तरीय हाजिरी जवाफ प्रतियोगिता, राष्ट्र व्यापी निबन्ध प्रतियोगिता त्यस्तै २०५८।४।१४ देखि १५ गते सम्म ललितपुर जिल्ला व्यापी मा.वि. स्तरीय हाजिरी जवाफ प्रतियोगिता आयोजना गरियो । उक्त दुबै वर्षहरुमा रौतहट जिल्लामा समेत जिल्ला व्यापी मा.वि. स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भयो ।

## ५. अन्य कार्यहरु

1. वरिष्ठ वामपन्थी नेता स्व. तुल्सी लाल अमात्यको तेश्रो तथा चौथो वार्षिक स्मृति दिवस क्रमशः मिति २०५७।४।१७ र २०५८।४।१७ गते ल.पु जावलाखेलको स्टाफ कलेज (प्रशासनिक प्रशिक्षण प्रतिष्ठान) मा मनाइयो। उक्त दुवै स्मृति दिवसका प्रमुख अतिथी पूर्व प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईज्यू हुनुहुन्थ्यो।

2. वरिष्ठ कम्युनिष्ट नेता स्व. तुल्सी लाल अमात्यको तेश्रो वार्षिक स्मृति दिवसको पुण्य अवसरमा एक्काइसौं शताब्दीको २०५७ असार महिनाको अङ्क स्मृति अङ्कको रुपमा प्रकाशित।

3. वरिष्ठ वामपन्थी नेता स्व. तुल्सी लाल अमात्यको सम्झनामा अखिल नेपाल किसान संघ ललितपुरको संयोजकत्वमा मिति २०५८।३।२६ गते ल.पु प्रयागपोखरीमा "तुल्सी लाल स्मृति पुस्तकालय" स्थापना भएको छ।

4. स्व. तुल्सी लाल अमात्यको चौथो वार्षिक स्मृति दिवसको अवसरमा मिति २०५८।४।१२ गते ललितपुर मंगलबजारमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा ५३ जना महानुभावहरुलाई रक्तदान गर्नुभएको थियो।

तुल्सी लाल स्मृति प्रतिठान

5. मिति २०५८।५।२४ गते यस प्रतिष्ठानका सभापति एवं ने.क.पा. (एमाले) का महासचिव क. माधव कुमार नेपालको अध्यक्षतामा गएको प्रतिनिधि मण्डलले प्रधानमन्त्री श्री शेर बहादुर देउवा समक्ष प्रतिष्ठानका मागहरु राख्यो। जस अर्न्तगत प्रतिष्ठानलाई जग्गा यथाशक्य चाडो उपलब्ध गराईदिने, आर्थिक अनुदान थप गराईदिने, सालिक निर्माण प्रकृयालाई अगाडि बढाईदिने, प्रतिष्ठानलाई "राष्ट्रिय प्रतिभा स्मारक कोष कार्यविधि" २०५५ को ४ १ (क) बमोजिम "क" श्रेणीमा विभाजन गराईदिने रहेका छन्।

(भीम प्रसाद उपाध्याय)
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको ४ औ (चौथौं) साधारण सभाको प्रतिवेदन

मितिः–२०५९।१२।२९।७

**आदरणीय सभापति महोदय,**

यस तुल्सी लाल स्मृति प्रतिष्ठानको चौथो साधारण सभामा उपस्थित सम्पूर्ण सदस्यहरु, बुद्धिजिवीहरु एवं पत्रकारहरुमा स्वागत एवं अभिवादन गर्दछु ।

उपस्थित सम्पूर्ण ती साथीहरु जसले तुल्सी लाल स्मृति प्रतिष्ठानको स्थापनाकाल देखि हरेक कार्यक्रमहरुमा पूर्ण सहयोग प्रदान गरी प्रतिष्ठानद्वारा गठित विभिन्न समिति, उप-समितिहरुमा रही कार्यक्रमलाई सफल तुल्याउनु भएकोमा धन्यवाद ज्ञापन गर्दछु । र आगामी वर्षहरुमा पनि कार्यक्रमको विषयमा सुझावको अपेक्षा गर्दै कार्यक्रमलाई अझ सफलतामा पुऱ्याउनुहोला भन्ने आशा गर्दछु ।

नेपाल कम्युनिष्ट एवं किसान आन्दोलनमा आफ्नो सम्पूर्ण जीवन समर्पित गर्नुभएका क. तुल्सी लालको जीवन निष्कलंक थियो भन्ने कुराहरु उहाँको निधनपछि पाउनुभएको सम्मानले नै प्रमाणित गर्दछ । उहाँले आफ्नो जीवनमा कहिले पनि व्यक्तिगत स्वार्थ सिद्ध गर्नको लागि कुनै त्यस्तो कार्य गर्नु भएन, जसकारण उहाँ आफ्नो जीवनमा निःस्वार्थ र निष्कलंक रहनुभयो । क.तुल्सी लालको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको उहाँको इमान्दारीता हो । उहाँले कहिले पनि राजनीतिक जीवनमा कसैप्रति गलत र झुठ आरोप लगाउनु भएन । देश र जनताको लागि कुनैपनि बेला आफ्नो कर्तब्य गर्न अघि सर्नु हुन्थ्यो र हमेशा आफूलाई जनताको नजिक रहि उनीहरुलाई सकेसम्म जनता र देशको बारेमा ज्ञान बोध गराउन प्रयासरत रहनुहुन्थ्यो । यसको प्रमाण हो निरकंश पञ्चायती शासनको विरोधमा सर्वप्रथम प्रतिवन्धित नेपाल कम्युनिष्ट पार्टीको झण्डा प्रर्दशन गर्नुभएको थियो । उहाँको आफ्नो जीवनको अधिकांश समय किसान र मजदुरसंग बित्दथ्यो । त्यसकारण वहाँ प्रत्येक दिन किसान र मजदुर सित कुरा गर्नु हुन्थ्यो । उनीहरुले केही कुरा गर्ने बितिकै आफ्नो नोटबुकमा लेख्नुहुन्थ्यो । उहाँको आफ्नो व्यक्तिगत जीवनमा जति आपत आएपनि कहिलेपनि आफ्नो समस्याको कारणले आफ्नो दिन चर्यामा कुनै कमी आउन दिनुभएन । उहाँ हमेशा आफ्नो दुःख हाँसेर वा कुनै गीतको धुनसंग ढालेर गुन गुनाउनु हुन्थ्यो ।

क. तुल्सी लालको जीवनमा कतिपय यस्ता घटनाहरु घटेका छन् जुन उहाँले चाहेको भए आफ्नो सिद्धान्तलाई केही परिवर्तन गरेको खण्डमा राम्रो आर्थिक लाभ हुने थियो । तर, उहाँले कहिलेपनि आफ्नो सिद्धान्तलाई मागी खाने भाडो बनाउनु भएन बरु त्यही सिद्धान्तलाई गम्भीर रुपले अरु विकास गर्नका लागि प्रयासरत रहनुभयो । कुनैपनि हालतमा आफ्नो लक्ष्यबाट हटनु भएन । उहाँमा पूर्ण विश्वास थियो की नेपाली जनता र नेपाल राष्ट्रको उन्नति गर्नलाई कम्युनिष्ट आन्दोलन नै एकमात्र बाटो हो र जनतालाई यस सिद्धान्तप्रति जहिले सम्म राम्रो चेतना हुदैन, उहिलेसम्म जनताको मुक्ति वा अमूल परिवर्तन हुन सक्दैन, त्यसकारण सर्वप्रथम जनतालाई राम्ररी कम्युनिष्ट सिद्धान्तप्रति उनीहरुमा राजनीतिक चेतना बढाउन आवश्यक छ, सोही अनुरुप क. तुल्सी लालले आफ्नो जीवनमा त्यस कार्यको नै अथक प्रयास गर्नु भयो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

सभापति महोदय,

क. तुल्सी लालको नाउँमा स्थापना भएको "तुल्सी लाल स्मृति प्रतिष्ठानको लक्ष्य क. तुल्सी लालको सिद्धान्त र उहाँले प्रतिपादन गर्नु भएको विचारलाई जनता समक्ष पुर्‍याउनको लागि भएको हो । क. तुल्सी लालले आफ्नो जीवनमा कमाएको पूँजीको रुपमा नेपाल राष्ट्र र नेपाली जनतालाई दिशानिर्देशको रुपमा थुप्रै रचनाहरु छोडेर जानु भएको छ ।

उहाँद्वारा रचित कृतिहरु छपाउन सकियो भने अवश्य हो नेपाली जनताले आफ्नो मानसपटलमा देशको र नेपाल राष्ट्रमा कुनै समय राजनीतिज्ञहरुले देशको विकास र प्रगतिको बाटो विर्सिए भने क. तुल्सी लालद्वारा निर्देशित बाटोलाई राम्ररी अध्ययन गर्नसकियो भने बाटो बिराएको बेलामा उक्त सिद्धान्तले सम्पूर्ण देशको जनताको जीवनमा आमूल परिवर्तन गर्न सकिएला की भन्ने आशा छ, मात्र उक्त सिद्धान्तलाई व्यापक अनुसन्धानको आवश्यकता छ र देशको त्यस्ता व्यक्तित्वहरु छन् जसले उहाँको सिद्धान्तलाई अध्ययन गर्न चाहन्छन । अहिलेसम्म कतिपय राजनीतिज्ञ तथा बुद्विजीविहरुले आफ्नो कलमले क. तुल्सी लालका राजनीतिक योगदान र नेपालको प्रजातान्त्रिक एवं कम्युनिष्ट आन्दोलनको इतिहासलाई पन्छाउने प्रयास गरिन्छ । तर, क. तुल्सी लालको इतिहासलाई कसैले पन्छाएर पन्छिने पनि होइन, पन्छाएर व्याख्या गर्दछ भने त्यो इतिहास पुरा हुन सक्दैन । अन्यथा त्यो इतिहास अपूर्ण नै हुन्छ । कसैले क. तुल्सी लाललाई दोषी नै देख्छ भनदेखिन दोषी व्यक्तिको पनि इतिहास हुन्छ र उक्त दोषले पनि दिन, महिना र वर्ष लिएको हुन्छ ।

सभापति महोदय,

तुल्सी लाल स्मृति प्रतिष्ठान

हाम्रा देशका राजनीतिज्ञहरुद्वारा, बुद्विजिवीहरुद्वारा क. तुल्सीलाललाई यति सम्मान्न गरि सकेका छन की, उहाँहरु प्रति प्रतिष्ठानको सचिवको हैसियत कृतज्ञता प्रकट गर्दै एकपल्ट फेरि उहाँहरुलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु। साथै त्यो धन्यवाद पश्चात म त्यही उल्लेखित शब्द फेरि दोहोर्‍याउन चाहान्छु, त्यो के भने क. तुल्सी लाललाई सम्मान गर्दा खेरी साथीहरुले उहाँलाई किसान आन्दोलनका महारथी, पुराना इतिहास भएका मान्छेहरुसंग तुलना गर्ने हो भने क. तुल्सी लाल धेरै माथि हुनुहुन्थ्यो । क. तुल्सी लाल नेपाल मात्र होइन, सार्क क्षेत्रकै अति सम्मानित राष्ट्रवादी, प्रजातन्त्रवादी बामनेता सम्म भनेर सम्मान प्रकट गरे । तर यी सबै चीजहरु व्यवहारिक हुनुपर्दछ ।

सभापति महोदय,

क. तुल्सी लालले कहिले पनि राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा नेपालको परिचय गराउँदा खेरी नेपाल गरीब राष्ट्र भनेर चिनाउनु भएन । नेपालको पुरानो नाउँ रत्नगर्भा हो रत्नै रत्नले भरिएको देश हो यहाँ प्रशस्त रुपले विभिन्न जिल्लाहरुमा खनिज पदार्थ, रसायनहरु उपलब्ध छन् यी खानीहरु नेपाली विशेषज्ञद्वारा खोज गराउन सकेमा नेपाल पनि संसारमा एउटा उन्नतीशील राष्ट्रको रुपमा देखिन सक्छ यी खानीहरुको विषयमा उहाँले २५ वर्ष अघि आफूद्वारा लिखित "राष्ट्रिय प्रजातन्त्र कार्यक्रम" र "कुन बाटो" पुस्तकमा उल्लेख गर्नुभएको थियो ।

संसारमा यस्ता थुपै राष्ट्रहरु छन् जहाँ खानीहरु र रसायनहरुको भण्डार उपलब्ध भएका छन् । तर आर्थिक अभावको कारणले भण्डारहरुलाई विदेशी एकाधिकार कम्पनीहरुलाई खोज, अनुसन्धान गर्ने काम दिएकोमा उनीहरुले विशेषज्ञ पनि आफ्नै देशबाट लिएर आए काम गर्ने दक्ष व्यक्तिहरु पनि आफ्नै देशबाट झिकाए र जुन देशमा खानीको रसायनको भण्डार छ । त्यस देशको जनताले मात्र ती विदेशीहरुको सेवकको रुपमा काम पाए ।

क. तुल्सी लालको जीवनको अन्तिम लक्ष्य पनि यही थियो की नेपालमा सही प्रजातन्त्रको स्थापना होस् जुन प्रजातन्त्रमा नेपाली जनताले आफ्नो भाग्यको निर्माण स्वयं गर्नसकुन, नेपालमा उन्नत स्तरको विकास, विकसित देशहरुको स्तरमा होस् नव नेपालको निर्माण जहाँ नेपाली खुशीयाली पूर्वक रहन सकुन ।

क. तुल्सी लाल नेपालको प्रमुख समस्या आर्थिक नै हो भनेर आफ्नो जीवनको अन्तिम बेलासम्म पनि नेपाल र नेपाली जनताको बारेमा बढी चिन्तित हुनुहुन्थ्यो ।
तुल्सी लाल स्मृति प्रतिष्ठानको मिति २०५८ मंसीर ३० गते सम्पन्न तेश्रो साधारण सभा भए पश्चात भएका ।

**कार्यहरु:**

**जग्गा सम्बन्धि**

यस "तुल्सी लाल स्मृति प्रतिष्ठान" को माग बमोजिम ल.पु उप महानगरपालिका वडा नं. ९ ख कि.नं. २३९ क्षेत्रफल ६१-१-०-० मध्ये ९-४-२ पश्चिम दक्षिण तर्फ र ऐ. वार्ड नं. ९ (ङ) कि.नं. १३९ मध्ये क्षेत्रफल ३-२-३-१ दक्षिण तर्फबाट गरी कूल १२-७-१-३ जग्गा मन्त्री परिषद्को निर्णय अनुसार मिति २०५८।१२।१६ गते प्राप्त गराइएको छ ।

तुल्सी लाल स्मृति प्रतिठान

**प्रतिष्ठानले आयोजना गरेका कार्यहरु**

**१. हाजिरी जवाफ प्रतियोगिता**

मिति २०५९।४।१० गते देखि ११ गतेसम्म क. तुल्सी लाल अमात्यको पाचौं स्मृति दिवसको अवसरमा ल.पु जिल्ला ब्यापी मा.वि. स्तरीय तेश्रो "तुल्सी लाल स्मृति हाजिरी जवाफ शिल्ड प्रतियोगिता" सञ्चालन गरिएको थियो । जुन प्रतियोगितामा ललितपुरका १९ वटा माध्यामिक विद्यालयहरुले सहभागिता जनाएका थिए । यसपटक समेत लगातार तीन पल्ट प्रतियोगितामा प्रथम भएर दिव्य ज्योति माध्यामिक विद्यालयले शिल्ड पचाउन सफल पनि भएको छ । यस हाजिरी जवाफ प्रतियोगिताको उद्घाटन क. केशव बडालले गर्नुभएको थियो ।

**२. दौड प्रतियोगिता:**

ललितपुर जिल्ला ब्यापी मा.वि. स्तरीय दौड प्रतियोगिता २०५९।४।१७ गते आयोजना गरिएको थियो । सातवटा विद्यालयका ३५ जना विद्यार्थीहरुले उक्त प्रतियेगितामा भाग लिएका थिए । ग्वार्को, चक्रपथबाट शुरु भई मंगलबजारमा टुङ्गिएको उक्त कार्यक्रमको उद्घाटन क. बामदेव गौतमले गर्नुभएको थियो ।

**३.प्रवचन कार्यक्रम, पुस्तक विमोचन र सम्मान कार्यक्रम:**

क. तुल्सी लाल अमात्यको पाँचौ वार्षिक स्मृति दिवसको अवसरमा मिति २०५९।४।१९ गते प्रवचन कार्यक्रम आयोजन गरिएको थियो । सोही कार्यक्रममा क. तुल्सी लालद्वारा लिखित "तमाम पार्टी कार्यकर्ताहरुमा ने.क.पा. को अपील" नामक पुस्तक कार्यक्रमका प्रमुख अतिथि ने.क.पा. एमाले का महासचिव माधव कुमार नेपालले गर्नुभएको थियो । उहाँले कार्यक्रमको दौरान, शिक्षाविद् तारापद चौधरी, किसान नेता ऋषिराम चौधरी, र महिला नेतृ नानीमैया नकर्मीलाई दोसल्ला ओढाई सम्मानित गर्नु भएको थियो ।

यसै गरि प्रतिष्ठानको शाखा कार्यालय रौतहटबाट भए गरेका कार्यहरुको विवरण यसै प्रकार छ।

**१. वृक्षारोपण कार्यक्रमः**

प्रतिष्ठानको रौतहट शाखाद्वारा क. तुल्सी लाल अमात्यको पाचौं वार्षिक स्मृति दिवसको अवसर पारेर मिति २०५९ साल श्रावण १७ गते रौतहट जिल्लाको पौराई बागमती स्थित नुनथर पर्यटकीय क्षेत्रमा ने.क.पा. एमाले जिल्ला कमिटी संयुक्त आयोजनामा वृक्षारोपण गरिएको थियो। साथै उक्त क्षेत्रमा तुल्सी लाल वाटिका स्थापना गर्ने निर्णय गरेको जानकारी प्राप्त भएको छ।

**२. हाजिरी जवाफ प्रतियोगिताः**

रौतहट जिल्ला व्यापी तुल्सी लाल स्मृति हाजिरी जवाफ प्रतियोगिता मिति २०५९ साल असोज २० गते सञ्चालन गरिएको थियो जुन प्रतियोगितामा उक्त जिल्लाका कूल ११ वटा विद्यालयहरुले सहभागिता जनाएका थिए।

**३. एम्बुलेन्स सम्बन्धमाः**

प्रतिष्ठानको रौतहट शाखाले विभिन्न दाताहरुको सहयोगमा एम्बुलेन्स सेवा सञ्चालन गर्ने कार्यक्रम अनुसार उक्त एम्बुलेन्सको आयातमा लाग्ने भन्सार छुटको लागि प्रतिष्ठानको केन्द्रीय कार्यालयबाट आवश्यक पत्राचार गरी सकिएको छ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**४. अन्यः**

प्रतिष्ठानको रौतहट शाखाले समय समयमा मानवीय सेवा सञ्चालन गर्ने अभिप्रायले रक्तदान लगायत अन्य स्वास्थ्य शिविरहरु सञ्चालन गर्दै आएको छ। यसैक्रममा नेपाल रेडक्रस सोसाइटीले रक्त संचार केन्द्र भरतपुरका लागि रक्त संचय गर्न प्रत्येक वर्ष फागुन महिनामा रक्तदान कार्यक्रम आयोजन गर्ने जानकारी प्राप्त भएको छ।

भीमप्रसाद उपाध्याय
सचिव
तुल्सी स्मृति प्रतिष्ठान

# पाँचौ साधारण सभा
# तुल्सी लाल स्मृति प्रतिष्ठान

मितिः-२०६१।३।१९

सभापति महोदय,
कार्यसमितिका सदस्यहरु, आमन्त्रित महानुभावहरु एवं पत्रकार बन्धुहरु ।

तपाईहरु यस प्रतिष्ठानको पाँचौ साधारण सभामा उपस्थित भईदिनु भएकोमा म सचिवको हैसियतले कृतज्ञता एवं धन्यवाद ज्ञापन गर्दछु । साथै ती आदरणीय साथीहरु जुन विभिन्न उप-समितिहरुमा आवद्ध भई आफ्नो अमूल्य समय दिएर समय-समयमा काम गर्नु भएकोमा वहाँहरुलाई पनि यसै साधारण सभाको मञ्चबाट धेरै-धेरै धन्यवाद दिन चाहन्छु ।

**सभापति महोदय,**

हुन त यो साधारण सभा करिब तीन महिना अघि पर्ने थियो तर विधान अनुसार त्यसो हुन सकेन । चौथौं साधारण सभा मिति २०५९ चैत्र २९ मा सम्पन्न भएको थियो । पाचौं साधारण सभा करिब तीन महिना पछि भइरहेको छ यसो हुनको मूल कारण देशमा १८ असोजमा राजाद्वारा राजकीय एवं सार्वभौम सत्ता आफूमा निहित रहेको भन्दै २०४६ सालको जन-आन्दोलनद्वारा प्राप्त भएको सिमित प्रजातान्त्रिक अधिकारमाथि आक्रमण गरी जनप्रतिनिधि एवं प्रधानमन्त्री समेतलाई असक्षम शक्तिहरु एक जुट भएर प्रतिगमनको विरोधमा ओर्लिनु परेकोले हो । यो प्रतिष्ठानको जीवन पनि प्रजातन्त्रसित गाँसिएको कारणले यस साधारण सभाको मञ्चबाट प्रतिगमनकारी आन्दोलनमा संगठित भई लागेका संम्पूर्ण प्रजातन्त्रवादी शक्ति एवं प्रगतिशील शक्तिलाई विद्यमान परिवर्तित परिस्थितिमा जन चाहना अनुसार शान्ति तथा प्रजातान्त्रिक अधिकार प्राप्त गर्न पूर्ण सफलता मिलोस् भन्ने कामना गर्दछु । यो प्रतिष्ठान कमरेड तुल्सी लाल अमात्यको विचार र सिद्धान्तहरुलाई प्रचार प्रसार गर्ने अधिकार प्रजातान्त्रिक व्यवस्थाको कारणले मात्र प्राप्त भएको हो जुन २०४६ सालको जन आन्दोलन भन्दा अघि प्रतिबन्धित थियो ।

**सभापति महोदय,**

तर २०४६ सालको जन-आन्दोलन पछि प्रजातान्त्रिक अधिकार पाएपनि हामीहरुले आफ्नो पूर्वज नेताहरुको सिद्धान्त र नीतिहरुलाई प्रचार प्रसार गर्ने स्वतन्त्रता छौं । प्रतिगमनकारी शक्ति बलियो भयो भने हाम्रो यी सिमित अधिकारहरु पनि खोसिन्छन र प्रतिष्ठानको जीवनमा पनि ग्रहण लाग्न सक्छ । यस्ता घटनाहरु संसारमा नभएका होइनन् कार्ल मार्क्स र लेनिन जस्ता महान् व्यक्तित्वहरुको सालिकलाई र वहाँहरुको सिद्धान्त एवं कृतिहरुलाई आगोमा नष्ट गरिएका दृष्टान्त पाइन्छन् । त्यसकारण प्रजातन्त्रवादी र प्रगतिशिल शक्तिहरुले आफ्नो अधिकारलाई बचाउन र सिद्धान्तलाई जीवन्त राख्न सदैव सजग रहनै पर्छ । नत्र हामीहरुको पनि अवस्था यस्तै नहोला भन्न सकिन्न । नेपाली जनतालाई थाहा नै छ कि का.पुष्पलालको मृत्यु पछि भारतबाट वहाँको मृत शरीरलाई काठमाण्डौं ल्याउने स्वीकृति सम्म त्यो वेलाको पंचायती तानाशाही व्यवस्थाले दिएन । त्यो शरीरको अस्तु जनताको दवाबको कारणले ल्याउन सफल भएका थियौं ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**सभापति महोदय,**

२०४६ साल पछि हामीले आफ्नो सिद्धान्तकारहरुको विचारलाई जनता समक्ष लैजान अधिकार प्राप्त गरेका छौं । हामीहरुमा पनि केही दोषहरु नभएका होइनन् मनमा एउटा अहंम चाही अवश्य थियो कि अब हामीहरुले प्राप्त गरेको प्रजातन्त्रलाई कुनै शक्तिले नष्ट गर्न सक्दैन । तर त्यसो भएन कारण अदृश्य शक्तिहरु विभिन्न कोणहरुबाट जागृत भएर अलि अलि गरेर यी शक्तिहरु हामी माझ पस्दै आएका छन् । यसै कारणले प्रजातन्त्र विरोधी शक्तिहरु प्रजातन्त्रको विरोधमा आफ्नो शक्तिलाई प्रदर्शन गर्न थालेका छन् जहाँ जनताको प्रतिनिधिहरु पुग्न पर्ने हो त्यहाँ प्रजातन्त्र विरोधी शक्तिहरु पुगेका छन् । हामी प्रगतिशील र प्रजातन्त्रवादी शक्तिहरु जनताबाट टाढा भैरहेका छौं, यही प्रमुख कारण हो की प्रतिगमनकारी शक्तिहरु आज बलियो हुन पुगेका छन् जुन स्थिति २०४६ सालको संयुक्त जन-आन्दोलन बेलामा थिएन ।

**सभापति महोदय,**

हामी सबैमा विधित छ, का. तुल्सी लाल अमात्यले आफ्नो जीवनको अधिकांश समय गरीब तथा मेहनतकश जनताहरुको माझ रही भावानात्मक सम्बन्ध गाँसी राजनीतिक चेतना र शिक्षा दिने साथै संगठित गर्ने कार्यमा बिताउनु भयो । चाहे बनारस, दरभंगा, दिल्ली आदि लगायतका भारतका शहरहरुका श्रमजीवी जनताहरु होउन् वा देशभित्रकै पहाड देखिका तराईका मजदुर किसानहरुलई संगठित र प्रशिक्षित गर्ने काम गर्नुभयो जुन कार्य अद्वितीय एवं अविश्मरणीय तथा प्रेरणदायी रहेको छ । यस क्रममा आफ्नो व्यक्तिगत एवं पारिवारिक जीवन वर्वाद हुने प्रति समेत उपेक्षा राख्दै जेलनेल लगायत अनेकौं यातनाहरु सहेर पनि सिद्धान्त तथा जनताप्रति प्रतिवद्धता र इमान्दारिता रहने महान् नेताको रुपमा का. तुल्सी लाल अमात्यलाई इतिहासले चिनेको छ । नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनका महासचिव साथै २०१५ सालका ललितपुर जिल्लाबाट निर्वाचित सांसद क. तुल्सी लाल अमात्यका दुई दर्जन प्रकाशित कृति तथा कैयौं प्रकाशित र अप्रकाशित लेख रचनाहरु नेपाल प्रजातान्त्रिक तथा कम्युनिष्ट आन्दोलनका लागि धरोहरका रुपमा रहेका कुरा कसैबाट लुकेको छैन ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

सभापति महोदय,

अब म यस प्रतिष्ठानको चौथो साधारण सभा पश्चात सम्पन्न गरिएका कार्यक्रमहरु र निकट भविष्यमा गर्ने कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## तुल्सी लाल स्मृति प्रतिष्ठान
## ललितपुर
## आ.व. २०६०/२०६१ म सम्पन्न भएको कार्य प्रगति विवरण

| क.स. | कार्यक्रमको विवरण | मिति देखि-सम्म | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | फोटो प्रकाशन | २०६०।४।१२ | | वरिष्ठ बामपन्थी एवं प्रजातन्त्रवादी नेता स्व. तुल्सी लाल अमात्यको २,००० प्रति फोटो प्रकाशित गरि विभिन्न संघ संस्थामा वितरण गरिएको । |
| २ | रक्तदान कार्यक्रम | २०६०।४।१७ | मंगलबजार, ललितपुर | हरेक वर्ष झै यस वर्ष पनि का. तुल्सी लाल अमात्यको सम्झनामा रक्तदान कार्यक्रम सम्पन्न भयो |

| | | | | |
|---|---|---|---|---|
| ३ | छैठौं स्मृति दिवस समारोह | २०६०।४।१८ | राष्ट्रिय सभागृह, भृकुटी मण्डप | देशको समसामायिक राजनीति बारे विचार विमर्श भएको उक्त कार्यक्रमका प्रमुख अतिथि ने.क.पा एमालेका महासचिव श्री माधवकुमार नेपाल हुनुहुन्थ्यो । |
| ४ | चित्रकला प्रतियोगिता | २०६०।४।१८ | राष्ट्रिय सभागृह, भृकुटी मण्डप | प्रतिगमन झल्कने चित्रकला प्रतियोगिता सम्पन्न भएको । पहिलो द्वितिय र तृतिय हुनेलाई पुरस्कार तथा प्रमाण पत्र वितरण गरिएको । |
| ५ | पुस्तक प्रकाशनन | २०६०।५।७ | पुस्तक विमोचन- प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ल.पु. | स्व. तुल्सी लाल अमात्यद्वारा लिखित “नेपालको भावी संविधान कस्तो हुनुपर्छ ?” नामक पुस्तक पुन: प्रकाशन थान संख्या १,००० प्रति |
| ६ | प्रतिष्ठानको जग्गामा तारबार | २०६०/०६१ | ल.पु. उपमहानगरपालिका | वडा नं. ९ स्थित मनहरा खोलाको दक्षिण तर्फ रहेको करिब १२.५ रोपनी जग्गामा तारबार गरिएको |

भविष्यमा गर्ने लक्ष्य राखेका कार्यक्रमहरु:-

तुल्सी लाल स्मृति प्रतिष्ठान

**शालिकको स्थापना**

यस प्रतिष्ठानको दीर्घकालीन उद्देश्य अनुसार यस प्रतिष्ठानले सर्वप्रथम गर्ने कार्य स्व. तुल्सी लाल अमात्यको योगदानलाई कदर गर्दै उहाँको सम्झनालाई जीवन्त राख्न वहाँको प्रतिमाको स्थापना गर्नु हो । यो कार्य वहाँको प्रजातन्त्र प्रतिको आस्था, प्रजातान्त्रिक आन्दोलनमा वहाँले पुऱ्याउन भएको कदर स्वरुप हो ।

यस वर्ष तात्कालीन कार्यक्रममा वहाँको शालिक मुख्य रुपले देहायका दुई स्थानमा राख्ने निर्णय गरेको छ ।

**पहिलो वहाँको जन्मभूमि पाटन:** जहाँ वहाले २०१५ सालमा ललितपुर (पाटन) नि.क्षे.नं. २ बाट सांसद सदस्यमा निर्वाचित भई ने.क.पा. को संसदीय दलको नेता समेत हुनु भएको थियो । ललितपुर उपमहानगरपालिकाद्वारा पूर्ण कद्को शालिकको निर्माण कार्य अन्तिम चरणमा ।

**दोस्रो वहाँको मुख्य कर्मस्थल रौतहट:** रौतहटमा लामो समय सम्म बसी त्यहाँका गरीब किसानहरुसंग काम गर्नु भएको थियो । यसैको फलस्वरुप २००८ सालमा रौतहट किसान आन्दोलन भएको थियो । र त्यस समयमा वहाँकै नेतृत्वमा रौतहट, बारा, पर्सा र सर्लाहीका किसानहरुका तर्फबाट हप्तौसम्म त्यहाँका स्थानीय प्रशासनबाट गरीब किसानहरुका जायज माग पूरा गराउन भएको थियो । यस प्रतिष्ठानद्वारा अर्ध कद्को शालिक निर्माण कार्य अन्तिम चरणमा ।

**पुस्तक प्रकाशन र संग्रह**

यस प्रतिष्ठानले यस आर्थिक वर्षभित्र वहाँद्वारा लिखित सकभर सबै पुस्तक पाण्डुलिपि, भाषण, लेख, अन्तरवार्ता, प्रेस वक्तब्य इत्यादि संकलन गरी क्रमशः छपाउदै जाने निर्णय गरेको छ ।

नेपालका राजनीतिक व्यक्तिहरु मध्ये शायद वहाँ एउटा यस्तो नेता हुनुहुन्थ्यो जस्ले विकट परिस्थितिमा पनि आफ्नो सिद्धान्तमा अडिक रही आफ्नो अन्तिम समय सम्म पनि प्रजातन्त्रको लागि र प्रजातन्त्र प्राप्ति पछि पनि कलम चलाई रहनुभयो ।

यस कार्यलाई पूरा गर्नको लागि हाल सम्म विभिन्न सामाजिक संस्था (सरकारी वा गैरसरकारी) व्यक्ति, पत्रकार, पत्रिकाहरुलाई पत्रचार गरी सकिएको र चाँडै नै यस सम्बन्धित सूचना यस प्रतिष्ठानद्वारा राष्ट्रिय दैनिक पत्रिकाहरुमा सर्वसाधारण जनताको जानकारीको लागि सूचना प्रकाशित गरिने छ ।

**हालसम्म वहाँका पुनः प्रकाशित गरिएका पुस्तकहरुः-**

१. नेपालको भावि संविधान कस्तो हुनु पर्छ ?
२. तमाम पार्टी सदस्यहरुमा नेपाल कम्युनिष्ट पार्टीको अपिल ।

वहाँका अन्य पुस्तक तथा लेख रचनाहरु, अन्तरवार्ताहरु संकलन गरी कम्प्यूटराइज्ड गर्ने कार्य भैराखेको छ ।

**छात्रवृत्ति सम्बन्धी कार्यक्रम**

तुल्सी लाल स्मृति प्रतिष्ठान

नेपाल एउटा अति नै पिछडिएको देशहरु मध्येमा पर्छ । देशको विकास शिक्षा विना असम्भव छ । देशमा भएका शिक्षितहरु उच्च शिक्षाको लागि विदेशमा जान्छन् । त्यही काम गरी बस्दछन् । गरीबका छोरा-छोरी विदेशमा त के आफ्नै देशमा पनि शिक्षा हासिल गर्न सकेका छैनन् । हाम्रो देशको ४० प्रतिशत जनता मात्र शिक्षित छन् । त्यस मध्ये करीब ७० प्रतिशत शहरी क्षेत्रका जनता पर्दछन् । यी गाउँका विद्यार्थीहरु धेरै जसो प्राथमिक शिक्षा प्राप्त गर्न सकेका छन् । उच्च माध्यामिक शिक्षा हासिल गर्न त धेरै हम्मे पर्दछ ।

त्यसैकारण यस प्रतिष्ठानबाट ग्रामीण क्षेत्रका गरीब जेहेन्दार विद्यार्थीहरुले उच्च शिक्षा हासिल गर्न सकुन भनी छात्रवृति प्रदान गर्न निर्णय गरेको हो । हजारौ विद्यार्थीलाई छात्रवृति दिन नसके पनि केहीले भएपनि शिक्षा हासिल गर्न राहत मिलोस् र देश विकासको कार्यमा योगदान पुगोस भन्ने अभिप्राय राखिएको छ ।

हालसम्म साधन श्रोत तथा आर्थिक अभावको कारणले यस कार्यलाई सूचारु रुपले कार्यान्वयन गर्न सकेका छेनौं ।

## तुल्सी लाल स्मृति कृषि र सहकारी अनुसन्धान तथा तालिम केन्द्र भवन निर्माणको प्रोजेक्ट रिपोर्ट

यस परियोजना सम्पन्न गर्नको लागि श्री ५ को सरकार संस्कृति तथा पर्यटन मन्त्रालयलाई भवन निर्माण सम्बन्धि प्रपोजल साथै आर्थिक सहयोगको लागि निवेदन गरिसकेका छौं । यो परियोजनाको कुल लागतको रु. २,३७,६९,८००। (अक्षरेपी रु. दुई करोड सैत्तिस लाख उन्नन्सत्तरी हजार आठ सयको ७५% ले हुने रकम रु.१,७८,२७,३५०। (अक्षरेपी रु. एक करोड अठहत्तर लाख सत्ताइस हजार तीन सय पचाँस मात्र) र बाँकी २५% ले

हुने रकम रु. ५९,४२,४५०। (अक्षरेपी रु. उन्ननसाठी लाख बयालिस हजार चार सय पँचास मात्र) प्रतिष्ठान आफैले आन्तिरक श्रोत तथा ल.पु जि.वि.स. र अन्य संघ संस्थाबाट प्राप्त अनुदान सहयोगबाट व्यहोर्नु छ। श्री ५ को सरकारको तर्फबाट त्यस मन्त्रालयले उपलब्ध गराएको खण्डमा आफ्नो कार्यकक्रमहरु पूरा गरी श्री ५ को सरकारको प्रचलित नियम कानुन बमोजिम प्रतिवेदन पेश गरिनेछ

भवदीय
भीमप्रसाद उपाध्याय
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल स्मृति प्रतिठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको
# छैठौं साधारण सभामा प्रस्तुत गरिएको प्रतिवेदन

**मितिः- २०६२/०२/१४**

सभापति महोदय,

कार्यसमितिका आदरणीय साथीहरु, संस्थापक सदस्यहरु, आजीवन सदस्यहरु, निमन्त्रणा स्वीकार गरी यस प्रतिष्ठानको छैठौं साधारण सभामा उपस्थित हनुभएका आमन्त्रित महानुभावहरुमा सचिवको हैसियतले कृतज्ञता साथै धन्यवाद व्यक्त गर्दछु । साथै ती पत्रकारबन्धुहरुमा, जसमा काँधमा जनता समक्ष सत्य र चेतनामुलक सुचना प्रभाव गर्ने दायित्व रहेको छ, वहाँहरुलाई पनि यस साधारण सभामा म स्वागत एवं अभिवादन गर्दछु ।

सभापति महोदय,

माघ १९ गतेको शाही घोषणा पश्चात देशमा उत्पन्न भएको घटनाले देशभरी ती नेतृत्वदायी व्यक्तित्व र राजनीतिक दलका नेतहरुलाई रातारात गिरफ्तार र नजरबन्ध गर्ने कार्यहरु भए । देशमा निरंकुशतन्त्रका विरुद्ध संघर्ष गदै आएका वि.स. २०४६ सालको प्रजातान्त्रिक आन्दोलनका बाहक रहेका र अहिले पनि प्राजातन्त्रिक प्रणालीका आधार एवं संरचनाका रुपमा रहेका राजनीतिक दलहरुमाथि आक्रमण, गर्ने नेताहरुलाई थुन्ने, उनीहरुका गतिविधिहरुलाई नियन्त्रण गर्ने र जनता बीचमा जान नदिने नीति लिएको छ ।

तुल्सी लाल स्मृति प्रतिठान

सभापति महोदय,

सात राजनीतिक दलहरु बीचमा केही समयको लागि केही तितोपना आएपनि माघ १९ को घटनापछि उनीहरुमा नयाँ ऊर्जा थपिएको छ र खोसिएका मौलिक अधिकारहरु र मुलुकमा प्रजातन्त्रको पुनः वहाली गर्न एकतावद्ध भएका छन । यस प्रतिष्ठानको अस्तित्व पनि प्रजातन्त्रसित गाँसिएको कारणले र स्वयं स्व. तुल्सी लालको सम्पूर्ण जीवन नै प्रजातान्त्रिक आन्दोलनमा नै समर्पित गर्नु भएकोले यो प्रतिष्ठान मार्फत सम्पूर्ण प्रजातन्त्रवादी शक्ति एवं प्रगतिशील शक्तिलाई विद्यमान परिवर्तित परिस्थितिमा जन चाहना अनुसार शान्ती तथा प्रजातान्त्रिक अधिकार प्राप्त गर्न पूर्ण सफलता मिलोस् भन्ने कामना गर्दछु ।

सभापति महोदय,

वि.स. २०४६ सालको निर्णायक जनसङ्घर्षको फलस्वरुप प्रजातान्त्रिक व्यवस्थाको स्थापना भयो र जनता नै देशका सार्वभौम अर्थात देशको मालिक हो भन्ने कुरालाई संविधानले मान्यता दियो । संविधानले मान्यता दिनु र यसलाई व्यवहारिक रुप दिनुमा फेरि पनि अन्तर छ । मानिसले घरखेतको मुद्दा अदालतबाट जितेर जितुवा पुर्जी पाइसके पछि पनि विरोधी पक्षको जवरजस्ती र गलत ढंगको ताकतले गर्दा सो घरखेत भोग गर्न नपाईने स्थिति पनि रहेको हुन्छ । अहिले नेपाली जनताको यही हाल भएको छ ।

सभापति महोदय,

प्रजातान्त्रिक आन्दोलनमा जनताले जीत हासिल गरे । संविधानको रुपमा जितुवा पुर्जी पनि पाए तर के जनता फेरि पनि व्यवहारिक रुपले देशका मालिक बने ? यो सवाल हाम्रो फेरि पनि त्रेसिएको छ ।

सभापति महोदय,

हामी सबै विधितै छ, का. तुल्सी लाल अमात्यले आफ्नो जीवनीको अधिकांश समय गरीब तथा मेहनतकश जनताहरुको माझ रही भावानात्मक सम्बन्ध गाँसी राजनीतिक चेतना र शिक्षा दिनुका साथै संगठित गर्ने कार्यमा बिताउनु भयो । चाहे बनारस, दरभंगा, दिल्ली आदि लगायत भारतका शहरहरुका श्रमजीवी जनताहरु हुन् वा देशभित्रकै पहाड देखिका तराईका मजदुर किसानहरुलाई संगठित र प्रशिक्षित गर्ने काम गर्नुभयो जुन कार्य अद्वितीय एवं अविश्मणीय तथा प्रेरणादायी रहेको छ । यस क्रममा आफ्नो व्यक्तिगत एवं पारिवारिक जीवन वर्वाद हुने प्रति समेत उपेक्षा राख्दै जेलनेल लगायत अनेकौं यातनाहरु सहेर पनि सिद्धान्त तथा जनताप्रति प्रतिवद्धता र इमान्दारीता रहेन महान नेताको रुपमा का. तुल्सी लाल अमात्यलाई इतिहासले चिनेको छ । नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनका महासचिव साथै २०१५ सालका ललितपुर जिल्लाबाट निर्वाचित सांसद का. तुल्सी लाल अमात्यका दुई दर्जन प्रकाशित कृति तथा कयौं प्रकाशित र अप्रकाशित लेख रचनाहरु नेपाल प्रजातान्त्रिक तथा कम्युनिष्ट आन्दोलनका लागि धरोहरका रुपमा रहेको कुरा कसैबाट लुकेको छैन ।

सभापति महोदय,

साथै यस साधारण सभाको मञ्चबाट ती संघ, संस्था एवं व्यक्तिहरुप्रति आभार एवं धन्यवाद प्रकट गर्दछु जसले यस प्रतिष्ठानलाई आर्थिक एवं अन्य सहयोग जुटाई प्रतिष्ठानका क्रियाकलापहरु सफल पार्ने मद्दत गर्नु भएको छ । अब म यस प्रतिष्ठानको पाँचौ साधारण सभा पश्चात सम्पन्न गरिएका कार्यक्रमहरु र आगामी वर्षमा गर्ने कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

## तुल्सी लाल स्मृति प्रतिष्ठान
## ललितपुर
## आ.व. २०६१/२०६२ मा सम्पन्न भएका कार्यहरुको प्रगति विवरण

| क्र.स. | कार्यक्रमको विवरण | मिति देखि-सम्म | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | "तुल्सीलाल स्मृति उपत्यकाव्यापी मा.वि. स्तरीय हाजिरी जवाफ रनिङ्ग शिल्ड प्रतियोगिता" २०६१ | २०६१।४।८ र २०६१।४।९ | पाटन माध्यमिक विधालय, पाटन ढोका, ललितपुर | उपत्यकाका ५४ वटा विद्यालयहरुको सहभागिता भएको उक्त प्रतियोगितामा अन्तिम चरणमा सात वटा विधालयहरुले प्रतिस्पर्धा गरेका थिए । |
| २ | रक्तदान कार्यक्रम | २०६१।४।१६ | मंगलबजार, ललितपुर | हरेक वर्ष झैं यस वर्ष पनि का. तुल्सी लाल अमात्यको सम्झनामा रक्तदान कार्यक्रम सम्पन्न भयो । |

| | | | | |
|---|---|---|---|---|
| | | | | उक्त अवसरमा ४५ जना व्यक्तिहरुले रक्तदान गर्नुभएको थियो । |
| ३ | सातौं स्मृति दिवस समारोह कार्यक्रम | २०६१।४।१७ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जवालाखेल, ललितपुर | विद्यामान द्वन्द्वको उत्पति एवं निकास सम्बन्धी प्रवचन राखिएको उक्त कार्यक्रमका प्रमुख अतिथि ने.क.पा. एमालेका महासचिव श्री माधव कुमार नेपालका साथै अन्य विशिष्ठ व्यक्तित्वहरु साथै विशेषज्ञले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । |
| ४ | प्रवचन गोष्ठी कार्यक्रम | २०६१।१२।२७ | ललितपुर बार एसोसियशनको सभा कक्ष, लगनखेल, ललितपुर | प्रजातन्त्र स्थापनामा स्व. तुल्सी लाल अमात्यको योगदान बारे प्रवचन गोष्ठी कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका नेताहरु एवं विशिष्ठ व्यक्तित्वहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । |
| ५ | तुल्सी लाल स्मृति कृषि र सहकारी अनुसन्धान तथा तालिम केन्द्र भवन निर्माणको प्रोजेक्ट रिपोर्ट | आ.व. २०६१/०६२ | प्रतिष्ठानको शंखमूल अवस्थित जग्गामा | यस कार्यका निम्ति सम्बन्धित मन्त्रालयमा प्रस्ताव सहितको पत्र पठाई सकेको र यस बारेमा अन्य चरणबद्ध कार्यक्रमहरु आउँदो आ.व. मा अगाडि बढाउने लक्ष्य प्रतिष्ठानले लिएको छ । |
| ६ | स्व. अमात्यको जीवनी सम्बन्धी पुस्तक | आ.व. २०६१/०६२ | | उक्त पुस्तकको अन्तिम रुप तयारी भई छपाईको निम्ति प्रेसमा |

तुल्सी लाल स्मृति प्रतिष्ठान

गत वर्ष सम्पन्न गर्न लक्ष्य राखिएको कार्यक्रमहरु कुनै आंकशिकरुपमा मात्र सम्पन्न भएका छन् भने कुनै कार्यक्रम शुरु पनि गर्न नसकिएको जानकारी गराउँदछु । यसो हुनुमा आन्तरिक कमीकमजोरीका साथै परिस्थिति समयानुकुल नहुन पनि सक्छन् र आर्थिक एवं प्रावाधिक कठिनाई पनि होलान् । आउँदा दिनहरुमा यस्ता समस्याहरुलाई अध्ययन र विश्लेषण गरी निर्धारित कार्यक्रमहरु समयमै सम्पन्न गराउन प्रयत्नशील रहने छौं । गत वर्ष सम्पन्न हुन नसकेका कार्यक्रमहरुलाई यस आ.व. भित्र सम्पन्न गर्ने लक्ष्यका साथ निरन्तरता दिने नै छौं ।

**आगामी आर्थिक वर्षमा गर्ने लक्ष्य राखेका कार्यक्रमहरु**

- **शालिकको स्थापना:** यस प्रतिष्ठानको दीर्घकालीन उद्देश्य अनुसार यस प्रतिष्ठानले सर्वप्रथम गर्ने कार्य स्व. तुल्सी लाल अमात्यको योगदानलाई कदर गर्दै उहाँको सम्झनालाई जीवन्त राख्न वहाँको प्रतिमाको स्थापना गर्नु हो । यो कार्य वहाँको प्रजातन्त्र प्रतिको आस्था, प्रजातान्त्रिक आन्दोलनमा वहाँले पुऱ्याउनु भएको कदर स्वरुप हो । यस वर्ष तात्कालिन कार्यक्रममा वहाँको शालिक मुख्य रुपले देहायका दुई स्थानमा राख्ने निर्णय गरेको छ ।

**पहिलो वहाँको जन्मभूमि पाटन :** जहाँ वहाँले २०१५ सालमा ललितपुर (पाटन) नि.क्षे.नं. २ बाट सांसद सदस्यमा निर्वाचित भई ने.क.पा. को संसदीय दलको नेता समेत हुनु भएको थियो । ललितपुर उप-महानगरपालिकाद्वारा पूर्णकद्को शालिकको निर्माण कार्य सम्पन्न भइसकेको छ । अब उक्त शालिकलाई उपयुक्त ठाउँमा अनावरणका लागि कार्यहरु यसै आ.व.मा गरिन्छ ।

**दोस्रो वहाँको मुख्य कर्मस्थल रौतहट :** रौतहटमा लामो समय सम्म बसी त्यहाँका गरीब किसानहरुसंग काम गर्नु भएको थियो । यसैको फलस्वरुप २००८ सालमा रौतहट किसान आन्दोलन भएको थियो । त्यस समयमा वहाँ रौतहट, बारा, पर्सा, सर्लाहीका साथै देशभरिका अन्य ठाउँहरुमा समेत सामन्ती भू-स्वामित्वको अन्त्य गर्ने र भूमिहीन किसानहरुलाई भूमिको स्वामित्व दिलाउने राष्ट्रव्यापी किसान आन्दोलनको नेतृत्व गर्नुभएको थियो । उक्त आन्दोलन अझै पनि जारी नै छ । यसै सम्झनालाई चीरस्थायी राख्न प्रतिष्ठानद्वारा वहाँको अर्ध कद्को शालिक निर्माण पुरा गराउन लागि परेको छ जुन कार्य यस आ.व. भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

- **उपत्यकाव्यापी हाजिरी जवाफ प्रतियोगिता:** गत वर्ष जस्तै यस वर्षपनि तुल्सी लाल स्मृति उपत्यकाव्यापी मा.वि.स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रम आयोजना गरिने छ । गत वर्ष उपत्यका (काठमाण्डौं, ललितपुर र भक्तपुर) का ५४ वटा विद्यालयहरुको सहभागिता रहेकोमा यस वर्ष अझ बढी सहभागिता जनाउनका लागि आवश्यक पूर्व तयारी गरिने कार्यक्रम रहेको छ ।

- **पुस्तक प्रकाशन र संग्रह :** यस प्रतिष्ठानले यस आर्थिक वर्षभित्र वहाँद्वारा लिखित सकभर सबै पुस्तकहरु पाण्डुलिपी, भाषण, लेख, अन्तरवार्ता, प्रेस वक्तव्य इत्यादि संकलन गरी क्रमश: छपाउदै जाने निर्णय गरेको छ ।

  नेपालका राजनीतिक व्यक्तिहरु मध्ये शायद वहाँ एउटा यस्तो नेता हुनुहुन्थ्यो जस्ले निकट परिस्थितिमा पनि आफ्नो सिद्धान्तमा अडिक रहि आफ्नो अन्तिम समयसम्म पनि प्रजातन्त्रको लागि र प्रजातन्त्र प्राप्ति पछि पनि कलम चलाई रहनुभयो ।

  यस कार्यलाई पूरा गर्नका लागि हाल सम्म विभिन्न सामाजिक संस्था (सरकारी वा गैरसरकारी) व्यक्ति, पत्रकार, पत्रिकाहरुलाई पत्रचार गरी सकिएको र चाँडै नै यस सम्बन्धि सूचना यस प्रतिष्ठानद्वारा राष्ट्रिय दैनिक पत्रिकाहरुमा सर्वसाधारण जनताको जानकारीको लागि सूचना प्रकाशित गरिने छ ।

**हालसम्म वहाँका पुनः प्रकाशित गरिएका पुस्तकहरुः-**

१. नेपालको भावि संविधान कस्तो हुनु पर्छ ?
२. तमाम पार्टी सदस्यहरुमा नेपाल कम्युनिष्ट पार्टीको अपील ।

वहाँहरु अन्य पुस्तक तथा लेखरचनाहरु, अन्तरवार्ताहरु संकलन गरी कम्प्यूटराइज्ट गर्ने कार्य भैराखेको छ ।

देशको बदलिँदो राजनीतिक परिवेशलाई मध्यनजर राखी स्वं तुल्सी लाल अमात्यद्वारा लिखित "नेपालको भावी संविधान कस्तो हुनु पर्छ ?" भन्ने पुस्तक बारे आउँदा दिनहरुमा विचार गोष्ठी कार्यक्रम आयोजना गरिनेछ ।

- **छात्रवृत्ति सम्बन्धी कार्यक्रमः** नेपाल एउटा अति नै पिछडिएको देशहरु मध्येमा पर्छ । देशको विकास शिक्षा बिना असम्भव छ । देशमा भएका शिक्षितहरु उच्च शिक्षाको लागि विदेशमा जान्छन् । त्यही काम गरी बस्छन् । गरीबका छोराछेरी विदेशमा त के आफ्नै देशमा पनि शिक्षा हासिल गर्न सकेका छैनन् । हाम्रो देशका थोरै प्रतिशत जनता मात्र शिक्षित छन् । त्यस मध्ये अधिकांश शहरी क्षेत्रका जनता पर्दछन् । यी गाउँका विद्यार्थीहरु धेरै जसो प्राथामिक शिक्षा प्राप्त गर्न सकेका छन् । उच्च माध्यामिक शिक्षा हासिल गर्न त धेरै हम्मे पर्दछ ।

त्यसैकारण यस प्रतिष्ठानबाट ग्रामीण क्षेत्रका गरीब जेहेन्दार विद्यार्थीहरुले उच्च शिक्षा हासिल गर्न सकुन् भनी प्रतिष्ठानको विधानको उद्देश्यअनुरुप छात्रवृति प्रदान गर्ने निर्णय गारिएको हो । धेरै विद्यार्थीलाई छात्रवृति दिन नसके पनि केहीले भएपनि शिक्षा हासिल गर्न राहत मिलोस् र देश विकासको कार्यमा योगदान पुगोस् भन्ने अभिप्राय राखिएको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

हालसम्म साधन श्रोत तथा आर्थिक अभावको कारणले यस कार्यलाई सूचारु रुपले कार्यान्वयन गर्न सकेका छैनौं । धन्यवाद ।

भावदीय
भीमप्रसाद उपाध्याय
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको सातौं (७) साधारण सभामा प्रस्तुत प्रतिवेदन

**मितिः २०६३।०२।१४**

**सभापति महोदय,**

कार्यसमितिका आदरणीय साथीहरु, संस्थापक, आजीवन र साधारण सदस्यहरु, निमन्त्रणा स्वीकार गरी यस प्रतिष्ठानको सातौं साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण आमन्त्रित महानुभावहरुमा यस प्रतिष्ठानको सचिवको हैसियतले कृतज्ञताका साथै धन्यवाद व्यक्त गर्दछु । साथै ती पत्रकारबन्धुहरुमा, जसका काँधमा जनता सत्यतथ्य र चेतनामूलक सूचना प्रभाव गर्ने दायित्व रहेको छ, वहाँहरुलाई पनि यस साधारण सभामा म स्वागत एवं अभिवादन गर्दछु ।

यस प्रतिवेदनलाई तपाईहरु समक्ष प्रस्तुत गर्नुभन्दा अगाडि म संयुक्त जनआन्दोलनका दौरान शाहदत्त प्राप्त गर्ने ती वीर सपूतहरु जसले जनतालाई पूर्णरुपले सार्वभौम शक्ति सम्पन्न बनाउन यस लडाईमा आफ्नो अमूल्य जीवन बलिदान गरे, उनीहरु प्रति तुल्सी लाल स्मृति प्रतिष्ठानको तर्फबाट हार्दिक श्रद्धाञ्जली र शोक संतिप्त परिवारहरु प्रति समवेदना प्रकट गर्दछु ।

२०६१ माघ १९ गतेको शाही घोषणा देखि लिएर २०६३ बैशाख ११ गतेको शाही घोषणासम्म देशले राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा अत्याधिक विषयमा परिस्थितिहरुको सामना गर्नु परेको थियो । तर जनआन्दोलनमा जनता ओर्लेकोले ऐतिहासिक युगान्तकारी उपलब्धिहरु देशले हासिल गरेको कुरा यहाँहरुलाई सर्वविदित नै छ । जनआन्दोलनको तेज आँधीले निरकुंश राजतन्त्रलाई पनि झुक्न बाध्य गरायो जसको परिणाम स्वरुप विघटित प्रतिनिधिसभाको पुनर्स्थापना भयो । आज पुनर्स्थापित प्रतिनिधिसभाको काँधमा जनआन्दोलनद्वारा व्यक्त गरिएको जनअपेक्षालाई शीघ्र पूरा गर्ने अभिभारा रही आएको छ । जस्तो कि मुख्य कार्य जनतालाई पूर्णरुपले सार्वभौम बनाएर देशमा स्थायी शान्तिको स्थापना गर्नु रहेको छ । यो संसद जनआन्दोलनद्वारा स्थापित भएको हुँनाले, यसको उत्तरदायित्व र जवापदेही पनि जनता प्रति नै हुन पर्दछ भन्ने जन आकांक्षा छ । यस जनआन्दोलनमा नागरिक समाजको सक्रिय सहभागितालाई पनि हामीले कदापि बिर्सनु हुँदैन ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

उक्त आन्दोलन स्थायी शान्ति र लोकतन्त्रलाई आधार विन्दु बनाएर सैद्धान्तिक मत भिन्नतालाई पनि एकातिर पन्छाएर सात दल र माओवादी बीच १२ वुँदे समझदारी गरी निरकुंश राजतन्त्रको विरुद्ध गरिएको आन्दोलन हो । देशमा लोकतान्त्रिक सरकारको स्थापना नै आजको प्रथम आवश्यकता हो । अहिलेको परिस्थितिमा **संविधानसभा** नै एउटा उपयुक्त मार्ग चित्र हो, जसले देशलाई र जनतालाई पूर्णरुपले सार्वभौम शक्ति सम्पन्न बनाउँछ ।

कमरेड तुल्सी लाल अमात्यले पनि आफ्नो राजनैतिक दस्तावेजहरुमा संयुक्त मोर्चाको आवश्यकताको बारेमा स्पष्टरुपमा किटानका साथ लेख्नु भएको छ वहाँ हाल घटित राजनैतिक घटनाहरुको अन्दाज पहिले देखि नै थियो । त्यसैले वहाँले घाटी कटुवा प्रतिस्पर्धा गर्नुभन्दा स्वच्छ राजनीतिक प्रतिस्पर्धा हुनु पर्दछ भन्नु हुन्थ्यो । वर्तमान समयमा सात दलको राजनैतिक एकताले पनि कमरेड तुल्सी लाल अमात्यको विचार पुष्टि गर्छ ।

वहाँले नेपाल कम्युनिष्ट पार्टीको तृतीय महाधिवेशनमा पनि सबै संगठनहरुसंग संयुक्त मोर्चा निर्माण गर्ने विचार आगाडि राख्नुभएको थियो । किन कि एउटा संयुक्त मोर्चाले नै एउटा सफल आन्दोलनको रुप लिन सक्दछ । जसको ज्वलन्त उदाहरण आज हाम्रो समिप छ ।

आज देशको सम्मुख जुन समस्याहरु र विसंगतीहरु उत्पन्न भएका छन् त्यसको सन्दर्भमा का. तुल्सी लाल अमात्यको आजभन्दा ४५ वर्ष अगाडि भएको तृतिय महाधिवेशनमा आफ्नो स्पष्ट धारणा सहित व्यक्त गर्नुभएको थियो कि ***"आज संघर्ष राजाको हातबाट शक्ति हस्तान्तरण गरी जनतामा निहित गराई देशमा प्रजातन्त्रिक व्यवस्थाको स्थापना गराउनु हो । यस्तो प्रजातन्त्रले मात्र जनतालाई राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा देशको मालिकका रुपमा स्थापना गरी उनीहरुको समस्या समाधान गर्दै लैजान सकिन्छ र एक सुखी सम्पन्न जनजीवन निर्माण गरेर लान सकिन्छ ।"***

तृतीय महाधिवेशनको बहुमत पक्षले ती विचारलाई लक्ष्यको रुपमा माग बनाएर अगाडि सारेको थियो,
१) राजाको हातबाट सम्पूर्ण शाक्ति जनताको हातमा हस्तान्तरण गर्ने र
२) सर्वशक्ति सम्पन्न सार्वभौम संसदको स्थापना गर्ने
जुन अहिले आएर संयुक्त जनआन्दोलन २०६३ बाट प्राप्त हुन सक्यो ।

त्यस्तै २०४७ सालको संविधान निर्माणको अवधिमा वहाँले २०४६ साल तिर **"नेपालको भावी संविधान कस्तो हुनुपर्छ ?"** नामक पुस्तक लेख्नु भएको थियो । जसमा हाल जनआन्दोलन २०६३ ले पुनर्स्थापित गरेको प्रतिनिधिसभाद्वारा गरिएको घोषणापत्रमा उल्लेखित अधिकांश महत्वपूर्ण निर्णयहरु आफ्नो उक्त पुस्तिकामार्फत सार्वजनिक गर्नु भएको थियो । सायद वहाँका ती महत्वपूर्ण सुझावहरुलाई २०४७ सालको संविधान निर्माण क्रममा अध्ययन मनन गरी समावेश गरिएको भए विगतमा उत्पन्न त्रुटीहरु एवं विसंगतिहरु दोहरिने थिएनन् । जसको परिणाम स्वरुप राजाले २०६१ माघ १९ को घटना घटाउने सक्ने थिएनन् साथै देश र जनताले लामो कष्टपूर्ण एवं पिडादायी जीवन भोग्नु पर्ने थिएन । संविधान सम्बन्धी वहाँका विचारहरु आजपनि उतिकै सान्दर्भिक र समय सापेक्ष छन् । साथै यस प्रतिष्ठानबाट प्रकाशित स्व. तुल्सी लाल अमात्यद्वारा लिखित आफ्ना **संस्मरणका पानाहरु** नामक पुस्तकमा वहाँका महत्वपूर्ण विचार, दर्शन, सिद्धान्तहरुलाई विश्लेषण गरि प्रस्तुत गर्नुभएको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

हामीले क. तुल्सी लाल अमात्यद्वारा व्यक्त गर्नुभएका राजनैतिक विचार एवं विश्लेषणहरुलाई आत्मासाथ गरी देश र जनता समक्ष प्रस्तुत प्रतिवद्धताहरु व्यवहारिकतामा जति सक्दो चाँडो लागु गरेमा नै साँचो अर्थमा वहाँ प्रति सही सम्मान र श्रद्धाञ्जली अपर्ण गरेको ठहरिन्छ ।

सभापति महोदय, अब म संयुत्तः जनआन्दोलन २०६३ मा प्रतिष्ठानको भूमिका बारे चर्चा गर्दैछु

**⟹जन-आन्दोलनमा प्रतिष्ठानको भूमिकाः-**

आफ्नो ८३ वर्षको सम्पूर्ण जीवन लोकतन्त्रकै लागि लगाउने आदरणीय नेपाली कम्युनिष्ट वामपन्थी नेता कमरेड तुल्सी लाल अमात्यको आर्दशलाई पन्छयाउने ध्येय र उद्देश्यबाट स्थापित यस तुल्सी लाल स्मृति प्रतिष्ठानले २३८ वर्षदेखि लादिएको निरकुंश सामन्ती राजतन्त्रलाई ढाल्ने आन्दोलनलाई कस्तो भूमिका रहयो भन्ने कुराको समिक्षा यस साधारण सभाको लागि सान्दर्भिक हुने हुनाँले त्यस बारे संक्षिप्त चर्चा गरिएको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान आफै राजनीतिक संस्था नभए पनि यसले २०५९ साल असोज १८ देखि नै प्रतिगामी कदमको ठाडो अस्विकार गर्दै आयो। विशेष गरी २०६१ माघ १९ देखि राजाले गरेको ठाडो हस्तक्षेपको त कडा शब्दमा प्रतिकार गरेर आफ्नो धारणा प्रेस वक्तव्यमार्फत सार्वजनिक गऱ्यो। प्रतिगामी कदमको विरुद्ध संचालित सात राजनीतिक पार्टीहरुले चलाएको संयुक्त जनआन्दोलन प्रति प्रतिष्ठानले आफ्नो ऐक्यवद्धता जनायो। आन्दोलनकारीहरु प्रतिको निर्मम दमनको विरोध गर्दै शान्तिपूर्ण आन्दोलन प्रति अमानविय ढंगबाट चलाएको गोली लाठी, अश्रु ग्यास, पानीको फोहोरको प्रयोग, गिरफ्तारी आदिलाई तत्काल बन्द गर्न माग गऱ्यो। प्रतिष्ठानका संस्थापक सभापति एवं प्रमुख संरक्षक श्री माधवकुमार नेपालज्यू पटक पटक नजरबन्द र गिरफ्तारीमा पर्नु भयो। यसै गरी वर्तमान सभापति श्री केशब बडाल, सदस्यहरु श्री माधव पौडेल, कृष्णलाल महर्जन, हरिकृष्ण ब्यञ्जनकार, बाबुराम थापा लगायत साथीहरुलाई गिरफ्तार गरियो। प्रतिष्ठानका अधिकांश सदस्यहरु जनआन्दोलनमा प्रत्यक्ष ढंगबाट सामेल हुनुभयो। जनआन्दोलनलाई सफल पार्न नैतिक, भौतिक तथा आर्थिकरुपमा सहयोग गरेर आफ्नो सक्रिय भूमिका निभाउनु भयो। प्रतिष्ठानका तर्फबाट आफ्नो सदस्य लगायतका बन्दीहरुलाई पटक पटक जेलमा भेट्न गएर स्थितिबारे जानकारी लिने आवश्यक सहयोग गर्ने र रिहाईको लागि प्रयत्न गर्ने काम भयो। यी सबै कामहरु प्रति यो सातौं साधारण सभा उच्च मूल्यांकन गर्दछ। साथै आन्दोलनको उपलब्धिलाई संस्थागत गर्न संविधानसभा मार्फत लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्ने नयाँ संविधान निर्माणमा अझ प्रतिवद्ध हुर्दै झन बढी योगदान गर्न तुल्सी लाल स्मृति प्रतिष्ठान यो साधारण सभामार्फत आव्हान गर्दछ।

साथै यस साधारण सभाको मञ्चबाट ती संघ, संस्था एवं व्यक्तिहरुप्रति आभार एवं धन्यवाद प्रकट गर्दछु जसले यस प्रतिष्ठानलाई आर्थिक एवं अन्य सहयोग जुटाई प्रतिष्ठानका क्रियाकलापहरु सफल पार्न मद्दत गर्नु भएको छ। अब म यस प्रतिष्ठानको हालसम्मको प्रमुख उपलब्धिहरु र छैटौं साधारण सभा पश्चात सम्पन्न गरिएका कार्यक्रमहरुका साथै आगामी आ.व. मा गर्ने कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**⟹ प्रतिष्ठानको हालसम्मको उपलब्धिहरुः**

आठ वर्ष अघि स्थापना गरिएको यस प्रतिष्ठानद्वारा अपेक्षाकृत कामलाई अगाडि बढाउन नसकेपनि यसले थुपै उल्लेखनिय काम गरिसकेको छ। यसले भविष्यमा महत्वपूर्ण काम गर्न सक्ने पूर्वाधार तयार गरिसकेको छ। ती निम्न अनुसार छन्।

1. **भौतिक पूर्वाधारः-** कुनै पनि संस्थाको स्थायित्व हुनलाई आवश्यक पर्ने भौतिक पूर्वाधारको विकासको सम्बन्धमा ललितपुर जिल्लाको शंखमूलमा करीब १३ रोपनी जग्गा नेपाल सरकारबाट प्राप्त भैसकेको छ। यसको सही सद्उपयोग गरेमा संस्थाबाट थुप्रै काम गर्न सकिने स्थिति रहेको छ।

2. **अक्षय कोषः-** आफूसंग संकलन भएका रकमहरु तत्काल खर्च नगरी अक्षय कोषमा राखेर स्थायी आम्दानीको स्रोत बनाउने अभिप्रायले ११ लाख अक्षय कोष जम्मा गर्न सफल हुनु अत्यन्तै सह्रानिय कुरा हो। यसले पनि प्रतिष्ठानको स्थायीत्वलाई सुनिश्चित गरेको छ।

3. **पुस्तक प्रकाशनः-** लामो समयको प्रयत्नबाट कमरेड तुल्सी लाल अमात्यद्वारा लिखित **संस्मरणका पानाहरु** प्रतिष्ठानद्वारा प्रकाशित गरिएको छ, यसले कमरेड तुल्सी लाल अमात्यको जीवनको आर्दशबाट सिकेर देश

र जनताको लागि थप योगदान गर्न सकिने वहाँको जीवनको प्रेरणादायी र सबल पक्षहरुलाई व्यवस्थित ढंगबाट सरल भाषामा स-साना प्रकाशनहरुको पनि आवश्यकता महशुस गरिएको छ ।

4. **तुल्सी लाल स्मृति कृषि तथा सहकारी प्रशिक्षण र सूचना केन्द्रः-** तुल्सी लाल कृषि तथा सहकारी प्रशिक्षण र सूचना केन्द्र संचालन गर्ने अठोट वास्तवमा कमरेड तुल्सी लाल अमात्यले नेपाली जनताको आर्थिक सुधार गर्न कुन पक्षलाई विशेष ध्यान दिनुपर्छ भन्ने कुरामा वहाँको निश्कर्षलाई आत्मसाथ गरी कृषि र सहकारीको विकासले नै नेपाली अर्थतन्त्रतमा गुणन्तामक फड्को मार्न सक्छ भन्ने कुरालाई मनन गरी नेपालको कृषि र सहकारीको क्षेत्रका समस्याहरु गहनरुपमा अध्ययन र अनुसन्धान गरी समाधानको उपायहरु पत्ता लगाउने तथा आवश्यकता अनुसार प्रयोगात्मक ढंगबाट जानको लागि कृषि र सहकारी सम्बन्धी विशेषज्ञ र प्रशिक्षकहरु तैयार गर्ने उद्देश्यबाट यो केन्द्रको स्थापना गर्ने टुङ्गो प्रतिष्ठानले गरेको हो । यसको लागि सम्बन्धी क्षेत्रका विशेषज्ञहरु यस क्षेत्रमा प्रतिष्ठानसंग मिलेर काम गर्न तैयार भएको कुरा स-गौरव जानकारी गराउन चाहन्छु साथै यसको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार र खास गरी भवन निर्माणको क्षेत्रमा काफी प्रयत्नहरु भएका छन् । नेपाल सरकारमा पनि सहयोगको लागि विस्तृत कार्यक्रम पेश गरिएको छ भने भारत लगायत अन्य देशमा पनि सहयोगको लागि अनुरोध गरिएकोमा हाल नेपाल स्थित भारतीय राजदुतावासद्वारा नगर वा जिल्लाका स्थानीय सरकारको माध्यमबाट यस क्षेत्रमा सहयोग गर्ने औपचारिक प्रतिवद्धता पत्र पनि प्रतिष्ठानलाई प्राप्त भैसकेको छ । विगत समयमा प्रतिगामी तत्वहरुको अवरोधका कारण यो अगाडि बढ्न सकेन । अब यसलाई युद्धस्तरमा अगाडि बढाइने कुरा साधारण सभामा जानकारी गराउँछु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

5. **उपत्यकाव्यापी मा.वि. स्तरीय हाजिरी जवाफ रनिङ्ग शिल्ड प्रतियोगिताः-** हाजिरी जवाफको माध्यामबाट कमरेड तुल्सी लाल जीवनका आर्दशहरु, वहाँको विचार र भावनाहरुलाई नेपाली जनताबीच पुऱ्याउन संचालन गरिएको यो कार्यक्रमले यस ललितपुर जिल्लाबाट फड्को मारेर उपत्यकाको तीनै जिल्लामा मा.वि. स्तरीय हाजिरी जवाफ प्रतियोगिता हुन पुगेको छ । यसले वर्षैपिच्छे कमरेड तुल्सी लाल अमात्यको बारेमा भोलिका युवा विद्यार्थीहरुमा पुऱ्याउँने काम भएको छ । यस कार्यक्रम सफल पार्न आफ्नो अमूल्य सहयोग गर्ने नेपाल राष्ट्रिय शिक्षक संगठन, शिक्षक प्याबसन लगायतका शिक्षकहरु प्रति प्रतिष्ठान आभार प्रकट गर्दछ । यो साधारण सभा मार्फत खास गरेर निम्न शिक्षकहरु प्रति विशेष सम्मान प्रकट गर्दछु ।

6. **रौतहटको गरुडामा सभा भवनको निर्माणः-** कमरेड तुल्सी लाल अमात्यको कर्म थलो रौतहटको गरुडामा करीब बीस लाखको लागतमा तुल्सी लाल स्मृति भवन निर्माण भएको छ । यसले त्यस क्षेत्रको सभा सम्मेलनका लागि ठूलो सहयोग गर्ने अपेक्षा गरिएको छ ।

7. **प्रतिष्ठानको नाममा एम्बुलेन्स संचालनः-** प्रतिष्ठानको नामबाट रौतहटको चन्दनिगाहपूरमा एम्बुलेन्सको संचालन गरिएको छ । यसबाट रौतहटको चन्द्रनिगाहपूरबासीहरुलाई स्वास्थ्य क्षेत्रमा ठूलो सहयोग पुऱ्याउँदै आएको छ ।

8. **अर्न्तक्रिया कार्यक्रमः-** जनआन्दोलनलाई सहयोग पुऱ्याउन अभिप्रायले वर्तमान जनआन्दोलन र नयाँ संविधानको निर्माणको सवालमा सात पार्टी र राष्ट्रिय व्यक्तित्वहरु जुटाएर अन्र्तक्रिया कार्यक्रम गरियो । उक्त कार्यक्रममा ने.क.पा. (एमाले) का महासचिव श्री माधवकुमार नेपाल, ने.का.का श्री अर्जुन के.सी , ने.का. (प्रजातान्त्रिक) का डा. श्री मिनेन्द्र रिजाल, जनमोर्चाका उपाध्यक्ष श्री लिलामणि पोखरेल, वाममोर्चाका अध्यक्ष श्री विष्णुबहादुर मानन्धर, पूर्व-न्याधीश लक्ष्मण अर्याल र राजनीतीज्ञ श्री निलाम्बर आचार्य लगायत अन्य प्रतिष्ठित व्यक्तिहरुको उपस्थिति रहेको थियो । यसबाट आन्दोलनको समिक्षा र सात दलहरुबीच आपसी सद्भाव विकास गर्ने कार्यमा मद्दत पुऱ्याएको छ ।

9. **शालिक निर्माणः-** हालसम्म २ वटा शालिक निर्माण भएको छ जुन एउटा ललितपुर जिल्लामा र अर्को रौतहटमा स्थापना गर्ने तैयारी भैरहेको छ ।

**(क) पूर्णकदको शालिकः-** स्व. तुल्सी लाल अमात्यको पूर्ण कदको शालिक यस प्रतिष्ठानको सक्रियतामा तथा ललितपुर उपमहानगरपालिकाको सहयोगमा तैयार भई सकेको छ । तर माघ १९ पछिको देशभित्रको राजनैतिक परिस्थितिले गर्दा उक्त शालिकको स्थापना हुन नसकेको हो । आशा छ यस जनआन्दोलन २०६३ पछिको सरकारको सहयोगद्वारा स्थापित गर्न सकिनेछ ।
**(ख) अर्ध कदको शालिकः-** यस प्रतिष्ठानको लगानीमा स्व. तुल्सी लाल अमात्यको अर्ध कदको शालिक निर्माण भई सकेको र उक्त शालिकलाई वहाँको कर्म क्षेत्र रौतहट जिल्लाको गौरमा स्थापना यसै आ.व. भित्र गरिने छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

१०. **प्रतिष्ठानका सदस्यः-** यस प्रतिष्ठानका संस्थापक सदस्यहरु १७ जना हुनुहुन्छ भने आजीवन सदस्यहरु १७ जना र साधारण सदस्यहरु ६ जना हुनुहुन्छ । जसमा सदस्य संख्या ४० रहेको छ ।

⟹ **आ.व. २०६२/२०६३ जेष्ठ महिनासम्म सम्पन्न भएका कार्यहरुको प्रगति विवरण**

| क्र.सं | कार्यक्रमको विवरण | मिति देखि-सम्म | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | "छैठौं साधारण सभा" २०६२ | २०६२ जेष्ठ १४ गते | ललितपुर बार एसोसिशनको सभा कक्ष लगनखेल ललितपुर | तुल्सी लाल स्मृति प्रतिष्ठानको छैठौं साधारण सभा सम्पन्न । |
| २ | "तुल्सी लाल स्मृति दोस्रो उपत्यकाव्यापी मा.वि. स्तरीय हाजिरी जवाफ रनिङ्ग शिल्ड | २०६२ श्रावण १४ र १५ गते | प्रभाव उच्च मा.वि., त्यागल ललितपुर | उपत्यकाभित्रका ललितपुर जिल्लाबाट २२ वटा, भक्तपुर जिल्लाबाट ६ वटा र काठमाण्डौ जिल्लाबाट १२ वटा गरी जम्मा ४० वटा विद्यालयहरुको सहभागिता भएको उक्त प्रतियोगितामा अन्तिम चरणमा सात वटा विद्यालयहरुले प्रतिस्पर्धा गरेका थिए । जस मध्ये विद्यासागर मा.वि.-ललितपुर |

| | | | | |
|---|---|---|---|---|
| | प्रतियोगिता" २०६२ | | | प्रथम, एमराल्ड मा.वि. दोस्रो, वासु उच्च मा.वि-भक्तपुर तेस्रो सन्तानेश्वर विद्यामन्दिर चौथो भएका थिए । |
| ३ | रक्तदान कार्यक्रम | २०६२ श्रावण १४ गते | मंगलबजार ललितपुर | हरेक वर्ष झैं यस वर्ष पनि का. तुल्सी लाल अमात्यको सम्झनामा रक्तदान कार्यक्रम सम्पन्न भयो । उक्त अवसरमा उक्त अवसरमा ४५ भन्दा बढी व्यक्तिहरुले रक्तदान गर्नु भएको थियो । |
| ४ | आठौं स्मृति दिवस समारोह कार्यक्रम | २०६२ श्रावण १७ गते | ललितपुर बार एसोसिशनको सभा कक्ष लगनखेल, ललितपुर | "वर्तमान जनआन्दोलन र भावी संविधानको स्वरुप" राखिएको उक्त कार्यक्रममा प्रमुख अतिथि ने.क.पा (एमाले) का महासचिव श्री माधवकुमार नेपालकै साथै अन्य अथिति वक्ताहरुमा श्री अर्जुन नर्सिङ्ग के.सी, डा. श्री मिनेन्द्र रिजाल, श्री लिलामणि पोखरेल, श्री विष्णु बहादु मानन्धर, श्री निलाम्बर आचार्य र श्री लक्ष्मण अर्याल हुनुहुन्थ्यो । |
| ५ | "संस्मरणका पानाहरु" पुस्तक विमोचन | २०६२ श्रावण १७ | ललितपुर बार एसोसिशनको सभा कक्ष लगनखेल ललितपुर | स्व. तुल्सी लाल अमात्यद्वारा लिखित संस्मरणका पानाहरु प्रतिष्ठानका पूर्व सभापति साथै प्रतिष्ठानका प्रमुख संरक्षक श्री माधवकुमार नेपालज्यूद्वारा पुस्तक विमोचन गर्नुभयो । उक्त अवसरमा हाजिरी जवाफ रनिङ्ग शिल्ड प्रतियोगिताका विजेता, सहभागि र सहयोग गर्ने र रक्तदान कार्यक्रममा सहभागी सम्पूर्ण महानुभावहरुलाई प्रमाणपत्र र कदरपत्र प्रदान गरियो । |
| ६ | रौतहट शाखा | | | प्रतिवेदन आइनपुगेको |

तुल्सी लाल स्मृति प्रतिष्ठान

⟹ **प्रतिष्ठानका केही चुनौतीहरु:**

१) **संस्थागत विकासको चुनौती:-** यस प्रतिष्ठानका सम्पूर्ण सदस्यहरुमा पर्याप्तमात्रामा प्रतिष्ठानको लागि समय दिई जिम्मेवारी वहन गर्ने कुरामा अभाव देखिएको छ । यस संस्थाका कतिपय साथीहरु पार्टी र सामाजिक क्षेत्रका विविध जिम्मेवारी बोकेकाले पनि धेरै समय दिन सक्ने अवस्था छैन । यसले संस्थागत विकासमा केही समस्याहरु उत्पन्न भएको छ ।

**सदस्यता वृद्धि:-** प्रतिष्ठानको विभिन्न कृयाकलाप तथा कार्यक्रममा क्रियाशिल भएका जिम्मेवार व्यक्तिहरुलाई हालसम्म सदस्यता प्रदान गरिएको छैन । समाजका प्रतिष्ठित व्यक्तिहरु जसले कमरेड तुल्सी लाल अमात्य प्रति आस्था राख्छन् ती व्यक्तिहरुलाई सदस्यता दिनु पर्ने तत्कालीन काम रहेको छ ।

प्रतिष्ठानले पारिश्रमिक दिएर पूर्णकालीन कार्यकर्ताको ब्यवस्था गर्न सकेको छैन ।

२) **भौतिक सम्पत्तिलाई संस्थाको विकासमा प्रयोग नभैरहेको अवस्थाः-** खास गरेर प्रतिष्ठानलाई प्राप्त भएको १३ रोपनी जग्गा प्रयोग विना अलपत्र अवस्थामा छ ।

३) **वार्षिक कार्ययोजना र तालिकाको अभावः-** ठूलठूला कार्यक्रम गर्न बजेटको अभाव रहेको र स-साना कार्यक्रमहरुको योजना नै नभएको कारणले गर्दा प्रतिष्ठान कार्यक्रमविहिन बन्न पुगेको देखिन्छ । यो गम्भिर चुनौतिको विषय हो ।

४) **सडक नामकरण बारेः-** ललितपुर जिल्लामा पर्ने मनहरा खोलाको दक्षिणदेखि ग्वार्को चोकसम्मको चक्रपथ स्व. तुल्सी लाल अमात्यको नाउँमा नामाकरण गर्ने भन्ने निर्णय भएको तर आधिकारीक पुष्टि कतैबाट पनि नभएको हुनाले सो कार्य हालसम्म पनि सम्पन्न हुन नसकेको ।

## आ.व. २०६३/०६४ का लागि प्रस्तावित भावी कार्ययोजना

1. तुल्सी लाल कृषि तथा सहकारी प्रशिक्षण र अनुसन्धान केन्द्रको दर्ता तथा भौतिक पूर्वाधार खडा गर्ने आवश्यक कामहरु अगाडि बढाउने । भारत सरकारको सहयोग सम्बन्धी पहललाई विशेष ध्यान केन्द्रीत गरी अगाडि बढ्ने ।
2. कृषि तथा सहकारी सम्बन्धी महत्वपूर्ण विषयहरुमा चार वटा अर्न्तक्रिया कार्यक्रम संचालन गर्ने ।
3. संविधान सभाको सम्बन्धमा दुईवटा अर्न्तक्रिया कार्यक्रम संचालन गर्ने ।
4. कमरेड तुल्सी लाल अमात्य छात्रवृति कोष स्थापना गर्ने ।
5. ललितपुर र रौतहट जिल्लामा यसै आ.व. भित्र शालिक स्थापना गर्ने ।
6. उपत्यकाव्यापी मा.वि. स्तरीय हाजिरी जवाफ रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना गर्ने ।
7. रक्तदान कार्यक्रम आयोजना गर्ने ।
8. कमरेड तुल्सी लाल अमात्य प्रति आस्था रहेका ५० जना व्यक्तिहरुलाई सदस्यता प्रदान गर्ने ।
9. नेपाल टेलिभिजन मार्फत कमरेड तुल्सी अमात्यको जीवनीमा आधारित कार्यक्रम प्रसारण गर्न लगाउने ।
10. संस्मरणका पानाहरु नामक पुस्तक विक्री वितरणका लागि द्रुत गतिमा बढाउने ।

तुल्सी लाल स्मृति प्रतिठान

⟹ **विविध**

यस प्रतिष्ठानका संस्थापक सदस्य श्री बुद्धिराज बज्राचार्यज्यूले यस प्रतिष्ठानको उद्देश्य विपरित कार्य गर्नु भएका र ऐतिहासिक जनआन्दोलन २०६३ को भावना विरुद्ध जनआन्दोलन नै दबाउने प्रतिगामी तत्वहरुको साथ लाग्नुभएको हुँनाले यस प्रतिष्ठानको विधानको धारा १० को उपधारा ३ को क र ख का आधारमा यस प्रतिष्ठानको सदस्यबाट निष्कासित गरिएको जानकारी गराउँदछु ।

गत वर्षमा सम्पन्न गर्न लक्ष्य राखिएको कार्यक्रमहरु सम्पूर्णरुपमा सम्पन्न हुन नसकेता पनि अधिकांश कार्यक्रमहरु सफलाताका साथ सम्पन्न भए भने बाँकी रहेका कार्यक्रमहरुलाई पनि यसै आर्थिक वर्षभित्र सक्ने लक्ष्य लिएका छौं । यसो हुनुमा आन्तरिक कमीकमजोरीका साथै परिस्थिति समयानुकुल नहुन पनि सक्छन् र आर्थिक एवं प्राविधिक कठिनाई पनि भए होलान् । आउँदा दिनहरुमा यस्ता समस्याहरुलाई अध्ययन र विश्लेषण गरी निर्धारित कार्यक्रमहरु समयमै सम्पन्न गराउन प्रयत्नशील रहने छौं । गत वर्ष सम्पन्न हुन नसकेका कार्यक्रमहरुलाई यस आ.व. भित्र सम्पन्न गर्ने लक्ष्यका साथ निरन्तरता दिने नै छौं । धन्यवाद ।

सचिव

तुल्सी लाल स्मृति प्रतिष्ठान
ललितपुर १८, पाटन
फोन नं. ५५४६४७५

तुल्सी लाल स्मृति प्रतिठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको आठौं (८) साधारण सभामा प्रस्तुत प्रतिवेदन

मितिः-२०६४।३।१

सभापति महोदय,

यस सभाका प्रमुख अतिथिज्यू कार्यकारिणी समितिका आदरणीय साथीहरु, संस्थापक, आजीवन र साधारण सदस्यहरु, निमन्त्रणा स्वीकार गरी यस प्रतिष्ठानको आठौं साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण आमन्त्रित महानुभावहरुमा यस प्रतिष्ठानको सचिवको हैसियतले कृतज्ञता साथै धन्यवाद व्यक्त गर्दछ । साथै जनतासमक्ष सत्य तथ्य र चेतना मूलक सूचना प्रवाह गर्ने दायित्व बोकनु भएका पत्रकार बन्धुहरुमा पनि यस साधारण सभामा म स्वागतम एवं अभिवादन गर्दछु ।

यस प्रतिवेदनलाई प्रस्तुत गर्नु भन्दा अगाडि म सयुक्त जनआन्दोलनमा शहदात प्राप्त गर्नुहुने ती वीर सपुतहरु जसले जनतालाई पूर्णरुपले सार्वभौम सत्ता सम्पन्न बनाउन यस ऐतिहासिक आन्दोलनमा आफ्नो अमूल्य जीवनको वलिदान गर्नुभयो । उहाँ प्रति यस प्रतिष्ठानको तर्फबाट हार्दिक श्रद्धाञ्जली र शोक सन्तप्त परिवारहरु प्रति सम्वेदना प्रकट गर्दछु ।

लाखौं-लाखौं नेपाली जनताको शान्तिपूर्ण आन्दोलनले राजाको हुकुमी शासनलाई पल्टाइदिएको छ । नेपालका मेहनतकश जनताले नयाँ नेपाल निर्माणको बाटोमा पाइला टेकी सकेको छ । सात दल र ने.क.पा. (माओवादी) बिच भएको ऐतिहासिक १२ बुँदे, समझदारीको धरातलमा र जन-आन्दोलन भाग दुईको बाटो हुदैं देशमा परिवर्तनका आधारहरु विकसित हुदैं गईरहेका छन् । संसदको पुर्नस्थापना देखि शुरु भएर वृहत शान्ति सम्झौता, माओवादी सहितको अन्तरिम व्यवस्थापिका संसद हुदैं, नेकपा (माओवादी) सम्मिलित अन्तरिम सरकारको गठन सम्म आईपुगेको छ । परिवर्तनको यो सार्थक घटनाक्रमले अन्तराष्ट्रिय जगतलाई समेत उदाहरण प्रस्तुत गरेको छ । तर परिवर्तनको संगसंगै देशमा षड्यन्त्र श्रृखला पनि शुरु भएको छ । जसले राम्रो संकेत दिदैंन । अहिले संक्रमणकालको अवस्था छ र यस संक्रमणकालमा प्रतिक्रियावादी शक्तिले फेरि पनि आफ्नो चलखेल बढाउन थालेको छ । विगतमा हुने घटनाहरुले यस कुरालाई प्रमाणित पनि गर्दछ । संक्रमणकाललाई अधार बनाएर यस बिचमा विदेशी चलखेल पनि बढ्न थालेको आभास पाइएको छ , जस्ले प्रतिक्रियावादी शक्तिहरुलाई नै मद्दत पुऱ्याउने छ ।

लोकतान्त्रिक आन्दोलन सम्पन्न भइसकेपछि पनि तराईका, जनजातिका, दुर्गम क्षेत्रका दलितका जायज र लोकतान्त्रिक मागलाई समयमा सम्बोन्धन नहुदाँ तराईका विभिन्न स्थानमा अत्यन्त दुखद घटना घट्न पुग्यो ।

कुनै बेलामा रौतहट (गौर) किसान आन्दोलनको थलो थियो । क. तुल्सी लालको अगुवाईमा यहाँ किसान आन्दोलनको थुप्रै घटनाक्रम जोडिएका छन् । क. पुष्पलाल, क. तुल्सी लाल र क. मनमोहन अधिकारी जस्ता प्रभावशाली नेताहरुलाई यहाँको किसान जनताले अति सम्मान गर्छन् । जहाँ किसानहरुले महान नेताहरुलाई रात रात जागराम बसी सुरक्षा प्रदान गरेका थिए त्यही ठाउँमा ती महान नेताहरुको शालिकहरुमा र सम्बन्धित

भवनहरुमा तोडफोड र आगजनी गरे । को हुन ती प्रतिक्रियावादी तत्वहरु जसले संक्रमणकालको यस बेलामा आफ्नो घिन लाग्दो राजनैतिक चाल चलिरहेको छ । को हो त्यो जसको प्रभावले किसान आन्दोलनको अगुवाई गर्ने ठाउँमा नै गएर त्यस्ता सोझा किसानहरुको निर्मम हत्या गरेर त्यस्तो ठूलो नरसंहार गऱ्यो र गृह प्रशासन मूक दर्शक झै बसेर हेरि रऱ्यो । गृह प्रशासनले आज सम्म त्यो घटनाको स्पष्ट जिम्मेवारी लिन सकेको छैन । त्यस्तो घटना फेरि पनि नदोहोरियोस त्यसको लागि राजनैतिक दल चनाखो हुनु पर्दछ नत्र केही उग्रवादी सोच भएका गुट उप गुटहरुले प्रतिक्रिवादी षड्यन्त्रको आढमा उग्रनारा दिएर फेरि पनि त्यस्तो खेल खेल्न सक्छन् । त्यसकारणले यो संक्रमणकाललाई लम्बाउनु हुदैन । आज नेपाली जनता दृढता पूर्वक उभिएको लोकतान्त्रिक गणतन्त्रको पक्षमा छ र नेपाली जनतालाई कुनै पनि रुपको राजतन्त्रको उपस्थिति स्वीकार्य छैन । कतिपय दलहरु यो कुरामा स्पष्ट नभएकै कारणले गर्दा संविधान सभाको चुनाव पनि अन्योलमा परको छ, र जेठबाट सरेर मंसीरमा पुगिसकेको छ , फेरि पनि नेपाली जनताले आफ्नो मत जन-आन्दोलन भाग दुई द्वारा सम्पूर्ण विश्वको सम्मुख स्पष्ट रुपले अभिव्यक्त गरिसकेको छ र त्यो हो पूर्ण सार्वभौम सत्ता सम्पन्न संघीय शासन प्रणालीमा आधारित लोकतान्त्रिक गणतन्त्रको स्थापना तर अहिले जन-आन्दोलन भाग दुई सफल भएको एक वर्ष बिति सक्दा पनि लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ गर्नु पर्ने धेरै काम बाँकी नै छ ।

यो अभिभारा पुरा गर्नु आठ पार्टी बीचको एकता अन्य लोकतान्त्रिक गणतन्त्र पक्षधरहरु, नागरिक समाजहरु बिचको एकतालाई प्रवल बनाउदैं सामाजिक न्याय र उत्पादक्त्व वृद्वि आधारित नयाँ नेपालको निमार्णमा अगुवाको भूमिका निभाउन पर्दछ ।  आजको यो संक्रमणकालको बेलामा कम्युनिष्ट दलहरुको काधमा थप जिम्मेवारी आइपरेको छ । आज हामीले वर्गीय चेतना, देशको आर्थिक, राजनीतिक, सामाजिक सांस्कृतिक स्थितिको विश्लेषण गरेर मूल कार्य ठम्याउनु परेको छ । नयाँ नेपाल निर्माणको लागि जन मानसको विचारको परिवर्तन आजको आवश्यकता हो र परिवर्तनमा प्रत्येक नेपाली नागरिकको भागीदारी सुनिश्चित हुनै पर्दछ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

आर्थिक परिवर्तन र सामाजिक परिवर्तन एक अर्काका पुरक हुन । आर्थिक विकासको लागि सामाजिक परिवर्तनको धेरै ठूलो महत्व छ । त्यसैले क. तुल्सी लाल अमात्यले भन्नु भएको थियो "जब सम्म देशबाट यो सामान्ती प्रवृति मेटाउन सकिन्न, जब सम्म देशबाट यो सामान्ती व्यवस्था उखेलेर फ्याँकन सकिन्न र विदेशी साम्राज्यवाद र विदेशी पूँजीवादको प्रभावबाट देशलाई मुक्त गर्न सकिन्न तब सम्म नेपालको एकताले मूर्तरुप लिन सकिने छैन" त्यसैले कम्युनिष्ट आन्दोलन बढाउदै लानु पर्छ र जनतालाई सही सैद्धान्तिक तथा राजनैतिक रुपले सचेत गर्नुका साथै यसका निम्ति एउटा साझा समझदारी बनाएर कार्यगत एकतालाई आधार मानेर एकिकृत भएर जनता सम्मुख उभिनु पर्दछ जसले गर्दा नेपाली जनतालाई साच्चिकै परिवर्तन नयाँ नेपालको अनुभुति हुन्छ । साझा कार्यक्रमको आधारमा देशलाई विदेशी एकाधिकार पूँजीको प्रभावबाट मुक्त गरेर प्रतिकृयावादी सामन्ती व्यवस्थाको मूलजड उखेलर राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक स्वतन्त्रता कायम गर्दै सामाजिक परिवर्तन ल्याएर नेपाली जनतालाई नयाँ नेपालको निर्माणको बाटोमा डोऱ्याउन पर्छ ।

मलाई पूर्ण विश्वास छ कि नेपालका लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिहरुसंग देशलाई नेतृत्व प्रदान गर्ने क्षमता छ । देशलाई विदेशी एकाधिकार पूँजी र प्रतिक्रियावदी सामन्तीहरुबाट मुक्त गरेर सम्पूर्ण जनताको जीवन सुखी सम्पन्न र सुनिश्चित गर्ने एक नयाँ समाजवादको स्थापना गर्नेछ र देशमा लोकतान्त्रिक गणतन्त्रको पक्षमा जन चेतना फैलाएर देशको भविष्य निर्माण गर्न विश्वका विकसित मुलुकहरुको दाँजोमा खडा हुन सक्ने स्वतन्त्र र नयाँ नेपालको निर्माण प्रयासरत रहने छ ।

हामीले क. तुल्सी लाल अमात्यद्वारा व्यक्त गर्नुभएका राजनैतिक विचार एवं विश्लेषणहरुलाई आत्मासाथ गरी देश र जनता समक्ष प्रस्तुत प्रतिवद्वताहरु व्यवहारिकतामा जति सक्दो चाँडो लागु गरेमा नै साँचो अर्थमा वहाँ प्रति सही सम्मान र श्रद्धाञ्जलि अपर्ण गरेको ठहरिन्छ। साथै यस साधारण सभाको मञ्चबाट ती संघ, संस्था एवं व्यक्तिहरुप्रति आभार एवं धन्यवाद प्रकट गर्दछु जस्ले यस प्रतिष्ठानलाई आर्थिक एवं अन्य सहयोग जुटाई प्रतिष्ठानको क्रियाकलापहरु सफल पार्न मद्दत गर्नु भएको छ । अब म यस प्रतिष्ठानको हालसम्मको प्रमुख उपलब्धिहरु र सातौं साधारण सभा पश्चात् सम्पन्न गरिएका कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।

**प्रतिष्ठानका उपलब्धिहरुः-**

स्थापना काल देखिनै सामाजिक काम देखि यस प्रतिष्ठानले थुपै उल्लेखिनीय काम गरिसकेको छ । यसले भविष्यमा अरु थप महत्वपूर्ण काम गर्नेछ भन्ने कुरा पनि म जानकारी गराउन चाहान्छु।

भौतिक पूर्वाधारको सम्बन्धमा ललितपुर जिल्लाको शंखमूलमा करिब १३ रोपनी जग्गा नेपाल सरकारबाट भोगाधिकार प्राप्त भईसकेको अवगतै छ । हाल नेपाल स्थित भारतीय राजदुतावासद्वारा ललितपुर उप-महानगरपालिकाको माध्यमबाट त्यस जग्गामा तुल्सी लाल कृषि तथा सहकारी प्रशिक्षण र अनुसन्धान केन्द्रको भवन निर्माणको निम्ति सहयोग पनि आईसकेको छ र यस क्रममा २०६३ साल फाल्गुन २८ गतेको दिन यस भवनको शिलायान्स कार्यक्रम पनि सम्पन्न भएको छ । वास्तवमा क. तुल्सी लाल अमात्यले नेपाली जनताको आर्थिक सुधार गर्न कृषि र सहकारीको विकासमै विशेष ध्यान दिनुपर्छ भन्ने वहाँको निश्कर्ष थियो । नेपाली अर्थतन्त्रमा गुणान्तमक फड्को मार्न नेपालको कृषि र सहकारीको क्षेत्रका समस्याहरु गहनरुपमा अध्ययन र अनुसन्धान गरी समाधानका उपायहरु पत्ता लगाउने तथा आवश्यकता अनुरुप प्रयोगात्मक ढंगबाट जानको लागि कृषि र सहकारी सम्बन्धी विशेषज्ञ र प्रशिक्षक तैयार गर्ने उद्देश्यबाट नै यो केन्द्रको स्थापना गर्न लागिएको हो र यसलाई पनि ठूलो उपलब्धीको रुपमा लिएका छौ । त्यस्तै हाजिरी जवाफको माध्यामबाट कमरेड तुल्सी लालको जीवनका आर्दशहरु, विचार र भावनाहरुलाई नेपाली जनताको बीच पुऱ्याउने क्रममा संचालन गरिएको यो कार्यक्रमले यस ललितपुर जिल्ला मात्र नभई उपत्यकाको तिनै जिल्लामा पनि मा.वि. स्तरीय हाजिरी जवाफ प्रतियोगिता हुनपुगेकोछ र यसलाई भ्याएसम्म अरु जिल्ला पनि सामेल गराउन उद्देश्य साथै अघि बढाउनेछौं । साथै लामो समय पछि क. तुल्सी लाल अमात्यद्वारा लिखित संस्मरणका पानाहरु नामक पुस्तक प्रकाशित गरेको कुरा यहाँहरुलाई अवगतै छ। वहाँको जीवनको प्रेरणादायी र सवल पंक्षहरुलाई व्यवस्थित ढंगबाट सरल भाषामा स-साना प्रकाशनहरुको पनि आवश्यक भए अनुरुप १० औं समृति दिवसको अवसरमा स्मारिका प्रकाशन गर्ने तयारीमा रहेको छ।

साथै युवा वर्गलाई समेट्ने हिसाबले यस प्रतिष्ठानसंग आवद्ध भई तुल्सी लाल स्मृति स्पोर्ट्स क्लब पनि खोलिएको छ। यस स्पोर्टस क्लब कमरेड तुल्सी लाल अमात्यको नीति र सिद्धान्तलाई चीर स्थायी राख्ने तथा युवा वर्गको स्वास्थ्य शारिरीक, मानसिक र बौद्विक व्यक्तित्व विकास गर्नाका लागि खेलकुदमा पनि अति महत्वपूर्ण भूमिका हुने भएकोले खेलकुदकै माध्यामबाट व्यक्ति अनुशासित र कुलतको बाटोबाट मुक्त रहने हुदाँ समाजलाई एक असल नागरिक प्राप्त गर्न मद्दत पुग्नेछ। क्लबले खोलेको रचनात्मक भूमिकाबाट एक आपसमा भाईचारा बढ्न जाने र क्लब कै प्रयासमा भविष्यमा जनमानसको सेवा हेतु विभिन्न प्रकारका खेलकुद गतिविधि एवं यस क्लबबाट गरिएको कार्यक्रम टोल सरसफाई, मन्दिर संरक्षण, न्हुदँया भिन्तुनाको उपलक्ष्यमा ऱ्याली कार्यक्रम

तुल्सी लाल स्मृति प्रतिष्ठान

जस्ता विभिन्न सामाजिक काम गरिसकेको छ र यसलाई भविष्यमा पनि निरन्तरता दिने कुरा अवगत गराउन चाहान्छु । साथै यस क्लबले देखाएको सद्भाव र सामाजिक कार्यको लागि यस प्रतिष्ठानको तर्फबाट प्रोत्साहान दिदै धन्यवाद पनि दिन चाहान्छु ।

**आ.व. २०६३/२०६४ बैशाष महिनासम्म सम्पन्न भएका कार्यहरुको प्रगति विवरण**

| क्र.स | कार्यक्रमको विवरण | मिति देखि-सम्म | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | सातौं साधारण सभा २०६३ | २०६३ जेष्ठ १३ | ललितपुर बार एसोसियशनको सभा कक्ष लगनखेल ललितपुर | तुल्सी लाल स्मृति प्रतिष्ठान सातौं साधारण सभा सम्पन्न |
| २ | तुल्सी लाल स्मृति प्रतिष्ठान तेश्रो उपत्यका ब्यापी मा.वि. स्तरीय हाजिरी जवाफ रनिङ्ग शिल्ड प्रतियोगिता २०६३ | २०६३ असार २३, २४ र २५ गते | श्री आर्दश कन्या निकेतन मा.वि. मंगलबजार | उपत्यका भित्रका ललितपुर जिल्लाबाट २२ वटा भक्तपुर जिल्लाबाट ११ र काठमाण्डौ जिल्लाबाट १० वटा गरी जम्मा ४२ वटा विद्यालयहरुको सहभागिता भएको उक्त प्रतियोगितामा अन्तिम चरणमा सात वटा प्रतिस्पर्धा गरेका थिए । जस मध्ये प्रथम शन्तानेश्वर मा.वि. दोश्रो दिप कुन्ज मा.वि., तेश्रो बाबा बोडिङ्ग स्कुल चौथो नवरत्न स्कूल भएका थिए । |
| ३ | रक्तदान कार्यक्रम | २०६३ श्रावण १५ | लगनखेल ललितपुर | हरेक वर्ष झै यस वर्ष का. तुल्सी लाल अमात्यको सम्झनामा रक्तदान कार्यक्रम सम्पन्न भयो उक्त अवसरमा ४५ भन्दा बढी व्यक्तिहरुले रक्तदान गर्नुभएको थियो । |
| ४ | नवौं स्मृति दिवस समारोह कार्यक्रम | २०६३ श्रावण १७ | स्टाफ कलेज ललितपुर | वर्गीय समस्याको समाधानमा संविधान सभाको भूमिका राखिएको उक्त कार्यक्रमका प्रमुख अतिथि ने.क.पा एमालेका महासचिव श्री माधव कुमार नेपाल हुनुहुन्थ्यो । |

तुल्सी लाल स्मृति प्रतिष्ठान

भीमप्रसाद उपाध्याय
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान
ललितपुर १८, पाटन
फोन नं. ५५४६४७५

# तुल्सी लाल स्मृति प्रतिष्ठानको नवौं साधारण सभामा प्रस्तुत प्रतिवेदन

अध्यक्षज्यू

सर्वप्रथम म प्रतिष्ठानको तर्फबाट युग युग सम्म सम्झना भइरहने महाननेता तुल्सी लाल अमात्य प्रति श्रद्धा सुमन अपर्ण गर्दछु । तुल्सी लाल स्मृति प्रतिष्ठानको नवौ साधारण सभामा यस प्रतिष्ठानका संरक्षकज्यू, उपाध्यक्षज्यू, संस्थापक सदस्य र आजीवन सदस्यहरु, सम्पूर्ण साधारण सदस्यहरु, कार्यसमितिका साथीहरु लगायत सबै सहभागीहरुलाई हार्दिक स्वागत गर्न चाहान्छु।

यस प्रतिष्ठानको आठौं साधारणसभा २०६४ असाढ १ मा सम्पन्न भए यता करीब एक वर्षको अवधिमा मुलुकमा युग युग सम्म सम्झना भईरहने महत्वपूर्ण ऐतिहासिक राजनीतिक घटनाहरु घटेका छन् । चैत्र २८ गते नेपाली जनताले नेपालकै इतिहासमा प्रथम पटक आफ्नो सार्वभौम अधिकार प्रयोग गरेर संविधानसभाको निर्वाचन सम्पन्न गरेका छन् र २०६५ जेष्ठ १५ गते काठमाण्डौ बानेश्वरको अन्तराष्ट्रिय सभा भवनमा संविधनको प्रथम बैठक बसी करिब २४० वर्ष पुरानो शाहवंशीय राजतन्त्रको अन्त्य गरिएको छ साथै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको विधिवत रुपमा स्थापना र घोषणा गरिएको छ। संविधानको घोषणा स्वंयममा युगान्तकारी परिवर्तनको घोषणा हो घोषणाले नेपालको सामन्तवाद र साम्राज्यवाद विरोधी जन-क्रान्तिको महत्वपूर्ण राजनीतिक उद्देश्य पुरा भएको छ तर यससंग जोडिएका आर्थिक सामाजिक क्रान्ति पुरा गर्न बाँकी छ सामन्तवाद विरोधी पाटो पाटिदै जाने संभावना बढ्दोछ तर साम्राज्यवाद विरोधी पाटो पाटिने संभावना तत्काले कम देखिएका छन् । त्यसकारण पूँजीवादी साम्राज्यवादीको विरोधमा नयाँ रणनीति तय गरिनु पर्दछ । नेपालको जन क्रान्ति आफ्नै मौलिक चरित्र र विशेषताहरु साथ अघि बढ्दैछ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लालको भौतिक शरीर हामीसंग छैन् तर कमरेड तुल्सी लाल अमात्यको मार्क्सवाद, लेनिनवाद कम्युनिष्ट दृष्टीकोण र विचारहरु हामीसंग छ। वहाँका विचारहरुले हामीलाई अहिले पनि निर्देशित एवं मार्गदर्शन गरिरहेको छ र भनिरहेको छ जन क्रान्तिको राजनीतिक उपलब्धीहरुलाई आत्मासात गर अब आर्थिक सामाजिक परिवर्तनको लागि गरीबी, बेरोजगारी भष्टचारीको अन्त्यको लागि, मजदुर किसान युवा, महिला सबै आम श्रमिक जनता माथिको शोषण, उत्पीडन, अन्याय र असमानता अन्त्यको लागि विकासको समाजवाद उन्मुख गैरपूँजीवादी मोडलाई नेपालको आजको वास्तविक विशेषता अनुरुप सृजनात्मक ढंगले विकास गर । चौड क्रान्तिकारी भूमिसुधार लागु गर । जातीय भेद उत्पीडन अन्त्य गर सबै जाति जनजाती भाषा संस्कृतिको पहिचानको महत्व बुझी विकासको समापन औवसर देऔं । नयाँ नेपालमा नयाँ राष्ट्रिय संस्कृतिको निर्माण गदै जाऔं, धर्मको नाममा नफुट धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रका नीति लिएर अघी बढ । राष्ट्रिय एकतालाई बलियो बनायौं । नेपाल नेपालीहरुको एकता भित्र विविधता भित्र एकतामा जोड दिएर संघीय लोकतन्त्रलाई बलियो बनायौं । नयाँ विकासको बाटोले नयाँ संस्कृति निर्माण संगसंगै नयाँ नेपाल गणतन्त्र नेपालको निर्माण हुनेछ । अब नेपालका देशभक्त, कम्युनिष्ट र लोकतन्त्रवादी सबैले क्रान्तिकारी रुपान्तर परिवर्तनको नयाँ चुनौतीहरुलाई सामना गर्न तयार हुनै पर्दछ । कमरेड तुल्सी लाल राजतन्त्र अन्त्य चाहानु हुन्थ्यो । र नेपाली जनता स्वंयम मालिक भएको हेर्न चाहानु हुन्थ्यो । आज तुल्सी लाल नेपालका कम्युनिष्टहरु साथै लोकतन्त्रवादीहरु विजय भएको छन् । हाम्रो

सुन्दर मुलुक नेपाल, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा भएको छ । नयाँ नेपाललाई तुल्सी लाल स्मृति प्रतिष्ठान हार्दिक स्वागत अभिवादन गर्दछ । यो नवौं साधारण सभाले " सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रही नेपाल एक स्वतन्त्र, अविभाज्य, धर्मनिरपेक्षय समावेशी संघीय लोकतान्त्रिक राज्य हुनेछ । भनी १५ जेष्ठ २०६५ को संविधानसभाको प्रथम बैठकले गरेको घोषणालाई समर्थन गरि विशेष एक प्रमुख यस साधारणसभाले पारित गर्ने आशा एवं विश्वास लिएको छ ।

अध्यक्षज्यू,

नयाँ संविधान निर्माण अहिले नयाँ नेपाल निर्माण थालनीको प्रमुख काम हो । अब संविधानसभा विलम्ब नगरी नयाँ संविधान निर्माणको लागि मार्ग दर्शक सिद्धान्त तय गरिनु पर्दछ ।
नयाँ संविधानमा नेपाली जनताको सार्वभौम सत्ता सम्बन्धी अधिकार स्थापित गरिनु पर्दछ । सार्वभौम सत्ता नेपाली जनताको निहित हुने ग्यारेण्टी गरिनै पर्दछ । राजकीयसत्ता संचालन र प्रयोग जनप्रतिनिधिहरुले संविधानको सर्वोच्च स्वीकार गरी विधिको शासनको ग्यारेण्टी गरिनु पर्दछ । सार्वभौम र राजकीयसत्ता दुई अलग सत्ता अब सम्बन्धी धारणालाई एउटै मान्नु हुन्न यो जोडिएको छ तर पनि सार्वभौम सत्ता प्रश्नमा जनता सर्वोच्च हो राजकीयसत्ताको प्रश्न संविधानको सर्वोच्चता नै सर्वोच्चता हो । मानव अधिकारहरुको ग्यारेण्टी लोकतन्त्र, बहुदलीय प्रतिस्पर्धा, राष्ट्रिय एकता अखण्डता स्वतन्त्रताको ग्यारेण्टी समावेशी लोकतन्त्र चरित्र वर्ग, लिङ्ग जाती जनजाती, उत्पीडन जाती समुहहरुलाई सबैलाई समावेशी गराँउदा मजदुर किसान पिछडिएका गरीबी उत्पीडनहरुलाई प्राथामिकता दिएर सत्ताका सबै अंगहरुमा समावेश गदै लग्ने र उनीहरुको जीवनस्तर उठाउने शोषण उत्पीडनबाट पूर्णमुक्त गर्ने स्पष्ट सिद्धान्त नीतिहरुद्वारा मार्गदर्शक गरिनुपर्दछ । अहिले जातीय जनजातीहरु समानुपातिकमा जोडदिने सिद्धान्त र नीतिहरुले वर्गीय समावेशी काम कत्ती समेटेको छ कतै हामी जाती जनजाती मात्रको समानुपातिक समावेशी तिर लागेर वर्ग पिछडिएको सम्पूर्ण उत्पीडित शोषणहरुलाई त भूलीरहेको छैन ? अन्तरिम संविधान निर्माण गर्दा गरिएका गल्ती कमी नयाँ संविधान निर्माण गरिदा गरिनुहुन्न । नेपालको संघीय प्रदेश प्रान्तहरु नेपाल र नेपालीहरुको एकताको आधार हुनु पर्दछ त्यो स्पष्ट रुपमा बहुजाती, जनजाती, बहुभाषा र बहुसंस्कृति कै प्रतिनिधित्व गर्ने खालको हुनुपर्दछ । नेपाल र नेपालीहरुबाट छुट्टीने बाहेक अन्य आत्मानिर्भर आत्मानिर्णयको स्वतन्त्रता सम्बन्धी अधिकार दिन सकिन्छ । नयाँ नेपालको आर्थिक सामाजिक परिवर्तनको मार्ग दर्शक सिद्धान्त नीतिहरु तय गर्दा समाजवाद उन्मुख लोकतन्त्रकारी जनमुखी प्रगतिशील बाटो, गैर पूँजीवाद बाटो उल्लेख गरिन् आवश्यक छ । हामी मार्क्सवाद, कम्युनिष्टहरु तुल्सी लालका विचार दृष्टिकोण बोक्नेहरुले पूँजीवादी विकासको बाटो पूँजीवादी साम्राज्यवादको हित हुने बाटोको वकालत गर्ने सकिन्न ।

**अध्यक्षज्यू ,**

नव गणतन्त्र नेपाल निर्माणको लागि संविधान निर्माण कार्यमा हाम्रो संस्था तुल्सी लाल स्मृति प्रतिष्ठानको भूमिका र योगदान देखि जरुरी र आवश्यकछ । संविधान सभा समक्ष र प्रमुख राजनीतक दलहरु समक्ष हाम्रो प्रतिष्ठानका गहकिला सुझावहरु जानुपर्दछ । यस तर्फ नवौं साधारणसभा विशेष ध्यान जाऔस् भनी निवेदन गर्न चाहान्छु ।

**अध्यक्षज्यू ,**

प्रतिष्ठानको विधान र उद्देश्यहरुलाई ध्यानराखि महत्पूर्ण कार्य गदै आएको जानकारी यहाँहरु सबै भएकै हो यहाँ म २०६४ असाढ १ गते सम्पन्न आठौं साधारण सभा यत्ताको केही महत्वपूर्ण कार्यहरुलाई जानकारीको लागि उल्लेख गर्न चाहान्छु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल स्मृति प्रतिष्ठानको कार्यालय स्वंठ नारायण स्थान उप-महानगरपालिका, ललितपुरमा नियमित रुपमा सञ्चालन भइरहेको छ दुई कर्मचारीहरु कार्यालय सचिव र कार्यालय सहायक नियमित बस्ने गरेकाछन् । गोरखापत्र नियमित लिने गरेकोछ । प्रतिष्ठानको कार्यसमितिको बैठकहरु पनि नियमित रुपमा यसै कार्यालयमा बस्ने गरेको जानकारी गराउन चाहान्छु ।

नेपाल स्थत भारतीय राजदुतावासद्वारा ललितपुर उप-महानगरपालिकाको माध्यामबाट तुल्सी लाल कृषि तथा सहकारी प्रशिक्षण र अनुसन्धान केन्द्रको भवन शिलायन्स भई अहिले प्रतिष्ठानले दिएको नक्सा पास गरि उप-महानगरपालिकाले आफ्नो नियम अनुसार ठेक्का टेण्डर गरेर ठेक्केदारहरुलाई ठेक्का समेत दिएको ईटावाल लगाउने काम सिध्हीनै लागेको छ । भवन निर्माण कार्य शुरु भएको छैन तर अब चाडै हुने सम्भावना छ प्रतिष्ठान तर्फबाट उप-महानगरपालिकबाट तलब खाने गरि अनुगमन र निरिक्षणका लागि ओभरसीयल श्री रमेश ब्यञ्जनकारलाई नियुक्ति दिएकोछ । भवन निर्माण कार्यमा प्रतिष्ठानको तर्फबाट नियमित अनुगमन र निरिक्षण गर्न श्री सुमित्रा अमात्यको संयोजकत्वमा श्री दर्गामान खड्की र हरिकृष्ण ब्यञ्जनकार रहने गरि उच्च स्तरीय अनुगमन र निरिक्षण समिति समेत गठन गरिएको छ । भारतीय राजदुतावास र उप-महानगरपालिकामा भवन सम्बन्धी कार्य सम्पन्न गर्न नियमित सर्म्पक गर्ने काम कार्यसमितिले श्री माधव पौडेलज्यूलाई जिम्मेवारी दिईरहेको जानकारी पनि गराउन चाहान्छु । उप-महानगरपालिकालाई भवन निर्माण कार्य गराउन पटक पटक अध्यक्षज्यू र म स्वयंमले पनि प्रमुख कार्यकारिणी अधिकृत लगायत इन्जिनियर र कर्मचारीहरुलाई मेरो दवाव, सल्लाह, सुझाव दिने काम भएको जानकारी गराउन अहिले पनि कार्यसमितिको उच्च प्रथमिकता काम भित्र भवन निर्माण कार्य रहेको जानकारी गराउन चाहान्छु ।

तुल्सी लाल स्मृति प्रतिठान

कृषि तथा सहकारी प्रशिक्षण र अनुसन्धान कार्यहरुलाई मूर्त रुपदिन र नयाँ-नयाँ प्रशिक्षण सामाग्रीहरु त्यार पार्न विशेषयज्ञहरुको हाम्रो अध्यक्षज्यू स्वयंम त्यसकाममा खटिरहनु भएको जानकारी गराउन चाहान्छु ।

## आ.व. २०६४/०६५ बैशाख महिना सम्म सम्पन्न भएका कार्यहरुको विवरण

| क्र.स. | कार्यक्रमको विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | आठौं साधारण सभा | २०६४ असार १ गते | ललितपुर बार एशोसियसन | |
| २ | रक्तदान कार्यक्रम | २०६४ श्रावण ५ गते | मंगलबजार कृष्णमन्दिर, ल.पु | हरेक वर्ष झै यस रक्तदान कार्यक्रममा ५० भन्दा बढी ब्यक्तिहरुले रत्तदान गर्नु भएको थियो । |
| ३ | निशुल्क स्वास्थ्य शिविर | २०६४ श्रावण १२ गते | खोकना, ललितपुर | |
| ४ | १० औं स्मृति दिवससमारोह कार्यक्रम | २०६४ श्रावण १७ गते | स्टाफ कलेज लपु | संघीय लोकतान्त्रिक गणतन्त्र र संविधान सभा विषयक विचार गोष्ठि कार्यक्रममा प्रमुख अतिथि ने.क.पा. (एमाले) का महासचिव माधवकुमार |

| | | | | |
|---|---|---|---|---|
| | | | | नेपाल हुनुहुन्थ्यो । |

**यस तुल्सी लाल स्मृति प्रतिष्ठानसंग आवद्ध तुल्सी लाल स्पोर्ट्स क्लबले यस वर्ष गरेका कार्यहरु**

| क्र.स. | कार्यक्रमको विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | सरसफाई मन्दिर संरक्षण कार्यक्रम | २०६३/६४-४-१५ | स्वंठ, ल.पु | स्वं. तुल्सी लाल अमात्यज्यूको स्मृति दिवसको अवसरमा ललितपुरको स्वंठ, टोलमा क्लबका अध्यक्षयको नेतृत्वमा सरसफाई कार्यक्रम सम्पन्न |
| २ | सी. डिभिजन फुटबल लिग प्रतियोगिता | २०६३/०६४-३-३२ | ज्ञानेश्वर,काठमाण्डौ | अखिल नेपाल फुटबल संघको आयोजनामा यस क्लबले पनि सी, डिभिजन लिग नकआउट फुटबल प्रतियोगिता सहभागी |
| ३ | प्रथमा साधारण सभा | २०६३/६४-४-२६ | स्वंठ, ललितपुर | तुल्सी लाल स्मृति स्पोट्स क्लब प्रथम साधारण सभा सम्पन्न |
| ४ | न्हुदंया भिन्तुनाको र्‍याली | २०६३/०६४-७-६ | बसन्तपुर, काठमाण्डौ | न्हुदंया भिन्तुनाको उपलक्ष्यमा यस क्लबका सम्पूर्ण सदस्यहरुबाट देशमा दिगो शान्तिको कामना सहित र्‍याली सहभागी |

तुल्सी लाल स्मृति प्रतिष्ठान

**अध्यक्षज्यू ,**

**अब म अन्त्यमा तुल्सी लाल स्मृति प्रतिष्ठानको वार्षिक कार्य योजना २०६५ सालको प्रस्तुत गर्ने चाहान्छु ।**

- कृषि तथा सहकारी प्रशिक्षण र अनुसन्धान केन्द्र भवन निर्माण कार्य सिग्र गराउन आवश्यक कार्यहरु गर्ने ।
- कृषि तथा सहकारी प्रशिक्षण र अनुसन्धान कार्यहरु मूर्तरुप दिन आवश्यक कार्यहरु जारी राख्ने ।
- तुल्सी लाल स्मृति प्रतिष्ठान अन्तरगत रहने गरि तुल्सी लाल पुस्तकालय र अनुसन्धान केन्द्र निर्माण कार्य थालनी गर्ने ।
- प्रतिष्ठानको पहलमा कम्तीमा बढी शहरहरुमा विविध विषयमा विचार गोष्ठिको आयोजना गर्ने ।
- हाजिरी जवाफ कार्यक्रम चालु राख्ने ।
- रक्तदान कार्यक्रम चालु राख्ने ।
- स्वास्थ्य शिविर कार्यक्रम चालु राख्ने ।

- तुल्सी लाल स्मृति प्रतिष्ठानको आजीवन सदस्य, साधारण सदस्यहरुलाई देशको विभिन्न भागमा विस्तार गर्ने यो वर्ष कम्तीमा १०० विस्तार गर्ने ।
- राजनीतिक प्रतिष्ठानहरु बिच अनुभव आदानप्रदानको लागि कार्यशाला गोष्ठि गर्ने ।
- तुल्सी लाल मेमोरियल स्कूल सञ्चालन गर्न आवश्यक तयारी कार्यहरु जुटने ।
- प्रतिष्ठानलाई आवश्यक पर्ने साधन स्रोत जुटाउने र परिचालन गर्ने जनसरोकार रचनात्मक कार्यहरुमा गर्ने गराउने ।

धन्यवाद !

मिति : २०६५।२।३२

प्रतिवेदन प्रस्तुत
गोपाल शाक्य
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल स्मृति प्रतिष्ठान

## तुल्सी लाल स्मृति प्रतिष्ठानको नवौं साधारण सभामा प्रस्तुत प्रस्तावहरु

यो नवौं साधारणसभा
२०६५ जेष्ठ १५ गते नव गठित संविधान सभाको प्रथम बैठकद्वारा नेपालमा शाहवंशीय राजतन्त्र अन्त्य गरि संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल विधिवत घोषणा भएकोमा खुशी ब्यक्त गदै स्वागत समर्थन गर्दछ ।

यो नवौं साधारण सभा,
मुलुकमा नयाँ संविधान निर्माणको सक्रमण क्रमबाट गुज्रिरहेको यो समवेदनशील समयमा भने राजनीतिक दलहरुले सहकार्य र एकतामा जोडदिन प्रतिष्ठान हार्दिक अनुरोध एवं आग्रह गर्दछ ।

यो नवौं साधारणसभा,
नेपाल र नेपालीहरुको एकता भित्र विविधतामा एकता खोज्न सबै वर्ग, लिङ्ग, जाती-जनजाती भाषा, धर्म-संस्कृति विचको`कतामा जोड आव्हान गर्दछ ।

यो नवौं साधारणसभा,
जनसेवा र अनुसन्धान कार्यहरुमा रचनात्मक सहयोगका लागि प्रतिष्ठानहरुलाई नेपाल सरकारले सहयोग वृद्धि गरोस् भनि माग गर्दछु ।

यो नवैं साधारणसभा,

मुलुकमा चलिरहेको शोषण उत्पीडन अन्त्यका अत्यचार असमन्ता भेदभाव आदिको अन्त्य गर्न बेरोजगारी, गरीबी र भ्रष्टचारको अन्त्य गर्न मजदुर, किसान र आम श्रमिक जनताको जीवनस्तर उठाउन क्रान्तिकारी भूमिसुधार लगायत कार्यक्रम सच्याउन र कार्यन्वयन गर्न नेपाल सरकार समक्ष माग गर्दछ ।

यो नवौं साधारणसभा,
बढ्दो मंहगी, कालाबजारी नियन्त्रण गर्न ठोस पहल शुरु गर्न नेपाल सरकार समक्ष माग गर्दछ ।

यो नवौं साधारणसभा, नयाँ संविधान निर्माणका क्रममा सहयोग पुऱ्याउन तुल्सी लाल स्मृति प्रतिष्ठानको तर्फबाट संविधानसभामा र राजनीतिक दलहरुलाई गहकिलो सुझाव पठाउन प्रतिष्ठानको कार्यसमितिलाई निर्देशन गर्दछ ।

तुल्सी लाल स्मृति प्रतिठान

# दशौं साधारण सभा

सभापतिज्यू, उप-सभापतिज्यू, कार्यकारिणी समितिका साथीहरु, सल्लाहाकार साथीहरु, आजीवन र साधारण सदस्यज्यूहरु तुल्सी लाल स्मृति प्रतिष्ठानको दशौं साधारण सभामा यहाँ सबैलाई हार्दिक स्वागत गर्दछु ।

नेपालको कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक एवं देशभक्तिपूर्ण आन्दोलनका महान नेता कमरेड तुल्सी लाल अमात्य प्रति श्रद्धाञ्जली अर्पण गर्दछु । तुल्सी लालका विचारहरु नेपालका धर्तीमा मार्क्सवाद-लेनिनवादको सृजनात्मक प्रयोगबाट जन्मिएका हुन अहिले पनि तुल्सी लालका सामन्तवाद र साम्राज्यवाद विरोधी लोकतान्त्रिक र देशभक्तिपूर्ण विचार-दृष्टिकोण हाम्रो लागि मार्गदर्शक हुन सक्छन् भइपनिरहेको तथ्यहरु अगाडि छन् । विशेष गरि नेपालको मजदुर, किसान र आम श्रमिक वर्गका जनता लागि तुल्सी लालका अमरवाणीहरु सदा-सदा जनताका मनमष्तिकमा रहिरहने छ ।

नेपालको जनक्रान्ति आर्थिक सामाजिक-परिवर्तन विना सम्भव छैन राजनीतिक परिवर्तन मात्र होइन आर्थिक सामाजिक-परिवर्तन आवश्यक छ त्यसका लागि तुल्सी लालका समाजवाद उन्मुख विकासका गैरपूँजीवाद बाटोलाई हामीले नेपालको परिवर्तित परिस्थिति अनुरुप सृजनात्मक ढंगले व्यहारमा प्रयोग गर्नुको लागि पहल गरिन जरुरी र आवश्यक छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

मुलुक संक्रमणबाट गुज्रिरहेको वर्तमान अवस्थामा 'सार्वभौमसत्ता सम्पन्न संसदको महत्व र तुल्सी लालका महानवाणीहरु सम्झौ । वर्तमान संविधान सभा र संसदलाई सार्वभौसत्ता सम्पन्न बनाऔं, यसलाई कमजोर बनाउने दक्षिणपंथी वा उग्रवामपन्थी शक्तिहरुबाट सर्तक हौं । नागरिक अधिकार, जनताको सर्वोच्चतालाई कम्जोर बनाउने त्यसलाई खोस्ने राजनीतिक खेल खेल्न छाडौं । गल्ती कमजोरी समयमा सच्याऔं ।

शान्ति प्रकृयालाई टुंगो लगाउनु र नयाँ संविधान समयमा तयार पारेर नेपाली जनतालाई दिनु यी दुई प्रमुख कार्यहरुमा सबैको ध्यान जानुपर्छ सघर्ष, समन्वय, सन्तुलन र सहमति यो चार 'स' लाई विशेष ध्यान दिनु आवश्यक छ । सबै वर्ग, क्षेत्र जाति, जनजाती भाषा, संस्कृति, धर्म मान्ने हामी नेपालीहरु भित्र विविधतामा नै एकता खोज्नु सक्नुपर्दछ । हाम्रो राष्ट्रिय एकता नै सम्पूर्ण नेपाली जनताको एकता हो नेपाल र नेपालीलाई टुक्राउन र भत्काउन तथा कम्जोर बनाउने षड्यन्त्र देखि सावधान रहौ ।

नेपाल र नेपाली जनताको एकतालाई बलियो बनाउदै नेपालको नयाँ संविधान निर्माण गरौं, ढिला नगरौं । देशी-विदेशी प्रतिकृयावादी शक्तिहरु कम्युनिष्ट-वामपन्थी सच्चा लोकतन्त्रवादीहरु र देशभक्तहरु बिचको एकता माथि प्रहार गर्दैछ होशियार हौ तुल्सी लालका विचारहरुले हामीलाई मार्ग दर्शन गर्दैछ र भन्र्दैछ कम्युनिष्ट वामपन्थी नफुट एकजुट हौ सम्पूर्ण सच्चा लोकतन्त्रवादी देशभक्त शक्तिहरु मोर्चावन्द हौ । दक्षिणपन्थी प्रतिकृयावादी शक्तिहरु विरुद्ध एक जुट हौ । दाहिने वा देब्रे भदकाउमा नफसौं । शत्रु र भित्रको समयमा ठीक पहिचाहन गरौं । नेपालको शान्तिपूर्ण जन-क्रान्तिमा तुल्सी लाल स्मृति प्रतिष्ठानले महान्नेता तुल्सी लाल अमात्यका विचारहरुलाई आत्मासात गर्दे अघि बढदैछ, बढीरहनेछ ।

२०६५ जेष्ठ ३२ गते प्रशासनिक प्रतिष्ठान जावलाखेलमा तुल्सी लाल स्मृति प्रतिष्ठानको नवौं साधारण सभा सम्पन्न भएयता यस प्रतिष्ठानको कार्यसमितिको बैठकहरु २०६५/३/१५ प्रथम, २०६५/४/१५ दोश्रो, २०६५/७/७ तेश्रो, २०६५/१२/८ चौथो, २०६६/१/२६ पाचौं, २०६५/२/८ छैठौं, २०६६/३/१९ गते सातौं बैठक सम्पन्न भएको छ ।

२०६५ साल साउन १७ गते कमरेड तुल्सी लाल अमात्यको ११ औं स्मृति दिवस ने.क.पा. (एमाले) का महासचिव झलनाथ खनालको प्रमुख आतिथ्यमा र प्रतिष्ठानका सभापति श्री केशब बडालको सभापतित्वमा **संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा आर्थिक सामाजिक रुपान्तरणका चुनौतिहरु** विषयमा विचार गोष्ठी सम्पन्न गरिएको थियो । उक्त विचार गोष्ठीमा डा. चन्द्रमणी अधिकारीले कार्यपत्र प्रस्तुत गर्नुभएको र टिप्पणी डा. मिनेन्द्र रिजाल र माननीय श्री हरि रोकाले गर्नुभएको थियो ।

प्रतिष्ठानको सकृयतामा वषैपिच्छे हुने रक्तदान कार्यक्रम मंगलबजारमा २०६५ साउन ११ गते बिहान सम्पन्न भएको थियो । उक्त रक्तदान कार्यक्रममा ४१ जनाले रक्तदान गर्नुभएको थियो ।

यस वर्ष प्रतिष्ठानको मुख्य काम तुल्सी स्मृति कृषि र सहकारी तालिम तथा सूचना केन्द्रको निर्माणमा केन्द्रीत रहेको जानकारी गराउँछु । अरु कार्ययोजना अनुसारका कामहरु हुनसकेन कृषि तथा सहकारी प्रशिक्षण र अनुसन्धान केन्द्रलाई मूर्त रुपदिन प्रशिक्षण सामाग्रीहरु तयार पार्ने काममा विशेषज्ञहरुसंगको अन्तरकृया जारी छ । सभापतिज्यू स्वयम् त्यस कार्यमा सकृय हुनुहुन्छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

यस बिच प्रतिष्ठानका कार्यालय सचिव श्री विमल पंगेनी अध्ययनका लागि राजिनामा दिएको हुदाँ वहाँको सट्टा अहिले कार्यालय हेर्न श्री सुमन तण्डुकारलाई जिम्मा दिइएको जानकारी गराउन चाहान्छु । अहिले कार्यालय नियमित रुपमा ११ देखि ४ बजे सम्म खुला रहन्छ । कार्यालयमा गोरखापत्र नियमित छ । प्रतिष्ठानको कार्यालय व्यवस्थीत बनाउन र कार्य योजनाहरु कार्यान्वयन गर्न व्यवस्थीत ढंगले सोच बनाएर गर्न आवश्यक देखिन्छ ।

तुल्सी लाल स्मृति स्पोर्ट्स क्लब यस प्रतिष्ठानमा आवद्ध रही आएको छ । यस क्लबका गतिविधीहरु बारेमा जानकारी गराउन चाहान्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र दिवसको २०६५ को उपलक्ष्यमा युनाइटेड युथ क्लब र तुल्सी लाल स्मृति स्पोर्ट्स क्लबको आयोजनामा महेन्द्र रत्न क्याम्पस ताहाचलमा बाल फुटबल प्रतियोगितामा ६ वटा टिमले भाग लिइएको जानकारी गराउन चाहान्छु ।

२०६५ सालको न्हुदँया भिन्तुनाको उपलक्ष्यमा यस क्लबका सम्पूर्ण सदस्यहरुबाट देशमा दिगो शान्तिको कामना सहित र्‍यालीमा भागलिएको जानकारी गराउन चाहन्छु ।

२०६५ साल देखि हाल सम्म बालबालिका नै भविष्यको युवा खेलाडी भन्ने नाराका साथ तुल्सी लाल स्मृति स्पोर्ट्स क्लबबाट प्रत्येक हप्ताको शनिवार बाल फुटबल प्रशिक्षण दिईरहेको जानकारी गराउन चाहान्छु ।

भाद्र १५ गतेबाट हाम्रो प्रतिष्ठानका सचिव श्री गोपाल शाक्य युवा तथा खेलकुद मन्त्री हुदाँ खेलकुद परिषद् मार्फत रु. १०,००,०००। (अक्षरेपी दश लाख रुपियाँ मात्र) कभर्ड हल निर्माणको लागि सहयोग गर्नुभएको कुरा जानकारी गराउन चाहान्छु ।

प्रतिष्ठानको कार्यसमितिको निर्णय अनुसार श्री राजन काफ्लेलाई तुल्सी लाल अमात्यको सालिक निर्माणको रु. ४०,०००। चालिस हजार रुपैया र 'संस्मरणका पानाहरु' नामक पुस्तक छपाईको रकम रु. २५,०००। पञ्चीस हजार रुपैया मात्र भुक्तानी दिएको जानकारी गराउन चाहान्छु । प्रतिष्ठानका आय व्यायको प्रतिवेदन कोषाध्यक्षज्यूले पेश गर्नुहुनेछ । धन्यवाद ।

**<u>तुल्सी लाल स्मृति प्रतिष्ठानको दशौं साधारण सभामा प्रस्तुत प्रस्तावहरु</u>**

- तुल्सी लाल स्मृति प्रतिष्ठानका संस्थापक एवं प्रथम सभापति हाल हाम्रो प्रतिष्ठानका प्रमुख संरक्षक श्री माधवकुमार नेपाल नेपालको प्रधानमन्त्री जस्तो गरिमामय पदमा आसिन हुनु भएकोमा यस प्रतिष्ठान अति गौरव महशुस गर्दछ । सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालको कार्य सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।
- मुलुकमा बढ्दो अपराध, दण्डहिनता, अराजकता र असुरक्षालाई तुरुन्त अन्त्य गरि शान्तिसुरक्षाको स्थिति राम्रो बनाउन नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।
- मुलुकमा अनियन्त्रीत रुपमा बढदो मंहगीलाई नियन्त्रण गर्न, गरिबी, शोषण र बेरोजगारी कम गर्न प्रभावशाली कदम चाल्न र नेपालका मजदुर, किसान र आम श्रमिक वर्गको दुःख, कष्ट अभाव, शोषण, उत्पीडन, अन्त्य गर्न नेपालको सरकारको ध्यान जाओस् भनी माग गर्दछ ।
- नेपाल सरकारले छुटै सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन गरोस् भनी माग गर्दछु ।
- जन सेवा र अनुसन्धान कार्यहरुमा रचनात्मक सहयोगको लागि तुल्सी लाल स्मृति प्रतिष्ठान लगायत सबै प्रतिष्ठानहरुलाई सहयोग वृद्धि गरोस् भनी माग गर्दछ ।
- सम्पूर्ण कम्युनिष्ट-वामपन्थीहरु, सच्चा देश भक्त तथा लोकतन्त्रवादी शक्तिहरु एकै जुट भएर शान्ती प्रकृयालाई टुंगोमा पुऱ्याउन र नयाँ संविधान निर्माण कार्यलाई समयमा पुरा गर्न देशी विदेशी प्रतिकृयावादी शक्तिहरुको चलखेल र षड्यन्त्रप्रति सचेत रहन आब्हान गर्दछ ।

गोपाल शाक्य
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल स्मृति प्रतिष्ठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको एघारौं साधारण सभामा प्रस्तुत प्रतिवेदन

सभपतिज्यू,
उपसभापतिज्यू ,
कार्यकारिणी समितिका साथीहरु,
सल्लाहाकार साथीहरु,
अजीवन र साधारण सदस्य साथीहरु,
अन्य आमन्त्रित मित्रहरु,

तुल्सी लाल स्मृति प्रतिष्ठानको एघारौं साधारण सभामा यहाँहरु सबैलाई हार्दिक स्वागत अभिवादन गर्दछु ।

सर्वप्रथम तुल्सी लाल स्मृति प्रतिष्ठानको यस साधारण सभामा नेपालको कम्युनिष्ट आन्दोलन र नेपालको देशभक्तिपूर्ण आन्दोलन तथा लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष कामरेड तुल्सी लाल अमात्य प्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

कामरेड तुल्सी लालले देखाउनु भएको राष्ट्रिय प्रजातन्त्र-राष्ट्रिय जनवाद सारमा सामन्तवाद-साम्राज्यवाद विरोधी जन-क्रान्तिको बाटो हो । नयाँ जनवाद, बहुदलिय जनवाद जे नाम दिए पनि यर्थातमा एउटै बाटो हो । नेपालको समाजवाद उन्मुख-जनवादी क्रान्तिको बाटो भनेकै नै तुल्सी लालले देखाउनु भएको मजदुर, किसान र आम श्रमिक जनताको मुक्तिको बाटो हो र आज हामी यही बाटो हिडिरहेका छौं । नेपालमा जनक्रान्ति जारी छ, र अहिले राजतन्त्रलाई अन्त्य गरेर हामी संघीय लोकतान्त्रिक गणतन्त्र घोषणाका साथ अघि बढिरहेका छौं । यसले मुलुकलाई धर्म निरपेक्षता, धार्मिक स्वतन्त्रता र समानताको पक्षमा उभ्याएको छ । तुल्सी लालले जनताको सर्वोच्चतामा जोड दिदै **सार्वभौम सत्ता सम्पन्न संसद्को** नारा दिनुभयो, अहिले त्यो नारा नेपालको राजनीतिमा संसद्को समेत काम गर्ने संविधानसभाको स्थापनाले सत्य सावित गरेको छ । हिजोको परिकल्पना अहिले वास्तविकतामा परिणत भएको छ । यसले तुल्सी लालको राजनीतिक विचार र दृष्टिकोण ठीक र सही थिए भन्ने कुरालाई प्रमाणित गरेको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

त्यस बेलाका वी.पी. र गणेशमानको संवैधानिक राजतन्त्रवादी विचार र पुष्पलाल-तुल्सी लालको गणतन्त्रवादी विचारबीचको अन्तरमा आज नेपाली राजनीतिमा नेपाली कांग्रेस जस्तो संवैधानिक राजतन्त्रवादी पार्टीले स्व. गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गणतन्त्रको बोडर लाइन पार गरेर कम्युनिष्ट र कांग्रेसको संयुक्त नेतृत्वमा भएको २०६२/०६३ को जनआन्दोलनमा नेपाली जनक्रान्ति अघि बढ्न राजतन्त्रको अन्त्य हुनु, संविधानसभाको निर्वाचन हुनु र अन्तरिम संविधान जारी हुनुका साथ लोकतान्त्रिक गणतन्त्र र धर्मनिरपेक्षता राज्यको घोषणा हुनु नेपाली जनक्रान्तिका महत्वपूर्ण उपलब्धीहरु हुनु हिजोको वैचारिक संघर्षलाई आजको वास्तविकताको कसीमा जाँच्दा यो पुष्टी भइरहेको छ । पुष्पलाल र तुल्सी लालको गणतन्त्रवादी विचार सही सावित भएको छ । यो वास्तविक सत्य कुरालाई नेपालका कम्युनिष्टहरुले र कम्युनिष्ट पार्टीहरुले सही ढङ्गले आत्मा साथ गरेर जनता माझ लग्न सक्नु पर्दछ । आफ्ना कम्युनिष्ट नेताहरुको दुरदर्शी एवं सही विचार नेपाली राजनीतिमा स्थापित गर्न सक्नु पर्दछ ।

संविधानसभाले आफ्नो म्याद १ वर्ष थपेर तीन वर्ष पुऱ्याएको छ । राजनीति दलहरुबीच अन्तरविरोध अझै कायम नै छ । मुलुकको संक्रमणकाल लम्बिदै जानु नेपाल र नेपाली जनताका लागि सुखद कुरा होइन शान्ति प्रकृया अझै टुंगो लागेको छैन तोकेको समयमा संविधान नपाएका नेपाली जनता फेरि पनि शङ्का गरिरहेका छन् । जनता प्रश्न गरिरहेका छन्- के राजनीतिक दलहरुसंग यो शङ्का निवारण गर्ने प्रतिवद्वता छ ? आज राजनीतिक दलहरु र तिनका नेताहरुप्रति जनताको शंङ्का बढ्दो छ र विश्वास घट्दो छ ।

मुलुकमा शान्ति सुरक्षाको स्थिति झन बिग्रँदो छ, महंगी बढ्दो छ, नियन्त्रण प्रभावकारी हुन सकेको छैन । मजदुर किसान र आम जनताको जीवन झन्झन कष्टकर हुदैंछ । मुलुकको व्यापार घाटा र भ्रष्टचार बढ्दो छ । नेपाल र नेपाली जनता माथि ठूलो आर्थिक संकटको कालो बादल देखा पारिरहेको छ -समयमा होशियार होऔं ।

दुखको कुरा, हाम्रा अहिलेका प्रमुख राजनेताहरुले आ-आफ्नो व्यक्तिगत र पार्टीगत स्वार्थभन्दा माथि उठेर मुलुक र जनताको हितमा केही गरेर देखाउन सकेनन् । अहिले संविधान सभामा कम्युनिष्ट-वामपन्थी, सच्चा लोकतान्त्रवादीहरु मिलेर जाने हो भने नेपालका शोषित-उत्पीडित जनताले मुक्तिको स्वास लिनसक्ने छन्; वर्ग, क्षेत्र, लिङ्ग, जात-जाती, जन-जाती, भाषा-भाषी एवं अन्य सबै अन्तरविरोधहरुलाई नेपालका मजदुर, किसान र आम श्रमिक जनताको हितमा समाधान गर्दै समानता, स्वतन्त्रता र न्यायमा आधारित समाजवाद उन्मुख नेपाली नयाँ-समाजव्यावस्था निर्माणमा महत्वपूर्ण योगदान दिन सक्नेछन् । यसकारण तुल्सी लाल स्मृति प्रतिष्ठान कम्युनिष्ट-वामपन्थी सच्चा लोकतन्त्रवादीहरुलाई आव्हान गर्न चाहन्छ, जनताले दिएको विश्वासको मत सदुपयोग गर्न एक जुट हुनुहोस् यदि समयमा सचेत भएर यो काम गर्न सक्नुभएन भने ठूलो विनासकारी गल्ती हुनेछ, होसियार होऔं ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

आज मुलुक हेर्दा हेर्दै बर्बादी र विभाजनको डिलतिर उन्मुख हुन, जातीवादी सांप्रदायिक विचार र हिंसातिर सक्रिय रहनु, धर्मको आडमा प्रतिक्रियावादी शक्तिहरु सलबलाउनु, र सामन्ती राजावादी शक्तिहरु गुमेको शक्तिलाई फर्काउन पुनः शिर ठाडो पार्ने प्रयास गर्नु भनेको निश्चय नै शुभ संकेत होइन । यस गम्भीर परिस्थितिप्रति समयमा नै सचेत हुन तुल्सी लाल स्मृति प्रतिष्ठान सम्पूर्ण कम्युनिष्ट, वामपन्थी, सच्चा देशभक्त र लोकतन्त्रवादी शक्ति एवं ब्यक्तिहरुलाई आव्हान गर्दछ ।

आज सिद्धान्त संगठन, संघर्षमा विश्वास गर्ने पुष्पलाल, तुल्सी लाल, मनमोहन अधिकारी, मदन भण्डारीको अभाव खड्कन थालेको छ । आजको राजनेताहरुले हिजोको राजनेताहरुले जस्तो सिक्ने र प्रेरणा लिने ठाउँ दिनसक्नु भएन । तुल्सी लाल स्मृति प्रतिष्ठानको यस एघारौं साधारण सभामा क. तुल्सी लालका विचार र मार्क्सवाद-लेनिनवाद प्रति आस्था राख्दै वहाँहरुको जीवनबाट सिक्नु र प्रेरणा लिनु आव्हान गर्दछौं । तुल्सी लाल नामको माला जपेर होइन तुल्सी लालले **देखाउनु भएको सैद्धान्तिक मार्गलाई आत्मासात गरेर सृजनात्मक प्रयोग गर्ने हिम्मत बटुलेर** नेपाली जनक्रान्तिमा अग्रसर होऔं । यसरी क. तुल्सी लालका आर्दशको कदर हुनेछ र वहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । भन्ने मलाई लाग्छ ।

प्रतिष्ठानको एघारौं साधारण सभामा यिनै शब्दभाव सहित कमरेड तुल्सी लाल अमात्यलाई पुनः एक पटक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ ।

**भा अध्यक्षज्यू,**

तुल्सी लाल स्मृति प्रतिष्ठानको दशौं साधारण सभा २०६६ असाढ २७ गते यही ललितपुर बार एशोसियसनको हल, लगनखेलमा सम्पन्न भएको थियो । अब म दशौं साधारण सभा देखि एघारौं साधारण सभा सम्म तुल्सी लाल प्रतिष्ठानले गरेका कार्यहरुको प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

## १. १२ औं स्मृति दिवसका कार्यक्रमहरु

२०६७ श्रावण १७ काठमाण्डौं जमलमा रहेको राष्ट्रिय नाचघरको हलमा हाम्रो प्रतिष्ठानका पूर्व सभापति एवं संरक्षक सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालको प्रमुख आतिथ्यतामा १२ औं स्मृति दिवस् कार्यक्रम "संविधान निर्माणका चुनौतिहरु" विषयक विचार-गोष्ठी सम्पन्न गरिएको थियो । उक्त विचार-गोष्ठीको अध्यक्षता यस प्रतिष्ठानका अध्यक्ष आदरणीय श्री केशब बडालज्यूले गर्नु भएको थियो । प्रमुख वक्ता सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल र अन्य वक्ताहरुमा नेपाली काग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, मधेसी जनअधिकार (लोकतान्त्रिक) का वरिष्ठ नेता जितेन्द्र देव, नेकपा (एमाले) केन्द्रीय कमिटी सदस्य एवं उपत्यका इन्चार्ज श्री राजेन्द्र श्रेष्ठ, वरिष्ठ कम्युनिष्ट नेता श्री भीमप्रसाद उपाध्याय, यूवा कम्युनिष्ट नेता श्री हिमबहादुर क्षेत्री, प्रतिष्ठानका सचिव श्री गोपाल शाक्य, र प्रतिष्ठानको कार्यसमितिको सदस्य श्री मिठाराम शर्मा वजगाईले पनि बोल्नुभएको थियो । अन्य विशिष्ट अथितिहरुमा पुष्पलाल स्मृति प्रतिष्ठानको कार्यसमितिका उपसभापति श्री लक्ष्मीभक्त उपाध्याय र वरिष्ठ कम्युनिष्ट नेता मोहनचन्द्र अधिकारी पनि हुनुहुन्थ्यो । आमन्त्रित श्रोता सहभागी २५० देखि ३०० जनासम्म रहेको अनुमान गरिएको थियो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

२०६५ श्रावण १७ बिहान ८ बजे देखि १० बजेसम्म मंगलबजारमा प्रतिष्ठानका सभापति श्री केशब बडालको मन्तब्य सहित रक्तदान आव्हान सँगसँगै रक्तदान कार्यक्रम श्री हरिकृष्ण ब्यन्जनकारको उद्घोषणसँगै शुरु भयो । यस कार्यक्रम सम्पन्न गर्ने जिम्मा कार्य समितिले डा. वंशीधर मिश्र, श्री हरिकृष्ण ब्यञ्जनकार र ज्ञानेन्द्र शाक्यलाई दिएको थियो । रक्तदान कार्यक्रममा कार्य समिति र सल्लाहकार समितिका धेरैजसाको उपस्थिति थियो । रक्तदान भने ४१ जनाले गरेको जानकारी आएको छ ।

१२ औं स्मृति दिवस कार्यक्रमको समिक्षा गर्दा विचार-गोष्ठीको विषय सान्दर्भिक रहेको उपस्थिति सोचभन्दा केही कम रहे पनि समग्रमा कार्यक्रम सफल रहेको थियो । त्यस्तै रक्तदान कार्यक्रम पनि सोचेजति भएन तर कार्यक्रम सफल नै मानियो ।

## २. कृषि तथा सहकारी भवन निर्माण कार्य

भाद्र २०६७ भित्र कृषि तथा सहकारी भवन निर्माण कार्य सम्पन्न हुनुपर्ने, हुन सकेन । करीब रु. ७५ लाख अपुग भएको जानकारी प्राप्त भयो । भारतीय दुतावास मार्फत भारत सरकारको सहयोगमा निर्माण गरिएको यस भवन ललितपुर उपमहानगरपालिकासंग संझौता गरेर २ करोड ४१ लाखको लागतमा हाल बनिरहेको जानकारी गराउछु । भवन निर्माण सम्पन्न भएपछि ललितपुर उपमहानगरपालिकाले हाम्रो प्रतिष्ठानलाई उक्त भवन हस्तान्तरण गर्नेछ । त्यो काम बाँकी नै छ । हाम्रो जानकारी अनुसार अब अपुग रकम फेरि भारत सरकारबाट आउन नसक्ने, स्रोत पनि तत्काल नभएको हुदाँ अहिलेलाई काम चलाउन प्रशिक्षण हल, अफिस

कोठा, शौचालय आदि व्यवस्था गर्ने गरी निर्माण कार्य अघि बढाउन नगरपालिकासंग प्रतिष्ठानको वार्ता भएको जानकारी गराउन चाहन्छु । प्रतिष्ठानको कार्यालय उक्त भवनमा सार्ने योजना रहेको जानकारी पनि गराउन चाहन्छु ।

### ३. तुल्सी लाल सामुदायिक अस्पताल निर्माण बारे

हाम्रो प्रतिष्ठान र मस्कुलर डिस्ट्रोफी फाउण्डेसन, नेपाल बीच विभिन्न चरणमा पत्राचार र वार्ताहरु सम्पन्न भएर अहिले तुल्सी लाल सामुदायिक अस्पताल निर्माण, सञ्चालन, व्यवास्थापन गर्ने दुवै संस्थाका प्रतिनिधिहरु रहने, अस्पताल भवन निर्माणका लागि जग्गा प्रतिष्ठानले उपलब्ध गराउने । आर्थिक स्रोत MDF ले जुटाउने गरी संझौतापत्र तयार पार्ने काम भएको जानकारी गराउँछु । चाँडै कानुनी संझौता गरी कार्यान्वयनमा जाने योजना रहेको छ ।

### ४. तुल्सी लाल स्मृति स्पोर्टस क्लब

तुल्सी लाल स्मृति स्पोर्टस क्लबलाई कभर्डहल निर्माणका लागि १ रोपनी १० आना जग्गा छुट्टयाइएको छ । अब चाडै कभर्डहल निर्माणकार्य प्रारम्भ गर्ने योजना रहेको छ । क्लबको गतिविधि सम्बन्धी वार्षिक प्रतिवेदन कार्य समितिलाई प्राप्त भएको छ यहाँ जस्ताको तस्तै प्रतिवेदनमा समावेश गरेको छ ।

**<u>तुल्सी लाल स्मृति स्पोर्टस क्लब आ.व. २०६५/२०६६ को प्रगति विवरण</u>**

तुल्सी लाल स्मृति प्रतिठान

| क्र.स. | शीर्षक | मिति | स्थान | विवरण |
|---|---|---|---|---|
| १. | बाल फुटबल प्रशिक्षण | २०६६/०१/०१ | क्याम्पस एरियाभित्र ताहाचल, काठमाण्डौं | |
| २. | साधारण सभा | २०६६/०५/१५ | स्वंठ, ललितपुर | तुल्सी लाल स्मृति स्पोर्टस क्लबको दोश्रो साधारण सभा सम्पन्न |
| ३. | न्हूदँया भिन्तुना | २०६६/०७/०१ | बसन्तपुर, काठमाण्डौं | न्हूदँया भिन्तुनामा बसन्तपुरबाट शुरु भएको र्‍यालीमा सहभागी |
| ४. | फुटबल प्रतियोगिता | २०६६/०१/०१ | राजतिर्थ, काठमाण्डौं | सानेपा क्लबसँग फुटबल प्रतियोगिता सम्पन्न |
| ५. | फुटबल प्रतियोगिता | २०६६/०९/०६ | क्याम्पस एरियाभित्र ताहाचल, काठमाण्डौं | कालीमाटी तरकारी तथा फलफूल विकास समिति र तुल्सी लाल स्पोर्ट्स क्लबबीच फुटबल प्रतियोगिता |
| ६. | जग्गा उपलब्ध | २०६६/१२/०५ | च्यासल, ललितपुर | च्यासल वडा नं. ९ मा रहेको प्रतिष्ठानको जग्गा १ रोपनी १० आना जग्गा उपलब्ध गराइयो । |

सौजन्यः तुल्सी लाल स्मृति स्पोर्ट्स क्लब, केन्द्रीय कार्यालय, ललितपुर

**५. रौतहट शाखाबाट प्रतिवेदन प्राप्त भएको छैन, प्राप्त भएमा यसै प्रतिवेदन समावेश गरिनेछ ।**

**सभा अध्यक्षज्यू,**

प्रतिष्ठानको दशौं साधारण सभाबाट एघारौं साधारण सभासम्म आईपुग्दा जम्मा कार्य समितिका १२ वटा बैठक सम्म भएका छन् । यी सबै बैठकहरुको अध्यक्षता सभापति श्री केशब बडालज्यूबाट भएको जानकारी गराउँछु । यसले के स्पष्ट गरेको छ भने सभापतिज्यूको सक्रिय नेतृत्व हामीले पाईरहेका छौं । आज बाह्रै वटा बैठकको समिक्षा समग्र रुपले गर्दा हाम्रो मूल काम स्मृति दिवस कार्यक्रम सम्पन्न गर्न, कृषि तथा सहकारी अनुसन्धान एवं प्रशिक्षण केन्द्रका लागि भवन निर्माण कार्य सम्पन्न गर्न, मस्कुलर डिस्ट्रोफी फाउण्डेशन नेपाल र प्रतिष्ठान मिलेर तुल्सी लाल स्मृति सामुदायिक अस्पताल निर्माण गर्न र अहिले सम्पन्न गरिदै गरेको प्रतिष्ठानको एघारौं साधारण सभा सफल बनाउन केन्द्रित रहेको देखिन्छ । जेष्ठ नागरिक आरोग्य आश्रम, तुल्सी लाल मार्ग, हाजिरी जवाफ जस्ता कुरामा निर्णय लिएता पनि त्यसतर्फ हाम्रो ध्यान कम गयो र पहलकदमी कमजोर रह्यो । सरकारी अनुदान जुटाउने कुरा सांस्कृति मन्त्रालयबाट एक लाख र अर्थ मन्त्रालय, ललितपुर जि.वि.स. मार्फत प्रतिष्ठानका लागि फर्निचर खरिद गर्न १ लाख ९७ हजार २ सय ३६ रुपैयाँ प्राप्त भयो । रचनात्मक कामतिर कम अग्रसर हुदाँ सहयोग जुटाउन पनि गाऱ्हो हुँदो रहेछ । स्मृति दिवसको कार्यक्रमको खर्च करिब ४० हजार ललितपुर उपनगरपालिकाबाट प्राप्त गर्न सफल भएको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

प्रतिष्ठानको नाम र सान अघि बढाउने रचनात्मक र सृजनात्मक कार्यक्रमहरु खोजीगर्ने काम अब प्रतिष्ठानको चासोको विषय हुनु पर्दछ । खेलकुद, स्वास्थय सेवा ब्यायाम र सैद्धान्तिक र वैचारिक कार्यमा योगदान, कम्युनिष्ट आन्दोलन र देशभक्तिपूर्ण लोकतान्त्रिक जनआन्दोलनका अग्रजहरुको प्रेरणा दिने जीवनी र लेख आदि प्रकाशन आदि गर्ने योजना छ । वर्षको एकपल्ट भए पनि “कम्युनिष्ट” नामक पत्रिका प्रकाशन गरी तुल्सी लालको नाममा रहेको प्रतिष्ठानले केही वैचारिक योगदान गर्न सक्नुपर्दछ भन्ने भावनाबाट प्रेरित भई आगामी दिनहरुमा ती कार्यहरुले क्रमशः प्राथमिकता पाउदै जाने जानकारी गराउन चाहन्छु । यस साधारण सभाले प्रतिष्ठानलाई अरु सक्रिय बनाउने अपेक्षा गरेको छु । यसका लागि प्रतिष्ठानको कार्यालय अझ व्यवस्थित बनाउनु पर्छ । कार्यालयका लागि गोरखापत्र नियमित छ । मासिक रु. ४६००।- दिएर एक जना कार्यालय सहायक राखिएको छ । कार्यालय नियमित खोलिएको छ । प्रतिष्ठानको कार्यालय सचिव अथवा निर्देशक राखी आयस्रोत पनि खोज्ने र प्रतिष्ठानको रचनात्मक कार्यहरुको गतिविधि बढाउने तर्फ ध्यान जानु आवश्यक छ भन्ने महशुस भएको छ । साथै आय आर्जनका स्रोतहरु खोजिनु पर्दछ, र विधान अनुरुप प्रतिष्ठानको आजीवन र साधारण सदस्यहरु देशव्यापी रुपमा बढाउनु पर्दछ भन्ने पनि अनुभूति हुन थालेको छ । तुल्सी लाल स्पोर्ट्स क्लबको पनि सदस्यता विस्तार गर्ने काम ठोस योजनाका साथ अघि बढाउनु पर्दछ ।

**सभाध्यक्षज्यू,**

अब म प्रतिष्ठानको आगामी वर्ष २०६७/०६८ का लागि कार्य-योजना प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

1. स्मृति दिवस् कार्यक्रम, विभिन्न रचनात्मक कार्यसंगसँगै सम्पन्न गर्ने
2. कृषि तथा सहकारी अनुसन्धान तथा प्रशिक्षण केन्द्र सञ्चालन गर्न आवश्यक तयारी गर्ने ।
3. मस्कुलर डिस्ट्रोफी फाउण्डेशन, नेपालसंग भएको सम्झौता अनुसार तुल्सी लाल सामुदायिक अस्पताल निर्माण कार्य शुरु गर्न पहल गर्ने ।
4. खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिने ।
5. राष्ट्रव्यापी हाजिरी जवाफ कार्यक्रम सञ्चालन गर्ने ।
6. कार्यालय व्यवस्थित गर्ने, कार्यालय सचिव वा निर्देशकमा योग्य व्यक्तिको चयन गर्ने । यसले प्रतिष्ठानको गतिविधि र आर्थिक स्रोत बढाउनेतर्फ सकारात्मक प्रतिफलको अपेक्षा गर्न सकिन्छ ।
7. विभिन्न सरकारी, गैर-सरकारी निकायहरु, दाताहरुबाट आर्थिक र भौतिक सहयोग जुटाउन पहल गर्ने ।
8. प्रतिष्ठानको आजीवन र साधारण सदस्यता विस्तार गर्ने ।
9. समय-समयमा विभिन्न ठाउँहरुमा स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
10. शहिद दिवस् र कम्युनिष्ट नेताहरुको स्मृति दिवसका कार्यक्रमहरुको आयोजना गर्ने ।
11. तुल्सी लाल स्मृति स्पोट्स क्लबको सदस्यता विस्तार गर्ने र कभर्ड हल निर्माण कार्य शूरु गर्ने ।
12. प्रतिष्ठानबाट वर्षको एक पटक कम्युनिष्ट नामक पत्रिका प्रकाशन गर्ने । यस पत्रिकाले वैचारिक एवं सैद्धान्तिक लेख रचना सँगसँगै साहित्य, कला, इतिहास आदि समेत प्रतिष्ठानको रचनात्मक गतिविधि र कामबारे जानकारी गराउने ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

धन्यवाद !
२०६७ श्रावण १५ गते

गोपाल शाक्य
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल स्मृति प्रतिठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको बाह्रौं (१२) साधारण सभामा प्रस्तुत प्रतिवेदन

सभापति ज्यू,
प्रमुख संरक्षकज्यू, उप-सभापतिज्यू, सल्लाहाकारज्यू, कार्यसमितिका साथीहरु, आजीवन तथा साधारण सदस्यज्यूहरु आमन्त्रित मित्रहरु

तुल्सी लाल स्मृति प्रतिष्ठानको बाह्रौं साधारण सभामा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु । सर्वप्रथम तुल्सी लाल समृति प्रतिष्ठानको बाह्रौं साधारण सभामा नेपालको कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलन र देशभक्तिपूर्ण आन्दोलनका शिखर पुरुष राजनेता क. तुल्सी लाल अमात्य प्रति हार्दिक श्रद्वाञ्जली अर्पण गर्दछु ।

यसैगरी म कम्युनिष्ट आन्दोलनमा र नेपालको देशभक्ति र लोकतान्त्रिक आन्दोलनमा वीरगति प्राप्त गर्नुभएका सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्वाञ्जली अर्पण गर्न चाहान्छु । यति बेला नेपाली समाज लोकतान्त्रिक आन्दोलनको सफलतापछिको संक्रमणकालिन अवस्थामा छ । दुईवर्षको संविधान निर्माणको अवधि नपुगेर चारपटक गरी २ वर्षको समयावधि थप भईसक्दा पनि ठूला पार्टीहरुको हठका कारण शान्ति प्रकृया टुङ्गो पुऱ्याउन सकिएको छैन संविधान निर्माणमा अझै समय लाग्ने अवस्था देखिन्छ । संविधान निर्माणमा राज्यको पुनः संरचना लगायत केही/विषयहरुमा सहमति हुन सकिरहेको छैन । नेपाली समाजिका अन्तरविरोध र असमानताहरु मैत्रीपूर्ण समाधानको दिशातिर भन्दा पनि जात जाती र क्षेत्रीय कुराहरु अमैत्री पूर्ण ढङ्गले अघि बढीरहेको आभास हुन थालेको छ । यो राम्रो संकेत होइन । अर्थतन्त्र ओरालो लागिरहेको छ । ठूला पार्टीहरु भित्रको अन्तर्कलहले गर्दा राष्ट्रिय मुद्दाहरुमा वहस कन्द्रीत हुन सकिरहेको छैन । प्रतिगामी, प्रतिक्रियावादी तत्वहरुले जनतामा भ्रम फैलाउने मौका पाईरहेका छन् । पार्टीहरु बीचमा अविश्वासको खाडलै छ । माओवादीहरु अझै शान्ति प्रक्रियाको मुख्य कडीको रुपमा रहेको सेना समायोजनका कुराहरुलाई व्यवाहारिक ढङ्गले हल गर्न तत्पर भईरहेको छैनन् । यस्तो विषय परिस्थिति २०६२ सालको शान्तिपूर्ण जनक्रान्तिबाट प्रकट भएको लोकतान्त्रिक आन्दोलनको अविभारालाई गहनतापूर्वक लिंदै नेपाली जनताहरुलाई अधिकार सम्पन्न र आर्थिक रुपमा समृद्ध बनाउने, नेपाल राष्ट्रको गौरव र विभिन्न जातजातीका जनता बीचको एकतालाई बलियो बनाउने काममा बढी केन्द्रीत हुनुपर्नेछ । समस्या समाधानको महत्वपूर्ण बाटो आपसी समझदारी नै हो । विविधता र असमझदारीको निराकरणको बाटो निषेध होईन । आपसी समझदारी एक अर्को प्रति विश्वास नकारात्मक कुराहरु मात्र होईन सकारात्मक कुराहरुलाई पनि देख्ने कुशलता नै लोकतन्त्रको आधारशीला खडा गरी अगाडि बढ्न सके नयाँ समृद्व नेपाल निर्माण सुनिश्चत छ । त्यसैले हामी पनि तुल्सी लाल स्मृति प्रतिष्ठानको माध्यामबाट कामरेड तुल्सी लालले अघि सार्नु भएको आत्मानिर्भर अर्थतन्त्र निर्माणमा देखिएका चुनौतिहरुको विविध विषयमा वहसलाई केन्द्रीत गरेर आफ्नो ठाउँबाट योगदान गर्न चाहान्छौं ।

१९४७ साल अक्टुबर १५ को भारत स्वतन्त्र भएको प्रेरणाले २००४ सालमा ललितपुर निरकुश राणा शासन विरोधी जुलुस निकालेको आरोपमा पहिलो पटक भद्रगोल जेलमा पर्नु भएका राजनेता तुल्सी लालले आफु जेलमै बस्दा आफ्ना बावु र पहिलो श्रीमति गुमाउनु पऱ्यो । आर्थिक अभावले गर्दा राजनैतिक जीवनमा उहाँले अनेकन कष्ट खप्नु भयो । २०१७ साल पछिका दिन अत्यन्त कष्टकर बन्यो । भारतको दरभङ्गामा बस्दा त झनै संकटको

तुल्सी लाल स्मृति प्रतिष्ठान

सामना गर्नु पऱ्यो । आफ्नो व्यक्तिगत जीवनलाई सुखी र समृद्ध बनाउन सामर्थ्य बोकेका स्वर्गीय तुल्सी लाल अमात्यले त्यो बाटो छोडी राजनीतिमा होमिनु भयो । जीवन भर नै देश र जनताका लागि समर्पित हुनु भयो । कामरेड तुल्सी लाल अमात्य नेपाली कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलन र देशभक्ति पूर्ण आन्दोलन सँगै नेपालको किसान र मजदुरको आन्दोलनमा विशेषत: किसान संगठन निर्माण र सर्घषको परिचालनमा वहाँको विशिष्ट योगदान स्मरण योग्य छ । नेपाली समाजको आर्थिक रुपान्तरणको गैरपूँजीवादी-समाजवादमुखी स्वतन्त्र आत्मनिर्भर बाटो देखाउनु भयो । अहिलेको हाम्रो अन्तरिम सरकार संविधानले समाजवादमुखी परिवर्तनको कुरा गरेकोछ- यो कुरालाई नयाँ संविधानको आर्थिक सामाजिक रुपान्तरणमा मार्गदर्शक सिद्धान्तको रुपमा राख्नुपर्दछ, यसो गरेमा तुल्सी लालले देखाउनु भएको आर्थिक सामाजिक परिवर्तनको बाटो तिर अग्रसर हुने सम्भावनाको द्वार खुल्छ । त्यागी, निडर र दृढ राजनेता कमरेड तुल्सी लाल आफ्नो जीवनको अन्तिम घडी सम्म देशको लागि चिन्तित र सघर्षरत रहनुहुने शिर्षस्थ व्यक्तित्व हुनुहुन्थ्यो । नेपाल कम्युनिष्ट पार्टीको स्थापना काल देखिनै शिर्षस्थ तहमा अवरत रुपले कार्यरत व्यक्तित्व, अखिल नेपाल किसान संघका संस्थापक अध्यक्ष, ने.क.पा. को तेश्रो महाधिवेशनबाट निर्वाचित महासचिव पछि ने.क.पा. संयुक्तका अध्यक्ष तथा २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा वाममोर्चाका मानार्थ अध्यक्ष रहनु भएको थियो । २०५० साल मंसीर २९ गते उहाँले आफुले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) लाई ने.क.पा. (एमाले) मा एकिकरण गरी ने.क.पा एमालेको स्थायी समिति सदस्य भई जीवनको अन्तिम घडी सम्म आफ्नो राजनैतिक जीवनयात्रालाई कायमै राख्नु भयो ।

त्यसैले उहाँको नेपाल र नेपाली जनताको लागि समर्पित, जस्तो सुकै त्याग र वलिदान गर्न तयार रहने भावना र उहाँको अधुरो सपनाहरु पुरा गर्न उहाँले देखाउनु भएको सुमार्गहरुको प्रचार गर्न तथा अवलम्वन गर्न र नेपालको वाम प्रजातान्त्रिक आन्दोलनका उपलब्धीहरुको रक्षा गर्दै थप उपलब्धीहरुको प्राप्तीका लागि नेपाली जनताहरुमा उत्साह प्रदान गरी समग्र विकासमा जुट्न नै हाम्रो यो संस्था तुल्सी लाल स्मृति प्रतिष्ठानको स्थापना भएको हो । प्रतिष्ठानको उद्देश्यहरु प्राप्तका लागि प्रष्ट कार्यनीति र कार्य योजनाको अभावमा अगाडि बढ्न नसकिने भएकोले हामीहरु यो वर्ष यीनै कुराहरुमा विशेष रुपले केन्द्रीत रहयौं ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

राष्ट्रिय प्रतिष्ठानको मान्यता प्राप्त यस प्रतिष्ठानलाई नेपाल सरकारले भोग चलन गर्ने दिएको १२ रोपनी जग्गा, भारत सरकारको सहयोगमा निर्मित २ करोड ४१ लाखको भवन समेत रहेको यस संस्थामा स्थापित व्यक्तिहरु प्रमुख संरक्षक, सल्लाहाकार टीम छ । सम्पूर्ण सदस्यहरुमा सेवा मुखी भावना पनि छ यस्तो स्थितिमा सरकारी गैर-सरकारी संस्थाहरुसंग साझेदारीमा कृषि, सहकारी स्वास्थ्य, शिक्षाका क्षेत्रमा अनेकौं कामहरु गर्न सकिन्छ । अब हामीहरुले प्रतिष्ठानको आन्तरिक समस्या र चुनौतीहरुलाई औंल्याउन सक्नु पर्छ । कुनै पनि संगठन सामुहिक प्रयत्नबाट नै अघि बढ्न सक्छ त्यसकारण संस्थाका पदाधिकारी र सदस्यका हैसियतबाट यस साधारण सभामा गंभीरता पूर्वक मनन गर्नु पर्ने बेला आएको छ हामीहरु अनेकौं जिम्मेवारीहरु लिएर समाजका विभिन्न क्षेत्रहरुमा क्रियाशिल छौं । यस प्रतिष्ठानको पनि जिम्मेवारी लिईरहेका छौ यो गौरव पूर्ण कुरा हो हामीहरुले हाम्रो आफ्नो वार्षिक क्यालेण्डरमा प्रतिष्ठान प्रतिको जिम्मेवारी कसरी पुरा गर्ने भन्ने योजना बनाउनै पर्छ । अबका दिनहरुमा प्रतिष्ठान संचालनको दीर्घकालीन ठोस योजना नवनाईकन अगाडि बढ्न सकिदैन । सबैको प्रतिवद्वता नै आजको आवश्यकता हो । हामीसंग आर्थिक अभाव छ तर पनि भवन अफिस व्यावस्थापनको लागि अति आवश्यक कर्मचारीको व्यावस्था नगरि भएको छैन । हाम्रो आपसी सूचना प्रवाहलाई व्यवस्थित गर्नु पर्नेछ । हाम्रा कार्यक्रमलाई अगाडि बढाउन लोकतान्त्रिक आन्दोलन र सामाजिक विकासमा लागेका अन्य संस्थाहरुका बीचमा सहकार्य गर्न सक्नु पर्छ । सहकारी निकायहरुसंग साझेदारी र सहयोग लिई कृषि, सहकारी,

स्वास्थ्य र शिक्षाका क्षेत्रमा कार्यक्रम अगाडि बढाउन सक्ने प्रचुर सम्भावनाहरु छन् । यस सम्भावनालाई पनि सद्प्रयोग गर्न सक्नु पर्छ ।

**सभापति महोदय,**

अब म एघारौं साधारण सभा भन्दा यता भएका गतिविधि र कामको बारेमा केही कुरा उल्लेख गर्न चाहन्छु । हामीहरुले एघारौं साधारण सभाको आयोजना ललितपुरको बार एशोसिएशनको हलमा सभामुख सुवास चन्द्र नेम्वाङ्ग प्रमुख आतिथ्यताम आयोजना गरेका थियौं । यसैगरी तेहौं स्मृति दिवस साउन १७ गते पर्यटन विकास वोर्डको हलमा तत्कालीन प्रधानमन्त्री सम्माननीय श्री माधव कुमार नेपालको प्रमुख आतिथ्यतामा सम्पन्न गऱ्यौं । त्यसयता हामीहरुले कार्य समितिका दशवटा बैठक गरिसकेका छौं । यस वर्षको हाम्रो बैठकहरु कसरी दीर्घकालीन रुपमा प्रतिष्ठानलाई अघि बढाउने भन्ने कुरामा केन्द्रीत रहयो । भारत सरकारको सहयोगमा निर्माण भई रहेको तुल्सी लाल कृषि तथा सहकारी अनुसन्धान तथा प्रशिक्षण केन्द्र भवन निर्माणका लागि प्राप्त रकम नपुग भएकोले त्यसलाई जुटाउन पनि हामीहरुले अनेकन प्रयत्न गर्नु पऱ्यो । त्यसैगरी तत्काल शुरु गर्नु पर्ने कृषि सहकारी अनुसन्धान तथा प्रशिक्षण केन्द्र सञ्चालनको खाका तयार गर्ने र रकमको खोजी गर्ने काममा पनि लाग्यौं । यसको विवरणहरु तल दिईएको छ ।

१. **दीर्घकालीन योजना सम्बन्धमा:** हामीहरुले दीर्घकालीन दृष्टिकोण, ध्येय र लक्ष्यको आधारमा आगामी ३ वर्ष भित्र प्रतिष्ठानले गर्ने कामका विषयहरुको खाका तयार पारेका छौं । ती निम्न अनुसार छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**(क) रणनीतिक योजना :**

दीर्घकालिन दृष्टिकोण **(Vision)**

- तुल्सी लाल अमात्यको कृतिको सेरोफेरोमा रही लोकतान्त्रिक आन्दोलनको प्रचार प्रसार गर्ने तथा नेपाली समाजको रुपान्तरणको लागि कृषि सहकारी स्वास्थ्य शिक्षा र विज्ञानको क्षेत्रमा योगदान पुऱ्याउने । तीनखम्बे अर्थनीतिको पक्षपोषण गर्ने ।

(ख) ध्येय **(Mission)**

- विगतका लोकतान्त्रिक आन्दोलनबाट प्रेरणा लिदै निस्वार्थ रुपमा नेपाल र नेपाली जनतासंग एकाकार भएर आर्थिक सामाजिक र सांस्कृतिक विकासमा जुट्ने ।

(ग) लक्ष्य (Goal)

- सामाजिक कल्याण र उत्पादकत्व वृद्धि गर्दै समुन्नत नेपालको निर्माण गर्ने ।

(घ) **उद्देश्यहरु:**

- कमरेड तुल्सी लालका कृतिहरुको प्रचार गर्नु र उहाँले दिनुभएको योगदानबाट भावी पिढीलाई प्रशिक्षित गर्नु ।
- नेपालको लोकतान्त्रिक आन्दोलनको अध्ययन अनुसन्धान गर्नु ।
- लोकतान्त्रिक आन्दोलनका अग्रणीहरुलाई नेपाली समाज सामु स्थापित गर्नु ।
- लोकतान्त्रिक आन्दोलनका बारे राष्ट्रिय-अन्तराष्ट्रिय स्तरमा छलफल विचार विमर्श गर्नु ।

- वाम प्रजातान्त्रिक आन्दोलन बारे प्राप्त तथ्यहरुलाई विभिन्न संचार माध्यमहरु (पुस्तक फोटो चलचित्र श्रव्यदृश्य सामाग्री) बाट प्रकाशन गर्ने ।
- नेपालको सामाजिक आर्थिक अवस्थाको अध्ययन अनुसन्धान गर्नु ।
- नेपालको कम्युनिष्ट-प्रजातान्त्रिक र किसान आन्दोलन सम्बन्धि इतिहासको खोजी गर्ने ।
- विज्ञान र प्रविधिको विकासको लागि आवश्यक कार्यहरु गर्ने ।
- कृषि तथा सहकारी विषयसंग सम्बन्धित अनुसन्धान तथा तालिम सञ्चालनका लागि आवश्यक शिक्षालयको स्थापनाको लागि पहल गर्ने ।
- प्रतिष्ठानको उद्देश्यसंग मेल खाने राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग भाईचार सम्बन्ध कायम गर्ने ।
- शिक्षाको विकासको लागि पहल गर्ने र पिछडिएको वर्ग, जनजाती तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृतिको व्यावस्था गर्ने ।
- स्वास्थ्य सम्बन्धि काम गर्ने ।

**१. मुख्य कार्यक्रमहरु :**

(क) कृषि तथा सहकारी क्षेत्रका अग्रणीहरुको अभिलेख तयार गर्ने र तिनीहरुको वायोग्राफी निर्माण गर्ने ।

(ख) नेपाली वाम प्रजातान्त्रिक आन्दोलन र नेपाली समाजको रुपान्तरणका लागि कार्यक्रम सञ्चालन गर्ने

तुल्सी लाल स्मृति प्रतिठान

**(ग) लोकतान्त्रिक आन्दोलनको विविध पक्षको खोजकार्य गर्ने ।**

- फुटका कारणहरुको खोजी र निदान पत्ता लगाउने ।
- नेतृत्व विकास संरक्षण र परिचालनको निरन्तरता ।
- लोकतान्त्रिक आन्दोलन र त्यसको संस्थागत गर्ने सवालमा वाम प्रजातान्त्रिक योद्धाहरुको बायो ग्राफी निर्माण गर्ने ।
- राजनैतिक पार्टी सञ्चालनमा आर्थिक पक्षको प्रभाव र असरको अध्ययन गर्ने ।
- राजनीतिमा रहेका विकृति र विसंगतिको पक्षलाई न्यून गर्ने उपायको खोजी गर्ने ।

**घ. नेपाली समाजको रुपान्तरणको सवाल**

- राजनीतिक
- सामाजिक
- आर्थिक
- भौतिक
- विविध खालको विभेदको अन्त्य बारे
- नेपाली समाजको परिवर्तनको प्रेरणादायी कुराको खोज र प्रचार प्रसार ।
- लोकतान्त्रिक शैलिको विकासमा योगदान गर्ने ।

२. **कृषि सम्बन्धि कार्यक्रम :–**

- प्रचार प्रसार
- नमुना खेतीको वृतचित्र निर्माण गरी प्रचार गर्ने जसले समग्र कृषि विकासमा उल्लेख योगदान दिन सकोस ।
- शिक्षालय तथा तालिम सञ्चालन
- अनुसन्धान
- आय आर्जन

३. **सहकारी समन्धि कार्यक्रम :**

- जानकारी मूलक
- नमुना सहकारी गतिविधिको वृतचित्र निर्माण गरी प्रचार प्रसार गर्ने ।
- शिक्षालय तथा तालिम सञ्चालन
- अनुसन्धान र विकास मूलक
- सहकारी तथ्याङ्गहरुको संकलन र प्रकाशन ।

**४. तीन खम्बे अर्थनीति:**

- अवधारणा प्रचार प्रसार
- सानो पुस्तिका प्रकाशन
- अर्न्तक्रिया कार्यक्रम
- नेपाली समाजमा परेको सकारात्मक प्रभावहरुको विश्लेषण

तुलसी लाल स्मृति प्रतिठान

**५. अनुसन्धान**

- अनुसन्धानको विषय वस्तु तयार
- टोली निर्माण
- विशेष जिम्मेवारी प्रदान

**६. स्वास्थ्य सम्बन्धि काम:**

- स्वास्थ्य शिविर सञ्चालन
- चेतना मूलक कार्यक्रमको सञ्चालन
- स्वास्थ्य सहकारी स्थापना

**७. शिक्षा सम्बन्धि काम :**

- छात्रवृति
- शिक्षा प्रणाली बारे छलफल
- शैक्षिक चुनौतिहरुलाई उजागर गर्नु

**८. खेलकूद विकास :**

- स्पोर्ट्स क्लबको सदस्यता विस्तार
- कर्भडहलको निर्माण
- प्रतियोगिताको आयोजना

**९. विचार गोष्ठी :**

- विषय वस्तु छनौट
- जिम्मेवारी प्रदान

**१०. प्रकाशन :**

- कमरेड तुल्सी लालको वायोग्राफी निर्माण तथा प्रकाशन
- जीवनी प्रकाशन
- वार्षिक पत्रिका प्रकाशन
- व्रोसियर प्रकाशन
- पम्प्लेट तथा फोटोहरुको प्रकाशन
- श्रव्यदृस्य सामाग्रीहरुको निर्माण

तुल्सी लाल स्मृति प्रतिठान

**११. संस्थागत व्यवस्थापना :**

क. सदस्यता वितरण र संगठन व्यवस्थापन

- सदस्यता थप
- विभाग र फाँट निर्माण
- विषयगत विशेषज्ञ टोलीको निर्माण

ख. संस्थागत आय आर्जन कार्यक्रम

- सदस्यता
- विशेष सहयोग
- विभिन्न सहकारी गैर-सरकारी निकायहरु र दाताहरुबाट आर्थिक तथा भौतिक सहयोग
- जग्गा मार्फत आय आर्जन
- भवन मार्फत आय आर्जन

ग. संस्थाको भौतिक व्यवस्थापन

- कम्प्युटर
- फयाक्स
- फोटोकपी
- क्यामरा

- माईक
- अफिस सामाग्रीहरु

घ. संस्थाको जनशक्तिको विस्तार

- प्रशासनिक प्रमुख
- कार्यक्रम संयोजक
- विषय विज्ञहरु
- लेखा अधिकृत
- सहायकहरु
- कार्यालय सहायक
- सुरक्षाकर्मी

**ङ. कृषि तथा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र भवन सम्बन्धमा**

- निर्माण कार्य पुरा गर्ने
- हस्तान्तरण
- उद्घाटन
- ग्राउण्ड सम्याउने

तुल्सी लाल स्मृति प्रतिठान

**च. कभर्डहल निर्माण**

२. तुल्सी लाल कृषि सहकारी अनुसन्धान तथा प्रशिक्षण केन्द्र भवन निर्माण सम्बन्धमा नक्सा निर्माणका बखत केही प्राविधिक त्रुटीको कारणबाट हाम्रो भवन निर्माणमा करीब ६५ लाख रुपैया अपुग हुन गयो । शूरुको नक्सामा कम्पाउण्ड वाल छुट्नु र जमिनको बनौटको पहिला राम्रो अध्ययन नहुदाँ निर्माणको क्रममा कालिमाटी निस्किन गएकोले फाउण्डेशन धेरै खर्च लाग्न गयो । यसका लागि नपुग रकम जुटाउनका लागि हामीहरुबाट भारत सरकार, नेपाल सरकार र जि.वि.स. र ललितपुर उपमहानगरपालिका पटक पटक पत्राचार भेटघाट गरी सहयोगको लागि आग्रह गर्ने काम भयो र जिल्लाको राजनैतिक संयत्रमा रहेका विभिन्न राजनैतिक पार्टीका साथीहरुसंग संयुक्त र छुट्टा छुटै भेटघाट भयो । सबैबाट सकारात्मक कुरा आएपनि हाल सम्म समाधान हुन सकेको छैन । प्रयत्न जारी छ पछिल्लो समयमा नगरपालिका र भारत सरकारबाट केही सकारात्मक कुरा प्राप्त भएको छ । जे जस्तो अवस्थामा भएपनि यस भवनमा सर्ने योजना बनाएको छौं ।

३. कृषि सहकारी अनुसन्धान तथा प्रशिक्षण केन्द्र सञ्चालन सम्बन्धमा शुरुमा संस्था स्थापना र व्यवस्थापनाका लागि विज्ञ र सल्लाहकारहरुसंग सल्लाह सुझाव लिने कामहरु भएको छ । यस सम्बन्धमा सी.टी.ई.भी.टी. तथा कृषि सहकारी क्षेत्रमा सम्बन्धित संस्थाहरुसंग विचार विर्मशका लागि पटक पटक भेटघाट भईरहेको कुरा अवगत गराउन चाहान्छु । हामीहरुले सहकारी सम्बन्धमा नयाँ पाठयक्रम विकास गरी अध्यापन गराउनु पर्ने भएकोले पाठ्यक्रम निर्माणको लागि समेत सी.टी.ई.भी.टी. का अधिकारीहरुसंग कुराकानी भईरहेको छ । यी सबै कामको लागि आर्थिक कुरा नै प्रमुख हुने भएकोले कम्तिमा पनि संस्थाको पहिलो पुर्वाधार खडा गर्न र शुरुको वर्ष

सञ्चालनका लागि रकम खोजी गर्ने कामका लागि लागि परेका छौं । यसको लागि एउटा व्यवस्थित प्रस्ताव नेपाल सरकार समक्ष पेश गरिएको छ । साथै वैदेशिक सहयोगको लागि पनि कुराकानी भईरहेको छ ।

**आगामी कार्यक्रमः** यस वर्ष नयाँ भवनमा अफिस व्यवस्थापना तथा नयाँ भवनको उद्घाटन कृषि, सहकारी, अनुसन्धान तथा प्रशिक्षण केन्द्रको कामको थालनी भन्दा बाहेक अन्य केही कार्यक्रमहरु प्रस्तावित गरेको छु ।

**क.** कामरेड तुल्सी लाल अमात्यको बायो ग्राफीलाई प्रकाशन र डकुमेन्ट्री निर्माण गर्ने । विभिन्न कार्यक्रमहरुमा कामरेड तुल्सी लाल अमात्यको बारेमा जानकारी गराउने र सोको लागि आवश्यक पाठ्य सामाग्री तयार गर्ने र वृतचित्र मार्फत अझ प्रस्ट ढंगले उहाँको बारेमा जानकारी गराउदाँ त्यसले उहाँको गरिमा र महिमालाई जनस्तर सम्म पुऱ्याउने मद्दत गर्दछ ।

**ख.** सहकारी सम्बन्धी अर्न्तक्रिया सम्बन्धमा प्रशिक्षण केन्द्रको विकास गर्दै गरेको अवस्थामा त्यस क्षेत्र र विधामा कस्तो खालको प्रशिक्षणको आवश्यक छ ? सहकारी विज्ञ र सहकारी कर्मीहरुको बीचमा विविध खालका अर्न्तक्रिया सञ्चालन गरिने ।

**ग.** कृषि सम्बन्धी अर्न्तक्रिया वर्तमान अवस्थामा नेपाली किसानहरुको लागि कस्तो खालका व्यवहारिक ज्ञानहरुको आवश्यक छ ? कस्तो खालको कृषि तालिम दिने भन्ने बारे अर्न्तक्रिया सञ्चालन गर्ने ।

**घ.** शीप मुलक तालिम रोजगारी सिर्जना गर्ने हेतुले जिल्ला घरेलु तथा साना उद्योग कार्यालयसंग समन्वय गरी १५ जना वेरोजगार व्यक्तिहरुलाई तालिम दिएर उनीहरु रोजगारीको व्यवस्था मिलाउने ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**ङ.** कर्भडहल निर्माण लामो समय देखि तुल्सी लाल स्मृति स्पोर्ट्स क्लब बनेको र यसको लागि मन्त्री श्री गोपाल शाक्यज्यूको सिफारिसमा राष्ट्रिय खेलकुद परिषद् मार्फत १० लाख कर्भहडहल निर्माणका लागि प्राप्त भईसकेको सन्दर्भमा जग्गाको समस्याले गर्दा रोकिरहेको कुरालाई मध्यनजर गर्दै प्रतिष्ठानले छुट्याईदिएको ठाउँमा कर्भडहल निर्माण गर्ने र स्पोर्ट्स क्लबका साथीहरुलाई खेलकूद विकासमा कार्यक्रमहरु ल्याई योगदान गर्न प्रेरित गर्ने ।

**च.** अन्तराष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

धन्यवाद !

(माधव पौडेल)
सचिव
तुल्सी स्मृति प्रतिष्ठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको १३ औं साधारण सभामा प्रस्तुत प्रतिवेदन

सभापतिज्यू , प्रमुख संरक्षकज्यू , उपसभापतिज्यू , कार्यसमितिका साथीहरु, सल्लाहकार साथीहरु आजीवन तथा साधारण सदस्यज्यू, आमन्त्रित मित्रहरु

तुल्सी लाल स्मृति प्रतिष्ठानको १३ औं साधारण सभामा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु । सर्वप्रथम प्रतिष्ठानको तर्फबाट नेपाल कम्युनिष्ट आन्दोलन र देशभक्ति र लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष राजनेता क. तुल्सी लाल अमात्य प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यसै म लोकतान्त्रि र देशभक्ति पूर्ण आन्दोलनमा विरगति प्राप्त गर्नु भएका सम्पूर्ण शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

यति बेला नेपाल लोकतान्त्रिक आन्दोलनको सफलता पछिको संक्रमणकालीन अवस्थामा गुज्रिरहेको छ । आन्दोलनका उपलब्धीहरु संस्थागत हुन सकिरहेको छैन । नयाँ संविधान निर्माणको लागि पनि बनेको संविधान सभा दुई वर्ष थप गरि ४ वर्षमा पनि संविधान घोषणा नै नगरी संविधान सभा गत जेष्ठ १४ गते विघटन गरिएको छ । घोषणा गरिएको नयाँ संविधान सभाको चुनाव पनि मंसीर ७ गते हुन सकेन । निर्वाचित संविधान सभा मात्र होइन व्यवस्थापिका समेत विगठन भएको कारण देशमा सवैधानिक संकट समेट उत्पन्न भएको छ । लोकतान्त्रिक आधारको रुपमा रहेका संवैधानिक निकायहरु क्रमश खाली हुदै गइरहेको र खाली पदमा पूर्ति गर्ने कानुनी आधार नहुदाँ निर्वाचन आयोग, अख्तियार दुरुप्रयोग निवारण आयोग, लोकसेवा आयोग आदि जस्ता सबै निकायहरु प्रभावकारी ढंगबाट अघि बढ्न सकि रहेको छैन । दलहरु बीचमा, समझदारी विकास हुन नसक्दा यस्ता समस्या हल गर्ने अन्य विकल्प पनि प्रयोग हुन सकिरहेको छैन ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

शान्ति प्रकृया पूर्ण रुपमा समाधान हुन सकिरहेको छैन् । सेना समायोजन गर्ने काममा केही सफलता मिले पनि सत्य निरुपण र आयोग र वेपता खोजविन आयोग निर्माण गर्ने कुरा कागज मै सिमित रहेकोले युद्धकालमा अन्यायमा परेकाहरुले न्याय पाउन नसक्दा पीडित र आम जनतामा दल प्रति निराशा र आक्रोश उत्पन्न भएको छ । अझ युद्धकालका घटनासंग सम्बन्धित कुनै पनि मुद्दाको कानुनी उपचार पनि अवरुद्व गर्ने व्यवहारले जनताहरु विद्रोहमा उत्रेका छन् ।

संविधान सभाबाट संविधान बन्न दिइएन व्यवस्थापिका संसद् कायम राख्ने कुरालाई पनि अस्वीकार गरियो । नयाँ संविधान निर्माणको लागि तत्काल संविधान सभाको निर्वाचन गरिनु पर्ने र निर्वाचन गर्नको लागि अवरोधको रुपमा रहेको सरकार संविधान संसोधन निर्वाचन सम्बन्धी कानुनीहरुमा परिमार्जन नगरी मुलुकले राजनैतिक र सवैंधानिक निकास लिन सक्ने अवस्थामा छैन ।

यस्तो संकट पूर्ण अवस्थाले गर्दा नेपाली जनताको जिवन कष्ट पूर्ण बनिरहेको छ । मंहगी झन झन बढ्दो छ स्थानीय निकायमा निर्वाचित जन प्रतिनिधिको अभावमा जनता निम्नतम सेवा सुविधाहरुबाट समेत वन्चित हुन परेको छ । विकासको लागि छुटयाएको रकमले कुनै प्रगति गर्न सकेको छैन रोजगारीको अभावका कारण दिनहुँ जस्तो देशका युवाहरु विदेश पलायन हुन बाध्य भएका छन् । उद्योग कलकारखानाहरु ठप्प भएको छ । देशमा अधिकार प्राप्तिका ठुल-ठुला आन्दोलन सफलतापूर्ण ढंगबाट सम्पन्न भए पनि आर्थिक विकासको आधारशीला

तयार हुन सके मात्र नयाँ संकट नेपाल निर्माण सुनिश्चीत हुने थियो र यसबाट नै विचल्लीमा परेका जनताको भविष्य उज्जवल हुने थियो ।

आजको यो परिवेशमा नेपाली समाजका आर्थिक रुपान्तरणको विश्लेषण गर्ने अगुवा नेता क. तुल्सी लाल अमात्यको व्याख्या प्रशागिक हुन सक्दछ । म यस प्रशंगमा क. तुल्सी लाल अमात्यको भनाई उदाहरण गर्ने चाहान्छु "जब देशको राजनीतिक ठीक ठाउँमा आउँदैन यसको अर्थनीतिले सहि बाटो पक्रन सक्दैन ।" कारण अर्थनीति भनेको राजनीति कै विस्तृत रुप मात्र हो र राजनीति अर्थनीतिको स्वरुप हो । राजनीति र अर्थनीति ठीक भएपछि नै समाज पनि सहि ढंगले चल्ने छ र देशको रुवतन्त्रता र सावभौमिकता संरक्षण गर्दे स्वतन्त्र रुपले देशको आर्थिक विकास गर्नु नै राष्ट्रिय प्रजातन्त्रको मुल आधार हो । हाम्रो देशमा नीति लागु गर्ने चुनावमा कसलाई जिताउने र सरकार बनाउन दिने भन्ने कुरो वाइय शक्तिको हात गएको छ ।

यसरी क. तुल्सी लाल अमात्यले तत्कालीन अवस्थामा अगाडि सारेको कुरा अहिले पनि प्रशांगिक भएको छ । हामीलाई बाटो देखाई रहेको छ ।

२००४ सालमा ललितपुरबाट निरङ्कुश राणाशासन विरोध जुलुस निकालेर आफ्नो राजनैतिक जिवनको शुरुवात गर्नुभएका क. तुल्सी लाल अमात्य त्यतिखेरै नख्खुजेलमा पर्नुभएको थियो । आर्थिक अभावले वहाँको राजनैतिक जीवन अत्यन्त कष्टपूर्ण थियो । तर पनि त्यागी, निडर र दृढ राजनेता क. तुल्सी लाल अमात्य आफ्नो जीवनको अन्तिम घडी सम्म पनि देशको लागि चिन्तित र संघर्षरत रहन हुने शिर्षस्थ व्यक्तित्वको रुपमा आफूलाई स्थापित गर्न भयो । ८३ वर्षको उमेरमा वहाँ २०५४ साल साउन १७ गते देहावशान हुनुभयो । नेपाल कम्युनिष्ट पार्टीको स्थापनाकाल देखि नै शिर्षस्थ नेतृत्वको तहमा अनवरत रुपले कार्यरत व्यक्तित्व अखिल नेपाल किसान संघका संस्थापक नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनको निर्वाचित महासचिव, ने.क.पा. (संयुक्त) का अध्यक्ष र २०४६ सालको जनआन्दोलनका समयमा वामोर्चाका मानार्थ अध्यक्ष रहनुभएको थियो भने २०५० साल मंसीर २९ गते उहाँले नेकपा (एमाले) मा आफुले नेतृत्व गरेको पार्टीलाई एकिकरण गर्नु भयो ।

क. तुल्सी लाल अमात्यको अधुरो सपनाहरु पुरा गर्ने उहाँले देखाउनु भएको सुमार्गहरु र त्याग समर्पण र निस्वार्थ भावनालाई प्रचार गर्ने, तथा विकास गदै नेपालको वाम प्रजातान्त्रिक आन्दोलनका उपलब्धीहरुको प्राप्तिका लागि नेपाली जनताहरुमा उत्साह प्रदान गरी समग्र विकासमा जुट्नु नै हाम्रो यो संस्था तुल्सी लाल स्मृति प्रतिष्ठानको स्थापना भएको हो ।

कुनै पनि संस्थाले सफलता प्राप्त गर्ने नगर्ने कुरा उसले लिएको कार्यनीति र कार्ययोजना मै भर पर्छ । आफ्ना घोषित काम पुरा गर्न कृयाशीलता अनिवार्य रहन्छ । यस्ता कुरामा हामी गम्भिर हुनै पर्छ । वास्तवमा राष्ट्रिय प्रतिष्ठानको रुपमा मान्यता प्राप्त यस तुल्सी लाल स्मृति प्रतिष्ठानलाई राज्यद्वारा भोग चलन गर्न दिएको १२ रोपनी जग्गा भारत सरकारको सहयोगमा निर्मित २ करोड ४१ लाखको भवन, स्थापित नेताहरु प्रमुख संरक्षक, सल्लाहाकार र कार्यसमितिमा रहनु भएको स्थितिले गर्दा राज्ययन्त्रमा पहुच पुऱ्याउन सकिने अवस्था छ । सबैको सेवा मुखी भावना पनि छ । यस्तो स्थितिमा सहकारी र गैरसहकारी संस्थाहरुसंग साझेदारीमा कृषि, सहकारी, स्वास्थ्य र शिक्षाको क्षेत्रमा अनेकौं कामहरु गर्न सकिन्छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

अब हामीले हामी भित्र कै समस्या र चुनौतीहरुलाई औल्याउन सक्नु पर्छ कुनै पनि संगठन सामुहिक प्रयत्नबाट नै अघि बढ्न सक्छ त्यसैले संस्थाका पदाधिकारी र सदस्यका हैसियतबाट यस साधारण सभामा गम्भिरता पूर्वक मनन गर्नु पर्ने बेला आएको छ । हामी अनेकौं जिम्मेवारी लिएर समाजका विभिन्न क्षेत्रमा कृयाशील छौं । हामीहरुले यस प्रतिष्ठानको जिम्मेवारी पुरा लिएका छौं । यो गौरबपूर्ण करा हो । हामीहरुले हाम्रो वार्षिक क्यालेण्डरमा प्रतिष्ठानको जिम्मेवारी पुरा गर्ने योजना बनाउनै पर्छ । अबका दिनमा प्रतिष्ठान संचालनको दीर्घकालीन ठोस् योजना नबनाइकन अगाडी बढ्न सकिदैन के-के काम कसकसबाट हुन सक्छ भन्ने जिम्मेवारीको बाढफाड र त्यस प्रतिको प्रतिवद्धता नै आजको आवश्यकता हो हामीसंग आर्थिक अभाव छ भवन र अफिस व्यावस्थापनको लागि अति आवश्यक कर्मचारीको व्यवस्था नगरी भएको छैन । आगामी कार्यक्रममा लोकतान्त्रिक आन्दोलनका उपलब्धीको रक्षाको योगदान पुऱ्याउने र समाज विकासमा लागेका अन्य संस्थाहरु संगको सहकार्य गर्न सक्नुपर्छ । सरकारी निकायहरुसंग साझेदारी र सहयोग लिई कृषि सहकारी स्वास्थ्य र शिक्षा क्षेत्रको ठोस् कार्यक्रम निर्माण गर्न सकिन्छ ।

सभापति महोदय,
अब म बाहौं साधारण सभा भन्दा पछि भएका गतिविधि बारे चर्चा गर्न चाहान्छु १४ औं स्मृति दिवसको उपलक्ष्यमा तत्कालीन प्रधानमन्त्री तथा अध्यक्ष झलनाथ खनालको प्रमुख अतिथिमा पर्यटन बोर्डको हलमा सम्पन्न भयो उक्त अवसरमा “खाद्य संकट र वातावरण परिवर्तन र नेपाल” विषयकमा विचार गोष्ठी र रक्तदान कार्यक्रम सम्पन्न भएको थियो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

बाहौं साधारण सभा ललितपुर बारको हलमा प्रमुख संरक्षक तथा पूर्व-प्रधानमन्त्री माधव कुमार नेपालको प्रमुख आतिथ्यतामा सम्पन्न भयो ।

१५ औं स्मृति दिवसमा प्रमुख संरक्षक तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको प्रमुख आतिथ्यतामा २०६९ साल साउन १७ गते सम्पन्न भयो उक्त अवसरमा “वर्तमान राजनैतिक समस्या र समाधानका उपायहरु” विषयमा विचार गोष्ठी कार्यक्रम सम्पन्न भएको थियो । साथै उक्त अवसरमा रक्तदान कार्यक्रम र निबन्ध प्रतियोगिता समेत गरिएको थियो । यस अवधि हेल्पिङ्ग हेण्ड अस्पताल र प्रतिष्ठानको संयुक्त आयोजनामा प्रतिष्ठानको आफ्नो भवनमा स्वास्थ्य शिविर सम्पन्न गरियो । अधुरो भवन निर्माण गर्न पटक पटक विभिन्न सहकारी र गैर सहकारी संस्थाहरुसंग सहयोगको लागि पहल गरियो । ललितपुर उप-महानगरपालिकासंग पटक पटक बैठक गरि छुटै रकम व्यवस्था गरि हाल कमसेकम तत्काल अफिस रहन सक्ने अवस्थाको श्रृजना भएको छ । भवनको अधुरो अवस्था र हामीले जिम्मा पनि लिइ नसकेको अवस्थाले गर्दा हामीले तयार गरेको तीन वर्षे कार्ययोजना पनि अलपत्रमा परेको छ । यस बीच हामीले कृषि सहकारी अनुसन्धान तथा प्रशिक्षण केन्द्रको संचालनको पूर्वाधार खडा गर्ने र स्वास्थ्य सहकारी स्थापना गर्ने योजना बनाएर पनि भवनको अगाडि नबढ्दा र हाम्रो जिम्मेवारीमा नआई सकेको कारणबाट पनि यी काम अगाडी बढ्न सकेन लामो समय देखि गर्दे आएको हाजिरी जवाफ प्रतियोगितालाई हामीले निरन्तरता दिन सकेनौ यो हाम्रो गम्भिर कमजोरी हो । त्यसै गरि स्रोत हुदाँ पनि कर्वड हलको काम हुन सकिरहेको छैन । यी काम आगामी दिनमा सम्पन्न गर्न पर्नेछ ।

## आगामी कार्ययोजना

- कृषि सहकारी अनुसन्धान तथा प्रशिक्षण केन्द्र निर्माणको लागि पूर्वाधार तयार गर्ने ।
- नयाँ भवनमा अफिस व्यावस्थापन गर्ने ।
- स्वास्थ्य सहकारी गठन गरी प्रारम्भिक स्वास्थ्य सेवाको व्यवस्था मिलाउने ।
- जग्गा व्यावस्थापन र सद्प्रयोगको ठोस् योजना साथ अघि बढ्ने ।
- कर्वडहल निर्माण सम्पन्न गरि खेलकूदका कार्यक्रम आयोजना गर्ने ।
- स-साना सिपमूलक तालिमहरुको आयोजना गर्ने ।

धन्यवाद !

(माधव पौडेल)
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल स्मृति प्रतिठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको
# १४ औं साधारण सभामा प्रस्तुत प्रतिवेदन

अध्यक्ष मण्डल ,
१४ औं साधारण सभा,
तुल्सी लाल स्मृति प्रतिष्ठान ।

सर्वप्रथम म प्रमुख संरक्षकज्यू, पूर्व सभापति, उप-सभापति लगायत यस प्रतिष्ठानका आजीवन र साधारण सदस्यहरु सम्पूर्णलाई यस बन्द शत्रमा हार्दिक स्वागत अभिवादन गर्दछु ।

नेपालको कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनको प्रमुख शिखर नेतृत्व मध्य एक कमरेड तुल्सी लाल अमात्यको यहाँ म रुमरण गर्दछु र श्रद्धाञ्जली व्यक्त गर्दछु । यस वर्ष २०७१ आषाढ ६ गते कमरेड तुल्सी लाल अमात्यका जीवन संगिनी हाम्रो प्रतिष्ठानको पूर्व-सभापति श्रीमति कमला अमात्यको ८६ वर्षको उमेरमा नर्भिक अस्पतालमा दुखद् निधन भएको छ । वहाँलाई पनि स्मरण गदै श्रद्धाञ्जली व्यक्त गर्दछु ।

हालै सिन्धुपाल्चोक, संखुवासभा, सुर्खेत, बाँके, बर्दिया, दाङ, दैलेख, सिराहा, रौतहट लगायत विभिन्न जिल्लाहरुमा बाढी पहिरोमा परि दुखद् निधन हुनेहरु, ज्ञात अज्ञात सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै बाढी पहिरो पिडित परिवारजन प्रति समवेदन प्रकट गर्दछौं । प्राकृतिक प्रकोप र विपतिबाट बाँचेर कष्टपूर्ण जीवन बिताइरहेका पिडितहरुलाई नेपाल सरकारले समयमा उद्धार, राहत एवं पुनः बसोबासको व्यवास्था गर्ने पूर्ण आशा एवं विश्वास प्रतिष्ठानको तर्फबाट राख्दछौं । यसै विषयमा एक प्रस्ताव यस साधारण सभाले पारित गरोस भनि प्रस्ताव समेत राख्छु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

अहिले हाम्रो मुलुक नेपाल लामो संक्रमणकालबाट गुज्री रहेको छ । २०६२/६३ को जन आन्दोलन/जन क्रान्तिको उपलब्धीहरुलाई अझै संस्थागत गर्न बाँकी नै छ । संक्रमण काल जति लम्बीयो त्यति र संकटहरु थपिदैंछ । नयाँ संविधान, दोश्रो संविधान सभाले नेपाली जनतालाई दिन सकेमा चालु जनक्रान्तिले राजनीतिक स्थिरता लिने र मुलुकले शान्तिको मार्ग पुऱ्याउन सक्छ । समृद्ध नेपाल निर्माण गर्ने हामी नेपालीको आशा, विश्वास, संकल्पहरु पूरा गर्ने बाटो खुल्छ ।

नेपाल सरकार र दोश्रो संविधान सभाले २०७१ माघमा नयाँ संविधानको जारी गर्ने प्रतिवद्धता दोहोऱ्याइ रहेको छ । तर नेपाली जनतामा पूर्ण विश्वासको वातावरण बन्न सकिरहेको छैन, किन यसो भयो ? यसको जवाफ नेपालका राजनीतिक दलहरुले नै दिनु पर्ने स्थिति छ । सबै राजनीतिक दलहरुले आज स्थितिमा दलगत स्वार्थ भन्दा माथि उठेर नेपाल र नेपालीहरुलाई शिरमा राखेर सन्तुलित हुदै सहमति र एकता खोज्नु पर्दछ । संविधान आखिरमा संझौता कै दस्तावेज हो । नेपालको नयाँ संविधान नेपाली समाजको महत्वपूर्ण वर्ग, लिङ्ग, जात जाती, जनजाती, धर्म, भाषा, क्षेत्रको अन्तर विरोधहरु हल गर्ने गरि समावेशी चरित्रको र सबैले आफ्नो स्वामित्व स्वीकार गर्ने खालको हुनु पर्दछ ।

संविधान निर्माण सम्बन्धमा संविधानसभा भित्र रहेका दलहरु र बाहिर रहेका दलहरु बिच सहकार्य, सम्झौता, सहमति आवश्यक छ । पहिलो संविधानसभाको सकारात्मक कार्य र उपलब्धीहरु समेट्दै जानु पर्दछ । सूर्य चन्द्र अंकित हाम्रो अहिलेको राष्ट्रिय झण्डालाई नै राख्ने कुरा, नेपाली भाषालाई माध्याम भाषा बनाउने कुरा, सबै जातजाती जनजाती नेपालीहरुको एउटै नेपाली नागरिता परिचय पत्र हुने कुरा एउटै राष्ट्रिय सुरक्षा सेना-नेपाली सेना रहने कुरा, व्यवस्थापिका केन्द्रमा दुई सदन ; प्रतिनिधि सभा र राष्ट्रिय सभा । प्रदेशमा एक सदनको व्यवस्थापिका रहने कुराहरु दल बीच सहमति जुटेको छ त्यो साह्रै सकारात्मक छ ।

राज्य पुनः संरचनाको सम्बन्धमा चार सामर्थता र पाँच पहिचानहरुलाई ध्यानमा राखेर निर्णय हुनु पर्दछ । जातिय भाषिक पहिचान भन्दा भौगोलिक ऐतिहासिक पहिचानमा जोड दिदै उत्पीडित जाती, जनजातीहरुको समृद्वी र विकासको अधिकार दिएर, उत्पीडनबाट मुक्त गरेर, पिछडीएकाहरुलाई अघि बढ्ने अवसरको बाटो खोलि दिएर, आजको विभेद र पहिचान सम्बन्धी अन्तर-विरोधहरुलाई हल गर्नु पर्दछ । प्रदेश र स्थानीय सरकारको माध्यामबाट जिल्ला, नगर, गाउँमा जातिय/भाषिय पहिचान कायम गर्ने उपायहरु खोज्न सकिन्छ । सम्बन्धीत क्षेत्रमा जनतालाई त्यो अधिकार दिंदा राम्रो हुन्छ । शासकीय रुवरुप कुनै एक संस्था वा व्यक्तिको निरकुंशताले शीर उठाउन नसक्ने व्यवस्था गर्नु पर्दछ । निर्वाचन प्रणाली कम खर्चिलो, गरीबका छोराछोरीले पनि प्रतिनिधित्व गर्न सक्ने, निर्वाचन खर्च सरकारले व्यहोर्ने चलन रहेका मुलुकहरुको अध्ययन गरी त्यसबाट सिकी आफनै निर्वाचन प्रणाली विकास गर्नु पर्दछु । न्यायलयको सन्दर्भमा न्यायलयको निस्पक्षता र स्वतन्त्रतालाई ध्यानमा राखेर न्याय व्यवस्था सुलभ र भष्टचार मुक्त बनाउने तर्फ ध्यान जानु पर्दछ । नयाँ संविधान निर्माण सन्दर्भमा राष्ट्रिय बहस चलिरहेको छ । त्यस कारणले केही सान्दर्भिक कुरा यहाँ उठाएको छ । हाम्रो प्रतिष्ठानका सदस्यहरुको ध्यान तान्न पनि खोजेकै हो । साधारण सभाको प्रतिवेदनमा उल्लेख गरेर संविधान निर्माण-राष्ट्र निर्माणमा प्रतिष्ठानको चासोको अभिव्यक्ति दिने मौका पनि छोपेको हौं । नयाँ संविधान मस्यौदा जन समक्ष माघ २०७१ साल जारी हुनु पर्दछ त्यसैले यस अगाडि नै संविधान सभालाई ६०१ सदस्य पुऱ्याएर पूर्णता दिन आवश्यक छ । प्रतिष्ठानको तर्फबाट हामीले आउने कार्तिक/मंसीर महिनामा ठोस् र मूर्त सुझावहरु पठाउनु राम्रो हुनेछ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

संविधान निर्माण कार्य मुलुकको प्रमुख राजनीतिक एजेण्डा हो । यसमा दुईमत छैन । संविधान निर्माण कार्यमा ध्यान दिनका साथै संक्रमण कालको यस समयमा नेपाल सरकारले नेपाल र नेपाली जनताका अन्य महत्वपूर्ण समस्याहरु प्रति ध्यान दिनु पर्दछ । संविधानमा व्यवास्था भएको संवैधानिक अंगहरुलाई पूर्णता दिदै-विधिको शासन बलियो बनाउने तर्फ सरकारको ध्यान जानुपर्दछ । समस्याहरु थुपै छन् । प्राथमिकता-क्रम तोकेर समाधान बाटो पहिचान गर्नु सरकारको दायित्व हो । महंगी अनियन्त्रीत रुपले बढी रहेको, कालाबजारी र भष्टाचार पनि बढ्दो छ । उद्योगहरु एक पछि अर्को बन्द हुदैंछ । बेरोजगारी र गरिबी बढीरहेको छ । नेपाली जनता भोक, रोग, गरीबीबाट पिडित छन् । कमैया कमलहरीहरु मुक्त गरिएको १४ वर्ष सम्म गाँस बाँसकै लागि सघर्ष गरिरहेका छन् । कुरा र भाषणमा होइन व्यवहारमा यस्को न्यूनतम समाधानको बाटो त्त्कालै नेपाल सरकारले खोज्नै पर्दछ । दिर्घकालीन रुपमा नेपालको समृद्धि बाटो के हुन सक्छ ? कृषिलाई औद्योगिकरण, जलविद्युत-जलस्रोत पूर्ण सदुपयोग, पर्यटन विकासमा जोड दिंदै तीन खम्बे अर्थतन्त्रबाट सामुहिक अर्थतन्त्रको लागि निकास खोल्ने तर्फ पनि हामीले सचेत हुनु आवश्यक छ । पूँजीवादी विकासको बाटो हिडेर समाजवादमा पुगिदैंन । कमरेड तुल्सी लालले भन्नु भएको गैरपूँजीवादी, समाजवाद मूखी बाटो लिएर मात्र समाजवादमा पुग्न सकिन्छ । बहुदलीय जनवाद, नयाँ जनवाद, राष्ट्रिय प्रजातन्त्र सारमा एउटै कुरा हो । यी सबै  समाजवाद कै न्यूनतम लक्ष्य पूरा गरि अधिकतम उन्मूख हुन त्यस कारण अब भौतिक पूर्वाधारहरु तयार पादै क्रान्तिकारी भूमिसुधार लागु गर्ने कानुन

बनाएर नयाँ कार्य दिशा तय गरेर अगाडि बढ्नु पर्दछ । कमरेड तुल्सी लालको सन्तुलित मार्क्सवादी लेनिनवादी दृष्टिकोणलाई आजको सन्दर्भमा सृजनात्मक ढंगले बुझ्ने र लागु गर्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ ।

अब हाम्रो प्रतिष्ठानको २०६९ फागुन ११ मा सम्पन्न १३ औं साधारण सभा पछि अहिले १४ औं साधारण सभा सम्मका प्रमुख कार्यहरुलाई संक्षिप्त प्रतिवेदन पेश गर्न चाहान्छु ।

प्रतिष्ठानको कार्यसमितिको पाँचवटा बैठक सम्पन्न भएका छन् । त्यी बैठकहरुमा हामीले लिएका निर्णयहरु नयाँ भवनमा कार्यालय संचालन गर्ने, कार्यकारिणी निर्देशकलाई नियुक्ति दिई प्रतिष्ठानका कार्यहरु व्यवस्थित बनाउने, तुल्सी लाल स्मृति स्पोर्ट्स क्लबको कर्भड हल बनाउने कुरा निर्णयहरु कार्यान्वयन हुन नसक्नुमा हाम्रो सकृयतामा रहेका कमीहरु पनि जिम्मेवार छ । कार्यकारिणी निर्देशक नियुक्तिको निर्णय पछि व्यवहारिक हुन सकेन नयाँ भवन ललितपुर उपमहानगरपालिकाले तयार गरि अझै हस्तान्तर गरिसकेको छैन । यस कुराले हाम्रो निर्णय कार्यन्वयनमा केही अप्ठारो पारि रहेको छ । अनेक प्रयत्न पछि ढिलै भए पनि भारतीय दुतावासबाट नपुग थप रकम ४२ लाख आएको छ । यसबाट नपुग २६ लाख रकम न.पा. बाट खर्च गर्ने निर्णय भएको छ । यी रकमबाट छिटो निर्माण कार्य सम्पन्न गर्न ठेक्कमा दिने तिर जाँदा नेपाल सरकारको प्रशासनिक नियम आदिले तीन, चार महिना ढिला हुने हुदाँ प्रतिष्ठान कै उपभोक्ता समिति बनाएर काम गर्दा चाडो हुने भएकोले ल.पु. उपमहानगरपालिकाको माग र सल्लाहमा हामीले २०७० भदौ ५ गते ३१ औं प्रतिष्ठानको बैठक बसी उप-सभापति श्री गोपाल शाक्यको अध्यक्षतामा ९ सदस्यीय उपभोक्ता समिति र प्रतिष्ठानका सभापति श्री केशब वडालज्यूको संयोजकत्वमा ९ सदस्य अनुगमन समिति बनाएर हामी आफै संग्लन भएर प्रतिष्ठानको भवन बाँकी निर्माण कार्य सम्पन्न गर्ने कार्य तर्फ लागेका छौं ।

तुल्सी लाल स्मृति प्रतिठान

२०७० श्रावण १७ प्रतिष्ठानका प्रमुख संरक्षक एवं पूर्व प्रधानमन्त्री श्री माधवकुमार नेपालज्यूको प्रमुख आतिथ्यतामा “संविधान निर्माणका चुनौतिहरु” भन्ने विषयमा विचार गोष्ठी प्रज्ञा प्रतिष्ठान कमलादीमा गरियो ने.का. बाट प्रदिप गिरी, रा.ज.मो. चित्रबहादुर के.सी र मदेशी जनअधिकार फोरमबाट जितेन्द्र नारायण देव आदिको सहभागिता थियो । त्यस्तै २०७१ श्रावण १७ गते पूर्व प्रधानमन्त्री एवं ने.क.पा. (एमाले) का वरिष्ठ नेता झलनाथ खनालको प्रमुख आतिथ्यतामा “समृद्ध नेपाल निर्माण र क. तुल्सी लाल अमात्य” भन्ने विषकमा विचार गोष्ठी गरियो । श्री भरत मोहन अधिकारी, श्री अर्जुन नर सिंह र श्री चित्रबहादुर के.सी आदि गोष्ठीमा बोल्नु भयो । दुवै स्मृति दिवसका कार्यक्रम सफल रहेको मूल्याकन गरेका छौं ।

प्रतिष्ठानमा हाल देखा परेका समस्याहरु हल गर्न र आगामी कार्ययोजना कार्यन्वयन गर्न प्रतिष्ठानका सभापति/उपसभापति वा सचिव मध्ये एकलाई दैनिक कार्यालय संचालन गर्ने प्रमुख रुपमा साथै अध्ययन र अनुसन्धान लगायत प्रतिष्ठान सबै महत्वपूर्ण जिम्मेवारी पुरा गर्न कार्यकारिणी नै बनाउनु पर्दछ । आर्य आर्जनका नयाँ स्रोतहरु खोजी कार्यकारिणी पूर्णकालिनलाई सेवा वापत मासिक पारिश्रमिक दिने व्यवस्था गरिनुपर्दछ । हाम्रो यस साधारण सभाले यस बारे गम्भीर छलफल निर्णय लिन आवश्यक छ

## आगामी कार्ययोजना

१. प्रतिष्ठानको भवन निर्माण कार्य पूर्ण रुपले सम्पन्न गर्न कार्ययोजना साथ काम गर्ने ।
२. प्रतिष्ठानको जमीन र भवन सदुउपयोग गर्ने अल्पकालिन र दिर्घकालिन योजना तयार पार्ने

कार्यन्वयन गर्ने

३. अध्ययन अनुसन्धान-

३.१ नेपालको कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलनमा कमरेड तुल्सी लाल अमात्यको योगदान लगायत अन्य क्षेत्रमा वहाँको सम्पूर्ण योगदानहरु स्पष्ट पार्ने गरि अध्ययन अनुसन्धान गरि नयाँ जीवनी पुस्तिका तयार पार्ने ।

३.२ नेपालको सहकारी आन्दोलनको अध्ययन अनुसन्धान कार्य गर्ने ।

३.३ नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनको विगत वर्तमान र भविष्य सम्बन्धमा र सहकारी आन्दोलन सम्बन्धमा पनि गम्भीर अध्ययन अनुसन्धान गर्ने साथै प्रशिक्षण समेत दिने व्यवस्था गर्ने ।

४. स्वास्थ्य सेवा, शिक्षा सेवा, समाज सेवा, वातावरण तथा प्राकृतिक संरक्षण, वृद्घाहरु, मजदुर किसान, सुकुम्बासी, साहित्य, संगीत नृत्य र कला सम्बन्धी आदि संघ संस्थाहरुसंग मिलि राष्ट्र र जनताको हित हुने कार्यहरु गर्न दिर्घकालिन अल्पकालिन योजनाहरु बनाउने र कार्यन्वयन गर्ने ।

५. प्रतिष्ठानको विकासको लागि नयाँ नयाँ आयस्रोतहरु खोज्ने, समय पूर्ण रुपमा दिने पूर्णकालिन प्रतिष्ठान लागिनै खटनेहरुलाई आवश्यक पारिश्रमिकको व्यवस्था गर्ने ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

६. तुल्सी लाल स्मृति पुस्तकालय स्थापना गरि प्रतिष्ठानकै अंगको रुपमा विकास गर्ने र संचालन गर्ने ।

७. तुल्सी लाल स्मृति स्पोर्ट्स क्लबलाई प्रतिष्ठान कै अंगको रुपमा विकास गर्ने, संचालन गर्ने ।

८. प्रतिष्ठानको भवनमा नै प्रतिष्ठानको कार्यालय व्यवस्थीत गर्ने र संचालन ।

९. भवनमा सुरक्षको लागि गार्डको व्यवस्था गर्ने ।

१०. प्रतिष्ठानले गर्दै आएको कार्यक्रमहरु स्मृति दिवस स्वास्थ्य शिविर र हाजिरी जवाफलाई निरन्तर दिने ।

११. भवन सरसफाई गर्ने एक सफाई मजदुर प्रतिष्ठानबाट राख्ने र एक वा दुई हाललाई सफाई मजदुर ल.पु. उपमहानगरपालिकाबाट माग गर्ने ।

२०७१ भाद्र २१

(माधव पौडेल)
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको १५ औं साधारण सभामा सचिव हिम बहादुर क्षेत्रीद्वारा प्रस्तुत प्रतिवेदन

आजको यस तुल्सी लाल स्मृति प्रतिष्ठानको १५ औं साधारण सभाको बन्द सत्रका सभापतिज्यू

प्रमुख संरक्षक एवं संरक्षकज्यूहरु, सल्लाहकारज्यूहरु, कार्य समितिका पदाधिकारी र सदस्यज्यूहरु तथा प्रतिष्ठानका सदस्यज्यूहरुमा सर्वप्रथम म हार्दिक एवं न्यानो अभिवादन टक्रयाउँन चाहन्छु ।

प्रतिष्ठानको १४ औं साधारण सभा सम्पन्न भएको करीब एक वर्ष चार महिनापछि १५ औं साधारणसभा सम्पन्न गर्नका लागि हामीहरु यहाँ उपस्थित भएका छौं । यस बीच क. तुल्सी लाल अमात्यका अत्यन्त निकट सहयोगी, यस प्रतिष्ठानका संस्थापक सचिव तथा संरक्षक भीम प्रसाद उपाध्यायज्यूको २०७१ साल फाल्गुण २९ गते ७३ वर्षको उमेरमा भएको असामयिक निधनले हाम्रो प्रतिष्ठान र सिंगो कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनलाई अपूरणीय क्षति हुन पुगेको छ । उहाँले प्रतिष्ठानको स्थापना र विकासको लागि प्रदान गर्नुभएको नेतृत्वदायी भूमिका र योगदान सदा चीर स्मरणीय रहने छ । यहाँ म स्मरण गराउन चाहान्छु कि २०७१ चैत्र १ गते प्रतिष्ठानको आफ्नै भवनको सभाकक्षमा संस्थापक सभापति एवं प्रमुख संरक्षक क. माधवकुमार नेपालको प्रमुख आथिथ्यतमा शोकसभाको आयोजना गरी स्वर्गीय भीमप्रसाद उपाध्यायप्रति भावपूर्ण श्रद्धाजली दिइएको थियो भने २०७१ चैत्र ३ गते मा बसेको प्रतिष्ठानको कार्यसमितिको सातौं बैठकले उहाँको निधनप्रति शोक प्रस्ताव पारित गरेको थियो । दिवगंत क. भीम प्रसाद प्रति म भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

मुलुकले गत बैशाख १२ गतेको विनाशकारी भू-कम्प र तत् पश्चत्का पराकम्पनहरुद्वारा सिर्जित प्राकृतिक महाविपत्तिको सामना गर्नुपऱ्यो जसले गर्दा ९००० भन्दा बढी व्यक्तिहरुले अनाहक मै ज्यान गुमाउँनु पऱ्यो, हजारौं व्यक्तिहरु घाइते हुन पुगे भने लाखौ परिवारहरु घरवार विहिन हुन पुगे । म यहाँ के उल्लेख गर्न चाहन्छु भने प्रतिष्ठानको मिति २०७२, बैशाख ३१ गते बसेको कार्यसमितिको आठौं बैठकले विनाशकारी भूकम्पले ठूलो जनधनको क्षति भएको सांस्कृतिक संम्पदाहरुको विनाश भएको, हजारौ मानिसहरु घाइते तथा मृत्यु भएकोमा गहिरो दुःख व्यक्त गर्दै अकालमा मृत्यु भएका दिवगंत व्यक्तिहप्रति श्रद्धाञ्जली ब्यक्त गरिएको थियो । म यहाँहरुलाई के पनि जानकारी गराउँ भने नेपाल रेडक्रस सोसाइटी ललितपुर जिल्ला च्याप्टरको अनुरोधमा भुकम्पका कारणले बिचल्ली परेका ६१ अपाङ्ग परिवारलाई प्रतिष्ठानको जमिनमा तीन महिना सम्म आश्रय दिइएकोमा उक्त संस्थाले प्रतिष्ठानको कार्यको सराहना गरि धन्यवाद समेत दिएको थियो ।

प्रतिष्ठानको १४ औं साधारण सभा पश्चातको यस अवधिमा नेपालको संविधान २०७२ जारी भएको छ । २०७२ साल असोज ३ गते "नेपालको संविधान २०७२", संविधान सभामा कुल ६०१ सदस्य रहेकोमा मतदान हुदाँको अवधिमा विद्यामान ५९७ सदस्य मध्ये ५३७ को अत्याधिक बहुमतद्वारा पारित हुनुले विगत ६५ वर्ष देखि आफुद्वारा निर्वाचित जनप्रतिनिधीहरुको माध्यामबाट संविधान निर्माण गर्ने नेपाली जनताको आकांक्षा एवं माग साकार भएको छ । संविधान जारी भए पश्चात् भारतको दिल्लीमा २०६२ साल मंसीर ७ गते ७ राजनीतिक पार्टीहरु र तत्कालीन नेकपा माओवादी बीच सम्पन्न भएको १२ बुँदे समझदारी पश्चात शुरुभएको एउटा राजनीतिक अध्याय समाप्त भएको, तत्कालीन विद्रोही ने.क.पा. (माओवादी) र राज्यबीच २०६३ मंसीर ५ गते भएको विस्तृत शान्ती संम्झौताले पूर्णता प्राप्त गरेको र २४० वर्ष पुरानो राजतन्त्रको समाप्ति पश्चात् स्थापना

भएको संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन पुगेको छ । यो संविधान जारी हुनुले कमरेड तुल्सी लाल अमात्यद्वारा ५३ वर्ष अघि नै परिकल्पना गर्नुभएको सार्वभौम सत्ता सम्पन्न संसदको स्थापनाले मूर्त रुप लिन पुगेको छ। नेपालमा पूँजीवादी जनवादी क्रान्तिले एक हद सम्म पूर्णता प्राप्त गरी समाजवादको प्राप्तीको दिशामा प्रस्ताव विन्दु भएको मान्न सकिन्छ । "नेपालको संविधान २०७२" सर्वाधिक लोकतान्त्रिक, प्रगतिशील र समावेशीहुनुका साथै आदिवास, जनजाती, मधेशी, मुस्लिम, दलित र महिलाको हितलाई अधिकतम संरक्षण गरेको छ । कुनै पनि मुलुकको संविधान एउटा गतिशील दस्तावेज हो । नेपालको संविधान पनि एउटा गतिशील दस्तावेज भएकोले यो समयाकुलन संशोधित र परिमार्जित हुँदै जाने प्रायः निश्चित छ। हाल सरकारले संसद्मा पेश गरेको संविधानको पहिलो संशोधन विधेयकले पनि यस तथ्यलाई प्रमाणित गर्दछ । हामी आशा गरौं, संविधानको पहिलो संशोधनले मधेश क्षेत्रमा देखा परेको असन्तुष्टि सम्बोधन भई मुलुकले राजनीतिक स्तिरता प्राप्त गर्ने र तत्पश्चाप आर्थिक विकास हुनुका साथै मुलुक समाजवाद प्राप्तिको दिशामा अग्रसर हुनेछ। म यहाँ के स्मरण गराउँन चाहान्छु भने २०७२ असोज ३ मा नेपालको संविधान २०७२ जारी भएपछि २०७२ असोज ६ गते बसेको प्रतिष्ठानको कार्यसमितको १३ औं बैठक नेपालको संविधान २०७२ को स्वागत गर्ने सर्वसम्मत निर्णय गरेको थियो । संविधान निर्माणका पक्षमा उभिएका प्रमुख राजनीतिक शक्तिहरुलाई संविधानका उपलब्धीहरुलाई आम जनतामा खास गरी मधेश क्षेत्रका जनतालाई समयमा नै सुरक्षित गर्न नसक्दा मधेशी मोर्चामा आवद्ध दलहरुले संविधान प्रति मदेशी जनतामा देखा परेको केही हदसम्म असन्तोषलाई उपयोग गरी तराई क्षेत्रमा अशान्ती मच्याउँने काम भयो। संविधानप्रति आफ्ना असहमतिलाई संसद्मा उठाई प्रजातान्त्रिक विधिद्वारा छलफल र संवादद्वारा समस्याको समाधान खोज्ने प्रयास गर्नुको सट्टा मधेशी मोर्चामा आबद्ध दलहरुले भारतको अप्रत्यक्ष मिलोमतो र सहयोगमा सीमा क्षेत्रमा अवरोध सिर्जना गरी निर्वाध रुपले मालसमान आवतजावतलाई ठप्प पारी आर्थिक संकटद्वारा मुलुकको अर्थतन्त्रलाई तहसनहस पार्नुका साथै मानवीय संकट उत्पन्न गराउँने कार्य जुनसुकै निन्दा गरेपनि कम हुनेछ। तुल्सी लाल स्मृति प्रतिष्ठान यस्ता मानवता विरोधी कार्य जुनसुकै पक्षबाट भएको भए पनि घोर भर्तसना गर्दछ । मधेशी मोर्चाका कार्यकर्ताहरुद्वारा अवरोध नभएका नेपाल भारत सीमा नाकाहरुमा समेत भारतीय सुरक्षाकर्मीहरु र कर्मचारीहरुद्वारा माथिको आदेश भन्दै मालसामान बोकेका गाडीहरु खासगरी इन्धन बोकेका गाडीहरुलाई निर्वाध रुपले नेपाल प्रवेशमा रोक लगाउँनुले पारवहन र व्यापार सम्बन्धि अन्तराष्ट्रिय सन्धि सम्झौताद्वारा निश्चित गरिएका नेपालका सार्वभौम अधिकारहरु कुण्ठित भएका छन् । भारतको वर्तमान नेतृत्वको सरकारबाट भएका यस्ता गतिविधिहरुले नेपाल र भारतबीच रहि आएको सदीयौं देखिको सौहार्दपूर्ण सम्बन्धमा खलल पार्ने काम भएको छ। नेपालको वर्तमान सरकारलाई हाम्रो आग्रह छ -भारतसंग कुटनीतिक पहल गर्न र मधेशी मोर्चासंग फलदायी वार्ता गरी मुलुकमा हाल देखापरेका समस्याहरुलाई यथाशक्य चाँडो निराकरण गरी देशमा सहज अवस्थाको सिर्जना गरियोस्।

जबसम्म कम्युनिष्ट पार्टीले राजनीतिक सिद्धान्त, दर्शन नीति, कार्यक्रम र वर्ग दृष्टिकोणद्वारा पार्टीका कार्यकर्ता र आमजनतालाई व्यापक प्रशिक्षित गरी उनीहरुको चेतनालाई माथि उठाउने कार्य गर्दैन् तबसम्म मुलुकलाई जातीवादी, क्षेत्रीयवादी र साम्प्रदायिक शक्तिहरुको प्रभावबाट मुक्त गर्न सकिदैन्।

वर्तमान जटिल परिस्थितिबाट मुलुकलाई मुक्त गर्नुकालागि कमरेड तुल्सी लाल अमात्यका विचार र सिद्धान्तहरुलाई अझ व्यापक प्रचार प्रसार गरी जनचेतना बढाउँने कार्य गर्न जरुरी छ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

आजको यस १५ औं साधारण सभामा १४ औ. साधारण सभाद्वारा बनाइएका कार्ययोजनाहरु कार्यान्वयन गर्न हामी के कति सफल भयौं भनेर समिक्षा गर्ने र आगामी एक वर्षका लागि कार्यक्रमहरुको निर्धारण गरी स्वीकृति गर्नु हो ।

मिति २०७१ भाद्र २१ गते सम्पन्न भएको प्रतिष्ठानको चौधौं साधारणसभा पश्चात् कार्यसमितिको १७ वटा बैठकहरु सम्पन्न भएको जानकारी गराउँछु । सम्पन्न बैठकहरुद्वारा अघिल्लो साधारण सभाले निर्धारण गरेका कार्ययोजनाहरु कार्यान्वयन गर्न र प्रतिष्ठानसंग सम्बन्धित समसामायिक विषयहरुका सम्बन्धमा महत्वपूर्ण निर्णयहरु भएका छन् । जसलाई बुँदागतरुपले तल उल्लेख गरेको छु ।

1. मिति २०७१ साल आश्विन १० मा चौधौं साधारणसभाद्वारा निर्वाचित कार्यसमितिको प्रथम बैठकले प्रतिष्ठानको कार्यलाई व्यवस्थित रुपले सञ्चालन गर्नका लागि प्रतिष्ठानका सभापति, उपसभपति, सचिव, सहसचिव र कोषाध्यक्ष सम्मिलित पाँच सदस्य सचिवालय गठन गरेको थियो । कार्यसमितिको उक्त प्रथम बैठकले प्रतिष्ठानको कार्यालयलाई व्यवस्थित गर्ने जिम्मा सचिवालयलाई दिइएको थियो । हाल प्रतिष्ठानका सभापति श्री गोपाल शाक्यद्वारा पूर्णकालिन कार्यकारी प्रमुखको भूमिका निर्वाह गरिरहनुभएको छ । कार्यालय दैनिक रुपले बिहान एघारबजेदेखि बेलुका ५ बजेसम्म संचालन भईरहेको छ ।

   शुरुमा कार्यालयलाई तयार पार्न र व्यवस्थित रुपले संचालन गर्नका लागि कयौं कुराहरुको व्यवस्था गर्न थियो । शौचालयमा पानीको प्रबन्ध मिलाउनका लागि पाइप र पानी तान्ने मिसिन जडान गरिएको, कोठालाई रङ्गरोगन गरिएको, कोठामा पर्दा राखिएको कार्यालयको फाइल र पुस्तकहरु राख्नका लागि दराजको व्यवस्था मिलाएको थियो । सभापतिज्यूको कार्यकक्षमा फर्निसिङ् गर्नका लागि सचिव श्री हिमबहादुर क्षेत्रीले र मिटिङ्ग हलको लागि आवश्यक पर्ने कुर्सी र टेबुहरु प्रतिष्ठानका कार्यसमितिका सदस्य श्री डा. गुप्तबहादुर श्रेष्ठले सहयोग उपलब्ध गराउनु भएको थियो । हाल कार्यालयमा प्रिन्टरको पनि व्यवस्था गरिएको छ । गोरखापत्र प्रतिष्ठान आफैले र अन्नपूर्ण पोष्ट एक वर्षको लागि कार्यसमितिका सदस्य श्री चन्द्रबहादुर श्रेष्ठले उपलब्ध गराउँनुभएको छ ।

2. तुल्सी लाल स्मृति भवनलाई पूर्णता दिनुपर्ने भन्ने अघिल्लो साधारण सभाले निर्णय गरेको थियो । रकम अभावले गर्दा खण्डहर जस्तो अवस्थामा रहेको भावनलाई भारतीय दूतावासबाट प्राप्त हुन आएको थप ४० लाख ललितपुर उपमहानगरपालिकाबाट प्राप्त रु. १६ लाख प्रतिष्ठानबाट रु. ३ लाख थप गरि रु. ५९ लाखको लागतमा भवनलाई पूर्णता दिने जारी कार्य छ । विनाशकारी भूकम्भ र भारतको अघोषित नाकबन्दीले गर्दा भवनलाई पूर्णता दिने कार्यमा केही ढिलाई भएता पनि सभापति श्री गोपाल शाक्यको अध्यक्षतामा गठन भएको उपभोक्ता समिति मार्फत यसलाई पूर्णता दिने काम तीव रुपमा भईरहेको छ । हाल सम्म ३ वटा किस्ता मध्ये १७ लाख ९८०००। का २ वटा किस्ताहरु ललितपुर उपमहानगरपालिका मार्फत प्राप्त भएका छन् । उक्त रकमद्वारा भवनको झ्याल, ग्रिल र ढोकाहरु जडान गरिएको, भवनमा वाइरिङ्ग गरी बिजुली जडान गर्ने काम गरिएको, पलम्बिङको काम गरी पानीको प्रवाह गरिएको तथा शौचालयहरुको निर्माण गरिएको छ । अनुदान सहयोगको तेस्रो र अन्तिम किस्ता प्राप्त भएपछि

तुल्सी लाल स्मृति प्रतिष्ठान

झ्यालहरुमा आल्मनियम तथा सिसाहरु जडान गर्नुका साथै रंगरोगनगर्ने कार्य सम्पन्न भएपछि प्रतिष्ठानको भवनले पूर्णता पाउँनेछ ।

भवनको सुरक्षार्थ गतः असोजदेखि फाल्गुणसम्म ललितपुर उपमहानगरपालिकाले सुरक्षा गार्ड उपलब्ध गराएको थियो तर तत्पश्चाप् बजेटको अभाव देखाउदै सुरक्षा गार्ड उपलब्ध गराउँन असमर्थता प्रकट गरेकोले हाल नर्सरी तथा पुष्प उत्पादक किसान संघ. ललितपुर जिल्ला समितिको तर्फबाट भवनको सुरक्षाको लागि एक जनालाई प्रतिष्ठानको भवनमा कोठा समेत उपलब्ध गराई खटिएको छ । आर्थिक अभावले गर्दा प्रतिष्ठान आफैले सुरक्षा गार्ड र सरसफाई मजदुर राख्न सकेको छैन् ।

3. २०७१ साल चैत्र ६ गते रौतहट जिल्लाको गरुडामा पूर्व प्रधानमन्त्री, ने.क.पा. (एमाले) का वरिष्ठ नेता तथा प्रतिष्ठानका संस्थापक सभापति एवं हालका प्रमुख संरक्षक माधवकुमार नेपालको प्रमुख आथिथ्यतामा 'किसान जागरण तथा सम्मान कार्यक्रम' को भव्य रुपमा आयोजना गरिएको थियो । उक्त अवसरमा विगतमा कमरेड तुल्सी लाल अमात्यसंग किसान आन्दोलनमा सक्रिय रुपले संग्लन निम्नलिखित २४ जना पुराना किसान नेता तथा कार्यकर्ताहरुलाई सम्मान गरिएको थियो ।

| क्र.स. | नाम, थर | ठेगाना | |
|---|---|---|---|
| १ | श्री शेख फरमान | कोपवा पिपरीया | मरोनप्रान्त |
| २ | श्री हरदियाल महतो | कटहरीया | मरोनप्रान्त |
| ३ | श्री कुलदीप महतो | भैसेही, लक्ष्मीनीया | मरोनप्रान्त |
| ४ | श्री कुवर ठाकुर | मठीया | मरोनप्रान्त |
| ५ | श्री सीताराम पटेल | इनरवारी | मरोनप्रान्त |
| ६ | श्री नागा ठाकुर | माधोपुर | मरोनप्रान्त |
| ७ | श्री विश्वनाथ महतो | भसेडवा | मरोनप्रान्त |
| ८ | श्री विश्वनाथ महतो | सखुअवा | मरोनप्रान्त |
| ९ | श्री सुवेदार राउत | सखुअवा | मरोनप्रान्त |
| १० | श्री बास्कीत साह | मुडवलवा | मरोनप्रान्त |
| ११ | श्री लिला राज उपाध्याय | गौर | मरोनप्रान्त |
| १२ | श्री शेख क्याक्तत | लश्मीनीयाकरुनीय | मरोनप्रान्त |
| १३ | श्री मटुक मीया | पथरा बधुराम | मरोनप्रान्त |
| १४ | श्री शिव नन्दन ठाकुर (मिस्जी) | वैधनाथपुर भारत | मरोनप्रान्त |

तुल्सी लाल स्मृति प्रतिष्ठान

| | | | |
|---|---|---|---|
| १५ | श्री गोविन्द झा | मत्सरी | मरोनप्रान्त |
| १६ | श्री राम देवी दास | झुनखुनवा | |
| १७ | श्री सुकतान मिया | सुन्दरपुर, संग्रामपुर | |
| १८ | श्री विन्दा सिंह | वसत्तपुर | |
| १९ | श्री जदु महतो | इनरवारी | |
| २० | श्री विधु महतो | इनरवारी | |
| २१ | श्री वीर बहादुर खौथारु | रंगपुर | |
| २२ | श्री रामलक्ष यादव | संग्रमपर, रौतहट | |
| २३ | श्री लखिचन्द राउत | देवाही, रौतहट | |
| २४ | श्री लगन राउत | देवाही, रौतहट | |

४.प्रतिष्ठानको भवन र खाली जमीनको अल्पकालीन र दीर्घकालीन उपयोग बारे राय सुझाव लिनका लागि २०७१ साल चैत्रमा सल्लाहकार मण्डलसंग एउटा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

५. प्रतिष्ठानको भवनको खाली जमीन अल्पकालीन र दीर्घकालीन उपयोग बारे ठोस नीति नबनुन्जेल सम्म हाललाई भवनको पूर्व भागमा खाली रहेको करिब ४ रोपनी जग्गामा फलफुलका विरुवाहरु एवं कटफ्लावर उत्पादन गर्ने कार्यका लागि अखिल नेपाल किसान संघ मातहतमा रहेको नर्सरी तथा पुष्प उत्पादक किसान संघ, ललितपुर जिल्ला समितिलाई २०७२ साल बैशाख देखि लागु हुने गरी ५ वर्षका लागि उपलब्ध गराउँने सम्झौता सम्पन्न गरिएको छ । यस वापत् २०७२ सालमा रु. ५० हजारका दुई किस्ताका दरले रु एक लाख प्रतिष्ठानलाई दिने सम्झौता भएको छ । २०७३ को रकम बारे २०७३ साल बैशाखमा निर्णय गर्ने भनी संझौतामा उल्लेख गरिएको छ ।

६. स्वास्थ्य संस्था खोल्न सकिने भन्ने प्रतिष्ठानको घोषित उद्देश्य बमोजिम तुल्सी लाल जेष्ठ नागरिक अस्पतालको स्थापना र संचालनको लागि सामाजिक तथा विकास रुपान्तरण, नेपालसंग संझौता गरिएको छ । प्रतिष्ठानको भोगाधिकार रहेको जमीन मध्ये भवनको पश्चिमतर्फको ३ रोपनी जग्गा सम्झौताद्वारा १५ वर्षका लागि उपलब्ध गराइएको भएता पनि यदि उक्त संस्थाले अस्पताल निर्माणका लागि एकवर्ष भित्र आवश्यक कार्यसमेत प्रारम्भ नगरेमा उक्त संझौता खारेज गर्न सक्ने भन्ने प्रावधान रहेको समेत जानकारी गराउँन चाहन्छु ।

७. १४ औं साधारणसभा अघिसम्म यस प्रतिष्ठानको एउटा शाखा रौतहट जिल्लामा मात्रै खोलिएको थियो । १४ औं साधारण सभा पश्चात् मिति २०७०/११/०९ मा सभापति श्री गोपाल शाक्य र सचिव श्री

हिमबहादुर क्षेत्रीको उपस्थितिमा निम्नलिखित सदस्यहरु रहनु भएको तुल्सी लाल स्मृति प्रतिष्ठान, कास्की शाखा गठन गरिएको छ।

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १ | सभापति | श्री महेन्द्र कतिला |
| २ | सचिव | श्री पुण्य प्रसाद पौडेल |
| ३ | कोषाध्यक्ष | सुश्री मञ्जु गुरुङ्ग |
| ४ | सदस्य | श्री तिलक आचार्य |
| ५ | " | श्री रामजी पाहरी |
| ६ | " | श्री मदनकाजी श्रेष्ठ |
| ७ | " | श्री पवित्र मणि पौडेल |
| ८ | " | श्री मन कुमार श्रेष्ठ |
| ९ | " | श्री जिवनाथ भट्टराई |

तुल्सी लाल स्मृति प्रतिष्ठान

८. दिवंगत कमरेड तुल्सी लाल अमात्यको १८ औं स्मृति दिवस २०७२।०४।१६ मा ललितपुर बार एशोसियसनको हलमा आयोजना गरिएको थियो । उक्त दिवसको अवसरमा 'नेपालको नव निर्माणमा राष्ट्रिय एकता र नयाँ संविधान' नामक विचार गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीको प्रमुख अतिथिमा ने.क.पा. (एमाले) का अध्यक्ष कमरेड के.पी. शर्मा ओलीलाई आमन्त्रण गरिएको थियो ।

९. प्रतिष्ठानको कार्य समितिको मिति २०७१/०६/१६ को पाचौं बैठकले नेपालको वाम तथा प्रजातान्त्रिक आन्दोलनको अध्ययन अनुसन्धान तथा खोज कार्य गर्ने भन्ने विधानको घोषित उद्देश्य अनुरुप नै प्रतिष्ठानका सभापति श्री गोपाल शाक्यको संयोजकत्वमा "नेपालको लोकतान्त्रिक तथा कम्युनिष्ट आन्दोलनको अध्ययन-अनुसन्धान केन्द्र" गठन गरेको जानकारी गराउँन चाहन्छु ।

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १ | **संयोजक** | श्री गोपाल शाक्य |
| २ | **सदस्य** | श्री माधव पौडेल |
| ३ | " | श्री हिमबहादुर क्षेत्री |
| ४ | " | श्री दर्गामान खड्की |

| | | |
|---|---|---|
| ५ | " | श्री सुरेश कार्की |
| ६ | " | श्री नरेश्वर ज्ञवाली |
| ७ | " | श्री रामकृष्ण दवाल |
| ८ | " | जनार्दन दाहाल |
| ९ | " | मा. मदन कुमारी शाह (गरिमा शाह) |
| १० | " | श्री मा. शान्ता मानवी |
| ११ | " | प्रा. डा. प्रेम कुवँर |
| १२ | " | डा. दीपक भट्ट |
| १३ | " | श्री विनमहादेव भट्टराई |
| १४ | " | श्री खगेन्द्र नेपाल |
| १५ | " | श्री सुजिता शाक्य |
| १६ | " | श्री महेन्द्र कतिला |
| १७ | " | श्री चन्द्रकान्त ज्ञवाली |
| १८ | " | श्री श्रीराज जोशी |

तुल्सी लाल स्मृति प्रतिठान

नेपालको लोकतान्त्रिक तथा कम्युनिष्ट आन्दोलनको अध्ययन-अनुसन्धान केन्द्रको हालसम्म एउटा बैठक सम्पन्न भएको छ । यसको संचालनका लागि नियमावली बनाउन प्रतिष्ठानका उपसभापति श्री माधव पौडेल संयोजक तथा माननीय गरिमा शाह र संविधानविद श्री चन्द्रकान्त ज्ञवाली सदस्य रहनुभएको कार्यदल समेत गठन भएको छ ।

१०. प्रतिष्ठानको १४ औं साधारण पश्चात् आजीवन सदस्य र साधारण सदस्यहरुका लागि प्राप्त भएका निवेदनहरु उपर छानविन गरी २४ जनालाई आजीवन सदस्यता र १० जनालाई साधारण सदस्यता दिने निर्णय गरिएको थियो । आजीवन सदस्यता र साधारण सदस्यता प्राप्त गर्ने नयाँ सदस्यहरुको नामहरु तल उल्लेख गरिएको छ ।

| क.स. | नाम, थर | सदस्य |
|---|---|---|
| १ | ईन्द्र कुमारी महर्जन | आजीवन सदस्य |
| २ | डा. दिनेश चन्द्र देवकोटा | आजीवन सदस्य |
| ३ | प्रतिभा श्रेष्ठ | आजीवन सदस्य |

| | | |
|---|---|---|
| ४ | विनमहादेव भट्टराई (बुद्धिसागर) | आजीवन सदस्य |
| ५ | डा. दिपक प्रसाद भट्ट | आजीवन सदस्य |
| ६ | हरि प्रसाद पराजुली | आजीवन सदस्य |
| ७ | रामकृष्ण दुवाल | आजीवन सदस्य |
| ८ | जनार्दन दाहाल | आजीवन सदस्य |
| ९ | नीरकेशरी श्रेष्ठ | आजीवन सदस्य |
| १० | खगेन्द्र प्रसाद नेपाल | आजीवन सदस्य |
| ११ | प्रा. डा. ऋतु प्रसाद गड्तौला | आजीवन सदस्य |
| १२ | राजन पंगेनी | आजीवन सदस्य |
| १३ | महेन्द्र प्रसाद कतिला | आजीवन सदस्य |
| १४ | तिलक प्रसाद आचार्य | आजीवन सदस्य |
| १५ | नरेश्वर ज्ञवाली | आजीवन सदस्य |
| १६ | सुजिता शाक्य | आजीवन सदस्य |
| १७ | डा. प्रेमबहादुर कुवँर | आजीवन सदस्य |
| १८ | टेक बहादुर केसी | आजीवन सदस्य |
| १९ | गरिमा शाह | आजीवन सदस्य |
| २० | मुकुन्द प्रसाद भट्टराई | आजीवन सदस्य |
| २१ | शान्ता मानवी | आजीवन सदस्य |
| २२ | पूर्णकला भट्टराई | आजीवन सदस्य |
| २३ | तारामान जोशी | आजीवन सदस्य |
| २४ | मोहनराज श्रेष्ठ | आजीवन सदस्य |
| २५ | सुरेश कार्की | साधारण सदस्य |
| २६ | चतुर ब्यञ्जनकार | साधारण सदस्य |
| २७ | सुभद्रा कोइराला | साधारण सदस्य |
| २८ | पुण्य प्रसाद पौडेल | साधारण सदस्य |

तुल्सी लाल स्मृति प्रतिठान

| | | |
|---|---|---|
| २९ | मन कुमार श्रेष्ठ | साधारण सदस्य |
| ३० | रामजी प्रसाद पहारी | साधारण सदस्य |
| ३१ | पवित्रमणि पौडेल | साधारण सदस्य |
| ३२ | मदनकाजी श्रेष्ठ | साधारण सदस्य |
| ३३ | जिवनाथ भट्टराई | साधारण सदस्य |
| ३४ | मन्जु गुरुङ्ग | साधारण सदस्य |

११. प्रतिष्ठानका सचिव श्री हिमबहादुर क्षेत्रीको विशेष पहलमा गत २०७२ कार्तिक १३ गतेका दिन Sichuan University का कार्यकारी पार्टी उपसचिव तथा Vice-President Mr. Luo Zhongshan Lu, को नेतृत्वमा Office for International Affairs का Executive Vice-Director Mr. Deng Hong सहितको ५ सदस्य प्रतिनिधि मण्डलले प्रतिष्ठानको भवनको अवलोकन गर्नुका साथै प्रतिष्ठानका पदाधिकारीहरु र सदस्यहरुसंग अन्तरक्रिया गरेको थियो । हाल Sichuan University संग सम्बन्ध विस्तारका लागि छलफल भइरहेको छ । उक्त Sichuan University बाट प्रतिष्ठानका सभापति श्री गोपाल शाक्य र सचिव श्री हिमबहादुर क्षेत्रीलाई सहयोग विस्तार सम्बन्धी छलफल गर्नका लागि आगामी जनवरी ४ देखि ७ सम्म चीन भ्रमणको लागि निमन्त्रणा समेत प्राप्त भएको जानकारी गराउन चाहन्छु ।

तुल्सी लाल स्मृति प्रतिठान

१२. नेपाल सरकारबाट प्रतिष्ठानलाई रु. ४ लाख प्राप्त भएको हुँदा प्रतिष्ठानले २० प्रतिशत रकम थप गरी सेमिनार हलको लागि आवश्यक पर्ने माइक, लाउड स्पीकरको सेट, कुर्सी लगायत अन्य आवश्यक फर्निचरहरु खरीद गर्नका लागि उपयोग गरिने छ ।

तुल्सी लाल स्मृति पुस्तकालय स्थापनाका लागि संस्कृति तथा पर्यटन मन्त्रालयमा आर्थिक सहयोगका लागि पहल गरिएकोमा मन्त्रीज्यूबाट रु. १० लाख सहयोग दिनका लागि तोक आदेश भएको जानकारी समेत गराउन चाहन्छु ।

यसका अतिरक्त Detail Estimate सहित करीब रु. १ करोड ६० लाख आर्थिक सहयोगको लागि संस्कृति तथा पर्यटन मन्त्रालयमा पेश गरिएको छ ।

**आगामी कार्ययोजना**

अब म आगामी १ वर्षका लागि निम्न लिखित कार्ययोजना प्रस्तुत गर्दछु ।

1. भवनलाई पूर्णता प्रदान गरी हस्तान्तरण गराउने कार्यक्रम सम्पन्न गर्ने ।
2. कार्यालयलाई अझ व्यवस्थित र व्यवसायिक रुपले संचालन गर्नका लागि एक जना योग्य र सक्षम कर्मचारीको नियुक्ती गर्ने । भवनको सुरक्षाका लागि एक जना सुरक्षा गार्ड र एकजना सरसफाई मजदुर नियुक्त गर्ने ।

3. भवन हस्तान्तरण भइसकेपछि पुस्तकालय, तुल्सी लाल स्मृति कक्ष, सेमिनार हल, प्रतिष्ठानसंग सम्बन्धित विभिन्न विभागहरु र अध्ययन अनुसन्धान केन्द्रहरुलाई आवश्यक पर्ने कोठाहरु छुट्याई भवनका बाँकी कोठाहरुलाई आय आर्जनका कार्यमा लगाइनेछ ।
4. नेपालको लोकतान्त्रिक तथा कम्युनिष्ट आन्दोलनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तित्वहरुलाई सम्मान गर्ने कार्यक्रमहरु आयोजना गरिनेछ ।
5. किसान आन्दोलनमा विशिष्ट योगदान दिएका काठमाण्डौं, ललितपुर र भक्तपुरका किसान नेता कार्यकर्ताहरुलाई सम्मान गर्ने कार्यक्रम राखिनेछ ।
6. तुल्सी लाल स्मृति स्पोर्टस क्लबको कभर्ड हल निर्माण कार्यको सुरुवात गरिनेछ ।
7. प्रतिष्ठानको उद्देश्यहरुसंग मेल खाने वा सहकार्य गर्न इच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग सम्बन्ध स्थापना गर्न पहल गरिनेछ ।
8. समसामयिक राजनीतिक, आर्थिक वा सामाजिक विषयहरुमा प्रवचन तथा विचार गोष्ठीहरुको आयोजना गरिनेछ ।
9. तुल्सी लाल स्मृति प्रष्ठिानको website लाई update गरिनुका साथै प्रतिष्ठानको आधिकारिक email संचालन गरि प्रतिष्ठानका सदस्यहरु र यस संग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्था वा व्यक्तिहरुसंग सर्म्पक, संवाद, संदेश र सुचना प्रवाह गरिनेछ ।
10. प्रतिष्ठानलाई अझ व्यापक बनाउनका लागि तुल्सी लाल स्मृति प्रतिष्ठानको विधानद्वारा निर्देशित उदेश्यहरु प्रति सहमत हुने व्यक्तिहरुलाई सदस्यता प्रदान गरिने छ ।
11. आगामी वर्ष काठमाण्डौं, ललितपुर र भक्तपुरमा प्रतिष्ठानका नयाँ शाखाहरु गठन गरिने ।
12. आगामी वर्षमा उपत्यका व्यापी माध्यामिक विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगितहरु आयोजना गरिनेछ ।
13. नेपालको सहकारी आन्दोलन अध्ययन-अनुसन्धान र तालिम केन्द्रको स्थापनाको लागि पहल गरिनेछ ।
14. स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।
15. तुल्सी लाल स्मृति प्रतिष्ठान बारे राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा जानकारी उपलब्ध गराउने उद्देश्यले प्रतिष्ठानको परिचय नेपाली र अग्रेजी दुबैमा प्रकाशित गरिनेछ ।

हिम बहादुर क्षेत्री
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान
मिति: २०७२/०९/१५

तुल्सी लाल स्मृति प्रतिष्ठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको १६ औं साधारण सभामा सचिव हिम बहादुर क्षेत्रीद्वारा प्रस्तुत प्रतिवेदन

नेपालको कम्युनिष्ट, लोकतान्त्रिक एवं किसान आन्दोलनका एक हस्ती दिवंगत तुल्सी लाल अमात्यका योगदान र विचारहरुलाई प्रचार-प्रसार तथा उजागर गर्ने उद्देश्यले स्थापित यस तुल्सी लाल स्मृति प्रतिष्ठानको १६ औं साधारण सभाका सभपतिज्यू, संरक्षकज्यूहरु, सल्लाहकारज्यूहरु, कार्यसमितिका पदाधिकारी र सदस्यज्यूहरुमा सर्वप्रथम म हार्दिक न्यानो अभिवादन टक्राउन चाहन्छु । २०७२ पौष १५ मा प्रतिष्ठानको १५ औ साधारण सभा सम्पन्न भए पश्चात् तुल्सी लाल स्मृति भवनको निर्माणले पूर्णता प्राप्त गरी प्रतिष्ठानले आफ्नै भवनको हलमा १६ औं साधारण सभा गर्न पाउनु हाम्रो लागि गौरवको कुरा हो ।

प्रतिष्ठानको १५औ साधारण सभा सम्पन्न भए पश्चात्का एघार महिनामा घटेका केही महत्वपूर्ण राजनीतिक घटनाहरु बारे छोटकरीमा उल्लेख गर्नु सान्दर्भिक हुनेछ ।

हामीले प्रतिष्ठानको १५ औं साधारण सभा सम्पन्न गरिरहँदा २०७२ साल असोज ३ गते संविधानसभाद्वारा जारी भएको नेपालको संविधान २०७२ प्रति असन्तुष्टि तथा असहमति जनाउँदै मधेशी मोर्चामा आवद्ध दलहरुले तराई क्षेत्रमा अराजक एवं अशान्ती मचाईरहेका थिए । अर्को तर्फ भारतको अघोषित नाकाबन्दीले मुलुकमा चरम, अभाव र संकट उत्पन्न भइरहेको थियो । मुलुकको यस्तो विषम् परिस्थितिमा २०७२ साल बैशाख १२ गते गएको विनाषकारी भूकम्भ आक्रान्त जनताको पिडामा नुनचुक छर्ने कार्य भईरहेको थियो ।

तुल्सी लाल स्मृति प्रतिठान

यस बीच संविधान जारी भएको ४ महिनाको छोटो अवधिमा संविधानको पहिलो संशोधन भई मधेशमा देखा परेका असन्तुष्टीहरु धैरै हदसम्म संबोधन भई मधेशी दलहरुद्वारा चलाइएको आन्दोलन लगभग सिथिल र विसर्जनको अवस्थामा पुगेको छ । संविधानले पहिलो संशोधनले राज्यका हरेक निकायमा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरेको छ भने निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसंख्यालाई मुख्य र भूगोललाई दोस्रो मानेको छ ।

नेकपा (एमाले) का अध्यक्ष के.पी शर्मा ओलीको प्रधानमन्त्री कार्यकालमा नेपालको स्वाभिमानलाई माथि उठाउने कार्यलाई नेपाली जनताले मुक्त कंठले प्रशंसा गरे । राष्ट्रियताप्रति नेपाली जनताको अभूतपूर्व एकता, ओली सरकारको विदेशी सामु नझुक्ने अडान, कुटनीतिक सुझबुझ र अन्तराष्ट्रिय क्षेत्रमा भारतको छवि धुमिल हुदैं गइरहेको अवस्था तथा भारतभित्र पनि चर्को विरोध र अन्तराष्ट्रिय दवाबको कारणले भारतको अघोषित नाकाबन्दी समाप्त भई मुलुकमा सहज अवस्थाको सिर्जना हुनु हाम्रा लागि खुशी एवं राहतको कुरा थियो । नेपालको भूपरिवेष्ठित मुलुकले पाउने अधिकारका रुपमा तत्कालीन प्रधानमन्त्री के.पी शर्मा ओलीले चीन भ्रमणको अवसरमा चीनसंग गरेको पारवहन तथा यातायात संझौता मुलुकको लागि दुरगामी महत्व राखेको कोशे ढुङ्गा सावित हुनेछ । नाकाबन्दीको अवस्था अन्त्य भई मुलुकको अवस्था सामान्यतर्फ अग्रसर भएपछि के.पी ओली नेतृत्व गठनबन्धनमा रहेको प्रमुख घटक ने.क.पा (माओवादी केन्द्र) सरकारबाट हटी गठनबन्धन भत्काउने काम भयो । तत्पश्चात प्रमुख रुपले नेपाली काग्रेसको समर्थन र उक्साहटमा ने.क.पा. (माओवादी केन्द्र) का अध्यक्षको

नेतृत्वमा अपवित्र गठनबन्धनको सरकारले शासन गरिरहेको हालको अवस्थामा अघिल्लो सरकारले मुलुक र जनताको हितमा गरेका कयौं उपलब्धीहरु गुम्ने खतरा उत्पन्न भएको छ।

अहिले २ वटा विषयहरुले मुलुकको राजनीति तताइरहेका छन- संविधान संशोधनको विषय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख लोकमानसिंह कार्की विरुद्ध संसदमा दर्ता गरिएको महाअभियोगको प्रस्ताव । संविधान सभाका ९० प्रतिशत भन्दा बढि सदस्यहरुद्वारा अनुमोदित अत्यन्तै लोकतान्त्रिक एवं समावेशी संविधान कार्यान्वयन गराउनुको सट्टा संशोधनको नाममा अनेकौं बखाडा सिर्जन गर्नुले कतै संविधानलाई नै असफल बनाउने षड्यन्त त भइरहेको छैन भन्ने आशङ्का उजिएको छ।

संविधान कार्यान्वयन गराउनका लागि आवश्यक पर्ने ऐन कानुनको निर्माण हुन सकेका छैनन्, मधेश केन्द्रीत दलहरुको अवरोधका कारणले २ नं. प्रदेशमा स्थानीय तह पुनः संरचना आयोगका काम शुरु हुन सकेको छैन । यस्तो अवस्थामा २०७४ साल माघ ७ गते सम्म संघीय, प्रादेशिक र स्थानीय तहको निर्वाचन गर्नु पर्ने संवैधानिक प्रावधानलाई लागु गर्न प्राय असम्भव देखिएको छ । संविधानको सफल कार्यावन्यनका लागि मुलुकका प्रमुख राजनीतिक शक्तिहरुबीचको समझदारी एवं सुदृढ एकता वर्तमान अवस्थाको माग आवश्यकता हो त्यसै गरी लोकमानसिंह कार्की विरुद्ध संसदमा पेश भएको महाअभियोग प्रस्ताव पारित गराउनका लागि राजनीतिक दलहरुबीचको सहकार्य पनि तड्कारो रुपमा प्रकट भएको छ।

१५ औ साधारण सभा सम्पन्न भए पश्चात्को यस अवधिमा सचिवालयको ३ र कार्यसमितिको १३ वटा बैठकहरु सम्पन्न भई १५ औं साधारण सभाले निर्धारण गरेका कार्य योजना लागु गर्नाका साथै विभिन्न महत्वपूर्ण विषयहरु बारे निर्णयहरु भएका छन्।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**(क)** तुल्सी लाल स्मृति भवनलाई पूर्णता प्रदान गर्ने भनी १५ औं साधारण सभाले निर्धारण गरेको कार्ययोजना मुताबिक नै भवन निर्माण उपभोक्ता समितिले आफ्नो कार्य सम्पन्न गरी अन्तिम किस्ता समेतका हरहिसाब तथा निर्माण प्रतिवेदन ललितपुर उपमहानगरपालिकालाई बुझाईसकेको छ । ल.पु उपमहानगरपालिकाले तयार पारेको Estimate अनुसार सम्पन्न भएका छन्। स्टीमेटमा (Estimate) नभएका तर गर्ने पर्ने कयौं कामहरु समेत सम्पन्न भएका छन् । उदाहरणका लागि प्लास्टरको काम, भवन जोडने Joint मा पाता राख्ने काम, Aluminum Partion को काम आदिले गर्दा इस्टीमेट लागत भन्दा केही बढी खर्च हुन गएको छ । चार लाख पच्पन्न हजार तीनसय रुपैयाँ उपभोक्ता समितिलाई भवन निर्माणको लागि कार्य समितिले अनुदान दिएको छ । सबै हरहिसाबको बिलको फोटोकपी प्रतिष्ठानको कार्यालयमा उपभोत्ता समितिका कोषाध्यक्ष श्री अष्टमान महर्जनले राख्नु भएको छ । भवन निर्माण कार्यमा उपभोत्ता समितिका साथीहरुले धेरै मेहनत र समय दिनुभएको थियो । उपभोक्ता समितिका अध्यक्ष श्री गोपाल शाक्य र कोषध्यक्ष श्री अष्टमान महर्जनज्यूले विशेष समय दिएर खट्नुभएको जानकारी गराउन चाहान्छु।

ल.पु उपमहानगरपालिका प्रमुख भरतमणि सुवेदी, योजना प्रमुख प्रविण श्रेष्ठ, ईन्जिनियर राम रतन शाह लगायत सर्वदलीय अनुगमन टोलीले २०७३ साल भाद्र १२ गते तुल्सी लाल स्मृति भवनको फिनिसिङ्ग कार्यहरुको निरिक्षण एवं अनुगमन गरी “हामीले सोचे भन्दा पनि राम्रो गर्नु भएछ, धन्यवाद छ”

भनेर गएको कुरा म यहाँ सहर्ष जानकारी गराउन चाहान्छु । ललितपुर उपमहानगरपालिकालाई भारतीय दुतावाससंग सर्म्पक गरी यथासक्य छिटो तुल्सी लाल स्मृति भवनको उद्घाटन र हस्तान्तरण समारोह गर्न समेत अनुरोध गरेका छौं ।

**(ख) ने.क.पा. (एमाले) का अध्यक्षसंग भेट र प्रतिष्ठानको निवेदन**

२०७२ पुस १२ गते प्रतिष्ठानका सभापतिको नेतृत्वमा कार्यसमितिको प्रतिनिधि मण्डलले ने.क.पा. (एमाले) का अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई भेट गरी भुकम्पले भत्काएको बल्खु अवस्थित पार्टी केन्द्रीय कार्यालयको फर्निचरहरु लिलाम गर्नुको सट्टा हाम्रो प्रतिष्ठानलाई दिन निवेदन गरेका थियौं । हाम्रो अनुरोधलाई तत्कालै स्वीकार गरिएको थियो ।

ने.क.पा. (एमाले) केन्द्रीय कार्यालय र तुल्सी लाल स्मृति प्रतिष्ठानको सयुक्त पहलमा नेपाल प्रहरी समेतको सहयोग लिएर करीब दुई हप्ता समय अवधिमा क्षतिग्रस्त भवनबाट फर्निचरहरु निकाली प्रतिष्ठानको भवनमा ल्याउने काम सम्पन्न भएको थियो । यसका लागि लगभग एक लाख तीस हजार रकम प्रतिष्ठानले खर्च गर्नु परेको थियो । यस काममा प्रतिष्ठानका सभापति र उपसभापति विशेष रुपले खट्नु भएको थियो ।

फर्निचरहरु ल्याएर प्रतिष्ठानलाई आवश्यक पर्ने फर्निचरहरु समेत मर्मत तथा रंगरोगन गरी अहिले प्रतिष्ठानसंग २५० सीट क्षमताको एउटा हल तथा ८० देखि १०० सीट क्षमताको अर्को हल तयार छ । यी दुबै हलहरु न्यूनतम रकम सहयोग लिई संचालन भइरहेको छन् । ने.क.पा. (एमाले) ललितपुर जिल्ला कमिटी ३ नम्बर प्रदेश कमिटी र इन्जिनियरहरुको भेलाको लागि हल निशुल्क प्रदान गरिएको थियो । बल्खुबाट प्राप्त फर्निचर मध्ये केही ने.क.पा. (एमाले) ललितपुर जिल्ला कमिटीलाई उपलब्ध गराएका छौं । बाँकी फर्निचरहरु प्रतिष्ठान मै रहेका छन । यसलाई व्यवस्थापन गर्न प्रतिष्ठानका कोषाध्यक्ष श्री मिठाराम शर्मा वजगाईको संयोजकत्वमा कार्यसमितिका सदस्य श्री सुरेन्द्र मोहन शर्मा र राजेन्द्र ब्यञ्जनकार रहेको एक कार्यदल पनि गठन गरिएको छ । यस कार्यदलले फर्निचरहरुको अभिलेख पनि तयार गर्नेछ । प्रतिष्ठानलाई फर्निचर उपलब्ध गराइएकोमा ने.क.पा. (एमाले) केन्द्रीय कमिटीलाई प्रतिष्ठानको तर्फबाट धन्यवाद दिन चाहान्छौं ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**(ग) ने.क.पा. (एमाले) संग भएका समझदारी र संझौता:**

अब म ने.क.पा. (एमाले) संग भएका समझदारी र सम्झौताबारे उल्लेख गर्न चाहन्छु । २०७३ कार्तिक ५ गते ने.क.पा. (एमाले) केन्द्रीय कार्यालय र प्रतिष्ठानबीच पार्टी प्रशिक्षणको लागि कोठाहरु उपलब्ध गराएर वापत मासिक रु. २५,०००। सहयोग गर्ने संझौता भएको छ । प्रतिष्ठानका प्रमुख संरक्षक एवं पूर्व प्रधानमन्त्री श्री माधवकुमार नेपालज्यूको अनुरोधमा प्रतिष्ठानका भवनका ३ वटा कोठाहरु ने.क.पा. (एमाले) विदेश विभागलाई उपलब्ध गराइएको छ । यसै क्रममा पार्टी पुस्तकालयलाई “तुल्सी लाल स्मृति पुस्तकालय” नामकरण गरी यसै भवनमा राख्ने समझदारी समेत भएको जानकारी गराउन चाहन्छु ।

**(घ) जन नायक तुल्सी लालको शालिक :**

ललितपुर उपमहानगरपालिकाले ग्वार्को रिङ्गरोडको बाटोमा राख्न बनाइएको शालिक उक्त ठाउँमा नराखी गोदाममा थन्काएर राखिएको थियो । प्रतिष्ठानले उक्त शालिक तुल्सी लाल स्मृति भवनमा राख्नको लागि माग गरी निवेदन दिएकोमा ललितपुर उपमहानगरपालिकाले प्रतिष्ठानलाई उपलब्ध गराएको छ । उक्त पूर्ण कदको शालिक निर्माण गर्ने कालीगढ श्री राजु तुलाधरद्वारा अझै फिनिसिङ गरी यसै वर्ष प्रतिष्ठान भवनको बीचमा राख्ने सोच भएको जानकारी गराउँछु ।

**(ङ) जेष्ठ नागरिक अस्पताल :**

1. जेष्ठ नागरिक अस्पताल सम्बन्धमा कार्यसमितिले प्रतिष्ठानको उपसभपति श्री माधव पौडेलको संयोजकत्वमा मिठाराम शर्मा वजगाई, कृष्णलाल महर्जन, डा. गुप्त बहादुर श्रेष्ठ र नरेश्वर ज्ञवाली सदस्य रहनु भएको ५ सदस्यीय कार्यदल बनाएर वार्ताको जिम्मा दिएका छौं । भवन निर्माण सम्बन्धमा जानकारी लिने उद्देश्यले कार्यदलले धुलीखेल रोटरी क्लबसंग सिधै वार्ता गरेको थियो । भवन निर्माण हुने वा नहुने सम्बन्धी निर्णय यही नोबेम्भर महिनामा हुनेछ ।

**(च) सल्लाहकार मण्डल बैठक :**

२०७३ बैशाख ११ गते प्रतिष्ठानका सभापति ज्यूको आह्वानमा तुल्सी लाल स्मृति प्रतिष्ठानको सल्लाहकार मंडलको बैठक बोलाइएको थियो । सभापतिज्यूले प्रतिष्ठानको कार्य प्रगति र समस्याबारे जानकारी गराउनु भएको थियो । सल्लाहकारज्यूबाट आएका सबै सल्लाह, सुझाविबारे कार्यसमितिमा पनि जानकारी गराइएको थियो ।

तुल्सी लाल स्मृति प्रतिठान

**(छ) अध्ययन अनुसन्धान केन्द्रको बैठक :**

२०७३ असाढ ३१ गते "नेपालको कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनको अध्ययन अनुसन्धान केन्द्र" को दोस्रो बैठक सम्पन्न भएको थियो । उक्त बैठकले उपसभपातिज्यूको संयोजकत्वमा माननीय सांसद सुश्री गरिमा शाह, खगेन्द्र नेपाल, डा. दिपक भट्ट र श्री चन्द्रकान्त ज्ञवाली रहनुभएको नियमावली निर्माण कार्यदल गठन गरिएको छ । यसै बीच यस वर्ष प्रतिष्ठानका सभापति श्री गोपाल शाक्यज्यूले नेपालको कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनमा कमरेड तुल्सी लालको भूमिका र योगदान बारे अध्ययन अनुसन्धान गरी बुधवार साप्ताहिक पत्रिकामा पाँचवटा लेख, जन आस्था साप्ताहिकमा दुईवटा लेख तथा नवयुग र गोरखापत्रमा एक-एक वटा लेख गरी जम्मा नौ वटा लेख प्रकाशित भएका छन् । कार्यसमितिका सदस्य श्री सुरेन्द्र मोहन शर्माले पनि एउटा लेख प्रकाश साप्ताहिक पत्रिकामा लेख्नुभएको थियो । यी सबै कार्यहरुले कमरेड तुल्सी लाल सम्बन्धी अध्ययन अनुसन्धानमा सहयोग पुग्ने ठहर गरेका छौं ।

**(ज) १९ औं स्मृति दिवस कार्यक्रम :**

२०७३ साल श्रावण १७ गते १९ औं स्मृति दिवसको कार्यक्रम तुल्सी लाल स्मृति भवनको नव निर्मित हलमा सम्पन्न भएको थियो उक्त कार्यक्रमको प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री के.पी शर्मा ओलीज्यूको हुनुहुन्थ्यो भने विशेष अतिथिमा पूर्व प्रधानमन्त्री श्री माधवकुमार नेपाल लगायत मन्त्रीहरु, सांसदहरु, पूर्व मन्त्रीहरु र स्थानीय जनताको व्यापक उपस्थिति थियो । "संविधान कार्यान्वयनका चुनौतिहरु" विषयको विचार गोष्ठीमा प्रधानमन्त्री के.पी शर्मा ओलीज्यू पूर्व प्रधानमन्त्री श्री माधवकुमार

नेपाल र पूर्व मन्त्रीहरु श्री गणेश शाह र केशव बडालले विचार राख्नु भएको थियो । प्रतिष्ठानको तर्फबाट सचिव श्री हिम बहादुर क्षेत्रीले तुल्सी लालको परिचय र योगदान बारे मन्तव्य दिनुभएको थियो । सभाको सभापत्वि श्री गोपाल शाक्यले गर्नु भएको थियो ।

स्मृति दिवसमा पाल्नु हुने अतिथिहरुको आवत जावतको सहजताका लागि बाटोलाई ग्रावल गर्ने काममा डिभिजन सडक कार्यालय, ललितपुरले सहयोग उपलब्ध गराएको थियो । भवन भित्र माटो, रोडा आदि राखि पाकिङ्ग स्थल तयार गर्न कार्य समितिका सदस्य श्री सुरेन्द्र मोहन शर्माले जिम्मा लिनु भएको थियो । यसै अवसरमा उपत्यका व्यापी हाजिरीवाफ प्रतियोगिता सम्पन्न भएको थियो । यस कार्यका लागि कार्यसमितिका सदस्य श्री बाबुरामा थापाको संयोजकत्वमा एक कार्यदल गठन गरिएको थियो । हाजिर जवाफ प्रतियोगितामा ललितपुरका ३३ विद्यालयका विधार्थीहरुको सहभागिता थियो । संयोजक श्री बाबुराम थापाको अध्यक्षता, मिठाराम शर्मा वजगाईको औपचारिक उपस्थितिमा संक्षिप्त उद्घाटन समारोह सञ्चालन गरिएको थियो हाजिरी जवाफ सम्बन्धि विस्तृत रिर्पोट यो प्रतिवेदन संग समावेश गरिएको छ ।

रक्तदान कार्यक्रम सम्पन्न गर्नका लागि कार्यसमितिका सदस्य श्री राजेन्द्र ब्यञ्जनकारको संयोजकत्वमा गठित कार्यदल सक्रिय थियो । रक्तदान कार्यक्रमलाई सफल बनाउनको लागि नेपाल रेडक्रस सोसाइटी र तुल्सी लाल स्पोर्टस क्लबको सहयोग प्राप्त भएको थियो । कुल ५९ जनाले रक्तदान गर्नु भएको थियो ।

तुल्सी लाल स्मृति प्रतिठान

**(झ) प्रतिष्ठानमा सौर्य उर्जा जडान :**

वैकल्पीक उर्जा प्रवर्न्धन केन्द्रको अनुदान सहयोगमा रु. ५०,१११०। बराबर सौय उर्जा टपसन् इनर्जि प्रा.लि. ले जडान गरिएको छ । यस कार्यलाई सम्पन्न गर्नका लागि नेकपा (एमाले) पार्टी केन्द्रीय स्कूल विभागका सदस्य श्री गोविन्द सुवेदी र प्रतिष्ठानका सभापतिले पहल गर्नु भएको थियो ।

**(ञ) नर्सरी तथा पुष्प उत्पादक किसान संघ संग संझौता :**

प्रतिष्ठानको नर्सरी तथा पुष्प उत्पादक किसान संघ संग संझौता गरे अनुसार २०७३ सालको लागि दुबै संस्थाको आपसी समझदारीमा रु. १ लाख २० हजार सहयोग लिने निर्णय गरेको छ । स्मरण रहोस् अघिल्लो वर्ष २०७२ सालमा रु. १ लाख मात्र सहयोग लिइएको थियो ।

**(ट) प्रतिष्ठानको कोषाध्यक्ष परिवर्तन :**

२०७२/१२/२४ मा प्रतिष्ठानका कोषाध्यक्ष श्री मोहनराज श्रेष्ठले आफ्नो घरायसी कामको व्यस्तताले समय दिन नसक्ने भएको हुँदा स्वेच्छाले प्रतिष्ठानको कोषाध्यक्ष पदबाट राजिनामा दिनु भएको हुदाँ २०७३/३/१७ को कार्यसमिति बैठकले वहाँको राजीनामा स्वीकृत गरी कार्यसमिति सदस्य श्री मिठाराम शर्मा वजगाईलाई तुल्सी लाल स्मृति प्रतिष्ठानको कोषाध्यक्ष पदमा चयन गर्ने निर्णय गरेको जानकारी समेत म गराउन चाहन्छु ।

**(ठ) प्रतिष्ठानमा नयाँ सदस्यहरु थप :**

२०७३ श्रावण १७ गते कार्यसमिति बैठकले प्रतिष्ठानको विधान अनुसार आएका आवेदनहरु उपर छानविन गरी निम्न नयाँ सदस्यहरु थप गरिएको छ ।

१) श्री नवराज संजेल - आजीवन सदस्य
२) श्री हरिहर मंगल जोशी - आजीवन सदस्य

**साधारण सदस्यहरु:**

१) श्री पुरुषोत्तम न्यौपाने
२) श्री गोपीरमण उपाध्याय
३) श्री दुर्गामान ब्यञ्जनकार
४) श्री गोविन्दमान ब्यञ्जनकार
५) श्री बलराम घिमिरे
६) श्री चन्द्रमान ब्यञ्जनकार
७) श्री सुशील ब्यञ्जनकार
८) श्री इन्द्र ब्यञ्जनकार
९) श्री श्याम ब्यञ्जनकार
१०) श्री अष्टवीर ब्यञ्जनकार

यसरी थप गरिएका नयाँ सदस्यहरुमा दुई जना आजीवन र १० जना साधारण सदस्य रहेका छन् ।

तुल्सी लाल स्मृति प्रतिठान

**(ड) नेपाल सरकारबाट प्राप्त थप पूँजीगत अनुदान बारे**

नेपाल सरकारबाट यस वर्ष रु. १ करोड पूँजीगत अनुदान हाम्रो प्रतिष्ठानलाई प्राप्त भएको छ त्यसमा सरकारको नियम अनुसार २०% थप गरि यस प्रतिष्ठानको पूर्व तर्फको खालीजग्गा तुल्सी लाल बहुद्देश्यीय तालिम केन्द्रको भवन निर्माण गर्ने निर्णय कार्यसमितिको २०७३ कार्तिक १९ को बैठकले लिएको जानकारी पनि गराउन चाहन्छु ।

**(ढ)** चीनको सिचुवान विश्व विद्यालय (Sichuan University) र प्रतिष्ठान बीचको सम्बन्ध प्रतिष्ठानका सचिव श्री हिम बहादुर क्षेत्रको विशेष पहलमा Sichuan University ले गरेको निमन्त्रणमा २०१५ सालको जनवरी ४ देखि ७ सम्म प्रतिष्ठानका सभापति श्री गोपाल शाक्य र सचिव श्री हिम बहादुर क्षेत्रीले चीनको भ्रमण गर्नु भएको थियो । सिचुवान विश्व विद्यालयका पदाधिकारीहरुसंग भएका बैठकहरुमा सिचुवान विश्व विद्यालय र तुल्सी लाल स्मृति प्रतिष्ठानका बीच विभिन्न क्षेत्रहरुमा सहकार्य गर्ने सम्भावनाहरु बारे छलफल भएको थियो । तत्पश्चात प्रष्ठिानका उपसभापति श्री माधव पौडेल, सचिव श्री हिम बहादुर क्षेत्री र कार्य समितिका सदस्य कृष्णलाल महर्जन, हरिकृष्ण ब्यञ्जनकार र बाबुराम थापले Belt and Road सम्बन्धी १० दिनको तालिममा भाग लिन जानु भएको थियो । Belt and Road सम्बन्धी भएको तालिममा चनिको इतिहास, संस्कृति, आर्थिक नीति, आर्थिक सुधार, विदेश नीति आदि बारे जानकारी गराइएको थियो । यसका अतिरिक्त चीनका राष्ट्रपति सी.जिन पिङ्ग द्वारा प्रस्तापित One Belt and One Road सम्बन्धी अवधारणा बारे विस्तृत व्यख्या गरिएको थियो । नेपाल-चीन-भारत बीच त्रिपक्षिय सहयोगको अवधारणाको बारे पनि जानकारी गराइएको थियो । यसका

अलवा २००८ सालमा सिचुवानमा गएको भुकम्पको क्षति र पुनः निर्माण सम्बन्धमा जानकारी गराउनको लागि सम्बन्धित क्षेत्रको भ्रमण गराइएको थियो । त्यस्तै आगामी नोभेम्वर २८ देखि ८ सम्म संचालन हुने Belt and Road सम्बन्धी दश दिनको तालिममा भाग लिनका लागि कार्यसमितिका सहसचिव डा. सुमित्रा अमात्य, कोषध्यक्ष श्री मिठाराम शर्मा वजगाई, तथा सदस्यहरु वंशीधर मिश्र र सुरेन्द्र मोहन शर्मा चीन जादै हुनुहुन्छ । यस कार्यको संयोजनको लागि प्रतिष्ठानका सचिव हिम बहादुर क्षेत्री पनि भ्रमण टोलीसंग चीन जादै हुनुहुन्छ ।

## आगामी वर्षका कार्य योजनाहरु

हामीले १५ औं साधारण सभामा निर्धारण गरेका अधिकास प्रमुख कार्य योजनाहरु कार्यान्वयन भइसकेका छन् । अघिल्लो वर्षमा निर्धारण गरेका केही कार्य योजनाहरु लागु गर्न नसकिएता पनि ती कार्ययोजनाहरु समसामयिक भएकोले आगामी वर्ष कार्यान्वयन गर्ने प्रयत्न गरिने छ । अब आगामि १ वर्षका लागि निम्नलिखित कार्य योजनाहरु प्रस्तुत गर्दछु ।

1. ललितपुर उपमहानगरपालिका संग संयोजन गरी तुल्सी लाल स्मृति भवनलाई भारतीय राजदुतावासद्वारा हस्तान्तरण गर्न लगाउने ।
2. तुल्सी लाल स्मृति पुस्तकालयको स्थापना गर्ने ।
3. नेपालको लोकतान्त्रिक तथा कम्युनिष्ट आन्दोलनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुलाई सम्मान गर्ने कार्यक्रमहरु आयोजना गरिने छ ।
4. किसान आन्दोलनमा विशिष्ट योगदान दिएका काठमाण्डौं, ललितपुर र भक्तपुर किसान नेता र कार्य कर्ताहरुलाई सम्मान गर्ने कार्यक्रम राखिनेछ ।
5. प्रतिष्ठानको उद्देश्यहरुसंग मेल खाने वा सहकार्य गर्न इच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग सम्बन्ध स्थापना गर्न पहल गरिनेछ ।
6. समसामयिक राजनीतिक, आर्थिक वा सामाजिक विषयहरुमा प्रवचन तथा विचार गोष्ठीहरु आयोजना गरिनेछ ।
7. नेपालको सहकारी आन्दोलनको अध्ययन-अनुसन्धान र तालिम केन्द्रको स्थापनाको लागि पहल गरिनेछ ।
8. स्वास्थ्य शिविरहरु र रक्तदान कार्यक्रम संचालन गर्नेछ ।
9. नेपाल सरकारबाट यस प्रतिष्ठानलाई प्राप्त हुन आएको रु. १ करोड पूँजीगत अनुदानलाई उपयोग गरी प्रतिष्ठानको पूर्व तर्फको खाली जग्गामा सटरहरु सहितको भवन निर्माण गरी “तुल्सी लाल बहुउद्देश्यीय तालिम केन्द्र” स्थापना गरिने छ ।
10. हाजिरी जवाफ प्रतियोगिताहरु संचालन गरिने छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

## उपत्यकाव्यापी विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता

नेपालको वामपन्थी एवंम लोकतान्त्रिक आन्दोलनको शीर्ष व्यक्तित्व दिवंगत कमरेड तुल्सी लाल अमात्यको स्मृतिमा गठित तुल्सी लाल स्मृति प्रतिष्ठानले १९ औं स्मृति दिवस विविध कार्यक्रम आयोजना गरी भव्यताका साथ सु-सम्पन्न गरेको छ । यसै क्रममा विगत वर्षदेखि कार्यक्रम सञ्चालित् उपत्यकाव्यापी विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता १९ औं स्मृति दिवसको पावन उपलक्ष्यमा पनि संचालन गरियो । उपत्यकाका ३३ विद्यालयका विधार्थीहरुबीच गत श्रावण १५ गते क्वाटर फाइनल र सेमिफाइनल प्रतियोगिता ललितपुरको कुमारीपाटी स्थित मुनलाइट आवासीय माध्यमिक विद्यालय -मोलिस) को हलमा सञ्चालन गरिएको हो । संयोजक श्री बाबुराम थापाको अध्यक्षता, संरक्षक डा. दिवस अमात्यको प्रमुख आतिथ्यता र प्रतिष्ठानका कोषाध्यक्ष मिठाराम शर्मा वजगाईको औपचारिक उपस्थितिमा संक्षिप्त उद्घाटन समारोह संचालन गरियो । कार्यक्रमको सञ्चलान शिक्षक राजेन्द्र चालिसेले गर्नु भएको थियो । मिति २०७३ श्रावण १७ गते विहान प्रतियोगिताको फाइनल नेपाल राष्ट्रिय शिक्षक सङगठन केन्द्रीय कार्यालय कुमारीपाटी ललितपुरमा सञ्चालित् क्यास्पियन भ्याली कलेजको हलमा आयोजना गरियो । प्रतियोगितामा प्रथम, द्वितिय, तृतिय र सान्त्वना स्थान प्राप्त गर्ने विद्यालय र विधार्थीहरु तपशिल बमोजिम रहेका छन् ।

**प्रथम :** अनन्त अग्रेजी मा.वि., सिद्धिपुर, ललितपुर
क) आयुश्मा घिमिरे
ख) निश्चल महर्जन
ग) नोर्गिन ब्लोन
घ) शवि वि.क.

तुल्सी लाल स्मृति प्रतिठान

**द्वितिय :** एमर्याल्ड मा.वि. चापागाउँ, ललितपुर
क) नित्म राज पौडेल
ख) अभिशेष खड्का
(ग) विन्दिया श्रेष्ठ
(घ) रोमित के.सी.

तृतिय : मुनलाइट उच्च मा.वि. (मोलिस) ललितपुर
(क) निशा महर्जन
(ख) सरोज पोखरेल
(ग) सन्दिप वजगाई
(घ) निर्मल थापा

सान्तवना : आर्दश सौलः युवक उ.मा.वि. सैंबु, ललितपुर
(क) आशा बस्नेत
(ख) स्मृति खड्का
(ग) मनिषा बिष्ट

(घ) सुरज थापा

मिति २०७३ श्रावण १७ गते सोमवार प्रतिष्ठानको केन्द्रीय कार्यालय ललितपुरको च्यासलमा प्रतिष्ठानका सभापति श्री गोपाल शाक्यज्यूको सभापतित्व मुलुकको ३८ औं प्रधानमन्त्री एवं नेकपा (एमाले) का श्रदेय अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा आयोजित विचार गोष्ठीसहतिको औपचारिक समारोहमा विजयी विद्यार्थीहरुलाई नगद, शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरिएको थियो ।

उपत्यकाव्यापी विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता सफलतापूर्वक सु-सम्पन्न गराउन नेपाल राष्ट्रिय शिक्षक संङ्गठन जिल्ला समिति ललितपुरका सचिव श्री सुरेन्द्र कुमार घिमिरे र सदस्य श्री राजेन्द्र चालिसेको भूमिका प्रशंसनीय रहेको स्मरण गर्दै सम्पूर्ण सहयोगी महानुभावहरुप्रति थप सहयोगको अपेक्षा साथ धन्यवाद ज्ञापन गरिन्छ ।

हिम बहादुर क्षेत्री
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल स्मृति प्रतिठान

## तुल्सी लाल स्मृति प्रतिष्ठानको १७ औं साधारणसभामा प्रतिष्ठानका सचिव श्री हिम बहादुर क्षेत्रीद्वारा प्रस्तुत प्रतिवेदन

नेपालको कम्युनिष्ट, लोकतान्त्रिक तथा किसान आन्दोलनका शीर्ष व्यक्तित्व दिवंगत कमरेड तुल्सी लाल अमात्यको आर्दश, विचार र सिद्धान्तलाई प्रचार प्रसार तथा अनुसरण गर्ने उद्देश्यले स्थापित यस तुल्सी लाल स्मृति प्रतिष्ठानको १७ औं साधारण सभाका सभापतिज्यू, संरक्षकज्यूहरु, सल्लाहकारज्यूहरु, कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु र यस गरिमामय साधारण सभामा उपस्थित अन्य सदस्यहरुमा हार्दिक अभिवादन टक्राउन चाहन्छु । २०७३ मंसीर ११ मा प्रतिष्ठानको १६ औं साधारण सभा सम्पन्न भए पश्चात्का ८ महिना व्यतित भइसकेका छन । आजको यस अवसरमा अघिल्लो साधारण सभाले निर्धारित गरेका कार्ययोजनाहरुको लेखाजोखा एवं समिक्षा गरी आगामी १ वर्षका लागि प्रतिष्ठानले पुरा गर्नु पर्ने भावी कार्य योजनाहरुको पनि निर्धारण गरिनेछ ।

२०७२ साल असोज ३ गते नेपालको संविधान २०७२ जारी भए पश्चातका २ वर्षहरु संविधान कार्यान्वयन दृष्टिले निकै उथल पुथल र चुनौतीपुर्ण रहे । तर हालको अवस्था सम्म आई पुग्दा सकरात्मक पक्ष सहितका आशाका किरणहरु पनि देखा परेका छन । यस अवधिमा जातीयतावादी र क्षेत्रीयतावादी शक्तिहरु दिन प्रतिदिन कमजोर हुदै गईरहेका छन भने प्रगतिशील, लोकतान्त्रिक र राष्ट्रवादी शक्तिहरु सुदृढ हुदै गइरहेका छन । तत्कालीन सरकारले मंसीर १४ मा ५ नम्बर प्रदेशमा रहेका पहाडी जिल्लाहरु पाल्पा, गुल्मी, अर्घाखांची,

नवलपरासी (वर्दघाट सुस्तपूर्व) रोल्पा, प्युठान र रुकुम (पूर्वी भाग) लाई ५ नं. प्रदेश अन्तरगतका तराईका जिल्लाहरुबाट छुटयाएर ४ नम्बर प्रदेशमा राख्ने गरी ल्याएको संशोधन प्रस्ताव ५ नं. प्रदेशका जनताको व्यापक विरोध र अभूतपूर्व एकताले गर्दा फिर्ता लिन बाध्य भएको थियो । संविधानको पूर्णरुपले कार्यान्वयन गरी संक्रमण काललाई अन्त्य गर्ने दिशामा पहिलो खुड्किलोको रुपमा रहेको स्थानीय तहको निर्वाचन ६ वटा प्रदेशहरुमा सम्पन्न भईसकेको छ भने तेस्रो चरण अन्तरगत २ नं. प्रदेश मा आगामी असोज २ गतेका दिन सम्पन्न हुनेमा अब कुनै द्वविदा छैन । ६ वटा प्रदेशको स्थानीय तहको निर्वाचनमा ने.क.पा. (एमाले) पहिलो शक्तिको रुपमा स्थापित हुनु हाम्रा लागि मात्र नभएर नेपाल राष्ट्र र नेपली जनताको लागि गौरवको विषय हो । तथाकथित तराई मधेश केन्द्रीत दलका माग सम्बोधन गर्न भन्दै नेपाली काग्रेस माओवादी केन्द्र सहितको गठबन्धन सरकारले संसदमा पेश गरेको संविधान दोस्रो संशोधन विधेयक असफल हाल संसदमा कायम भएको ५९२ मतमा दूई तिहाइ मत नपुगेकाले उक्त संशोधन विधेयक असफल हुन मुलुकको शान्ती, स्थिरता, सामाजिक सद्भाव, राष्ट्रियता र राष्ट्रिय अखण्डताको लागि कोशे ढुङ्गा सावित हुनेछ ।

केहि दिन अघि मात्र निर्वाचन क्षेत्र निर्धारण आयोगले संघीय संसद (प्रतिनिधि सभा) र प्रादेशिक सभाको निर्वाचन क्षेत्रहरु निर्धारण गरि आफ्नो प्रतिवेदन सरकारलाई बुझाई सकेको छ । अब निर्वाचनको लागि आवश्यक पर्ने कानुनहरु बन्न बाँकी छन् । निर्वाचन आयोगले प्रतिनिधि सभा र प्रादेशिक सभाको निर्वाचन पहिलो चरण अर्न्तगत आगामी मंसीर १० गते ३२ जिल्लामा र दोस्रो चरण अर्न्तगत आगामी मंसीर २१ गते ४५ जिल्लामा गरिसकेको छ । २०७४ माघ ७ गते भित्र तीनै तहहरुको निर्वाचन सम्पन्न भई सक्नु पर्ने संवैधानिक प्रावधान अनुरुप निर्वाचनहरु सम्पन्न भई संक्रमण काल अन्त्य हुने दिशामा मुलुक अग्रसर भईरहेको छ । सबभन्दा उल्लेखनीय पक्ष के छ भने संविधान संशोधनद्वारा सिमांकन हेरफेर लगायतका आफ्ना मागहरु पुरा नभएसम्म कुनैपनि निर्वाचन भाग नलिने अडान राख्दै आएको राष्ट्रिय जनता पार्टी (राजपा) ले समेत संविधान दोस्रो संशोधन विधयेक गत भाद्र ५ मा असफल भएपछि आगामी असोज २ मा हुनु गईरहेको स्थानीय तहको निर्वाचन तथा प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा भाग लिने निर्णय गरेको छ । राजपाको उक्त निर्णय निकै स्वागत योग्य छ । तसर्थ हामी के भन्न सक्छौं भने गत भाद्र ५ गते पश्चात नेपालको संविधान २०७२ सबै राजनीतिक शक्तिहरुका लागि सर्व स्वीकार्य भएको छ । हामी आशा गरौं अब छिटै नै राजनीतिक संक्रमण कालको अन्त्य मुलुक आर्थिक समृद्धि र विकासको दिशामा अग्रसर हुनेछ ।

तुलसी लाल स्मृति प्रतिष्ठान

२०७२ साल बैशाख १२ गतेको विनाशकारी भुकम्पले पुर्‍याएको क्षतिले मुलुक राम्रो तङग्रीन नपाउदै साउनको अन्तिम सातामा भएको भीषण वर्षाको कारण लागायत तराई लगायत मुलुकका विभिन्न भागहरुमा बाढी, पहिरो डुबाने गर्दा ठूलो जनधनको क्षति पुग्न गएको छ । जसले गर्दा अरबौंको सम्पतिमा नोक्सान पुगेको, हजारौ मानिसहरु घरवार विहिन हुन पुगेको र सयकडौ मानिसहरुको मृत्यु हुन पुगेको छ । बाढी, पहिरो डुबानमा परि अकालमै ज्यान गुमाउने जनहरु प्रति हामी हार्दिक श्रद्धाञ्जली प्रकट गर्न चाहन्छौं । अकालमै ज्यान गुमाउन पुगेका व्यक्तिका परिवारहरुलाई उचित क्षति पूर्ति दिन, समयमा नै राहतका सामग्रीहरु वितरण गर्न तथा बाढी, पहिरो डुवानका फलस्वरुप फैलिन सक्ने महामारी रोगहरुबाट जनतालाई बचाउन उचित कलम चाल्नका लागि सरकार संग जोडदार माग गर्दछौं । साथै भारतद्वारा सीमा क्षेत्रमा बनाइएका तटबन्धन बांधका कारणले उत्पन्न भईरहेका बाढी र डुबानका समस्याहरु दीर्घकालीन रुपले हल गर्न भारतसंग संवाद गरी कुटनीतिक माध्यमबाट समाधान गरियोस भनी आग्रह चाहन्छौं ।

२०७३ मंसी ११ गते प्रतिष्ठानको १६ औं वार्षिक साधारण सभा सम्पन्न भई यता कार्यसमितिको ३१ औं बैठक देखि ४४ औं बैठक सम्ममा कार्यसमितिका १३ वटा बैठकहरु सम्पन्न भएका छन् भने यस अवधिमा प्रतिष्ठानको सचिवालयको जम्मा तीनवटा बैठकहरु भएका छन् । ती बैठकहरुले प्रतिष्ठानसंग जोडिएका धेरै महत्वपूर्ण विषयहरु बारे छलफल गरी निर्णयहरु कार्यान्वयन भएका छन ।

**१) नेपाल सरकारबाट तुल्सी लाल स्मृति प्रतिष्ठानको नाममा प्राप्त भोगाधिकार जमीनको बारेमा**

२०७१ साल पुष ७ गते नेपाल राजपत्रमा "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्य नीति-२०७१" प्रकाशित भएको थियो । २०७१ चैत्र १५ को गोरखापत्रमा जारी भएको यस सम्बन्धी सुचना समेत हेरी प्रतिष्ठानको तर्फबाट २०७२/०२/०६ मा दुवै कित्ता जमीन कानुन बमोजिम ५० वर्षका लागि दीर्घकालीन लिजमा लिन ललितपुर मालपोत कार्यालयमा निवेदन पेश गरेका थियौं । हाम्रो निवेदन दर्ता भएपछि प्रधानमन्त्री कार्यालयबाट सबै मालपोत कार्यालयहरुलाई एउटा परिचयपत्र जारी भएको थाहा भयो । त्यस परिचयपत्रमा उपत्यकाको हकमा दीर्घकालीन योजना बनाउन परेको हुँदा तत्काल लिजमा नदिनु भन्ने उल्लेख गरिएको थियो । यसले गर्दा हाम्रो फाइल अहिले सम्म पनि पेन्डीङ्गमा छ । प्रतिष्ठानका प्रमुख संरक्षक एवं पुष्पलाल प्रतिष्ठानका अध्यक्षसंग सल्लाह गरी २०७३ पौष १४ गते मा प्रधानमन्त्री र भूमि सुधार तथा व्यवस्था मन्त्री समक्ष प्रतिष्ठानका दुबै कित्ता जमीन भोगाधिकारमा राखिदिन अनुरोध गरि निवेदन पनि पेश गरेका छौं । अहिले सम्म नेपाल सरकारबाट प्रतिष्ठानलाई कुनै किसिमको जानकारी उपलब्ध भएको छैन । यस विषयमा वार्षिक साधारण सभा पछि प्रतिष्ठानको तर्फबाट नेपाल सरकारसंग कुरा गर्ने सोच बनाएका छौं ।

तुल्सी लाल स्मृति प्रतिठान

**२) तुल्सी लाल बहुउद्देश्यीय तालिम केन्द्र भवन निर्माण सम्बन्धमा**

२०७३/०७४ को बजेटमा नेपाल सरकारले तुल्सी स्मृति प्रतिष्ठानको नाममा पनि उल्लेख गर्नु हाम्रा लागि खुशीको कुरा हो । नाममा उल्लेख हुनुले हाम्रो प्रतिष्ठानलाई नेपाल सरकारले महत्व दिएको ठहरीन्छ । नेपाल सरकारले हाम्रो प्रतिष्ठानलाई 'क' वर्गमा राखी रु. १ करोडको पूँजीगत अनुदान उपलब्ध गराएको थियो । जसमा प्रतिष्ठानले २०% प्रतिशत रकम थप गरी तुल्सी लाल "बहुउद्देश्यीय तालिम केन्द्र" भवन निर्माण गर्ने प्रतिष्ठानको कार्य समितिको निर्णय अनुसार नै ललितपुर जि.वि.स. संग १,२५,३११८९/९१ को लागत इस्टिमेटमा दुई तले भवन निर्माण कार्य भईरहेको छ । यो भवन निर्माण प्रतिष्ठानको भौतिक पूर्वाधार निर्माणमा ठूलो उपलब्धी मान्न सकिन्छ ।

**३. तुल्सी लाल स्मृति केन्द्र पुस्तकालय सम्बन्धमा :**

२०७३ माघ नेकपा (एमाले) को केन्द्रीय सचिवालय समक्ष नेकपा (एमाले) केन्द्रीय पुस्तकालय तथा अभिलेखालयलाई "तुल्सी लाल स्मृति केन्द्रीय पुस्तकालय तथा अभिलेखालय" नामकरण गरी सबै संकलित पुस्तक र अभिलेखहरु तुल्सी लाल स्मृति भवनका दुईवटा कोठाहरुमा राख्न अनुरोध गरेका थियौं । पार्टी केन्द्रीय कार्यालयले हाम्रो प्रस्तावलाई स्वीकार गरी "तुल्सी लाल स्मृति केन्द्रीय पुस्तकालय तथा अभिलेखालय", नेकपा (एमाले), नाम राख्ने निर्णय गरी पुस्तकहरु समेत प्रतिष्ठानमा आई सकेका छन ।

पुस्तकालयलाई तुल्सी लालको नाममा नामाकरण हुनु प्रतिष्ठानको गौरवको कुरो हो । यस कार्यालाई पनि प्रतिष्ठानले उपलब्धीको रुपमा लिनु पर्दछ ।

तुल्सी लाल स्मृति पुस्तकालय निर्माण गर्ने हाम्रो गत वर्षको कार्ययोजना नेकपा एमाले संग भएको उक्त समितिबाट कार्यान्वयन भएको छ । अहिले पार्टीले सबै पुस्तकहरु ल्याएर भवनको दुईवटा कोठामा राखेको छ । पुस्तकालय कसरी संचालन गर्ने आदि विषयमा समभ्रूदारी र संभ्रूौता हुनु बाँकी नै छ । त्यसतर्फ हाम्रो पहल जारी छ ।

**४. नेपालको लोकतान्त्रिक एव. कम्युनिष्ट आन्दोलनको अध्ययन अनुसन्धान केन्द्रको काम बारे :**

तुल्सी लाल स्मृति प्रतिष्ठान अर्न्तगत रहेको २५ सदस्यीय अध्ययन अनुसन्धान केन्द्रको २०७३ माघ २१ गते बसेको तेश्रो बैठकले चारवटा महत्वपूर्ण निर्णयहरु गरेको छ ।

(क) नेपालको लोकतान्त्रिक आन्दोलन निस्पक्ष, तथ्य र सत्यमा आधारित अध्ययन, अनुसन्धान गरी तीन वर्ष भित्र नयाँ इतिहास लेखि तयार पार्न प्रा.डा. श्री प्रेम कुवँरको संयोजकत्वमा माननीय शान्ता मानवी, माननीय गरिमा शाह, डा. दिपक भट्ट र श्री घनश्याम कोइराला रहेको कार्यदलले निर्णय गरेको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

(ख) नेपालको कम्युनिष्ट आन्दोलनको इतिहास तीन वर्ष भित्र निस्पक्ष, तथ्य र सत्यमा आधारित भएर लेख्न संयाजक डा. बालचन्द्र मिश्र, हिम बहादुर क्षेत्री, श्री गोपीरमण उपाध्याय, खगेन्द्र नेपाल, लक्ष्मण रायमाभ्री, पुरुषेत्तम न्यौपाने र नरेश्वर ज्ञवाली रहेको कार्यदल गठन गरेको छ । यी दुवै लेखन कार्यका साथै कार्यशाला गोष्ठी आदि पनि हुनेछन् ।

(ग) यस अध्ययन अनुसन्धान केन्द्रले नेपालमा भएका राजनीतिक चरित्रका सबै जेल विद्रोह र जेल ब्रेकहरुको अध्ययन अनुसन्धान थालेको छ । यसको संयोजन गर्ने जिम्मा श्री विन्दा पाण्डेलाई दिईएको छ । नख्खु जेल विद्रोहसंग सम्बन्धित नेताहरुको ६ वटा भेलाहरु प्रतिष्ठानमा नै भएका छन् । जेल ब्रेक सम्बन्धित संस्मरणको संगालो तयार हुँदैछ । आगामी चैत्र सम्ममा मदन आश्रित प्रतिष्ठानसंग मिलेर यसको प्रकाशन गर्ने कार्यक्रम रहेको छ ।

**(घ)** जननायक कमरेड तुल्सी लाल अमात्यको जीवनी पुस्तक एक वर्ष भित्र तयार जिम्मा श्री पुरुषेत्तम न्यौपानेलाई दिइएको छ ।

अध्ययन अनुसन्धानको प्रारम्भिक कार्यहरु शुरु भएका छन् । यो काम हाम्रो प्रतिष्ठानको प्राथमिक महत्वको काम मध्य कै हो । तर आर्थिक अभावले गर्दा कामले गति लिन सकिरहेको छैन ।

**५. किसान जागरण तथा सम्मान कार्यक्रमहरु :**

नेपालको किसान आन्दोलनको गौरपूर्ण, बलिदान र प्रेरणदायी इतिहासको निर्माण गर्ने क्रममा किसान माथि भएका शोषण, उत्पीडन र दमन विरुद्ध किसानहरुको हक, अधिकार सम्मान प्राप्तिको संघर्ष र आन्दोलनमा विशेष योगदान गर्ने काठमाण्डौका श्री देवनायारायण महर्जन (मरोणप्रान्त) श्री गोविन्द महर्जन (पाँगा), श्री नानीमैया नकर्मी, ललितपुरका श्री भाईलाल महर्जन (मरोणप्रान्त), श्री आशामदु ब्यञ्जनकार, श्री कयौ महर्जन, भक्तपुरका श्री राम राजथला (मरोणप्रान्त), श्री नारायण भक्त बाटी गरी तीन जिल्लाका जम्मा ८ जनालाई सम्मान पत्र, दोसल्ला र फूलमालाले प्रतिष्ठानको तर्फबाट हार्दिक सम्मान प्रमुख अतिथि पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष श्री के.पी शर्मा ओलीज्यूबाट २०७३ चैत्र १९ गते तुल्सी लाल स्मृति भवनको हलमा एक भव्य कार्यक्रम बीच भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता श्री गोपाल शाक्यले गर्नु भएको थियो । उक्त कार्यक्रमा प्रतिष्ठानका प्रमुख अतिथि, विशेष अतिथिहरु श्री अमृत वोहरा, केशव बडाल, श्री हरि पराजुली र प्रतिष्ठानका तर्फबाट सचिव श्री हिम बहादुर क्षेत्री र कार्यसमितिका सदस्य श्री हरिकृष्ण ब्यञ्जनकारले बोल्नु भएको थियो ।

सम्मान हुनेहरु मध्यबाट नानीमैया नकर्मीले धन्यवाद दिनु भएको थियो । यस कार्यक्रममा स्थानीय किसानहरु, किसान नेताहरु र पार्टीका सांसदहरु, पूर्व मन्त्री र बुद्धिजीविहरुको राम्रो र बाक्लो उपस्थिति रहेको थियो । किसान जागरण तथा सम्मान कार्यक्रमका सहभागीहरु तथा जनस्तर र मिडियाहरुबाट राम्रो कार्य भनि प्रशंसा भएको थियो ।

तुल्सी लाल स्मृति प्रतिठान

## ६. सहकारी अध्ययन अनुसन्धान तथा तालिम केन्द्र

२०७४ जेठ १९ गतेको कार्य समितिको बैठकले तुल्सी लाल स्मृति प्रतिष्ठान अर्न्तगत थिंङ्क ट्याङ्कको रुपमा रहने गरी प्रतिष्ठानका सभापति श्री गोपाल शाक्यको संयोजकत्वमा श्री सुदर्शन ढकाल, श्री ऋषि राज घिमिरे र श्री कृष्ण प्रसाद दाहाल सदस्य रहेको "सहकारी अध्ययन अनुसन्धान तथा तालिम केन्द्र" को गठन गरेको छ । यसका सल्लाहकारहरुमा माननीय श्री केशव प्रसाद बडाल र माननीय श्री पशुपति चौलागाई रहनु भएको छ ।

यस अध्ययन अनुसन्धान तथा तालिम केन्द्रको गठन पछि दुईवटा बैठकहरु सम्पन्न भएका छन् । अहिले यसको अवधारणा पत्र तयार गर्नका लागि छलफल भईरहेको छ । यस केन्द्रलाई अझ व्यवस्थित बनाउन एक चाटर्ड एकाउन्टेन्ट, आई. टी. विज्ञ, सहकारी सम्बन्धित विशेष ज्ञान अनुभव भएका महिलाहरु मध्ये केही सदस्य थप गर्नुपर्ने भएको छ ।

यसै वर्ष नेपालमा सहकारी आन्दोलनको विगत, वर्तमान र भविष्य विषयको विचार गोष्ठी गर्ने सोच पनि बनेको छ ।

## ७. सल्लाहकार मण्डलको बैठक

२०७४ बैशाष ९ गते प्रतिष्ठानको सल्लाहकार मण्डलको बैठक सम्पन्न भएको थियो । उक्त बैठक सभपति श्री गोपाल शाक्यले बोलाउनु भएको थियो । बैठकमा सभापतिज्यूले प्रतिष्ठानको कार्य प्रगति र समस्याहरुबारे सल्लाहकार ज्यूहरुलाई जानकारी गराउनु भएको थियो । त्यसपछि सल्लाहाकारज्यूबाट डा. विष्णुहरि नेपाल, तारामान जोशी, श्रीराज जोशी, प्रा.डा. ऋतु प्रसाद गड्तौलाज्यूबाट महत्वपूर्ण सुझाव सल्लाहहरु प्राप्त भएका थिए । ती मध्य केही उल्लेख गर्न चाहन्छु ।

१. प्रतिष्ठानले आर्थिक आत्मनिर्भरता प्राप्तिका लागि ठोस योजनाहरु बनाएर काम गर्नु पर्दछ ।
२. अहिलेको प्रगति धेरै राम्रो छ । नेतृत्वलाई धन्यवाद ।
३. जमीनको समस्यामा भोगाधिकार तर्फ नै दिनु पर्छ ।
४. अध्ययन अनुसन्धान कार्यलाई प्राथमितामा राखेर काम गर्नु राम्रो हुन्छ ।
प्राप्त यी सुभाव सल्लाहहरुलाई कार्यसमितिले गम्भीरता पूर्वक लिई कार्यान्वयनका लागि अघि बढीरहेको जानकारी गराउँदछौं ।

**८. सामाजिक तथा विकास रुपान्तरण, नेपालसंग भएको संझौता खारेज र नयाँ संम्झौताका लागि पहल:**

२०७१ चैत्र १० मा प्रतिष्ठानले तुल्सी लाल जेष्ठ नागरिक अस्पताल निर्माण गर्न "सामाजिक तथा विकास रुपान्तरण, नेपाल" संग सम्झौता गरेको थियो । सम्झौता अनुरुप १ वर्ष भन्दा बढी समय पनि संस्थाले आर्थिक श्रोत बैठकले उक्त संस्थासंग भएको सम्झौता खारेज गरेको थियो । अर्कोतिर कार्यसमितिको ३५ औं बैठकले प्रतिष्ठानका उपसभापतिज्यूको संयोजकत्वमा, सचिव श्री हिम बहादुर क्षेत्री, कोषध्यक्ष श्री मिठाराम शर्मा वजगाई र कार्यसमिति सदस्य श्री कृष्णलाल महर्जन र बाबुराम थापा रहेको एक कार्यदल गठन गरी "तुल्सी लाल प्रतिष्ठानको हित हुने गरी संम्झौता गर्ने गृह कार्यको जिम्मा दिएको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**९. तुल्सी लाल स्मृति पुष्प वाटीका समिति**

प्रतिष्ठानको भवन देखि उत्तरतिर सडक संगैको फोहोर मैला हटाई त्यहाँ तुल्सी लाल स्मृति पुष्प वाटीका निर्माण गर्नाका लागि कार्यसमिति सदस्य श्री सुरेन्द्र मोहन शर्मा- संयोजक, सचिव गोविन्दमान ब्यञ्जनकार, कोषाध्यक्ष श्री श्याम ब्यञ्जनकार रहने गरी १५ सदस्यीय समिति गठन भई काम हुँदै गरेको पनि जानकारी गराउँदछौं ।

**१०.** तुल्सी लाल स्मृति स्पोटर्स क्लबले प्रतिष्ठानको हर कार्यक्रमहरुमा आफ्नो पदाधिकारी एवं सदस्यहरुलाई स्वयं सेवकको रुपमा खटाई काम गर्न सहयोग पुऱ्याएको छ । यसका लागि स्पोर्टस क्लबलाई धन्यवाद दिन चाहान्छौं ।

**११.** प्रतिष्ठानको रौतहट र कास्की शाखाको प्रतिवेदन प्राप्त हुन सकेको छैन । सर्म्पक संवाद भईरहेको छ शाखाको कामले गति लिन सकेको छैन । सक्रियताको लागि प्रयास भईरहेको जानकारी गराउँदछौं ।

१२. **२० औं तुल्सी लाल स्मृति दिवसका कार्यक्रमहरु:**

१) रक्तदान (२) उपत्यका व्यापी विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता (३) जननायक तुल्सी लाल अमात्यको पूर्ण कदको शालिक अनावरण (४) राजनीतिक र संगीत-गायन क्षेत्रबाट नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा विशेष योगदान गर्ने राष्ट्रिय व्यक्तित्वहरुको सम्मान

२) २०७४ श्रावण १२ गते ललितपुरको मंगलबजारमा बिहान ८ बजेदेखि दिनको १ बजेसम्म जम्मा ५३ जनाले रक्तदान गरेका थिए । यो कार्यक्रममा प्रतिष्ठानका सभापति, उपसभापति, कार्यसमितिका सदस्यज्यूहरु र सल्लाहकारज्यूहरुको विशेष उपस्थिति थियो । प्रतिष्ठानका कार्यसमितिका सदस्य श्री राजेन्द्र व्यञ्जनकारको संयोजकत्वमा ललितपुर रेडक्रसका उपाध्यक्ष श्री बेखमान व्यञ्जनकार, रेडक्रसका कर्मचारी नर्सहरु, तुल्सी लाल स्पोर्टस क्लबका अध्यक्ष श्री सुरेन्द्रमान डंगोल र पदाधिकारीहरु, काठमाण्डौ खेलकुद महासंघका अध्यक्ष केशव श्रेष्ठका साथै अन्य साथीहरुको सक्रियतामा यो कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको थियो । यस कार्यक्रममा सक्रिय हुने सबै साथीहरु, रक्तदाताहरु कार्यक्रमको गरिमा बढाउन उपस्थिति हुने विशेष व्यक्तित्वहरुका साथै कार्यक्रमका लागि आर्थिक र भौतिक सहयोग गर्ने व्यक्ति र संस्थाहरुलाई धन्यवाद दिन चाहन्छौं ।

३) २०७४ श्रावण १३ गते विहान ११ बजे मुनलाईट विद्यालय (मोलिस) को हलमा ३६ वटा विधालयहरुले भाग लिएको छैटौं उपत्यका व्यापी विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिताको उद्‌घाटन प्रतिष्ठानका सभापति एवं पूर्व युवा तथा खेलकुद मन्त्री गोपाल शाक्यले गर्नुभएको थियो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

२०७४ श्रावण १७ गतेको २० औं तुल्सी लाल स्मृति दिवसका दिन प्रमुख अतिथि, पूर्व प्रधानमन्त्री झलनाथ खनालज्यले छैटौं उपत्यका व्यापी विद्यालय स्तरको हाजिरी जवाफ प्रतियोगितामा प्रथम हुने एमरल मा.वि. चापागाउँ, ललितपुर, दोस्रो हुने झ्याली पब्लिक मा.वि. लुभु ललितपुर, तेस्रो तथा सान्त्वना पुरस्कार कन्चन अग्रेजी मा.वि. प्याङ गाउँ, ललितपुरलाई क्रमश नगद रु. २० हजार, १५ हजार, १० हजार र ५ हजारका साथै मेडल, प्रमाण पत्र प्रदान गर्नु भएको थियो ।

यस हाजिरी जवाफ प्रतियोगिता कार्यक्रमलाई सफलता पूर्व सम्पन्न गर्न प्रतिष्ठानका संरक्षक डा. दिवस अमात्य, सल्लाकार श्री नेत्र प्रसाद धिताल, श्री तारामान जोशी, कोषाध्यक्ष श्री मिठाराम शर्मा वजगाई र कार्यसमितिको तर्फबाट संयोजन गर्ने श्री बाबुराम थापा लगायत यस कार्यक्रममा भाग लिने विधार्थीहरु, विद्यालयहरु, सहयोग गर्ने शिक्षक मित्रहरु, आर्थिक भौतिक सहयोग गर्ने सबै व्यक्ति र संस्थालाई प्रतिष्ठानको तर्फबाट धन्यवाद दिन चाहन्छौं ।

ग) जननायक कमरेड तुल्सी लाल अमात्यको पूर्ण कदको शालिक तुल्सी लाल स्मृति भवन भित्र राखी २० औं स्मृति दिवसको उपलक्ष्यमा ठिक १ बजे अनावरण गर्ने कार्यक्रम तय भएको भएता पनि ठूलो पानी परेकोले राष्ट्रिय व्यक्तित्वहरुलाई सम्मान गर्ने कार्यक्रमको अन्त्य पश्चात शालिक अनावरण प्रमुख अतिथिज्यूबाट गरिएको थियो । कमरेड तुल्सी लाल अमात्य प्रति फूलहरु चढाई श्रद्धाञ्जली अर्पण गरिएको थियौं ।

अथक श्रम-मेहनत गरी शालिक निर्माण गर्ने श्री राजु तुलाधरज्यूलाई प्रतिष्ठानको तर्फबाट कदर पत्र दिएर सम्मान गरिएको थियो । सो शालिक निर्माण गर्न पहल गर्ने डा. दिवस अमात्य, अष्टमान महर्जन र दुर्गामान खड्की सो शालिक प्रदान गरेकोमा तात्कालीन ललितपुर उपमहानगरपालकालाई पनि धन्यवाद दिन चाहन्छौं ।

जननायक तुल्सी लाल अमात्यको २० औं स्मृति दिवसको अवसर पारेर प्रतिष्ठानले नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा राजनीतिक र संगीत-गायन क्षेत्रबाट विशेष योगदान गर्ने राष्ट्रिय व्यक्तित्वहरुलाई सम्मान गर्ने कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथिमा पूर्व-प्रधानमन्त्री एवं नेकपा एमाले का अध्यक्ष माननीय श्री केपी शर्मा ओलीज्यूलाई आमन्त्रण गरिएको थियो तर उहाँको स्वास्थ्य अचानक विग्रिएको हुँदा विशेष अतिथि पूर्व प्रधानमन्त्री एवं नेकपा (एमाले) का वरिष्ठ नेता श्री झलनाथ खनालज्यूलाई प्रमुख अतिथिको आसन ग्रहण गराइएको थियो । कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष श्री गोपाल शाक्यले गर्नु भएको थियो । कार्यक्रमको उद्घोषण मिठाराम शर्मा वजगाईले, स्वागत मन्तव्य उपसभापति श्री माधव पौडेलले र सचिव हिम बहादुर क्षेत्रीले तुल्सी लालको बारेमा छोटो समिक्षा गर्नु भएको थियो । त्यसपछि राष्ट्रिय व्यक्तिहरुलाई सम्मान गर्ने काममा प्रमुख अतिथिज्यूबाट फुलमाला, दोसल्ला र सम्मान पत्र कमरेड पुष्पलालका छोरा श्री उमेश श्रेष्ठ र छोरी उषा श्रेष्ठलाई प्रदान गर्नु भएको थियो । कमरेड पुष्पलाललाई नेपाली कम्युनिष्ट आन्दोलनको अग्रज चिन्तक एवं मार्ग दर्शक, नेपाल कम्युनिष्ट पार्टीको संस्थापक महासचिवको रुपमा संस्मरण गर्दै मरणोप्रान्त सम्मान गरिएको थियो ।

त्यसपछि प्रमुख अतिथिज्यूबाट कमरेड विष्णु बहादुर मानन्धर, कमरेड कृष्ण राज वर्मा, कमरेड भरत मोहन अधिकारी, कमरेड सिद्धि लाल सिंह, कमरेड स्नेहलता वन श्रेष्ठ, रायन, कमरेड मेघराज मञ्जुल, कमरेड राम कृष्ण दुवाल, कमरेड जे.वी. टुहुरेलाई फुलमाला, दोसल्ला र सम्मान पत्र दिएर सम्मानित गर्नु भएको थियो । अन्त्यमा मूर्तिकार श्री राजु तुलाधरलाई कदर पत्र प्रदान गरिएको थियो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

कार्यक्रममा कमरेड गणेश शाह, कमरेड कृष्ण राज वर्मा, कमरेड भरत मोहन अधिकारी, प्रमुख अतिथि कमरेड भलनाथ खनालले प्रतिष्ठानले आयोजना गरेको कार्यक्रमहरु बारे मुल्यांङकन एवं प्रशंशा गर्दै धन्यवाद दिनु भएको थियो । अन्त्यमा प्रतिष्ठानका संरक्षक कमरेड केशव बडालज्यूले प्रतिष्ठानको तर्फबाट धन्यवाद ज्ञापन गर्नु भएको थियो । हलमा सम्मान कार्यक्रम सम्पन्न भएपछि प्रमुख अतिथिज्यूबाट जननायक कमरेड तुल्सी लालको शालिक अनावरण गरी श्रद्धाको फूलहरु अपर्ण गर्दै सभापति गोपाल शाक्यले कार्यक्रमको अन्त्य गर्नु भएको थियो । कार्यक्रममा लगभग ५०० जनाको उपस्थिति थियो ।

**१३.** चीनको सिचुवान विश्वद्यिालयमा निमन्त्रणमा सभापति श्री गोपाल शाक्य र सचिव श्री हिम बहादुर क्षेत्रीले गर्नु भएको भ्रमणका सन्दर्भमा र सिचुवान विश्वविद्यालयले Belt and Road सम्बन्धि आयोजना गरेको तालिमको कार्यक्रममा भाग लिनका लागि प्रतिष्ठानका सभापति श्री माधव प्रसाद पौडेल, सचिव श्री हिम बहादुर क्षेत्री , सह-सचिव डा. सुमित्रा अमात्य, कोषाध्यक्ष श्री मिठाराम शर्मा वजगाई, कार्यसमितिका सदस्यहरु श्री कृष्णलाल महर्जन, डा. वंशीधर मिश्र, हरिकृष्ण व्यञ्जनकार, श्री बाबुराम थापा र श्री सुरेन्द्र मोहन शर्माले गर्नु भएको भ्रमण तथा हाम्रो प्रतिष्ठान र सिचुवान विश्वविद्यालय बीच सम्बन्ध कायम गर्नको लागि भईरहेका छलफलहरुको सन्दर्भमा प्रतिष्ठानले Belt and Road सम्बन्धित एउटा सेमिनार काठमाण्डौंमा आयोजना गर्ने निर्णय कार्य समितिले गरेको थियो । सेमिनार आयोजना गर्ने सन्दर्भमा

प्रतिष्ठानका प्रमुख संरक्षक माननीय माधव कुमार नेपालज्यूसंग परामर्श गरिएको थियो । उहाँको सुझाव अनुसार प्रस्तावित उक्त सेमिनार तुल्सी लाल स्मृति प्रतिष्ठान र पुष्पलाल स्मृति प्रतिष्ठानको संयुक्त आयोजनामा गर्नका लागि तुल्सी लाल स्मृति प्रतिष्ठानको तर्फबाट प्रतिष्ठानका सचिव श्री हिम बहादुर क्षेत्रीको संयोजकत्वमा डा. वंशीधर मिश्र, डा. सुमित्रा अमात्य, डा. दिनेश चन्द्र देवकोटा र डा. गोविन्द बहादुर थापा सम्मिलित कार्यदल गठन गरिएको थियो भने पुष्पलाल स्मृति प्रतिष्ठानको तर्फबाट इं.अलि अख्तर मिकरानीको संयोजकत्वमा प्रा.डा. युवराज संगौला, प्रा.डा. इन्दु आचार्य, श्री मिलनराज तुलाधर र श्री लेखनाथ पौडेल सम्मिलित कार्यदलको गठन गरिएको थियो । मिति २०७३/०१/३० मा बसेको दुबै कार्यदलहरुको बैठकले माननीय डा. वंशीधर मिश्र संयोजक, डा. दिनेश चन्द्र देवकोटा -सह संयोजक, प्रा.डा. युवराज संगौला -सह संयोजक, श्री हिम बहादुर क्षेत्री -सदस्य सचिव र डा. गोविन्द बहादुर थापा, प्रा.डा. इन्दु आचार्य, डा. सुमित्रा अमात्य, श्री मिलन राज तुलाधर र लेखनाथ पौडेल सदस्यहरुको रहनु भएको सेमिनार आयोजक समिति गठन गरिएको थियो। पुष्पलाल स्मृति प्रतिष्ठानका अध्यक्ष माननीय माधव कुमर नेपालज्यू र तुल्सी लाल स्मृति प्रतिष्ठानका सभापति श्री गोपाल शाक्य सेमिनार आयोजक समितिको सल्लाहकार रहनु भएको छ। हाल सेमिनारलाई सफल बनाउनको लागि सेमिनार आयोजक समितिले विभिन्न कार्यहरु गरिरहेको छ।

## वार्षिक कार्य योजना

1. तुल्सी लाल बहुउद्देश्यीय तालिम केन्द्रको भवन निर्माण सम्पन्न गर्ने ।
2. नेपाल सरकारबाट र स्थानीय तहहरुबाट प्रतिष्ठानलाई सहयोग प्राप्त गर्नका लागि पहल गर्ने ।
3. ललितपुर महानगरपालिका र भारतीय दुतावाससंग सम्पर्क गरि तुल्सी लाल स्मृति भवन हस्तान्तरणको लागि पहल गर्ने ।
4. प्रतिष्ठानको जग्गा र भवनहरुको सदुपयोग गरी आय आर्जन समेत गर्न अल्पकालिन र दिर्घकालिन योजनाहरु निर्माण गरि कार्यान्वयन गर्ने ।
5. प्रतिष्ठान अर्न्तगत रहेका दुई अध्ययन, अनुसन्धान केन्द्रहरु-नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलन अध्ययन अनुसन्धान केन्द्र र सहकारी अध्ययन अनुसन्धान एवं तालिम केन्द्र-लाई व्यवस्थित, साधन स्रोत बनाउने र योग्य अन्य साथीहरुलाई समावेश गरि कामलाई अघि बढाउने ।
6. प्रेरणदायी राष्ट्रिय व्यक्तित्वहरुलाई प्रतिष्ठानको उद्देश्य अनुरुप सम्मान कार्यक्रम जारी राख्ने ।
7. नेकपा (एमाले) केन्द्रीय कार्यालयसंग समझदारी बनाएर तुल्सी स्मृति पुस्तकालय संचालन गर्ने ।
8. तुल्सी लाल रनिङ्ग शिल्डको लागि उपत्यकाव्यापी विद्यालय स्तरीय सातौं हाजिरी जवाफ प्रतियोगिता गर्ने ।
9. रक्तदान कार्यक्रम जारी राख्ने ।
10. यस वर्ष नेपालमा सहकारी आन्दोलन-विगत, वर्तमान र भविष्य-विषयमा विचार गोष्ठी आयोजना गर्ने ।
11. तुल्सी लाल स्मृति प्रतिष्ठान र पुष्पलाल स्मृति प्रतिष्ठानको संयुक्त आयोजनामा आगामि (September 22 & 23 मा Belt And Road Initiative: Economic Development in South Asia) विषयको विचार गोष्ठी सफलता पूर्वक आयोजना गर्ने ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

12. नेपालको लोकतान्त्रि एवं कम्युनिष्ट आन्दोलनसंग सम्बन्धित विषयहरुमा कार्य पत्रहरु तयार पारी छलफल कार्यक्रम तथा विचार गोष्ठीहरु आयोजना गर्ने ।
13. बुद्ध, बुद्धत्व र बुद्ध दर्शन नामक कमरेड तुल्सी लाल अमात्यको पुस्तक प्रकाशन गर्ने ।
14. तुल्सी लाल स्मृति प्रतिष्ठानको छोटो परिचय अग्रेजी र नेपालीमा प्रकाशित गर्ने
15. मदन आश्रित प्रतिष्ठानसंग मिलि नख्खु जेल ब्रेक गर्ने नेताहरुको संस्मरणको संगालो प्रकाशन गरी विमोजन समेत गर्ने ।
16. जननायक तुल्सी लाल अमात्यको जीवन सम्बन्धि संक्षिप्त पुस्तिका प्रकाशित गर्ने ।

हिम बहादुर क्षेत्री
सचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल स्मृति प्रतिठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको १८ औ साधारण सभामा महासचिव हिमबहादुर क्षेत्रीद्वाराप्रस्तुत वार्षिक प्रतिवेदन

१८औँ साधारण सभाका अध्यक्ष ज्यु हरु
प्रमुख अतिथि, विशेष अतिथि ज्यु हरु

संरक्षक ज्यु हरु

वरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष ज्यु

कार्यसमितिका अन्य सदस्यहरु एवं

आजिवन र साधारण सदस्य ज्यु हरु ।

तुल्सीलाल स्मृति प्रतिष्ठानको आजको यो १८औँ वार्षिक साधारण सभामा सर्वप्रथम यहाँहरु सबैलाई हार्दिक स्वागत एवं अभिवादन गर्न चाहान्छु । २०७४ साल भदौ १७ गते प्रतिष्ठानको १७ औं साधारण सभा सम्पन्न भए पश्चातको यो अवधि संविधानको कार्यान्वयनद्वारा मुलुकमा राजनीतिक स्थायित्व कायम गर्ने दृष्टिले एवं नेपालको कम्युनिष्ट आन्दोलनलाई एकिकरण गरी शक्तिशाली कम्युनिष्ट पार्टीको निर्माण गर्ने दृष्टिले  निकै ऐतिहासिक एवं उपलब्धिपूर्ण रहन गयो । यस अवधिमा तेश्रो एवं अन्तिम चरणमा सम्पन्न भएको  २ नं. प्रदेशको स्थानीय तहको निर्वाचन, प्रदेश सभाको निर्वाचन र संघीय संसदको निर्वाचन सम्पन्न भई केन्द्रमा नेपाल कम्युनिष्ट पार्टी ( ने.क.पा.) को नेतृत्वमा दुई तिहाई भन्दा बढी बहुमतको सरकार गठन भईसकेको छ भने ७ वटा प्रदेशहरु मध्ये ६ वटा प्रदेशहरुमा पनि नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) को नेतृत्वमा प्रादेशिक सरकारहरु गठन भईसकेका छन् । नेपालको संविधान २०७२ कार्यान्वयन भई राजनीतिक संक्रमणकालको अन्त्य भईसकेको छ ।

तत्कालिन अवस्थामा अलग अलग पार्टीहरुको नाममा क्रियाशिल ने.क.पा. (एमाले) र ने.क.पा. (माओवादी केन्द्र) बीच २०७४ असोज १७ गते भएको ६ बुदेँ सम्झौताको फलस्वरुप उपरोक्त महत्वपूर्ण र ऐतिहासिक उपलब्धीहरु हासिल भएका थिए भन्नमा अतिशयोक्ति नहोला ।

मुलतः विश्व कम्युनिष्ट आन्दोलनमा देखापरेको विवाद र विभाजनको फलस्वरुप नै नेपालको कम्युनिष्ट आन्दोलनमा शुरु भएको टुटफूट र विभाजनलाई पूर्ण विराम लगाउने एक महत्वपूर्ण कदमको रुपमा २०७५ साल जेष्ठ ३ गते ने.क.पा. (एमाले) र ने.क.पा. (माओवादी केन्द्र) बीच पार्टी एकिकरण भई एकिकृत पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी तथा पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद लेनिनवाद राख्नुले दिवंगत कमरेड तुल्सीलाल अमात्यले लिनुभएको राजनीतिक एवं सैद्धान्तिक अडानहरु सही थिए भन्ने प्रमाणित हुन्छ । उहाँ विभाजन अघिको

तुल्सी लाल स्मृति प्रतिष्ठान

एकिकृत नेपाल कम्युनिष्ट पार्टीको तेश्रो महाधिवेशनद्वारा निर्वाचित महासचिव हुनुहुन्थ्यो भने पार्टीको मार्गदर्शक सिद्धान्तको रुपमा मार्क्सवाद लेनिनवादलाई अवलम्वन गर्नु भएको थियो भन्ने तथ्यलाई पनि यहाँ स्मरण एवं उल्लेख गर्न निकै सान्दर्भिक ठहर्ने छ । मुलुकका २ विशाल कम्युनिष्ट पार्टीहरुबीच भएको एकीकरणलाई तुल्सी लाल स्मृति प्रतिष्ठान हार्दिक स्वागत, समर्थन र हर्ष प्रकट गर्दछ । यसका साथै कम्युनिष्ट सिद्धान्त, नीति, विचार र आचरणलाई व्यवहारमा लागु गरि नेपालमा समाजवाद स्थापनाको दिशामा नेतृत्वदायी भूमिका निर्वाह गर्न सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छौं । नेपाली जनताको ब्यापक अभिमतबाट गठन भएको वर्तमान सरकार भ्रष्टाचार, ढिलासुस्ति, नातावाद- कृपावाद र अकर्मणयताबाट मुक्त भई नेपाली जनताका जल्दा-बल्दा जिविकाका सवालहरुप्रति सम्वेदनशील हुन र संविधानले निर्दिष्ट गरेको समाजवाद निर्माणको विश्वसनीय र ठोस आधरशिला तयार पारी मुलुकको तिव्र आर्थिक विकासद्वारासमृद्व नेपाल, सुखि नेपालीको परिकल्पनालाई साकार पार्ने दिशामा दृढरुपले अग्रसर रहन सुझाव, शुभकामना र विश्वास व्यक्त गर्न चाहान्छौं ।

२०७४ साल भदौ १७ गते प्रतिष्ठानको १७ औं साधारण सभा सम्पन्न भएयता १९ जना नयाँ सदस्यहरु थपिए पछि हाल यस तुल्सी लाल स्मृति प्रतिष्ठानमा आजीवन र साधारण सदस्यहरु गरी जम्मा १२४ जना रहनु भएको छ । प्रतिष्ठानको रौतहटमा एउटा र पोखरामा अर्को गरी दुईवटा शाखाहरु रहेका छन् । १७ औ साधारण सभा पछि कार्यसमितिको १४ वटा र सचिवालयको २ बैठकहरु सम्पन्न भएका छन् । यी बैठकहरुका महत्वपूर्ण निर्णयहरुको कार्यन्वयन र कार्यन्वयनमा देखा परेका समस्याहरुका सम्बन्धमा यहाँहरु समक्ष जानकारी गराउन चाहान्छु ।

1. प्रतिष्ठानको १७ औं वार्षिक साधारण सभापछि बसेको कार्यसमितिको प्रथम बैठकले १७ औं साधारण सभाद्वारा पारित प्रतिवेदनहरु र संशोधीत विधान जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समन्वय समितिमा एक, एक प्रति बुझाउने निर्णय गरेको थियो । निर्णय अनुरुप बुझाउने कार्यहरु पनि सम्पन्न भइसकेकोछ ।
2. २०७४ कार्तिक १७ गते बसेको कार्यसमितिको दोस्रो बैठकले प्रतिष्ठानको भोगाधिकारमा रहेको जमीन मध्य १ रोपनी जमीन र प्रतिष्ठानको नयाँ भवनको एउटा शटर भाडामा लिन श्री शीतल साहले निवेदन दिएकोमा प्रचलित दर रेटका आधारमा आवश्यक निर्णय गरि सम्झौतागर्न प्रतिष्ठानका अध्यक्ष श्री गोपाल शाक्य, कोषाध्यक्ष मिठाराम शर्मा वजगाई तथा सदस्यहरु श्री सुरेन्द्र मोहन शर्मा, श्री नरेश्वर ज्ञवाली र श्री तारामान जोशीलाई जिम्मा दिने निर्णय गरेको थियो । तदनुरुप एक रोपनी जमिनको मासिक रु. २८०००। र सटर एकको मासिक रु. २०,०००। गरी जम्मा मासिक रु. ४८,०००। मा ५ वर्षको लागि करार सम्झौता गरी दिइएको जानकारी गराउन चाहान्छु ।
3. प्रतिष्ठानमा पानीको समस्या हल गर्न बोरिङ्ग गर्ने निर्णय गरिएता पनि बोरिङ्गबाट पानी नआएकोले इनार खन्ने काम भएको छ ।
4. मदन आश्रित स्मृति प्रतिष्ठानद्वारा २०७४ माघ ९ र १० गते आयोजना गरेको प्रतिष्ठानहरुको भेलामा अध्यक्ष र महासचिवले भाग लिनु भएको थियो । दुईदिने उक्त भेलामा २१ वटा प्रतिष्ठानहरुले भाग लिएका थिए । उक्त भेलामा प्रतिष्ठानहरु बीच आ-आफ्ना अनुभवहरु आदान प्रदान भएका थिए ।
5. २०७४ साल फागुन २५ गते बसेको कार्यसमितिको चौथो बैठकले प्रतिष्ठान अर्न्तगत रहेको नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनको अध्ययन-अनुसन्धान केन्द्रले मदन आश्रित प्रतिष्ठानसंग मिली नख्खु जेल विद्रोह गर्ने नेताहरुले लेखेको संस्मरणको संगालो प्रकाशित गर्ने निर्णय गरेको थियो । पूर्व-प्रधानमन्त्री एवं नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनका वरिष्ठ नेता माननीय माधव कुमार

तुल्सी लाल स्मृति प्रतिष्ठान

नेपाल ज्यु को प्रमुख आतिथ्यता र प्रतिष्ठानका अध्यक्ष श्री गोपाल शाक्य ज्यु को अध्यक्षतामा नंख्खु जेल विद्रोह-संस्मरणको संगालो पुस्तक विमोचन कार्यक्रम २०७४ चैत्र १२ गते भव्य रुपमा सम्पन्न भएको थियो । हाम्रो प्रतिष्ठानको पहल र व्यवस्थापनमा यो पुस्तक प्रकाशित हुनु अध्ययन अनुसन्धानको क्षेत्रमा एउटा ठूलो उपलब्धि मान्न सकिन्छ ।

6. २०७४ बैशाख ४ गते बसेको कार्यसमितिको पाँचौं बैठकले Foundation for Green Eco नामक सामाजिक संस्थाले अनुसन्धान एवं प्रयोगात्मक विकास सम्बन्धी काम गर्दै कृषि, सामाजिक, विज्ञान, पर्यावरण, संरक्षण, जिविकोपार्जन लगायतका विषयहरुमा आवश्यक तालिम गोष्ठी संचालन गर्न भवनको माथिल्लो तल्ला उपलब्ध गराईदिन निवेदन प्राप्त भएकोमा प्रतिष्ठानले मासिक रु ४०,०००। सहयोग लिने गरी ५ वर्षको लागि उपलब्ध गराउने निर्णय गरेको जानकारी गराउछु । अहिले उक्त संस्थाले नेपाल फिलोसोफिकल रिसर्च सेन्टर मार्फत विविध विषयहरुमा पि.एच.डी. गर्ने हरुलाई सहयोग पुऱ्याउने र कफी सम्बन्धी अनुसन्धान कार्यहरु गरिरहेको जानकारी गराउछु ।
7. प्रतिष्ठानको पाँचौ बैठकले भोगाधिकारबाट प्राप्त जमीन मध्य खाली रहेको जमीन सदुपयोग गर्ने उद्देश्यकासाथ आवश्यक योजना तथा प्रस्तावहरु तयार पार्न प्रतिष्ठानका उपाध्यक्ष श्री कृष्णलाल महर्जन संयोजक, डा. सुमित्रा अमात्य, श्री मिठाराम शर्मा वजगाई, श्री सुरेन्द्र मोहन शर्मा, अष्ठमान महर्जन, राजेन्द्र ब्यञ्जनकार सदस्यहरु रहेको एक कार्यदल गठन गरेको थियो । कार्यदलले प्रतिष्ठानको खालिरहेको जमीनमा सटर सहित कोठाहरु निर्माण गर्ने प्रस्ताव गरेको छ ।
8. तुल्सी लाल स्मृति प्रतिष्ठान अर्न्तगतको“सहकारी अध्ययन अनुसन्धान तथा तालिम केन्द्र” को चौथो बैठक २०७४ फागुन २६ गते बसेको थियो । उक्त बैठकमा सल्लाहकार श्री केशव बडालज्युबाट अवधारण पत्रलाई परिमार्जन गर्न सुझाव दिनु भएको थियो । उक्त बैठकले “संघियतामा सहकारी” विषयक एक दिने विचार गोष्ठी आयोजना गर्ने निर्णय गरेको छ । विचार गोष्ठीको लागि स्थान, समय र मिति तय गरि यो निर्णयलाई छिटै कार्यन्वयन गरिने छ ।
9. २०७५ बैषाख २८ गते बसेको प्रतिष्ठानको छेठौ बैठक र २०७५।२।२ मा बसेको सातौ बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल सरकारबाट प्रतिष्ठानलाई प्राप्त पूँजीगत अनुदान रु. १ करोड सदुपयोग गरी खर्च गर्ने सम्बन्धमा निर्णय लिएको थियो । उक्त अनुदान रकम मन्त्रालयले सिधै ललितपुर महानगरपालिकालाई उपलब्ध गराएकोले प्रतिष्ठानको लागि सामान खरिद गर्ने काम र प्रतिष्ठानका अन्य कामहरु ललितपुर महानगरपालिकाले आफै गरेको थियो । अनुदानबाट प्राप्त रु.१ करोडको लागतमा निम्नलिखित कामहरु सम्पन्न भएका छन ।

१) तुल्सी लाल स्मृति भवनको ‘A’ र ‘B’ ब्लकको दुवै छतमा कोरामसिनो गरिएको छ ।
२) तुल्सी लाल स्मृति भवनको मध्य भागमा मार्वल राख्ने काम भएको छ ।
३) पानी संकलन प्रयोजनको लागि ५ हजार लिटरको दुईवटा टयांकी खरिद गरिएको छ ।
४) कार्यालय प्रयोजनको लागि २० के.जीको वासिङ्ग मेसिन, २५० लिको रेफ्रीजेटर, सिसि क्यामरा-८ र एउटा
स्मार्ट टि.भी खरिद गरिएको छ ।
५) २८१ मिटर Korean caliocarpet भवनको हल र कोठाहरुमा राख्ने काम भएको छ ।
६) कार्यालय प्रयोजनको लागि १५० सिसिको एउटा मोटर साइकल खरिद गरिएको छ ।
७) प्रतिष्ठानको दुईवटा हलहरु र २९ वटा झ्यालहरुमा पर्दा राखिएको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

८) ४ वटा प्याकेजमा इलोक्ट्रोनिक सामानहरु खरिद गरिएको छ (सामानहरुको विस्तृत विवरण कार्यालयमा सुरक्षित रहेकोले कसैले हेर्न चाहेमा यो उपलब्ध छ) । उपरोक्त सम्पूर्ण सामानहरु ललितपुर महानगरपालिकाले आफै खरीद गरी यस प्रतिष्ठानलाई हस्तान्तरण गरेको थियो जस मध्य रु.५ लाख बराबरको Desktop Computer with Graphics for Non Linear Editing र रु.१ लाख ५ हजार बराबरको cable with connector with Installation हाल सम्म पनि ललितपुर महानगरपालिकाबाट यस प्रतिष्ठानलाई प्राप्त हुन सकेको छैन् ।

10. २०७५ साल जेष्ठ २० गते बसेको कार्यसमितिको आठौ बैठक र २०७५ साल असाढ १८ गते बसेको कार्यसमितको नवौ बैठकले २१ औ तुल्सी लाल स्मृति दिवसको कार्यक्रम आयोजना गर्ने निर्णय भए बमोजिम २१ औं स्मृति दिवसको मुल कार्यक्रम २०७५ श्रावण १७ गते नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) का अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली ज्यु को प्रमुख आतिथ्यता र पूर्व प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष माननीय श्री पुष्पकमल दाहाल ज्यु को विशेष उपस्थितिमा सफलता पूर्वक भव्य रुपमा सम्पन्न भएको थियो । यसपटकको हाजिरी जवाफ प्रतियोगिताको कार्यक्रम अघिल्ला वर्षहरुको तुलनामा निकै राम्रो भएको थियो भने रक्तदानको कार्यक्रम पनि सफलतापूर्वक सम्पन्न भएको थियो । यसपटकको स्मृति दिवसको कार्यक्रम उपस्थितिका हिसाबले र मिडिया कबरेजका हिसाबले पनि राम्रो भएको थियो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

11. २०७५।६।५ मा बसेको प्रतिष्ठानको ११ औ बैठकले प्रतिष्ठानको १२ सदस्यीय सल्लाहकार समिति गठन गरेको थियो । हाल यस तुल्सी लाल स्मृति प्रतिष्ठानको सल्लाहकार समितिमा निम्न लिखित महानुभावहरु रहनु भएको जानकारी गराउन चाहान्छु ।

१) श्री शान्ता मानवी –पूर्व मन्त्री
(२) प्रा.डा. राममान श्रेष्ठ–पूर्व सांसद
(३) डा दिनेश चन्द्र देवकोटा –पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग
(४) प्रा.डा. कमल कृष्ण जोशी –पूर्व उपकुलपति, त्रिभुवन विश्व विद्यालय
(५) प्रा.डा. ऋतु प्रसाद गडतौला –पूर्व सदस्य सचिव, समाज कल्याण परिषद्
(६) डा. गोविन्द बहादुर थापा –अर्थविद्
(७) डा. विष्णु हरि नेपाल–पूर्व राजदुत
(८) डा.गुप्त बहादुर श्रेष्ठ
(९) श्री नेत्र प्रसाद धिताल –भूगोल विद्
(१०) श्री श्रीराज जोशी–भूगोल विद्
(११) श्री नीरकेशरी श्रेष्ठ
(१२) श्री चन्द्र बहादुर श्रेष्ठ

12. अध्ययन-अनुसन्धानका लागि इलोक्ट्रोनिक सामानहरु सदुपयोग गर्ने सम्बन्धमा कार्यसमिति सदस्य श्री सुरेन्द्र मोहन शर्माको संयोजकत्वमा मिठाराम शर्मा वजगाई, विष्णु कल्पीत र बलराम थापा सदस्यहरु रहेको कार्यदल गठन गरेको जानकारी गराउछु । यस कार्यदलले मल्टी मिडिया सेन्टर संञ्चालन

गर्न सकिने तथा नेपालको कम्युनिष्ट एवं लोकतान्त्रिक आन्दोलनको इतिहास लेखन Visual तरीकाबाट गर्न सकिने प्रस्ताव अघि सारेको छ। क. भरत मोहन अधिकारी, सिद्विलाल सिंह, रामबहादुर ह्यामो श्रेष्ठ, कृष्णदास श्रेष्ठ, श्रीमति महालक्ष्मी श्रेष्ठ, कमल कोइराला, सुसील चन्द्र अमात्य, श्रीमति कमला अमात्य, आदि नेताहरुको अन्तरवार्ताहरु लिने काम पनि सम्पन्न भएको छ। यस कार्यहरुलाई अझ व्यवस्थित रुपले अगाडि बढाउन केही योग्य र विज्ञ सदस्यहरु थप गर्नुपर्ने आवश्यकता महसूस गरिएको छ।

13. तीन नं. प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत तुल्सी लाल स्मृति प्रतिष्ठानलाई तालिम केन्द्र भवन निर्माण शिर्षकमा रु.५० लाख अनुदान प्राप्त भएको छ। तुल्सी लाल स्मृति भवनको तेश्रो तल्लामा हल लगायत कोठाहरु निर्माण गर्न तुल्सी लाल स्मृति प्रतिष्ठानको मौजुदा कार्यसमितिलाई नै उपभोक्ता समिति मानि निर्माण कार्य सम्पन्न गर्ने निर्णय भएको जानकारी गराउछु। यस प्रतिष्ठानलाई प्राप्त उपरोक्त अनुदान रकम उपयोग गरी हल निर्माण गर्ने कार्यका लागि अहिले हाम्रो पहल जारी छ।

14. प्रतिष्ठानको कार्यालय सहायक श्री सुरत भूललाई सुरक्षाको कार्यहरुमा समेत जिम्मेवारी दिने गरी मासिक रु. ५,०००। थप गरी मासिक रु. १७,०००। दिने निर्णय भएको छ। प्रतिष्ठानमा सरसफाई गर्ने श्रमिक श्री नीरा कार्कीले राजीनामा दिएकोले श्री कमला श्रेष्ठलाई मासिक रु. ७,०००। परिश्रमिक दिने गरी ६ महिनाको लागि अस्थायी नियुक्ति दिइएको जानकारी समेत गराउछु।

15. २०७५ साल कार्तिक १६ गते प्रतिष्ठानका अध्यक्ष, महासचिव र कोषाध्यक्षको विशेष उपस्थितिमा प्रतिष्ठानको सल्लाहकार समितिको प्रथम बैठक बसेको थियो। उक्त बैठकबाट धेरै महत्वपूर्ण सुझावहरु प्राप्त भएका थिए।

तुल्सी लाल स्मृति प्रतिष्ठान

16. तुल्सी लाल स्मृति प्रतिष्ठान अर्न्तगत गठन भएको "नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलन" को अध्ययन-अनुसन्धान केन्द्रको चौथो बैठक २०७५ मंसीर २ गते बसेको थियो। उक्त बैठकले अध्ययन, अनुसन्धानका कार्यहरुलाई अगाडि बढाउन आर्थिक श्रोत प्रमुख चुनौतीको रुपमा रहेको निष्कर्ष निकालेको छ।

(क) अध्ययन, अनुसन्धान क्षेत्रमा नंख्खु जेल विद्रोही नेताहरुको संस्मरण संगालो प्रकाशन भई सकेको छ भने विन्दा पाण्डेले जिम्मेवारी लिए अनुसार विभिन्न जेल विद्रोहहरुको अध्ययन गरी दस्तावेजीकरण समेत भएको जानकारी गराउछु।

(ख) श्री पुरुषोत्तम न्यौपानेज्यूलाई तुल्सी लाल अमात्यको जीवनी लेख्ने जिम्मा दिइए अनुसार उहाँको जीवनी तयार भइसकेको छ।

(ग) डा. बालचन्द्र मिश्रको संयोजकत्वमा नेपालको कम्युनिष्ट आन्दोलनको इतिहास लेख्नको निम्ति अध्ययन अनुसन्धानको काम शुरु गरिएको छ।

(घ) प्रा.डा. प्रेम कुवँरज्युको संयोजकत्वमा नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहास लेख्नको निम्ति अध्ययन अनुसन्धानको काम शुरु गरिएको छ। दुबै टीमलाई सकृय बनाएर आर्थिक स्रोत पनि खोज्दै जाने तथा अन्य आवश्यक कार्ययोजना र कार्यदलहरु निर्माण गरि प्रतिष्ठान समक्ष पेश गर्ने सोच, सम्झदारी र निर्णयहरु भएको जानकारी गराउछु।

17. २०७५ कार्तिक ९ गते “सामाजिक तथा विकास रुपान्तरण, नेपाल” संग प्रतिष्ठानको सहकार्यमा “तुल्सी लाल जेष्ठ नागरिक स्वास्थ्य सेवा केन्द्र” उद्घाटन भएको थियो । उक्त अवसरमा ४० जना वृद्ध जेष्ठ नागरिकहरुलाई निशुल्क स्वाथ्य सेवा प्रदान गरिएको थियो । हाल प्रत्येक आइतबार र बुधबार वृद्घाहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ । उक्त संस्थामा प्रतिनिधित्व गर्नका लागि प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष श्री माधव प्रसाद पौडेल र महासचिव श्री हिमबहादुर क्षेत्रीलाई पठाउने निर्णय गरिएको छ ।
18. ललितपुर युवा क्लबको सहकार्यमा चौथो राष्ट्रिय स्तरको तुल्सी लाल अमात्य वुद्गीचाल प्रतियोगता २०७५ साल साउन २७ गते देखि भदौ १ गते सम्म तुल्सी लाल स्मृति भवनको हलमा नै सम्पन्न भएको थियो । यस वुद्दिचाल प्रतियोगितामा २१ जिल्लाका १३६ खेलाडीहरुले भाग लिएका थिए । पहिलो, दोस्रो र तेस्रो हुनेलाई नगद पुस्कार पनि प्रदान गरिएको थियो । यस सहकार्यले तुल्सीलाल अमात्य र प्रतिष्ठानको प्रचार एवं परिचय खेलाडीहरु माझ पुगेकोछ ।
19. तुल्सीलाल स्मृति प्रतिष्ठान र पुष्पलाल स्मृति प्रतिष्ठानको संयुक्त आयोजनामा September 22 र 23 2017 (२०७४ साल आश्विन ६ र ७ गते) काठमाण्डौको होटल अन्नपूर्णमा दक्षिण एसिया स्तरिय विचार गोष्ठी (सेमिनार) आयोजना गरिएको थियो । सेमिनार आयोजना गर्नका लागि तुल्सीलाल स्मृति प्रतिष्ठानको तर्फबाट हिमबहादुर क्षेत्रीको संयोजकत्वमा डा. सुमित्रा अमात्य, डा. वंशीधर मिश्र, डा. दिनेशचन्द्र देवकोटा र डा. गोविन्द बहादुर थापा सम्मिलित ५ सदस्यीय कार्यदल गठन गरिएको थियो भने पुष्पलाल स्मृति प्रतिष्ठानको तर्फबाट इ. अलि अख्तर मिकरानीको संयोजकत्वमा प्रा.डा. युवराज संग्रौला, प्रा.डा. इन्दु आचार्य, श्री मिलनराज तुलाधर र श्री लेखनाथ पौडेल सम्मिलित ५ सदस्यीय कार्यदल गठन गरिएको थियो । दुवै प्रतिष्ठानहरुद्वारा गठित कार्यदलहरुको संयूक्त बैठक पुष्पलाल स्मृति प्रतिष्ठानका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल ज्यू र तुल्सीलाल स्मृति प्रतिष्ठानका सभापति एवं पूर्वमन्त्री गोपाल शाक्य ज्यूको समुपस्थितिमा बसी निम्नअनुसारको सेमीनार आयोजक समिति गठन गरिएको थियो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

- संयोजक – डा. वंशीधर मिश्र
- सह–संयोजक – डा. दिनेशचन्द्र देवकोटा
- सह–संयोजक –प्रा.डा. युवराज संग्रौला
- सदस्य सचिव – श्री हिमबहादुर क्षेत्री
- सदस्य – डा. गोविन्द बहादुर थापा
- सदस्य – डा. सुमित्रा अमात्य

- सदस्य – ई. अलि अख्तर मिकरानी
- सदस्य – प्रा. डा. इन्दु आचार्य
- सदस्य – श्री मिलनराज तुलाधर
- सदस्य – श्री लेखनाथ पौडेल

सेमिनार आयोजक समितिको सल्लाहकारमा पुष्पलाल स्मृति प्रतिष्ठानका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधव कुमार नेपालज्यु र तुल्सीलाल स्मृति प्रतिष्ठानका सभापति एवं पूर्वमन्त्री गोपाल शाक्यज्युलाई राख्ने निर्णय भएको थियो । उक्त सेमिनारको विषय Belt and Road Initiative: Economic Development in South Assia रहेको थियो । आयोजक समितिको कामलाई छिटो, छरितो र चुस्त बनाउनका लागि निम्नलिखित सचिवालय गठन गरिएको थियो ।

१. माननिय डा. वंशिधर मिश्र –संयोजक

२. डा. दिनेशचन्द्र देवकोटा – सह–संयोजक

तुलसी लाल स्मृति प्रतिठान

३. प्रा.डा. युवराज संग्रौला – सह–संयोजक

४. श्री हिमबहादुर क्षेत्री – सदस्य सचिव

५. डा. गोविन्द बहादुर थापा सदस्य

उक्त सेमिनारमा चीन, भारत, पाकिस्तान र बंगलादेश गरी लगभग ३० जना विदेशी र ७० जना जति नेपाली प्रतिनिधिहरु गरी १०० जनाले भाग लिएका थिए । सेमिनारको उद्घाटन  पुष्पलाल स्मृति प्रतिष्ठाका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल ज्युले गर्नुभएको थियो ।

चीनद्वारा प्रस्तावित Belt and Road initiative परियोजनाबाट नेपालले लिन सक्ने लाभका सन्दर्भमा र दक्षिण एसियाका विभिन्न देशहरुमा यसले पार्ने प्रभावका बारेमा विज्ञहरुद्वारा प्रस्तुत भएका कार्यपत्रहरु उपर छलफल गरिएको थियो । उक्त सेमिनार आयोजना गर्दा कूल खर्च रू.७६१,३९०।८० भएको थियो । २ नं. प्रदेशमा भईरहेको स्थानीय तहको निर्वाचनका कारण आयोजक समितिका संयोजक र अन्य सदस्यहरु अत्यन्त व्यस्त हुदाँ सेमिनारको लागि आवश्यक पर्ने बाह्य आर्थिक श्रोत जुटाउन असंम्भव भएकोले सेमिनार आयोजक समितिका सदस्य सचिव तथा तुल्सीलाल स्मृति प्रतिष्ठानका महासचिव श्री हिमबहादुर क्षेत्रीले रू. ३५५,३९०।२०, सेमिनार

आयोजक समितिका सह–संयोजक प्रा.डा. खगेन्द्र संग्रौलाले रू. २५६,००० र पुष्पलाल प्रतिष्ठानले रू. १५०,००० सहयोग गरी सम्पूर्ण खर्चको भुक्तानी गरिएको थियो ।

**समस्याहरुः–**

1. प्रतिष्ठानको जमीनको समस्या लिएर २०७५ कार्तिक २७ गते अध्यक्ष ज्यु को नेतृत्वमा महासचिव श्री हिमबहादुर क्षेत्री, कोषाध्यक्ष श्री मिठाराम शर्मा वजगाई, डा. प्रेम कुवँर र रामकृष्ण दुवाल भूमि व्यवस्थापन मन्त्रालयका सचिव श्री गोपी मैनालीसंग भेट गरि २०७३ साल पौष १४ गते भोगाधिकारमा राखि दिन  प्रतिष्ठानले दिएको निवेदन बारे जानकारी गराइएको थियो । यस सम्बन्धमा समस्या कसरी हल गर्ने बारे हालसम्म ठोस समाधान निस्केको छैन । यो समस्याको समाधानको लागि हाम्रो प्रयत्न जारी रहने छ ।
2. नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले प्रयोग गरिरहेको कोठाहरुको आर्थिक सहयोग प्राप्त हुनुपर्ने तर हुन सकेको  छैन । यस सम्बन्धमा प्रतिष्ठान र पार्टी बीच सम्बाद जारी छ ।
3. तुल्सी लाल स्मृति केन्द्रीय पुस्तकालय तथा अभिलेखालय, नेकपा (एमाले) को सट्टा अब नेपाल कम्युनिष्ट पार्टी (नेकपा) राखि यसलाई व्यवस्थीत रुपमा संचालन गर्ने समस्याहरु छन् । यस सम्बन्धमा प्रतिष्ठान र पार्टी बिच समझदारी एवं संझौताको आवश्यकता पनि महशूस गरिएको छ ।

4. तुल्सी लाल बहुद्देश्यीय तालिम केन्द्र भवन निर्माणको हिसाब किताबको जि.वि.स. संग फरफराक हुन बाँकी छ । जिम्मेवारी लिएका हाम्रो प्रतिष्ठनको आजीवन सदस्य श्री नकुल थापाले समयमा काम गर्न नसकेकोले यो समस्या आएको हो । अब चाडै समस्या समाधान तर्फ कार्यसमितिले पहल गर्नेछ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**वर्षिक कार्ययोजना**
**२०७५/०७६**

1. प्रतिष्ठान अर्न्तगत रहेको नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनको अध्ययन अनुसन्धान केन्द्रको कार्य जारी राख्ने ।
2. प्रतिष्ठान अर्न्तगत रहेको सहकारी अध्ययन अनुसन्धान तथा तालिम केन्द्रको कार्य जारी राख्ने ।
3. विभिन्न संघ संस्थाहरुसंगको सहकार्य जारी राख्ने– तुल्सी लाल जेष्ठ नागरिक स्वास्थ्य सेवाको कामलाई जारी राख्ने ।
4. जन नायक तुल्सी लाल अमात्यको जीवनी तयार पारी प्रकाशित गर्ने ।
5. तुल्सी लाल स्मृति भवन र तुल्सी बहुद्देश्यीय तालिम केन्द्र भवनको उद्घाटन गर्ने ।
6. तुल्सी लाल स्मृति केन्द्रीय पुस्तकालयलाई सहकार्यको प्रस्ताव राख्ने र संचालन गर्ने ।
7. तुल्सी लाल स्मृति हाजिरी जवाफको कार्यक्रम जारी राख्ने ।
8. तुल्सी लाल स्मृति रक्तदानको कार्यक्रम जारी राख्ने ।
9. प्रतिष्ठानको जमीन सम्बन्धी समस्या हल गर्नका लागि नेपाल सरकारसंग वार्ता  गर्ने ।
10. तुल्सी लाल स्मृति स्पोर्टस क्लब  र अन्य संस्थाहरुसंग खेलकुदमा सहकार्य गर्ने ।

11. बहुद्देश्यीय मिडिया सेन्टर र Visual Library स्थापनाका लागि कार्य गर्ने ।
12. २०७६ श्रावण १७ गतेको स्मृति दिवसको कार्यक्रमा नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा लामो समय देखि विशेष योगदान गर्ने व्यक्तित्वहरुलाई सम्मान गर्ने ।
13. तुल्सी लाल बहुद्देश्यीय तालिम केन्द्रका लागि भवन निर्माण कार्य जारी राख्ने तथा थप
14. पूँजीगत अनुदानको लागि संघीय सरकार र प्रदेश सरकारसंग माग गर्ने ।
15. प्रतिष्ठानको कार्यसमिति, आजिवन र साधारण सदस्यहरुलाई परिचय- पत्र, कार्ड तयार पारी वितरण गर्ने ।
16. कार्यालयलाई ब्यवस्थित बनाउन इन्टरनेट जडान गर्ने ।
17. तुल्सी लाल स्मृति भवनलाई ल.पु महानगरपालिको सहयोगमा रंगरोगन गर्ने । भारतीय दुतावाससंग सर्म्पक गरी उद्घाटन र हस्तान्तरणको कार्यक्रम सम्पन्न गर्ने ।
18. तुल्सी लाल प्राविधिक शिक्षालय सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
19. तुल्सी लाल अमात्यज्यूले नेपालको किसान आन्दोलमा दिनु भएको योगदानको बारेमा अध्ययन अनुसन्धानको कार्यलाई शुरु गरिने छ ।
20. “संघियतामा सहकारी” विषयक एक दिने गोष्ठी आयोजना गरिने छ ।

**धन्यबाद**
मितिः–२०७५।९।१४

तुल्सी लाल स्मृति प्रतिठान

हिम बहादुर क्षेत्री
महासचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको १९ औं साधारण सभामा महासचिव हिमबहादुर क्षेत्रीद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन

१९ औं साधारण सभाका अध्यक्ष ज्यू,

प्रमुख अतिथि एवं विशेष अतिथिज्युहरु

प्रमुख संरक्षक र संरक्षक ज्युहरु

कार्य समितिका पदाधिकारी र सदस्य साथीहरु

उपस्थित आजिवन र साधारण सदस्य ज्युहरु

यस तुल्सी लाल स्मृति प्रतिष्ठानको आजको १९ औं साधारण सभा १८ औं साधारण सभा सम्पन्न भएको लगभग १ वर्षपछि सम्पन्न हुँदै छ । यो साधारण सभा मा विगत १ वर्षमा प्रतिष्ठानले गरेमा कार्यहरुको समीक्षा र आगामी १ वर्षका लागि पुरा गर्नुपर्ने कार्यक्रम, योजना र दायित्वहरुका सम्बन्धमा विचार विमर्श र छलफल हुने अवसर पनि हो ।

नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनका वरिष्ठ नेता एवं नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनद्वारा निर्वाचित महासचिव दिवंगत क. तुल्सिलाल अमात्यको नाममा स्थापित यो प्रतिष्ठान मुलुकको वर्तमान राजनीतिक एवं कम्युनिष्ट आन्दोलनको अवस्था र नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) को नेतृत्वको वर्तमान सरकार बारे सामान्य रुपले भए पनि चर्चा एवं उल्लेख गर्नु प्रतिष्ठानको दायित्व हो । विगत एक बर्षमा मुलुकको राजनीतिक र कम्युनिष्ट आन्दोलनको क्षेत्रमा खासै उल्लेखनिय कुनै घटना-परिघटनाहरु भएका छैनन् । तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को एकिकरण पश्चात निर्माण भएको वर्तमान नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको उत्तराधिकारी कम्युनिष्ट पार्टी हो । नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) समक्ष असंख्य संभावना र चुनौतीहरु रहेका छन् । संघिय संसदमा लगभग दुईतिहाई वहुमतको उपस्थिति सहितको सरकारको निर्माण, ७ मध्ये ६ वटा प्रदेश र अत्यधिक स्थानिय तहहरुमा सरकारको निर्माणको स्थिति नेपालको राजनीतिक र कम्युनिष्ट आन्दोलन मात्र नभएर विश्व कम्युनिष्ट आन्दोलनमा एउटा अद्धितीय घटना हो । वर्तमान कम्युनिष्ट सरकारको सफलता वा असफलता नेपालको कम्युनिष्ट आन्दोलनको सफलता वा असफलतासँग अभिन्न रुपले गाँसिएको छ । यो विश्व कम्युनिष्ट आन्दोनको इतिहाँसमा पनि एउटा परिक्षण र उदाहरणको रुपमा रही रहने छ । पार्टी एकिकरणको कार्य कछुवाको गतिमै भए पनि अन्तिम चरणमा पुगेको छ । प्राविधिक एकिकरण वा एकता भन्दा पनि सिद्धान्त, विचार र कार्यक्रमको आधारमा गरिएको एकिकरण नेपालको कम्युनिष्ट आन्दोलनमा सहि भूमिका निर्वाह गर्न र इतिहाँसले सुम्पेको समाजवाद निर्माणको अभिभारालाई पुरा गर्न सक्दछ । पार्टी भित्र विद्यमान विभिन्न गुट-उपगुटहरुको अवस्था, पद प्रतिष्ठा र धन प्राप्त गर्ने होडवाजी एवं अस्वस्थ प्रतिस्पर्धा, नेतृत्व तहमा रहेका कतिपय व्यक्तिहरुमा निम्न पुँजीवादी, सामन्तवादी चिन्तनको अभिव्यक्ती आदि गम्भिर चिन्ताको विषय हो ।

ने.क.पा. को नेतृत्वमा गठन भएको वर्तमान सरकारले २ बर्ष पुरा गर्न लाग्दा संघियताको कार्यान्वयनको लागी कानुन निर्माणमा पाएको सफलता, उर्जा विकास, पूर्वाधार, सडक तथा रेल सञ्जाल स्वास्थ्य, शिक्षा, श्रम

तथा रोजगारी, गरिवी निवारण र आर्थिक बृद्धिमा सकरात्मक कार्यहरु गरेता पनि बजेटको पूँजीगत खर्चको न्युनता, महंगी नियन्त्रण, भ्रष्टाचार निवारण जस्ता क्षेत्रमा आशातित सफलता हाँसिल गर्न नसक्दा जनतामा केहि नैराश्यता उत्पन्न गरेको छ ।

भारत सरकारले हालसालै जारी गरेको आफ्नो नक्सामा नेपालको लिम्पियाधुरी, लिपुलेक र कालापानी क्षेत्र समावेश गरिनु निन्दनीय कार्य हो । भारत सरकारसँग वार्तागरी कुटनीतिको माध्यमद्वारा यो समस्या समाधान गर्न वर्तमान सरकारसँग जोडदार माग गर्दछौं ।

प्रतिनिधि सभा, प्रदेश र स्थानीय तहमा सम्पन्न भएको उप निर्वाचनमा जुन प्रकारको परिणामहरु आएका छन् त्यसमा नेकपाले गम्भिर रुपले समिक्षा गर्नुपर्ने अवस्थ श्रृजना भएको छ । वर्तमान निर्वाचन प्रणाली साह्रै महंगो भएको हुनाले कम खर्चिलो निर्वाचन प्रणालीको लागि आवश्यक ऐन कानुनहरु निर्माण गर्नुपर्ने आवश्यकता तड्कारो रुपमा महशुस भईरहेको छ ।

यस अवधिमा प्रतिष्ठानको कार्य समितिको ९ र सचिवालयको २ वटा बैठकहरु सम्पन्न भएका छन् । अब म प्रतिष्ठानले विगत १ बर्षमा गरेका कामहरुको जानकारी गराउन चाहन्छु ।

आ.व. २०७५।०७६ मा ३ नं प्रदेश सरकारको तर्फबाट प्राप्त रु. ५० लाखको पूँजीगत अनुदानबाट तुल्सीलाल स्मृति भवनको तेस्रो तल्लामा एउटा हल र तीनवटा कोठाहरु निर्माण गर्ने कार्य सम्पन्न भएको छ । प्राप्त रु. ५० लाख मध्ये ललितपुर म.न.पा. ले कन्सल्टेन्सी वापत रु. १२०९७५ कट्टा गरी रु. ४८,७९,०२५ मात्र प्राप्त भएको थियो । सो रकम बराबरबो बराबरको काम सम्पन्न भईसकेको छ । विद्युत जडान लगायत अन्य कार्यको लागि पुँजीगत अनुदानको रकम अपुग भएकोले फेरि पनि ३ नं. प्रदेश सरकारसँग ३५ लाखको रकम माग गरिएको जानकारी गराउन चाहन्छु । भवनको सोहि तेस्रो तल्लामा UPVC, जस्ता र Ecopanel राखी भवनको छतमा ट्रष्ट निर्माण गरिएको छ । निर्माण कार्यको लागि कोटेशन मागिएकोमा सबभन्दा कम रकम रु. ७,४५,०६७.२०/- प्रस्ताव गर्ने महालक्ष्मी कन्ट्रक्सनको कोटेशन पास गरिएको थियो । यस निर्माण कार्यमा रु. ३,९५,०००। प्रतिष्ठानको आफ्नै स्रोतबाट र बाँकी रकम ३,५०,०००/- प्रतिष्ठानलाई चन्दा स्वरुप मिनाहा गर्ने जानकारी महालक्ष्मी कन्ट्रक्सनका श्री कृष्णवीर ब्यञ्जनकारले दिनुभएको छ ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल बहुद्देश्यीय तालिम केन्द्र भवनको निर्माण कार्य सम्पन्न भई लेखा परिक्षण प्रतिवेदन पारित भईसकेको छ । मिति २०७५/१२/२९ मा ल.पु वडा नं. ९ का वडा सदस्य श्री मेनका च्यामे लगायत अन्य स्थानीय ब्यक्तिहरुको उपस्थितिमा सार्वजनिक सुनवाई समेत सम्पन्न गरिएको छ ।

नेपाल सरकारबाट प्राप्त रु. १ करोड पूँजीगत अनुदानमा प्रतिष्ठानले श्रमदान थपि कूल लागत १,२५,३१,१८९।४१ मा संझौता भई जम्मा खर्च १,२५,६३,९९६।- भएको थियो । लेखा प्रतिवेदनले लागत भन्दा ३,२८,००६।६० बढी खर्च भएको देखाएको छ । तुल्सी लाल बहुउद्देश्यीय तालिम केन्द्र भवनको स्टीमेटमा नरहेको भऱ्याङ्ग माथि छत र सेप्टी ट्यांकी निर्माण कार्य पनि सम्पन्न भएको तर त्यसको हिसाब लागत बारे यस कामको जिम्मेवारी लिएका श्री नकूल थापाजीसंग हिसाब किताब मिलान गर्न बाँकी रहेको छ ।

नकूल थापाजीले छाडेका अधुरो कार्यहरु जस्तै: स्टील भऱ्याङ्ग राख्ने, मार्वल राख्ने र मार्वल घोट्ने कामहरु पनि सम्पन्न भएका छन् । उक्त कामको लागि जम्मा ७६,६१८। खर्च भएको छ ।

तुल्सी लाल अमात्य: एक आर्दश व्यक्तित्व पुस्तक जनता प्रकाशनबाट छपाई भई आएको छ । कमरेड तुल्सी लाल अमात्य बारे करीब तीन वर्ष अध्ययन-अनुसन्धान गरि ***"तुल्सी लाल अमात्य एक आदर्श व्यक्तित्व"***

नामक पुस्तक लेख्नु भएकोमा म श्री पुरुषोत्तम न्यौपानेज्यूलाई प्रतिष्ठानको तर्फबाट धन्यवाद दिन चाहान्छु । यो पुस्तक प्रकाशनका लागि रु. २,७५,०००।- प्रतिष्ठान आफैले खर्च गरेको र बाँकी रु. ७५,०००।- तुलसी लाल अमात्यका छोरीहरु श्री प्रतिभा श्रेष्ठ, रश्मी श्रेष्ठ र छोरा संजय अमात्यले सहयोग स्वरुप प्रदान गर्नु भएको थियो । उक्त पुस्तक छपाई गर्न रु. २,१०,०००। (अक्षरेपी दुई लाख दश हजार मात्र) खर्च भएको थियो भने, पुस्तकका लेखक श्री पुरुषोत्तम न्यौपानेलाई रु. १,४०,०००।- दिईएको थियो ।

**२२ औ तुल्सी लाल स्मृति दिवस बारे**

२२ औ तुल्सी लाल स्मृति दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रमको समिक्षा गर्न प्रतिष्ठानको १९ औं कार्यसमितिको बैठक २०७६ श्रावण २४ गते अध्यक्ष श्री गोपाल शाक्यको अध्यक्षतामा बस्यो । उक्त बैठकले निम्न अनुसार कार्यक्रहरुको समिक्षा गरेको थियो ।

१. आठौं उपत्यका ब्यापी विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता २०७६ श्रावण १४ मा प्रारम्भ भई श्रावण १७ गते सम्पन्न भएको थियो । पूर्व मन्त्री एवं प्रतिष्ठानका अध्यक्ष श्री गोपाल शाक्यले उद्घाटन गरिएको उक्त हाजिरी जवाफ प्रतियोगितामा ४१ वटा विद्यालयको सहभागिताको रहेको थियो । प्रतियोगिता निम्न विद्यालयका विधार्थीहरु पुरस्कृत भएका छन् । पुस्कृत हुने विद्यालयका नाम र विधार्थीहरुका नाम तल उल्लेख गरिएकोछ ।

**प्रथमः बृहस्पति विद्यालय-नक्साल, काठमाण्डौ**

तुल्सी लाल स्मृति प्रतिठान

१. सेलिना राज्य लक्ष्मी शाह

२. ईच्छा के.सी.

३. स्वास्तिका अर्याल

४. युविन पोखरेल

**द्वितियः कञ्चन अग्रेजी माध्यामिक विद्यालय-चापागाउँ, ललितपुर**

१. प्रभातप्रकाश तिमल्सिना

२. नवराज वजगाई

३. भुवन भास्कर गुरुङ्ग

४. सुस्मिता थापा

**तृतीयः भ्याली पब्लिक मा.वि.-लुभु, ललितपुर**

१. समिप सिंह थापा

२. शुवी पोखरेल

३. छे-जिहाङ्ग लिम्बु

४. सबिन धमल्हुवा

**चौथोः एमऱ्यान्ड मा.वि.-चापागाउँ, ललितपुर**

१. अरुस्था थापा

२. सक्षम पौडेल

३. जीया कायस्टा

४. रीतिका प्रधानाङ्ग

**पाचौं: अनन्त इङगलिश स्कूल- सनागाउँ, ललितपुर**

१. गीता पहाडी

२. मनीसा महर्जन

३. बालकृष्ण अधिकारी

४. सनिर महर्जन

तुलसी लाल स्मृति प्रतिठान

**छैटौं: एमऱ्याल्ड मा.वि.- चापागाउँ, ललितपुर**

१. अगूरा न्यौपाने

२. सर्वज्ञे पौडेल

३. सहारा राई

४. अञ्जली देशार

प्रथम देखि चौथो स्थान प्राप्त गर्ने समूहलाई क्रमशः रु. २५ हजार, रु. १५ हजार, रु. १० हजार रु. ५ हजार नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।

२०७६ श्रावण १७ गते शुक्रवारका दिन पूर्व-प्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता माननीय श्री माधवकुमार नेपालले पुरस्कार, प्रमाण पत्र, मेडल तथा शिल्ड प्रदान गर्नु भएको थियो । यो कार्य सम्पन्न गर्नका लागि प्रतिष्ठानका सह-कोषाध्यक्ष श्री बावुराम थापाको संयोजकत्वमा श्री तारामान जोशी र प्रतिभा श्रेष्ठ सम्मिलित कार्य दल गठन गरिएको थियो । वहाँहरुले सफलता पूर्वक आफ्नो जिम्मेवारीलाई सम्पादन गर्नु भएको थियो ।

हाजिरी जवाफ कार्यक्रममा पुरस्कारका लागि प्रतिष्ठानका संरक्षक डा. दिवस अमात्यले रु. १ लाख सहयोग गर्नु भएको थियो ।

हाजिरी जवाफ कार्यक्रममा सहयोग पुऱ्याउने स्कूलहरु, शिक्षकहरु र विधार्थीहरु धन्यवादका पात्र हुनुहुन्छ ।

२०७६ श्रावण १२ गते मंगलबजार, ललितपुरमा २२ औं तुल्सी लाल स्मृति दिवसको उपलक्ष्यमा एवं प्रतिष्ठानको आव्हानमा र ललितपुर रेडक्रस सोसाइटीको सहयोगमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो जसमा ५४ जना व्यक्तिहरुले रक्तदान गर्नुभएको थियो । रक्तदान जस्तो महादान गर्ने सबै ब्यक्तिहरु र यस कार्यक्रमलाई सफल बनाउन खट्नु हुने प्रतिष्ठानका कोषाध्यक्ष एवं पूर्व सांसद श्री मिठाराम शर्मा वजगाई, श्री सुरेन्द्र मोहन शर्मा, श्री राजेन्द्र ब्यञ्जनकार र ललितपुर रेडक्रस सोसाइटीका श्री बाबुराजा महर्जन, तुल्सी लाल स्मृति स्पोर्टस क्लब, च्यासल युवा क्लब, हिमालय इन्जिनियरिङ्ग कलेज तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता र कार्यकर्ता सबैलाई प्रतिष्ठानको तर्फबाट धन्यवाद दिन चाहान्छ ।

- २०७६ श्रावण १७ गते तुल्सी लाल स्मृति भवनको सभा हलमा पूर्व-प्रधानमन्त्री नेकपाका वरिष्ठ नेता माननीय श्री माधवकुमार नेपालज्यूको प्रमूख आतिथ्यतामा (सम्माननीय प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीज्यूको विशेष आग्रहमा वहाँको प्रतिनिधित्व समेत गर्नुभएको) सम्मानित हुने बौद्दिक राष्ट्रिय ब्यक्तित्वहरु श्री मदनमणि दिक्षित, श्री मोदनाथ प्रक्षित, श्री भैरव रिसाल र मरणोपरान्त श्री कृष्णदास श्रेष्ठलाई सम्मान गरेकोमा सबै उपस्थित, विशेष अतिथि र अतिथिहरुले छनौट राम्रो भएको भनी प्रशसा गर्नु भएको थियो । यी चार बौद्दिक ब्यक्तित्वहरुले नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोनमा राजनीति, साहित्य, पत्रकारिता तथा मार्क्सवादी लेख, रचनाहरुबाट विशेष योगदानहरु गर्नु भएको थियो ।
- कार्यक्रममा नेपालको कम्युनिष्ट एवं लोकतान्त्रिक आन्दोलनका वरिष्ठ नेताहरु, पूर्व-मन्त्रीहरु – कमरेड सिद्दिलाल सिंह, अमृत बोहरा, शान्ता मानवी, पम्फा भूसाल, हेमराज राई, बुद्धिराज बज्राचार्य, बद्री खतिवडा, हिरण्य लाल श्रेष्ठ, श्री नारायण भक्त श्रेष्ठ (रायन), प्रगतिशील लेखक संघका अध्यक्ष श्री जिवेन्द्र गिरी, उपाध्यक्ष श्री गोपीरमन उपाध्याय र माननीय सांसदहरु नेकपाका पार्टी नेता एवं कार्यकर्ता, स्थानीय किसान र युवा विधार्थीहरु लगायत ३००-४०० सय अतिथिहरुको उपस्थितिमा ४ जना बौद्धिक राष्ट्रिय ब्यक्तित्वहरुलाई सम्मान गर्न पाउनु प्रतिष्ठानको लागि गौरवको विषय हो ।

- २२ औं तुल्सी लाल स्मृति दिवसको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष श्री गोपाल शाक्यले लिखित मनतब्य सहित गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन प्रतिष्ठानका महासचिव हिमबहादुर क्षेत्री र स्वागत भाषण प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष श्री माननीय माधव पौडेलले गर्नुभएको थियो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

- २२ औं तुल्सी लाल स्मृति दिवस कार्यक्रममा श्री सुरेन्द्र मोहन शर्मा, श्री बलराम थापा लगायतका साथीहरुले भिडियो ग्राफी, फोटो ग्राफी र हलमा साउण्ड सिस्टम मिलाउन सहयोग गर्नुभएको थियो । माननीय माधव पौडेल, डा. बंशीधर मिश्र र डा. दिवस अमात्यको अन्तरवार्ता ए बी सी टेलिभिजनमा प्रसारण गरिएको थियो । चियापान कार्यक्रम सफल बनाउन श्री अष्टमान महर्जन लगायत स्वयम् सेवक सबै साथीहरुको भूमिका रहेको थियो । साथै श्री पुरुषेत्तम न्यौपानेज्यूको जन-नायक तुल्सी लाल अमात्य सम्बन्धी लेख श्रावण १७ का दिन गोरखापत्रमा प्रकाशन भएको थियो ।
- २२ औ तुल्सी स्मृति दिवसको कार्यक्रमहरुमा आफ्नो अमूल्य समय दिनु भएकोमा प्रमूख अतिथि, विशेष अतिथि सबै उपस्थित अतिथिहरु प्रति बैठक अभार ब्यक्त गर्दछ ।
- 

**तुल्सी लाल जेष्ठ नागरिक स्वास्थ्य सेवा केन्द्र**

सामाजिक तथा विकास रुपान्तरण नेपालसंगको सहकार्यमा हाम्रो प्रतिष्ठानले तुल्सी लाल जेष्ठ नागरिक स्वास्थ्य सेवा केन्द्र संचालन गत २०७५ पौष देखि हप्ताको दुई दिन आइतबार र वुधबार विशेषज्ञ डाक्टरहरु द्वारा सेवा प्रदान गरेको र निशुल्क औषधी वितरण गरेको छ । सेवा प्रदान गर्ने डाक्टरहरु डा. नन्द प्रसाद शर्मा, डा. पुलकित चौधरीका साथै स्वास्थ्य शिक्षा विज्ञ श्री नकूल गौतम र अन्य प्राविधिक कर्मचारीहरु सबैलाई धन्यवाद दिन चाहान्छु । यसै बीच २०७६/०६/२२ गते जेष्ठ नागरिक २५ जनालाई हट वाटर ब्याग र बाक्लो सल एक एक वटा वितरण गरिएको जानकारी गराउन चाहान्छु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**बुद्धिचाल प्रतियोगिता**

पाचौं औ तुल्सी लाल स्मृति राष्ट्रिय टिम क्लब बुद्धिचाल प्रतियोगिता २०७६।०४।२७ देखि २०७६।०४।३२ सम्म (12–17 August–2019) संचालन भएको थियो । पूर्व-प्रधानमन्त्री श्री माधव कुमार नेपाल र पूर्व मन्त्री गोपाल शाक्यले चेस खेलेर उक्त प्रतियोगिताको उद्घाटन गर्नु भएको थियो । यसमा देशका शिर्षस्थ १०५ जना खेलाडीहरुले भाग लिएका थिए । यस प्रतियोगिताको समापन कार्यक्रममा राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेश सिलवालज्यूले पुरस्कारहरु वितरण गर्नु भएको थियो ।

**नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनको अध्ययन अनुसन्धान केन्द्र**

यस प्रतिष्ठान अन्तरगत रहेको यस अध्ययन अनुसन्धान केन्द्रले यस बीच नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनमा आफ्नो समयमा विशेष योगदान गर्ने वरिष्ठ नेताहरुको भिडियो अन्तरवार्ता सेभ गरि

डिस्क-लाब्रेरीमा राखेको छ । अध्ययन-अनुसन्धानको लागि यो महत्वपूर्ण अध्ययन सामाग्री हुनेछ । यस्तो संकलन कार्य जारी छ । यस बीच अध्ययन-अनुसन्धान केन्द्रको २०७६ बैशाष ८ गते पाचौं र २०७६ मंसीर ३० गते छटौं गरि दुई बैठकहरु भएका छन् । अध्ययन अनुसन्धानको लागि अवधारणा पत्र र बजेटहरु तयार गरी पार्टीहरुका नेताहरु र सरकार समक्ष सहयोगको लागि अनुरोध गरिएको जानकारी गराउछु । अध्ययन-अनुसन्धान कार्यहरु जारी छन् ।

**सल्लाहकार समिति**

प्रतिष्ठानको सल्लाहकार समितिको दोस्रो बैठक २०७६ कार्तिक ८ गते बसेको थियो । बैठकमा प्रतिष्ठानको अध्यक्षज्यूले प्रतिष्ठानले १८ औं साधारण सभा पछि गरेका काम र आएका समस्याहरु बारे जानकारी गराएपछि सल्लाहाकारज्यूबाट सुझाव सल्लाहहरु दिने काम भएको थियो । सबै सल्लाहकार ज्यूबाट प्रतिष्ठानको जमीन भोगाधिकार कायम राख्ने वा लिजमा जाने सम्बन्धमा नेपाल सरकारसंग छलफल गरि समाधान खोज्नु पर्ने प्रतिष्ठानको जमीन र भवनहरु उपयोग सम्बन्धमा अल्पकालिन र दिर्घकालीन योजना बनाएर कार्यसमिति र सल्लाहकार समितिको सयुक्त बैठक राखी छलफल गरि निष्कर्षमा पुग्नु पर्ने सुझाव-सल्लाहहरु प्राप्त भएका छन् ।

**सहकारी अध्ययन-अनुसन्धान तथा तालिम केन्द्र**

तुलसी लाल स्मृति प्रतिष्ठान

प्रतिष्ठान अन्तरगत रहेको यस अध्ययन अनुसन्धान तथा तालिम केन्द्रको २०७५ चैत्र २९ गते र २०७६ पौष ७ गते दुईवटा बैठकहरु बसेको थियो । यस बैठकमा नयाँ थपिएका उप-संयोजक श्री धर्मदत्त देवकोटा र सदस्य श्री हरि रोक्काको पनि उपस्थिति थियो । यहाँ के कुरा स्मरण गराउन चाहान्छु भने २०७४ जेष्ठ २४ प्रतिष्ठानका अध्यक्ष श्री गोपाल शाक्यको संयोजकत्वमा श्री सुदर्शन ढकाल, श्री ऋषि राज घिमिरे, श्री कृष्ण प्रसाद दाहाल, चार सदस्य समिति निर्माण गरिएको थियो । यसको सल्लाहकारमा श्री केशब वडाल र श्री पशुपति चौलागाई हुनुहुन्छ ।

३ नं. प्रदेशको कृषि सहकारीहरुको बारे अध्ययन अनुसन्धान गर्ने प्रस्ताव प्रदेश ३ का कृषि मन्त्रीज्यू समक्ष पठाएकोमा सहमति-स्वीकृति हुन सकेन । अध्ययन-अनुसन्धान एवं तालिम कार्यहरु कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा यस सहकारी अध्ययन अनुसन्धान तथा तालिम केन्द्रको अवधारणा पत्र तयार पारी छलफल जारी राखिएको छ ।

**– आशुतोष प्रिन्टर्स बारे**

२०७५ माघमा आशुतोष प्रिन्टर्सका प्रोपराइटर शीतल शाहसंग एक रोपनी जमीन र एक शटर भाडामा दिने गरि संझौता गरेकोमा, संझौता अनुसार समयमा वहाल रकम नबुझाएको हुदाँ २०७६ भाद्र ७ गते बसेको कार्यसमिति बैठकले उक्त संझौता रद्द गरि ३५ दिन भित्र सटर र जमीन खाली गर्न सूचना दिने काम भएको छ ।

**समझदारी पत्र (MOU) बारे**

प्रतिष्ठान र चीनको Shanxi Medical University बीच 'August 19, 2019 मा समझदारी पत्रमा हस्ताक्षर गरिएको छ । Shanxi Medical University संग सहकार्य अगाडि बढाउने सम्बन्धमा गृह कार्य गर्नका लागि प्रतिष्ठानका महासचिव हिमबहादुर क्षेत्रीको संयोजकत्वमा सचिव डा. सुमित्रा अमात्य, सह-कोषाध्यक्ष बाबुराम थापा र कार्यसमितिका सदस्यहरु नरेश्वर ज्ञवाली, तारामान जोशी र प्रतिभा श्रेष्ठ रहेको एक कार्यदल गठन गरिएको छ ।

**– प्रतिष्ठानका आजीवन र साधारण सदस्यहरु थप गरिएको सम्बन्धमा**

२०७५/१२/२९ गते बसेको कार्यसमिति बैठकले आजीवन र साधारण सदस्यका लागि निम्न आवेदनहरु स्वीकृत गरेको छ । आवेदन दिने सदस्यहरुको नाम तल उल्लेख गरिएको छ ।

| क्र.स | नाम, थर | सदस्य |
|---|---|---|
| १ | श्री कृष्णवीर व्यञ्जनकार | आजीवन सदस्य |
| २ | श्री राजु व्यञ्जनकार | आजीवन सदस्य |
| ३ | श्री नारदमणि बास्तोला | आजीवन सदस्य |
| ४ | श्री विकास वज्रचार्य | साधारण सदस्य |
| ५ | श्री प्रेम सिंह महर्जन | साधारण सदस्य |
| ६ | श्री हरि प्रसाद काफ्ले | साधारण सदस्य |

तुलसी लाल स्मृति प्रतिठान

**–प्राविधिक शिक्षालय संचालन तयारी सम्बन्धमा**

२०७५/१२/२१ मा प्रतिष्ठानको १५ औं कार्य समिति बैठकले प्रतिष्ठानका सचिव डा. सुमित्रा अमात्यको संयोजकत्वमा श्री नरेश्वर ज्ञवाली र तारामान जोशी सदस्य रहेको कार्यदललाई गृह कार्यको जिम्मा दिएको थियो । लामो समय सम्म त्यस कार्यदलले गृह कार्य गरेर गरी २०७६ पौष ७ गते कार्यदलको बैठक बसी प्राविधिक

शिक्षालयमा कुन कुन विषयमा कसरी स्विकृति लिएर संचालन गर्ने सम्बन्धमा विस्तृत प्रस्ताव तयार पारी २०७६ पौष ११ गते कार्य समितिको बैठकमा पेश गरिएको छ ।

**सिच्वान विश्व विद्यालयका चिनियाँ मित्रहरुलाई स्वागत**

२०७५ चैत्र १३ (24 March 2019) को दिन प्रतिष्ठानले सोल्टी होटल काठमण्डौमा पूर्व-प्रधानमन्त्री माननीय माधव कुमार नेपालको प्रमूख आतिथ्यतामा सिच्वान विश्व विद्यालयका उपाध्यक्ष श्री Yan Shojing र China center for South Asian Studies का Director General Sun Shihai अन्य वहाँसंगै आउनु भएको चीनीया मित्रहरुलाई नेपालमा हार्दिक स्वागत गर्दै रात्री भोजको आयोजना गरेको थियो, उक्त अवसरमा ४० जना भन्दा बढी बौद्धिक व्यक्तित्वहरुको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम भएको थियो । उक्त अवसरमा एक आपसका अनुभवहरु आदान प्रदान गर्ने नेपाल-चीनको मित्रतालाई जन स्तरमा अझै विस्तार गर्न सहकार्यहरु गर्ने तर्फ पहल गर्ने समझदारी बनेको जानकारी गराउन चाहान्छु ।

**वार्षिक कार्ययोजनाको समिक्षा**

२०७५/०७६ को लागि प्रतिष्ठानको १८ औं साधारण सभाले १६ बुदें कार्ययोजना पारित गरेको थियो । त्यसमध्य धेरै कार्ययोजना कार्यान्वयन भएका छन् ।

तुल्सी लाल स्मृति प्रतिष्ठान हस्तान्तरणको काम ललितपुर महानगरपालिकासंग पत्राचार भएको तर रंगरोगनमा बजेट राख्न गरेको अनुरोध पूरा हुन सकेन र हस्तान्तरणको कार्य सम्बन्धमा भारतीय दुतावास समक्ष पहल महानगरपालिकाले गरेन ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल प्राविधिक शिक्षालय संचालनको गृह कार्य जारी छ । सहकारी विज्ञ साथीहरु माझ अन्तरक्रिया बैठकहरु भएका छन् तर राष्ट्रिय स्तरको गोष्ठी गर्न सकिएन ।

नेपालको किसान आन्दोलनको अध्ययन अनुसन्धान कार्य प्रारम्भ गर्ने कार्यहरु भएका छन् गृह कार्य जारी छ । आउने वर्ष यसले ठोस आकार लिनेछ ।

वार्षिक कार्ययोजना प्रस्तुत गर्दा नै राम्रो गृह कार्य गरेर प्रस्तुत गर्नु पर्दो रहेछ भन्ने अनुभव भएकोछ ।

प्रतिष्ठानले आफ्नो उद्देश्य अनुरुप दिर्घकालिन र अल्पकालिन कार्यक्रम-कार्ययोजना तयार पार्न आवश्यकता रहेको जानकारी पनि गराउन चाहान्छु ।

**वार्षिक कार्ययोजना २०७६/०७७**

1. यस वर्ष प्रतिष्ठानले आफ्नो उद्देश्य अनुरुपको दिर्घकालिन र अल्पकालिन कार्यक्रम-कार्ययोजनाहरु निर्माण गर्नेछ ।
2. प्रतिष्ठान अर्न्तगत रहेको नेपालको लोकतान्त्रि एवं कम्युनिष्ट आन्दोलनको अध्ययन अनुसन्धान केन्द्रको काम जारी राख्ने ।
3. प्रतिष्ठान अर्न्तगत रहेको सहकारी अध्ययन अनुसन्धान तथा तालिम केन्द्रको कार्य जारी राख्ने ।

4. विभिन्न संघ संस्थाहरुसंगको सहकार्य जारी राख्ने-तुल्सी लाल जेष्ठ नागरिक स्वास्थ्य सेवाको कामलाई जारी राख्ने ।
5. तुल्सी लाल स्मृति केन्द्रीय पुस्तकालयलाई नियमीत संचलन गर्नेको लागि नेकपाको नेतृत्व समक्ष अनुरोध गर्ने र पार्टीसंग समझदारी-गरि सहकार्यको लागि आवश्यक संरचना निर्माण गर्ने ।
6. तुल्सी लाल स्मृति हाजिरी जवाफ कार्यक्रम जारी राख्ने ।
7. तुल्सी लाल स्मृति रक्तदानको कार्यक्रम जारी राख्ने ।
8. प्रतिष्ठानको जमीन सम्बन्धी समस्या हल गर्नका लागि नेपाल सरकारसंग वार्ता गर्ने ।

हिबहादुर क्षेत्री
महासचिव
तुल्सी लाल स्मृति प्रतिष्ठान

तुल्सी लाल स्मृति प्रतिठान

# तुल्सी लाल स्मृति प्रतिष्ठानको २० औं साधारण सभामा महासचिव हिमबहादुर क्षेत्रीद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

२० औं साधारण सभाका अध्यक्षज्यू

प्रमुख अतिथि एवं विशेष अतिथिज्युहरू

प्रमुख संरक्षक र संरक्षकज्यूहरू

कार्य समितिका पदाधिकारी र सदस्य साथीहरू

उपस्थित आजीवन र साधारण सदस्यज्यूहरू

आज २०७७पौष १५ गते यस प्रतिष्ठानको २० औं वार्षिक साधारण सभाको लागि यहाँ उपस्थित भएका छौं । विगतका साधारण सभाहरू भन्दा यो साधारण सभा विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको कारणले, असामान्य परिस्थितीमा, भौतिक दुरी कायम गरी यो हलमा उपस्थित भएका छौं ।यहाँ उपस्थित हुनु भएका अतिथिगण र प्रतिष्ठानका सदस्य माहानुभावहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु ।यस बीच प्रतिष्ठानका सल्लाहकार सदस्य प्रा.डा. राममान श्रेष्ठज्यूको असामयीक निधनले हामी दुखी भएका छौं । वहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

हाम्रो मुलुक पनि कोरोना महामारीको चपेटमा परेको हुँदा गत चैत्र ११ गतेदेखि गरिएको लकडाउन र तत्पश्चात पनि कोरोनाको सन्त्रासले गर्दा गत साधारण सभाद्वारा निर्धारण गरेका केही  कार्यक्रम र लक्ष्यहरू पुरा गर्न अवरोध सिर्जना भएको तितो यर्थाथता यहाँ उल्लेख गर्न चाहन्छु ।

यस बीच मुलुकको राजनीतिमा व्यापक उतार-चढाव आएको छ। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको अन्तरविरोध र द्वन्दले गर्दा संसद विघटन हुन पुगेको छ। सरकारले नयाँ जनादेशको लागि वैशाख १७ र २७ गते संघीय संसदको निर्वाचनको घोषणा गरेको छ। नेपालको कम्युनिष्ट आदोलनमा विभाजनकारी प्रवृत्ति हावी हुंदा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को नाउमा २ अलग-अलग समूहहरू अस्तित्वमा आएका छन् । जसले गर्दा पार्टी कार्यकर्ता, सदस्य, शुभ चिन्तक र आम जनतामा व्यापक नैराश्यता उत्पन्न गरेको छ । कतै मुलुक फेरि राजनितिक अस्थिरता तर्फ उन्मुख हुनगइरहेको त छैन ?कतै मुलुकमा दक्षिणपन्थी अवसरवाद र वामपन्थी उग्रवादले प्रश्रय त पाउने होइन ?जस्ता प्रश्नहरू उब्जिनुका साथै व्यापक चिन्ता र चासो उब्जिरहेका छन् । तुल्सी लाल स्मृति प्रतिष्ठान सदैव कम्युनिष्ट आन्दोलनको एकताको पक्षमा दृढता पूर्वक उभिदै आएको सर्वविदितै

छ । नेपालको कम्युनिष्ट आन्दोलनलाई फेरी एकपटक एकताबद्ध गरी समाजवाद उन्मुख कार्यक्रमको सफल कार्यान्वयनद्वारा समाजवाद स्थापनाको दिशामा मुलुकलाई अग्रसर गराउन ठूलो चुनौती उत्पन्न भएको छ ।

गएको वर्ष २०७६ पौष २६ गते यस प्रतिष्ठानको १९ औं वार्षिक साधारण सभा पूर्व प्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता कामरेड झलनाथ खनालज्यूको प्रमुख आतिथ्यतामा 'तुल्सी लाल अमात्यः एक आर्दश ब्यक्तित्व' नामक पुस्तकको सामुहिक लोकार्पण गरिएको थियो ।

प्रचार-प्रसार गर्ने उद्देश्यले उक्त पुस्तक देश भरिका पुस्तक पसलहरूमा पठाइएको छ । जसले गर्दा तुल्सी लाल अमात्यको जिवनि बारे युवा पुस्ताहरूमा पनि चासो बढेको जानकारी प्राप्त भएको छ ।

विश्व ब्यापी रुपमा फैलिएको कोरोना महामारीबाट नेपाल पनि अछुतो रहन सकेन । नेपाल सरकारबाट २०७६ चैत्र देखि २०७७ जेष्ठसम्म तीन महिना लामो लकडाउन घोषणा गरिएको सर्वविदितै छ । हिडडुल गर्न प्रतिबन्ध लगाएको हुंदा यस अवधिमा प्रतिष्ठानका कार्यहरू पनि प्रायःठप्प हुन पुगे । लकडाउन आंशिक रुपमा खोल्न शुरु भए लगतै २०७६ अषाढ ८ गते प्रतिष्ठानको २३ औं कार्य समिति बैठक बसेको थियो । उक्त बैठकले २३ औं तुल्सी लाल स्मृति दिवसका कार्यक्रमहरू शारिरीक दुरी कायम गर्दै मास्क लगाएर नै भए पनि सम्पन्न गर्ने निर्णय गरेको थियो ।

तुल्सी लाल स्मृति प्रतिठान

कोराना महामारी बीच पनि २३ औ तुल्सी लाल स्मृति दिवसको अवसरमा २०७७श्रावण १५ गते बिहान तुल्सी लाल स्मृति भवनको हाता भित्र विभिन्न प्रकारका फलफूल रजडीबुटीका विरुवाहरू रोप्ने कार्य भयो । उक्त कार्यक्रमकोअध्यक्षता प्रतिष्ठानका अध्यक्षज्यूले गर्नु भएको थियो । प्रमुख अतिथि वक्ताको रुपमा पूर्व मन्त्री शान्ता मानवि हुनुहुन्थ्यो भने अन्य विशिष्ठ अतिथिहरूमा प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, माननीय ज्ञानेन्द्र शाक्य, माननीय माया ज्ञवाली र नेकपा ललितपुर जिल्ला अध्यक्ष हरिकृष्ण ब्यञ्जनकार हुनुहुन्थ्यो । प्रतिष्ठानका संरक्षक डा. दिवस अमात्य र अन्य विशिष्ठ व्यक्तिहरूको पनि उपस्थिति थियो । यस कार्यक्रममा करीव १०० जना विद्यार्थी र बुद्धिजिवीहरूको उपस्थिति रहेको थियो ।स्वयंसेवकको भूमिकाको रुपमा तुल्सी लाल स्मृति स्पोर्टस क्लवको पनि सकृयता रहेको जानकारी गराउन चाहान्छु ।

२०७७श्रावण १७ गते नेपालको लोकतान्त्रिक एवं कम्यूनिष्ट आन्दोलनका शिखर ब्यक्तित्व जननायक कामरेड तुल्सी लाल अमात्य प्रति श्रद्धाञ्जली दिने कार्यक्रमराखिएको थियो । नेकपाका अध्यक्षद्वयको प्रमुख अतिथ्यतामासम्पन्न गर्ने निर्णय गरिएकोमा प्रतिष्ठानसंगको सरसल्लाहमा प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले वक्तव्य जारी गरी कमरेड तुल्सी लाल अमात्य प्रति श्रद्धाञ्जली व्यक्त गर्नु भएको थियो भने अर्का अध्यक्ष

कामरेड प्रचण्डले कार्यक्रममा उपस्थिति भई श्रद्धाञ्जली दिनुका साथै संवोधन पनि गर्नुभएको थियो । विशेष अतिथिको रुपमा उपस्थित पूर्व प्रधानमन्त्री माधव कुमार नेपालज्यूले पनि कार्यक्रममा श्रद्धाञ्जली अर्पण गर्दै संवोधन गर्नु भएको थियो । यस कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष गोपाल शाक्यज्यूले नेकपा (एमाले) र नेकपा( माओवादी केन्द्र) बीच एकता हुंदा प्रतिष्ठानले स्वागत समर्थन गरेको स्मरण गर्दै नेकपामा उत्पन्न संकट-विवाद आदिलाई समाधान गर्न आलोचना र आत्मालोचनाकोकम्युनिष्ट पार्टीको पद्धति र शैलीलाई अपनाउनु पर्ने सुझाव दिनु भएको थियो । साथैवहाँले सम्पूर्ण लोकतन्त्रवादी, देशभक्त, प्रगतीशिल र कम्युनिष्ट शक्तीहरू एक जुट भएर - भ्रष्टचार, वेरोजगारी, गरीवी, अभाव र कोरोना विरुद्ध संघर्ष गर्दै समाजवाद-उन्मुख बाटोतिर अग्रसर हुनु नै तुल्सी लाल अमात्य प्रति सच्चा श्रद्धाञ्जली हुने कुरा व्यक्त गर्दा हलबाट तालिले एक्यवद्धता जनाएको थियो । २०७७श्रावण १७गतेको कार्यक्रम करीव २०० जना महानुभावहरूको उपस्थितिमा सफलतापूर्व सम्पन्न भएको जानकारी गराउदछु ।

२०७७श्रावण १९ गते “नेपालको राजनीतिमा तुल्सी लाल अमात्यको योगदान”, विषयक भर्चुअल विचार गोष्ठीको आयोजना २३ औं तुल्सी लाल समृति दिवसको तेश्रो कार्यक्रमको रुपमा गरिएको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथि वक्ता राष्ट्रिय जनमोर्चाका अध्यक्ष कामरेड चित्र बहादुर केसी हुनुहुन्थ्यो । अन्य वक्ताहरूमा माननीय माधव पौडेल, पूर्वमन्त्री शान्तमानवी रवाम बुद्धीजीवी श्री पुरुषोत्तम न्यौपाने हुनुहुन्थ्यो ।कार्यक्रमको संचालन प्रतिष्ठानका महासचिव हिमबहादुर क्षेत्रीले गर्नु भएको थियो भने कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष गोपाल शाक्यले गर्नुभएको थियो । उक्त कार्यक्रममा ३०-३५ जनाको जुम आइडी माफ्त भर्चुअल उपस्थिति थियो । यस किसिमको कार्यक्रम हाम्रो लागि पहिलो अनुभव भएको हुँदा उपस्थिति कम रहेको पनि जानकारी गराउछु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

प्रतिष्ठानको २३ औं कार्य समिति बैठकले तुल्सी लाल स्मृति संग्रालय निर्माण गर्ने निर्णय गरेको थियो । तदअनुरुप तयारी कार्यहरू गर्न महासचिव हिम बहादुर क्षेत्रीको संयोजकरणमा ७ सदस्यीय कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले विज्ञहरूसंग सरसल्लाह गरी तुल्सी लाल स्मृति भवनमा संग्रालय स्थापना गर्ने कार्यमा अग्रसर भइरहेको जानकारी गराउन चाहान्छु ।

श्री बलराम घिमिरेलाई प्रतिष्ठानको कार्यालय सहयोगीको रुपमा प्रतिष्ठानको सर सफाई तथा सुरक्षा कार्यको जिम्मेवारी तोकी २०७६/११/१ देखि नियुक्ति गरिएको जानकारी गराउन चाहान्छु ।

कोरोना महामारीले गर्दा लगडाउन भएकोले चैत्र, वैशाख र जेष्ठ महिना अवधिको सटर भाडा मिनाहा गर्नुपर्ने मागहरू आइरहेकोमा मिनाहा गर्न नसकिने जानकारी मौखिक रुपमा भाडा सहयोगीहरूलाई गराइएता

पनि मिनाहाको लागि बारम्बार माग आइरहेको छ । यस बारे छलफल गरि निर्णय गर्नको लागि यस साधारण सभालाई अनुरोध गर्दछु ।

प्रतिष्ठानको कार्य समितिको २४ औं बैठक २०७७/४/३ मा सम्पन्न भएको थियो । उक्त बैठकले २३ औं तुल्सीलाल स्मृति दिवसको अवसरमा गरिएका कार्यक्रमहरू कोरोना भाइरस महामारीको बाबजुद पनि सफलतापूर्व सम्पन्न भएको मूल्याङ्कन गरिएको जानकारी गराउदछु ।

प्रतिष्ठानको २४ औं बैठकले सर्वाङ्ग अस्पतालले राखेको प्रस्ताव उपर छलफल गरि उक्त अस्पतालसंग सहकार्य गर्नको लागि प्रतिष्ठानका उपाध्यक्ष माननीय कृष्णलाल महर्जनको संयोजकत्वमा सचिव डा. सुमित्रा अमात्य, सह-कोषाध्यक्ष बाबुराम थापा, कार्य समितिका सदस्यहरू अष्टमान महर्जन, हरिकृष्ण ब्यञ्जनकार, नरेश्वर ज्ञवाली समिलित ६ सदस्यीय कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले अस्पतालको निरिक्षण गरी अस्पताल संचालकहरूसंग पटक-पटक छलफल बैठकहरू सम्पन्न गरेको छ ।

२०७७श्रावण ३० गते प्रतिष्ठानको कार्यसमितिको २५ औं बैठकलेवागमती प्रदेश सरकारबाट प्राप्त रू. ३० लाख पूंजीगतअनुदान रकम खर्च गर्ने उद्देश्यलेतुल्सी लाल स्मृति प्रतिष्ठान उपभोक्ता समिति, २०७७ निम्न अनुसार गठन गरेको जानकारी गराउछु ।

तुल्सी लाल स्मृति प्रतिठान

१. अध्यक्ष - श्री गोपाल शाक्य
२. सचिव - श्री हिम बहादुर क्षेत्री
३. कोषाध्यक्ष - श्री अष्टमान महर्जन
४. सदस्य - डा. सुमित्रा आमात्य
५. सदस्य - श्री सुरेन्द्र मोहन शर्मा
६. सदस्य - श्री राजेन्द्र ब्यञ्जनकार
७. सदस्य - श्री तारामान जोशी
८. सदस्य - श्री प्रतिभा श्रेष्ठ
९. सदस्य - श्री चन्द्र बहादुर श्रेष्ठ
१०. सदस्य - श्री चतुर ब्यञ्जनकार

३० लाख रकमबाट हलमा विद्युत जडान, फलोरिङ्ग, स्टेज र शौचालयहरू निर्माण गर्नुका साथै तुल्सी लाल स्मृती भवनको भित्र-बाहिर रंग-रोगनको कार्यहरू छिटै शुरुगरिने जानकारी गराउदछु ।

**अन्य केही समस्याहरू**

कोरोना महामारीको कारण २०७६/७७ को लागि निर्धारित केहीकार्य र योजनाहरू कार्यन्वयन हुन नसकेको कुरा माथि नै उल्लेख गरिसकेको छ। अध्ययन - अनुसन्धानका कार्यहरू सुस्तगतिमा जारी छन् ।यो वर्ष रक्तदान र हाजिरीजवाफका कार्यक्रमहरू हुन सकेनन्। त्यस्को सट्टा वृक्षारोपण र भर्चुअल विचार गोष्ठी आयोजनागरिएको जानकारी माथि नै उल्लेख भैसकेको छ।

२०७७ कार्तिकको अन्त्य देखि नेकपाको पार्टी स्कूल विभाग धुम्वाराहीमा सरेको हुंदा ४ वटा कोठाहरू खालि भएका छन् । कोरोनाको कारण पछाडिको सानो भवनमा पनि चार कोठाहरू खाली भएका छन् । ५ वटा सटरहरू मध्य अहिलेसम्म ३ वटा खालि भएका छन् । नेकपा विदेश विभागका लागि लिइएका तीनवटा कोठाहरूको सहयोग रकम पनि प्राप्त भएको छैन । कोरोनाको कारण प्रतिष्ठानको प्रमुख आय श्रोतमा पनि कमि आएको छ। भाडामा गएका सटरहरू लकडाउनको कारणले व्यापार नभएको हुंदा मिनाहाका लागि माग आइरहेको छ ।आसुतोष प्रिन्टर्सका सीतल शाहले लामो समयसम्म पनि भाडा नतिरेको हुंदा उनिसंग गरिएको सम्झौता रद्द गरिएको छ। औपचारिक जवाफ आएको छैन । २०७७ मंसिरसम्म उनीबाट रू. ६,८०,०००/- भाडा स्वरुप उठाउन बाँकी रहेको छ। ३५ दिन भित्र खालि गर्न पत्र पठाएकोमा धेरै लगानि भइसकेकोले अरु केही समय दिनु पर्ने माग गरेका छन् ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

**वार्षिक कार्य योजना २०७७/७८**

१. तुल्सी लाल स्मृति भवन रंग रोगन गर्ने
२. तुल्सी लाल स्मृति भवनको तेश्रो तल्लाको हलमा स्टेज बनाउने, विद्युत जडान गर्ने
३. वजेट प्रयाप्त भएमा फ्लोरिङ्ग गर्ने र शौचालयहरू बनाउने ।
४. तुल्सीलाल स्मृति संग्रालय स्थापना र निर्माण गर्ने ।
५. तुल्सी लाल अमात्यका रचनाहरू प्रकाशित गर्ने ।
६. अध्ययन अनुसन्धानको कार्य जारी राख्ने ।
७. तुल्सी लाल स्मृति पुस्तकालय खोल्ने ।
८. स्वास्थ्य सेवाका कार्यहरू सम्पन्न गर्नका लागि अन्य संस्थाहरूसंगको सहकार्यहरूलाई विस्तार गर्ने ।
९. तुल्सी लाल स्मृती स्पोर्टस क्लवसंगको सह-कार्यलाई अघि बढाउने ।

धन्यवाद ।

२०७७/०९/१५

# तुल्सी लाल स्मृति प्रतिष्ठानको २१ औं साधारण सभा

२१ औं साधारणसभामा महासचिव हिम बहादुर क्षेत्रीद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

२१ औं साधारणसभाका अध्यक्षज्यू

प्रमुख अतिथि एवं विशेष अतिथिज्यूहरु

प्रमुख संरक्षक र संरक्षकज्यूहरु

कार्य समितिका पदाधिकारी र सदस्य साथीहरु

२०७७ पौष १५ गते प्रतिष्ठानको २० औ साधारणसभा सम्पन्न भएको ठीक एक वर्ष पछि आज २१ औं साधारणसभाका लागि हामी यहाँ उपस्थित भएका छौ । यो एक वर्षको अवधिमा कोरोना महामारीका कारण प्रतिष्ठान अन्तंगतको सहकारी अध्ययन अनुसन्धान तथा तालिम केन्द्रका सल्लाहकार, नेकपा (एमाले)का पोलिट ब्यूरो सदस्य एवं केन्द्रीय सहकारी विभागका उपप्रमुख पशुपति चौलागाई, प्रतिष्ठानका सल्लाहकार डा गोविन्द बहादुर थापा ,प्रतिष्ठान अर्न्तगत गठित नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनको अध्ययन अनुसन्धान केन्द्रका सदस्य एवं प्रतिष्ठानको कास्की शाखाका अध्यक्ष महेन्द्र कतिला र प्रतिष्ठान अर्न्तगत गठित अध्ययन अनुसन्धान केन्द्रका सदस्य जीवन मगर,जो नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनको नेता पनि हुनुहुन्थ्यो, लाई गुमाउनु प-यो । त्यस्तै नेपालको वाम-लोकतान्त्रिक आन्दोलनका वरिष्ठ नेता विष्णुबहादुर मान्नधरको असमायिक निधन भएको छ । दिवङ्गत हुनु भएका वहाँहरुलाई पुनः एक पटक स्मरण गर्दै श्रध्दा सुमन अर्पण गर्न चाहान्छु । वहाहरुले प्रतिष्ठानको विभिन्न गतिविधि तथा कार्यहरुमा महत्वपूर्ण भूमिकाहरु निर्वाह गर्नुभएको थियो । वहाँहरु सबै प्रतिष्ठानको इतिहासमा चीर स्मरणीय रहनुहुनेछ ।

अब म प्रतिष्ठानसँग सम्बन्धित विभिन्न गतिविधिहरु बारे उल्लेख गर्न चाहन्छु ।

२० औं साधारणसभा सम्पन्न भएपछिको यो एक वर्षको अवधिमा कोरोना महामारी बीच पनि स्वास्थ्य मापदण्डहरु अपनाउदै कार्यसमितिको आठ र सचिवालयको दुई बैठकहरु सम्पन्न भएका छन् ।

२०७७/७८को वार्षिक कार्य योजना अनुरुप तुल्सी लाल स्मृति भवनको रङ्गरोगन तथा तेश्रो तल्लामा स्टेज र्निमाण, फलोरिङ्ग, विद्युत जडान र शौचालय निर्माण कार्यहरु, वागमती प्रदेश सरकारबाट प्राप्त अनुदान सहयोग रु ३० लाखमा सम्पन्न भएका छन् । निर्धारित कार्यहरु सफलतापूर्वक सम्पन्न गरेकोमा प्रतिष्ठान अर्न्तगतको उपभोगता समितिलाई धन्यवाद दिन चाहन्छु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

नेकपा (एमाले) केन्द्रीय कार्यलयसँग सहकार्य गरि तुल्सी लाल स्मृति पुस्तकालय, संग्रालय र नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनको अध्ययन अनुसन्धानको कार्यलाई अगाडि बढिरहेको जानकारी गराउँछु ।यसको लागि  पुस्तक र फोटो संकलनका कार्यहरु जारी छन् । नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनमा विशेष योगदान गरेका ३५ जना नेताहरुको जीवनी सहित अन्तरवार्ता लिने काम भएको छ । जननायक कमरेड तल्सी लाल अमात्यकद्वारा लिखित पुस्तक "वुद्ध, वुद्धत्व र वुद्ध दर्शन" को दाश्रो सस्करण, २००० प्रति, प्रकासित गर्ने काम सम्पन्न भएको छ ।

यस बीच अभियान कृषि सहकारी सस्थासँग तुल्सी लाल कृषि सहकारी बजार निर्माण गर्ने सैद्धान्तिक सहमति गरिएको थियो । यसका लागि नक्सा आदि बनाएर सम्झौता हुन बाँकी रहदाँ नै नेकपा (एमाले) केन्द्रीय कार्यलय र प्रतिष्ठानको अनुरोधमा वहाँहरु  पछि हट्न सहमत हुनुभयो । हामी दुबै पक्षको आपसी समझदारीमा नै उक्त  सैद्धान्तिक सहमतिलाई रद्द गर्ने निर्णय गरेका थियौं । अभियान कृषि सहकारी सस्थासँग भन्दा नेकपा (एमाले)सँगको सम्झौता एवं सहकार्यले प्रतिष्ठानको विधानले निंधारण गरेका उद्देश्य र लक्ष्यहरु हासील गर्न बढि सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

अब म  नेकपा (एमाले) केन्द्रीय कार्यालयसँग  भएका दुईवटा सम्झौताहरु बारे संक्षिप्त विवरण उल्लेख गर्न चाहन्छु ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

२०७८ श्रावण २५ गते तुल्सी लाल स्मृति प्रतिष्ठानले नेकपा (एमाले)संग सहकार्य गरी नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलन बारे अध्ययन अनुसन्धान गर्न तथा तुल्सी लाल स्मृति केन्द्रीय पुस्तकालय सञ्चालन गर्न सम्झौता भएको थियो । यस सहकार्य अर्न्तगत नेकपा (एमाले)ले हल र कोठाहरु  प्रयोग गरे वापत सहयोग स्वरुप मासिक रु दुई लाख प्रतिष्ठानले प्राप्त गर्ने छ ।

त्यसै २०७८ कार्तिक ५मा नेकपा (एमाले)सँग प्रतिष्ठान अर्न्तगत भइरहेको नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनको अध्ययन अनुसन्धानको कार्यलाई अगाडि बढाउन  र तुल्सी लाल स्मृति केन्द्रिय संग्रालय निर्माण र संचालन गर्न सहकार्य  गर्ने उद्देश्यले दोश्रो सम्झौता पनि गरिएको थियो । त्यस प्रयोजनको लागि प्रतिष्ठानको हकभोगमा रहेको तीन रोपनी दुई आना तीन पैसा एक दाम जमिनमा एक ठूलो हल र कोठाहरु निंमाण गरिनेछ । उक्त निंमाणको लागि लाग्ने पूँजीको व्यवस्था नेकपा (एमाले)ले नै गर्नेछ । यहि सम्झौता अर्न्तगत भवनको ए ब्लकको ५ वटा सटरहरु, अहिले लाईबेरी रहेको क्षेत्र र वि ब्लकको दोश्रो तल्लाको पूर्वपट्टी पार्टी स्कूल सञ्चालन गरेको क्षेत्रहरु नेकपा (एमाले)ले उपयोग गर्ने छ । यस बापत नेकपा (एमाले) ले मासिक रु २ लाख प्रतिष्ठानलाई सहयोग गर्नेछ ।

नेकपा (एमाले)सँगको सहकार्यले जननायक कमरेड तुल्सी लाल अमात्य संलग्न रहेको पार्टी नेकपा (एमाले)सँग प्रतिष्ठानको सम्बन्ध लाई अझै घनिष्ठ बनाएको छ । नेकपा (एमाले)ले प्रतिष्ठानको

भवनमा आयोजना गरेका विभिन्न बैठक, कार्यक्रम र गतिविधीहरुले राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा तुल्सी लाल स्मृति प्रतिष्ठानको व्यापक प्रचारप्रसार हुन पुगेको छ ।

## अन्य भाडा सहयोग सम्बन्धमा:

मुख्य भवनको पछाडि अवस्थित भवनको तीन वटा सटहरु मासिक ६०,००० र उक्त भवनको माथिल्लो तल्लामा रहेका चार वटा कोठाहरु नेकपा (एमाले) वागमती प्रदेश कार्यालयलाई मासिक रु ४०,००० मा दिने सम्झौता भएको छ । यस प्रकार प्रतिष्ठानलाई उक्त भवनबाट मासिक रु १ लाख प्राप्त हुन्छ । तर कोरोनाले गर्दा भाडा मिनाहाका लागि अनुरोध भइआएकोमा कार्य समितिको बैठकले बाँकि सबै रकम चुक्ता गर्ने शर्तमा दुई महिनाको भाडा मिनाहा गर्ने निर्णय गरेको छ । आसुतोष प्रिन्टर्सका सीतल शाहले लामो समयदेखि सम्झौताको सर्त पालना नगरेकोले सम्झौता रद्द गरि बाँकि सबै रकम असुल्नको लागि कार्य समितिले पहल जारी राखेको छ । उनले बाँकि सबै रकम तिर्नको लागि ६ महिनाको समय मागेका छन् ।

ने क पा(एमाले) सँग भएका दुबै सम्झौताबाट मासिक रु ४ लाख र पछाडि पट्टिको भवनबाट रु १ लाख गरि प्रतिष्ठानले मासिक रु ५ लाखको स्थायी आर्थिक स्रोत जुटाउन सफल भएको छ ।

तुल्सी लाल स्मृति दिवस २०७८ श्रद्धाञ्जली कार्यक्रम र "नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनमा जननायक कमरेड तुल्सी लाल अमात्यको योगदान" विषयको विचार गोष्ठि आयोजना गरी सम्पन्न गरिएको थियो । प्रतिष्ठानका अध्यक्ष श्री गोपाल शाक्यको अध्यक्षता र प्रतिष्ठानका संरक्षक, नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनका वरिष्ठ नेता एवं पूर्व मन्त्री श्री केशव प्रसाद बडाल ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न श्रद्धाञ्जली कार्यकममा तुल्सी लाल अमात्यको शालिकमा मालाअर्पण र फूलहरु चढाइएको थियो । उक्त कार्यकममा ६०/७० जनाको उपस्थिती थियो ।

तुल्सी लाल स्मृति प्रतिष्ठान

नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनमा जननायक तुल्सी लाल अमात्यको योगदान विषय विचार गोष्ठी पूर्वप्रधान मन्त्री एंव नेकपा (एमाले) अध्यक्ष श्री के पी शर्मा ओली ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त गोष्ठी कोरोना महामारीका बीच सम्पन्न भएका कारणले ४० /५० जनाको मात्र भौतिक उपस्थिती रहेता पनि भर्चुयल माध्यमबाट करिब २५० जना जोडिनु भएको थियो । भर्चुयल गोष्ठीमा सहयोग पु-याएकोमा नेपाल राष्ट्रिय शिक्षक संगठनलाई धन्यवाद दिन चाहन्छु ।

गोष्ठीका वक्ताहरुमा नेकपा (माओवादी केन्द्र)का गणेश शाह, नेपाली कांग्रसका माननीय जीतेन्द्र नारायण देव, प्रतिष्ठानका संरक्षक डा. दिवस अमात्य, प्रतिष्ठानका महासचिव हिम बहादुर क्षेत्री हुनुहुन्थ्यो भने प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष माननीय माधव प्रसाद पौडयालले स्वागत मन्तब्य

दिनुभएको थियो । प्रमुख अतिथि के.पी शर्मा ओली ज्यूले नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनको अग्रणी नेता तुल्सी लाल अमात्यको योगदानको उच्च मूल्याङ्कन र सम्मान प्रकट गर्नु हुदै वहाँप्रति श्रद्धासुमन अर्पण गर्नुभएको थियो । प्रतिष्ठानका अध्यक्षले नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनमा टुट फुट र विभाजन होइन एकता आवश्यक छ, गुटगुटको खेलबाट माथि उठेर नेकपाको एकता जोगाउन र वामपन्थी एवं लोकतान्त्रिक शक्तिलाई बलियो बनाउनका लागि कमरेड के पी शर्मा ओलीलाई अनुरोध गर्नुभएको थियो ।

सामाजिक विकास रुपान्तरण, नेपाल र तुल्सी लाल स्मृति प्रतिष्ठान बीच सहकार्यमा तुल्सी लाल ज्येष्ठ नागरिक स्वास्थ सेवा कोरोना महामारीका कारणले नियमित रुपले सञ्चालन हुननसके पनि हालसालै मुटुका रोगीहरुलाई लक्षीत गरि स्वास्थ शीवीर सफलतापूर्वक सम्पन्न भएको थियो । करिब २०० जना मुट रोगीहरुले उक्त शीवीरमा जचाएर औषधी इ सी जी सेवा, निःशुल्क लिएका थिए । उक्त शीवीरको उद्घाटन प्रतिष्ठानका अध्यक्ष र उपाध्यक्षले संयुक्त रुपमा गरि आ आफ्ना स्वास्थ परीक्षण समेत गराउनु भएको थियो ।

तुल्सी लाल स्मृति प्रतिठान

**<u>नयाँ सदस्यता थप बारेः</u>**

प्रतिष्ठानको २० औं साधारणसभा पछि सदस्यताका लागी प्राप्त भएका आवेदनहरु मध्यबाट निम्न लिखित व्यक्तिहरुलाई सदस्यता प्रदान गरिएको छ ।

१. आनन्द प्रसाद पोखरेल - आजीवन सदस्य

.२. मीन प्रसाद गैरे - आजीवन सदस्य

३. अप्सरा चापागाई घिमिरे - आजीवन सदस्य

४. रत्न महर्जन - आजीवन सदस्य

५. सुरेन्द्र कुमार घिमिरे - आजीवन सदस्य

६. ज्ञानी रत्न शाक्य - साधारण सदस्य

७. जिवन मगर - साधारण सदस्य

८. विष्णु पोखरेल - साधारण सदस्य

तल्सी लाल स्पोंटस क्लब र अन्य गतिविधि बारे:

कोरोना महामारी बीच पनि स्पोंटस क्लबका साथीहरु सक्रिय हुनुहुन्छ । वहाँहरुले प्रतिष्ठानका सबैजसो कार्यक्रमहरुमा स्वयमसेवकको रुपमा खटिएर काम गर्नुभएको छ । यसको लागि प्रतिष्ठानको तर्फबाट वहाँहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

## जननायक कमरेड तुल्सी लाल अमात्यलाई नेपाल सरकारले दिएको सम्मान महाउज्जवल राष्ट्रदीप नलिने निर्णय सम्बन्धमा:

७ औं संविधान दिवसको अवसरमा नेपाल सरकारले कमरेड तुल्सी लाल अमात्यलाई "महाउज्जवल राष्ट्रदीप" (मरणोप्रान्त) द्वारा सम्मानित गरिएको भन्ने समाचार प्रकाशित भएपछि तुल्सी लाल अमात्यका परिवारजनको उपस्थितिमा प्रतिष्ठानको कार्यसमितिको बैठक बसि सरकारले हचुवाको भरमा मूल्याङ्कन गरेको तथा वहाँको व्यक्तित्वको अवमूल्यन र अपमान भएको महसुस गरि वहाँललाई प्रदान गरिएको महाउज्जवल राष्ट्रदीप सम्मानलाई अस्वीकार गर्ने निर्णय गरिएको थियो । यस सम्बन्धमा प्रतिष्ठानका महासचिव हिमबहादुर क्षेत्रीद्वारा प्रेश विज्ञप्ती समेत जारी गरिएको थियो ।

## आगामी वर्ष २०७८/७९ को कार्य योजना :

तुल्सी लाल स्मृति प्रतिठान

१. २५ औं तुल्सी लाल अमात्य स्मृती दिवसको अवसरमा स्मारिका प्रकाशित गर्ने ।

२. जननायक तुल्सी लाल अमात्यद्वारा नेवारी भाषामा लेखिएको कृति "सून्यवाद, ब्रम्हावाद र मार्क्सवाद" प्रकाशित गर्ने ।

३. जननायक तुल्सी लाल अमात्य स्मृति ग्रन्थ प्रकाशनका लागि तयारी कार्यमा जुट्ने ।

४ प्रतिष्ठान अर्न्तगत रहेको नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनको अध्यन अनुसन्धान केन्द्र तथा सहकारी आन्दोलनको अध्यन अनुसन्धान केन्द्रका कार्यहरु जारी राख्ने ।

५. तुल्सी लाल ज्येष्ठ नागरिक स्वास्थ सेवासँग सहकार्य गरी स्वास्थ शीवीरहरु सञ्चालनको कार्यलाई जारी राख्ने ।

६. तुल्सी लाल स्पोंटस क्लबसँगको सहकार्यलाई जारी राख्ने ।

७. खेल प्रतियोगिता र रक्त दान कार्यक्रमहरु आयोजना गर्ने ।

८. नेकपा एमालेसँग सहकार्य गरी तुल्सी लाल स्मृति पुस्ताकलय र संग्रालय निर्माणको

कार्यलाई जारी राख्ने ।

# तुल्सी लाल स्मृति प्रतिष्ठानको २२ औं साधारण सभामा प्रतिष्ठानका महासचिव हिम बहादुर क्षेत्री द्वारा प्रस्तुत प्रतिवेदन : मितिः २०७९ पौष १५

श्रेद्धय अध्यक्षज्यु आदरणीय संरक्षक एवम् सल्लाहकारज्युहरु, प्रतिष्ठानका सहकर्मी मित्रहरु र यस साधारण सभामा सहभागी सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा न्यानो अभिवादन । २०७८ पौष १५ गते प्रतिष्ठानको २१औं साधारण सभा सम्पन्न भएको ठिक एक वर्ष पछि आज २२ औं साधारण सभाका लागी हामी यहाँ उपस्थित भएका छौ । तुल्सी लाल स्मृति प्रतिष्ठान मुलुकका एक वरिष्ठ राजनीतिक व्यक्तित्व (तुल्सी लाल अमात्य)को नाममा स्थापित संस्था भएकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक र अन्य प्रमुख घटनाहरु प्रति हामी मूकदर्शक रहन सक्दैनौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा घटित भई रहेका जल्दाबल्दा विषयहरु बारे आफ्ना धारणाहरु स्पष्ट पार्नु समसामयिक मात्र नभएर यसले प्रतिष्ठानको गरिमा लाई अझ अगाडि बढाउने छ । यो एक वर्षको अवधिमा मुलुकभित्र र मुलुकबाहिर दुरगामी असर पार्ने एवं दुरगामी महत्वका कयौं घटनाहरु घटेका छन । विगत तीन वर्ष लामो कोरोना भाईरस महामारीको कारणले शिथिल बनेको विश्व अर्थतन्त्र कोरोना भाईरस सकमण दर कम भए सँगै सुधार उन्मूख रहेकोमा विगत १० महिना देखि जारी रुस-युक्रेन युद्धले गर्दा विश्व अर्थतन्त्र लगायत नेपालको अर्थतन्त्र फेरी नराम्ररी प्रभावित भईरहके ो छ । विश्वव्यापी रुपमा र नेपालमा पनि आर्थिक संकट दिनप्रति दिन बढेर गईरहेको छ । विश्वव्यापी रुपमा खाद्य एवं उर्जा संकट बढ्दै गईरहेको छ । विश्वव्यापी रुपमा नै आपूर्ति श्रृङखला ९कगउउथि अजबष्ल० खलबलिन पुगी कच्चा पदार्थको अभाव र मुल्य वृद्धि को अवस्था सिर्जना भएको छ । सन् २०२३ मा विश्वको अर्थतन्त्र खुम्चिएर आर्थिक वृद्धिदर केबल २.७ प्रतिशत मात्र रहने र आर्थिक मन्दीको अवस्था आउने सक्ने प्रक्षेपण (अन्तर्राष्ट्रिय मुद्रा) कोष गरेको छ । रुस युक्रेन युद्धको असर नेपालको भान्सा सम्म पुगिसकेको छ । नेपाल र युक्रेन बीच सिधा व्यापारिक सम्बन्ध रहेकोले यसले नेपालको अर्थतन्त्रमा नकरात्मक असर पर्नु स्वभाविक हो । युक्रेन बाट नेपालमा औद्योगिक कच्चा पदार्थहरु र खाने तेल आयात हुने गरेको छ । यति लामो समयसम्म रुस र युक्रेन बीच युद्ध चलिरहदा पनि संयुक्त राष्ट्र संघ लगायतका अन्तर्राष्ट्रिय सघं संगठनहरु टुलुटुलु हेरेर बसिरहेका छन । अझ अमेरिका लगायत अन्य नेटो ९ल्बत्इ० राष्ट्रहरुले युक्रेनलाई आधुनिक हतियारहरु र सैनिक सहयोग गरे पछि यसले आगोमा घ्यु थप्ने काम गरको छ । कतै रुस युक्रेन युद्धले आणविक हतियारहरुको प्रयोग र विश्व युद्धलाई निम्त्याउने हो कि ? भन्ने विश्वव्यापी चिन्ता एवं चासो बढिरहेको छ । तुल्सी लाल स्मृति प्रतिष्ठान रुस-युक्रेन युद्धको यथाशिघ्र अन्त्यका लागी युद्धरत दुवै देशलाई वार्ता गर्न र संयुक्त राष्ट्र संघ लगायत अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई युद्ध रोक्नको लागी यथाशिघ्र पहल गर्न आवह्रन गर्दछौं । आज विश्वव्यापी रुपमा शक्ति राष्ट्रहरु बीच बढ्दै गईरहको हात हतियारको होडबाजी तथा सैनिक, राजनीतिक, आर्थिक एवं प्राविधिक टकराव विश्व शान्ति, आर्थिक स्थिरता र प्रगतीको लागी गम्भीर चुनौती बनेर आईरहेको छ । हाल विश्वको सब भन्दा ठुलो अर्थतन्त्र भएका पूंजीवादि मुलुक अमेरिका र विश्वको दोस्रो ठुलो अर्थतन्त्र भएको समाजवादी मुलुक चीन बीच हरेक क्षेत्रमा प्रतिर्स्पधा मात्र नभएर राजनीतिक, सैनिक, आर्थिक एवं प्रावधिक टकराव दिनप्रतिदिन बढेर गईरहेको छ । जहाँ एकातिर चीन अमेरिकालाई उछिनेर विश्वको पहिलो ठुलो अर्थतन्त्र बन्ने दिशामा अघि बढिरहेको छ भने अर्को तिर अमेरिका चीनलाई विश्वको पहिलो अर्थतन्त्र भएको मुलुक नहोस भनेर अनेकौं बाधा एवं अडचनहरु पैदा गरिरहेको छ । चीनको दिनप्रतिदिन विश्ववव्यापी रुपमा नै प्रभाव बढिरहेकोले यसलाई रोक्नको लागी हिन्द-प्रशान्त महासागर रणनीति ९ष्लमय(उबअषष्अ कतचबतभनथ ०,बप्क्ष्९अष्ट्रेलिया,बेलायत र अमेरिका बीचको सुरक्षा सम्झौता० र त्तग्बम ९अमेरिका,अष्ट्रेलिया,जापान र भारत सम्मिलित रणनीतिक महत्वको सहयोग सम्बन्धी सम्झौता० जस्ता

तुल्सी लाल स्मृति प्रतिष्ठान

संस्थाहरु अमेरिकाको पहलमा स्थापित भएका छन । सन् २०१६ सालमा ट्रम्प प्रशासनले अमेरिकामा आयात हुने चीनिया सामानहरु माथि एक तर्फी रुपमा भन्सार दर वृद्धि गरेपछि सुरु भएको आर्थिक टकरावलाई हालका राष्ट्रपति जोबाइडनले अझ बढाएर लगेका छन । हालसालै मात्र अमेरिकाले चीनमा निर्यात हुने क्ष्ँष् अयलमगअतयच (कम्प्युटरमा प्रयोग हन्ु चिप्स) को निर्यात माथि लगाएको प्रतिबन्ध तथा ३६ वटा चीनियाँ कम्पनीहरुलाई कालो सूचीमा राखी ती कम्पनीहरुलाई आवश्यक पर्ने सामानहरुको आपूर्तिमा प्रतिबन्ध लगाउनु यसको ज्वलन्त उदाहरण हो । अमेरिकाले एक चीन नीतिको अनुसरण गरिरहके ा भन्दा भन्दै पनि ताइवान र दक्षिण चीन सागरमा उसले आफ्ना उत्तेजक गतिविधिहरु जारी राखेको छ । ताइवानको पृथकताबादी सोचलाई पुठ दिईराखेको छ । खासगरी अमेरिकी संसदकी सभामुख न्यान्सी पेलोसीले गत अगस्त महिनामा गरेको ताइवानको भ्रमणले दुई महाशक्ति राष्ट्रहरु बीचको टकरावले झन आगोमा घ्यु थप्ने काम गरेको छ । यता हाम्रा दुई छिमेकी मित्र-राष्ट्रहरु भारत र चीन- बीच वर्षौ देखि जारी सीमा विवाद समाधान हुनुको साटो झन बल्झेर गएको छ । जुन २०२० मा गल्वान उपत्यका क्षेत्रमा दुवै पक्षका सैनिकहरु बीच भएको भिडन्तले गर्दा २० जना भारतीय सैनिक मारिए पछि यी दुई देश बीचको कटुतामा दिनप्रतिदिन वृद्धि भएर गईरहेका छ । कतै संयुक्त राष्ट्र संघका घोषणा पत्र र असंलग्न परराष्ट्र नीति प्रति प्रतिबद्ध नेपाल अमेरिका र चीन तथा भारत र चीन बीचको टकरावले अफ्ठयारो अवस्थामा त पर्ने होइन ? भन्ने गम्भीर आशंका पैदा भईरहके ाछ । नेपालको भू-राजनीतिक अवस्थिति निकै सम्वेदनशिल छ । यसले गर्दा नेपालप्रति शक्ति राष्ट्रहरुको चासो दिनप्रतिदिन बढेर गईरहेको छ । अमेरिका एम सी सी र एस पी पी को माध्यमद्धारा नेपालमा आफ्नो प्रभाव बिस्तार गर्न हरसम्भव प्रयत्न गरेको प्रष्टै छ । तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सहमति कायम गराई लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटेर नेपालले आफ्नो नक्सा जारी गरेपछि पनि सिमा समस्याको समाधानको लागी भारतले बेवास्ता गर्दै आएको छ । यो एक वर्षको अवधिमा मुलुकको आर्थिक अवस्था निकै दयनीय रहन गयो । यो वर्ष अचाक्ली मुल्य वृद्धि, वैदेशिक मुद्राको घट्दो सन्चिती एवं बढ्दो वैदेशिक व्यापार घाटाको वर्ष रहन गयो । बंके हरुमा तरलताको अभाव यथावत छ भने नेपाली जनताको कय शक्तिमा अचाक्ली ह्रास हुन गई सर्वसाधारण जनताको जनजीवन झन-झन कठिन भएर गईरहेको छ । यस बीच मुलुकमा स्थानीय तह, प्रदेश सभा र संघीय संसदको निर्वाचनहरु सम्पन्न भई स्थानीय सरकार र संघीय सरकार गठन भईसकेको छ । संघीय सरकारले अझ पुर्णता पाएको छैन भने प्रदेश सरकारहरु गठन हुने प्रकृयामा रहेका छन् । भाई फुटे गँवार लुटे भन्ने उखान नेपालको राजनीतिमा चरितार्थ हुन गएको छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को फुटले नेपालको कम्युनिष्ट आन्दोलनलाई निकै ठुलो नोक्सान पुगेको परिप्रेक्ष्यमा नेपाली कांग्रेस जस्तो दक्षिणपन्थी पार्टीले फाइदा लिनु स्वभाविक नै थियो । जनमतका आधारमा नेकपा (एमाले) मुलुकको पहिलो राजनीतिक शक्ति को रुपमा प्रकट भएता पनि सिट संख्याको हिसाबले पाँच दलीय गठबन्धनको बलमा नेपाली कांग्रेस संघीय संसदमा सबभन्दा ठुलो दल बन्न सफल भएको छ । कम्युनिष्टहरु बीचको फुटले जनतामा नैराश्यता उत्पन्न भई निकै छोटो अवधिमा राष्ट्रिय स्वतन्त्र पार्टीको अचानक उदय हुन पुगेको छ भने अघिल्लो निर्वाचनमा रसातलमा पुगेको राजतन्त्रवादी एवं दक्षिणपन्थी राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो अवस्थामा निकै सुधार ल्याउन सफल भएको छ । यो निर्वाचनमा कुनै पनि पार्टीको बहुमत नआएकोले आगामी ५ वर्ष मुलुकमा राजनीतिक अस्थिरता उत्पन्न हुने आशंका पैदा भएको छ । विगत एक वर्षको अवधिमा कम्युनिष्ट पार्टीहरु बीचको कटुताले चरम सिमा नाघेर गएको थियो । तुल्सी लाल स्मृति प्रतिष्ठान सदैब वाम एवं कम्युनिष्ट पार्टीहरु बीच सहकार्य एवं एकताको पक्षमा दृढतापुर्वक उभिदै आएको सर्वविदितै छ । त्यसैले विभिन्न चिरामा विभाजित वाम एवं कम्युनिष्ट पार्टीहरु बीच सहकार्य र एकताको दिशामा अघि बढ्नको लागी हार्दिक आह्ववान गर्दछौं । आज नेपालका कम्युनिष्ट पार्टीहरु बीच एकताका साथै शुद्धिकरणको पनि टडकारो आवश्यकता छ । यसै

तुल्सी लाल स्मृति प्रतिष्ठान

सन्दर्भमा (नेकपा) माओवादी केन्द्रले पाँच दलीय गठबन्धन छाडेर नेकपा (एमाले) सँग सहकार्य गर्न आईपुगेको छ । फलस्वरुप नेकपा (माओवादी केन्द्र) का अध्यक्ष कमरेड प्रचण्ड नेकपा (एमाले) लगायत राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र केही स्वतन्त्र सांसदहरुको सर्मथनमा प्रधानमन्त्रीमा नियुक्त हुन सफल हुनु भएको छ । निश्चय नै यो राजनीतिक परिघटना मुलुक, नेपाली जनता र स्वयम नेपालको कम्युनिष्ट आन्दोलनका हितमा रहन गई नेपालको राजनीति सहि एवं सकरात्मक मन्दी दिशा तर्फ उन्मुख हुने कुरामा हामी आशावादी छौं । वर्तमान सरकार मुलुकमा विद्यमान चरम आर्थिक संकट, भष्टाचार, मुल्यवृद्धि बेरोजगारी लगायत जनजिविका अन्य सवालहरु यथाशिघ्र समाधानका लागी, ठोस कदमहरु चाल्नका लागी अनुरोध गर्दछौं । साथै समाजवाद निर्माणका ठोस आधारहरु तयार पारी नेपालको संविधान २०७२ को लक्ष्य एवं भावना अनुरुप समाजवाद निर्माणको दिशामा अघि बढ्न आह्वान गर्दछौं । यस प्रतिष्ठानको अध्ययन अनुसन्धान केन्द्रले नेपालको निर्वाचन प्रणाली महंगो भएको र राजनीतिक दलहरुमा सेवामुखी भन्दा धनमुखी र पदमुखी पवृति बढ्दै गएको, कम्युनिष्ट तथा वामपंथी पार्टी र नेताहरुमा समेत सामुहिक नेतृत्व भन्दा ब्यक्तिवादी, ब्यक्तिमुखी प्रवृतिहरु बढ्दै गएको निष्कर्ष निकालेको छ । यसलाई समयमा सुधार नगरे नेपालको लोकतन्त्र विकृति तर्फ उन्मूख हुने निश्चित छ । यस सम्बन्धमा सम्पुर्ण पार्टीहरु र नेताहरुको ध्यान आकृष्ट गर्न चाहन्छौं । २१औं साधारसभा सम्पन्न भएपछिको यो एक वर्षको अवधिमा प्रतिष्ठानले विभिन्न महत्वपूर्ण कार्यहरु सम्पन्न गरेको छ । यस बीच प्रतिष्ठानको केन्द्रीय कार्यसमितिका ७ वटा बैठकहरु सम्पन्न भएका छन् । २०७८ माघ २१ गते नवनिर्वाचित कार्य समितिको प्रथम बैठक बसेको थियो । उक्त बैठकले प्रतिष्ठानको २१ औं साधारण सभा कोरोना भाईरस माहामारीको विषम परिस्थितिमा सफलतापूर्वक सम्पन्न भएको मुल्याङ्कन गरेको थियो । नयाँ कार्यसमितिले निर्वाचनको लागी अध्यक्ष मण्डलका अध्यक्ष श्री शान्त मानवी र सदस्यहरुले खेल्नु भएको भुमिकाको उच्च मुल्याङ्कन गर्दै उहाँहरुलाई धन्यवाद दिने निर्णय गरेको थियो । उक्त बैठकले कोषाध्यक्ष (अनिवार्य) र वरिष्ठ उपाध्यक्ष वा महासचिवको संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन गर्ने निर्णय गरको थियो । २०७८/११/२५ मा बसेको कार्यसमितिको दोस्रो बैठकले प्रतिष्ठान र नेकपा (एमाले) बीच भएका दुई वटा सम्झौताहरुमा अन्तर्निहित भावना अनुरुप अस्पष्टता नहोस भन्नको लागी नेकपा (एमाले) को केन्द्रीय कार्यालयको प्रयोजनको लागी निम्न लिखित कार्यहरु गर्न सहमती गरको थियो । "मर्मत रंग रोगन गर्न,टाईल,मार्बल,ग्रेनाइट आदि बिछ्याउन, झयाल-ढोका एवं कोठाहरु सामान्य हेरफेर गर्न, नेकपा (एमाले) को पूर्ण लगानी तथा दुवै पक्षको संयुक्त प्रयोजनको लागी क्यान्टिन निर्माण गर्न, छतमा अस्थायी संरचना निर्माण गरी कोठाहरु बनाउन, सेफटि टयाङकी निर्माण गर्न,पानीको लागि डिप बोरिङ्ग निर्माण गर्न, कमरेड तुल्सी लाल अमात्यको सालिक यथास्थितिमा राख्न छतमा अस्थायी संरचना निर्माण गरी कोठाहरु बनाउन ३ वटा भवनमा नामाकरण गर्न " तुलसी लाल स्मृति भवनमा नेकपा (एमाले) केन्द्रीय कार्यलयको प्रयोजनका लागी हाम्रो अनुमतिमा विभिन्न निर्माण कार्यहरु सम्पन्न भएका छन । रेष्टुरा, तुल्सी लाल स्मृती हल, प्रतिष्ठानको कार्यालय प्रयोजनका लागी कोठाहरु र शौचालयहरु प्रतिष्ठान सँग भएको अलग संरचना निर्माण सम्बन्धी सम्झौता अनुरुप तथा नेकपा (एमाले)को आफनै बजेटमा निर्माण भई सञ्चालनमा आएका छन् । मुख्य भवनको पछाडि अवस्थित भवनको तीन वटा सटरहरु मासिक रु.६०००० र अध्ययन अनुसन्धानका लागी उक्त भवनको माथिल्लो तल्लामा रहके । चार वटा कोठाहरु नेकपा (एमाले) वागमती प्रदेश कार्यालयले अध्ययन अनुसन्धानको लागी मासिक रु.४०००० मा दिने सम्झौता भएको छ । यस प्रकार प्रतिष्ठानलाई उक्त भवनबाट मासिक रु. १ लाख प्राप्त हुन्छ । आसुतोष प्रिन्टर्सका शितल शाहले लामो समयदेखि सम्झौताको सर्त पालना नगरेकोले रकम असुल्नको लागी कार्य समितिले पहल जारी राखेको छ । तर शितल शाह सँग भएको सम्झौता आगामी पौष २९ गतेबाट सकिदैंछ । अब कुनै सम्झौता नगरि रकम असुल गरी हटाइने जानकारी गराउन चाहान्छु । विश्व वातावरण

तुल्सी लाल स्मृति प्रतिष्ठान

दिवसको अवसरमा अखिल नेपाल महिला संघ र तुल्सीलाल स्मृति प्रतिष्ठानको सहकार्यमा प्रतिष्ठानकोकम्पाउण्ड भित्रकोखाली जग्गामा बक्ष ारोपण गरिएको थियो । उक्त अवसरमा चेतनामुलक प्रस्तावना पत्र प्रस्तुत गरिएको थियो । कार्यक्रममा पूर्व प्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्ययक्ष श्री केपी शर्मा ओली प्रमुख अतिथि हनुहुन्थ्यो । कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष गोपाल शाक्यले गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन अनेमसंघ केन्द्रीय सचिव शुजिता शाक्यले गर्नु भएको थियो । २०० जना भन्दा बढि व्यक्तिहरु सहभागिता रहके ो उक्त कार्यक्रमा वातावरण सम्बन्धि प्रचार सामग्री तयार पारी बितरण पनि गरिएको थियो । कार्यक्रमा सम्पन्न गर्न भुमिका खेल्नुहुने सम्पूर्ण लाई हार्दिक धन्यबाद दिन चाहन्छु । २५ औं स्मृति दिवस बारे : जननायक तुल्सी लाल अमात्यको २५ औं स्मृति दिवस २०७९ श्रावण १७ गतेका दिन श्रद्धाञ्जली कार्यक्रम, बुद्ध, बुद्धत्व र बुद्ध दर्शन पुस्तकको लोकार्पण तथा 'नेपालको राजनीतिमा जननायक तुल्सी लाल अमात्यका योगदानहरु' विषयक विचार गोष्ठी आयोजना गरी मनाईएको थियो । प्रतिष्ठानका अध्ययक्ष एवं पूर्व मन्त्री श्री गोपाल शाक्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि पूर्व प्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष श्री केपी शर्मा ओली ज्यू हनुहुन्थ्यो । प्रमुख अतिथि के.पी शर्मा ओली ज्यूले नेपालको लोकतान्त्रिक एंव कम्युनिष्ट आन्दोलनका अग्रणी नेता तुल्सी लाल अमात्यको योगदानको उच्च मूल्याङ्कन र सम्मान प्रकट गर्नु हुदैं वहाँप्रति श्रदासुमन अर्पण गर्नु भएको थियो । ५०० जना भन्दा बढिको सहभागिता रहेको उक्त कार्यक्रममा नेकपा (माले) का महासचिव सिपी मैनाली, नेकपा (माओवादी केन्द्र)का गणेश शाह, नेपाली कांग्रेसका माननीय जितेन्द्र नारायण देव, प्रतिष्ठानका संरक्षक केशव बडाल र प्रतिष्ठानका महासचिव हिम बहादुर क्षेत्रीले आफना मन्तव्यहरु व्यक्त गर्नु भएकोथियो। प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष माननीय माधव प्रसाद पौडले ले स्वागत मन्तब्य दिनु भएको थियो । कमरेड तुल्सीलाल अमात्य ज्यूको २५औं स्मृति दिवसको उपलक्ष्यमा उपत्यकाव्यापी माध्यमिक विद्यालय स्तरिय हाजिरी जवाफ प्रतियोगिता र रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । उपत्यकाका ३२ वटा विद्यालयहरूको सहभागिता रहेको उक्त प्रतियोगिताको पूर्व खेलकुद मन्त्री एवं प्रतिष्ठानका अध्यक्ष श्री गोपाल शाक्यले दिप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो । झण्डै ३०० जनाको सहभागिता रहेको उक्त उद्घाटन समारोहको अध्यक्षता प्रतियोगिताका संयोजक एवं प्रतिष्ठानका कोषाध्यक्ष श्री बाबुराम थापाले गर्नुभएको थियो भने उक्त अवसरमा संरक्षक डा.श्री दिवश अमात्य, महासचिव हिमबहादुर क्षेत्री,कार्यसमिति सदस्यज्यूहरु श्री तारामान जोशी, शुरेन्द्र मोहन शर्मा र श्री प्रतिभा श्रेष्ठ समेतको पनि सहभागिता रहेको थियो । कार्यक्रमको संचालन प्रतिष्ठानका आजीवन सदस्य सुरेन्द्र कुमार घिमिरेले गर्नुभएको थियो। हाजिरीजवाफ प्रतियोगिता क्वाटर फाईनल,सेमी फाइर्न ल र फाईनल गरी तीन चरणमा सञ्चालन गरिएको थियो । प्रतियोगिताका संयोजक श्री बाबुराम थापाले तयार पार्नुभएको उपत्यकाव्यापी हाजिरी जवाफ प्रतियोगिताको विस्तृत विवरण यो प्रतिवेदन सँगै छुट्टै समावेश गरिएको छ । तुल्सीलाल अमात्यको २५औं स्मृति दिवशको अवसरमा साउन १३ गते ललितपुरको मंगलबजारमा रक्तदानको कार्यक्रम आयोजना गरिएको थियो । रक्तदान कार्यक्रममा ४३ जना रक्तदाताहरुले रगत दान गर्नुभएको थियो । रक्तदान कार्यक्रम सम्पन्न गर्नको लागी प्रतिष्ठानका सदस्य राजेन्द्र ब्यञ्जन्कारलाई संयोजक बनाईएको थियो । उहाँको अथक प्रयास, तुल्सीलाल स्पोर्ट्स क्लवका साथीहरुको सक्रिय सहभागिता तथा सहयोगमा रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको थियो । रक्तदान कार्यक्रममा जम्मा रु.३९३९० रुपैया खर्च भएको थियो । बाढीबाट क्षति : २०७९ साउन २३ गते राती भएको अविरल वर्षाले गर्दा मनोहरा खोलामा बाढी आई उक्त खोला तुल्सी लाल स्मृति प्रतिष्ठानको कम्पाउण्डमा भित्र प्रवेश गरेको थियो जसले गर्दा तुल्सीलाल स्मृति पुस्तकालय, तुल्सी लाल स्मृति हल र प्रतिष्ठानको स्टोरमा क्षति पुगेको थियो । यसले गर्दा कयौं पुराना र ऐतिहासिक पुस्तकहरु र फर्निचरहरु बिग्रेका छन । नेकपा (एमाले) कार्यालयको भुईतलामा रहके ा हरेक समानहरुमा पनि क्षति पुगेको छ । काठमाडौंका महानगरपालिकाले ३ वठा सफाई मेसिन, ८ जना सफाई

तुल्सी लाल स्मृति प्रतिष्ठान

कर्मचारीहरु र पानीको व्यवस्थापन गरी सहयोग पुऱ्याएको थियो । यसका लागी काठमाडौं महानगरपालिकाका निवर्तमान मेयर, बिद्या शुन्दर शाक्य र नगर प्रहरीका एसपि धनपति सापकोटालाई बिशेष धन्यवाद दिनुपर्ने हुन्छ । त्यसैगरि ललितपुर महानगरपालिका, नेकपा (एमाले) केन्द्रीय कार्यलय, (एमाले) का नेता कार्यकर्ताहरुबाट प्राप्त भएको सहयोग र प्रतिष्ठानका कर्मचारीहरुले गर्नुभएको योगदान र व्यवस्थापनले गर्दा क्षतिलाई कम गरी छिटो भन्दा छिटो अवरोध हटाउन सकिएको थियो । प्रकाशन सम्बन्धि कार्यहरु बारे : १.जननेता कमरेड तुल्सी लाल अमात्य द्वारा लिखित पुस्तक "बुद्ध, बुद्धत्व र बुद्ध दर्शन" प्रकाशित गरी २५ औंस्मृति दिवसकोअवसरमा पुर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष कमरेड केपी शर्मा ओली ज्यूले लोकार्पण गर्नुभएको थियो । २.स्मारिका प्रकाशन गर्ने उद्देश्यले प्रतिष्ठानको बिगतका सम्पुर्ण वार्षिक साधारण सभाका प्रतिवेदनहरु टाइप गरी संकलन गर्ने काम सम्पन्न भएको छ । २०७९ साल चैत्र सम्ममा स्मारिका प्रकाशित गर्ने प्रयास गरिने छ । ३.जननायक तुल्सी लाल अमात्यद्वारा नेपाल भाषा (नेवारी) मा लेखिएको कृति "सून्यवाद,ब्रम्हाबाद र मार्क्सवाद" कार्यसमितिका सदस्य प्रतिभा श्रेष्ठको सहयोगमा नेवारी भाषाका विज्ञहरु द्वारा सम्पादनको काम भईरहेकोले २०७९ साल चैत्र मसान्त सम्ममा प्रकाशित गर्ने प्रयत्न गरिने छ । ४.तुल्सीलाल अमात्य स्मृति ग्रन्थको प्रकाशनका लागी कार्यदल बनाएर अघि बढिरहेको जानकारी गराउँछु । तुल्सी लाल स्मृति भवन-३ निर्माण बारे : तुल्सी लाल स्मृति भवन-३ निर्माण कार्य २०७८माघ बाट शुरु भई २०७९ बैशाखमा सम्पन्न भएको थियो । यो भवन निमार्णको लागी नेकपा (एमाले) केन्द्रीय कार्यलयले सम्पूर्ण खर्च आफैंले व्यहोरेको जानकारी गराउँछु । यस भवनमा ५०० सिट क्षमताको हल र तुल्सी लाल स्मृति प्रतिष्ठानको कार्यलय प्रयोजनको लागी ६ वटा कोठा, ४ वटा शौचालय र सेफटी टयाङ्की निर्माण गरिएको छ । यसै भवनमा २०७९ साल बैशाख १ देखि तुल्सी लाल स्मृति प्रतिष्ठानको केन्द्रीय कार्यलय सरेको हो । प्रतिष्ठानको केन्द्रीय कार्यलय व्यवस्थापन : मितव्ययीतालाई अपनाउदै प्रतिष्ठानका पुराना फर्निचरहरु मर्मत गरी नयाँ फर्निचरकै रुपमा प्रयोग गरिएको छ । तुल्सी लाल स्मृति हल र कार्यलय कोठाहरुमा १४ थान एसि जडान गरिएको छ । यस कार्यका लागी १७ लाख ३३ हजार ४ सय ७५ खर्च भएको छ । कार्यलयको अफिस, प्रशासन, लाईब्रेरी, स्पोर्ट्स क्लवको कार्यलय र हललाई व्यवस्थित र आर्कषक रुपमा संचालन गर्ने गरी सबै कुराहरु व्यवस्थापन गर्ने क्रम जारी रहके ो छ । जसअनुसार कार्यलयलाई चाहिने सोफा, दराज, टेबुल कुर्सीहरुलाई हामीसँग भएको पुरानो समानहरुलाई पुर्नः मर्मत गरेका छौं, अपुग रहेका समानहरुलाई खरिद गरेका छौं भने प्रयोगमा नआउने र मर्मत गर्न पनि नसकिने खालको समानहरुलाई त्यस सम्बन्धी बनेको कार्यदलसँगको सुझाव अनुसार कार्यलयले नस्ट वा बिक्री गर्ने काम पनि गरेका छौं र केही बाँकी कामहरु जती सक्दो छिटो सम्पन्न गर्ने छौं । कार्यलय हल लगायतमा (एमाले) केन्द्रीय कार्यलयसँगको सहकार्यमा एसी जडान गरेका छौं । हामीसँग अहिले लगभग ५०० जना क्षमताको सभाहल छ भने त्यसहलबाट राजनितिक कार्यक्रमहरु, विभिन्न संघ संस्थाका कार्यक्रमहरु, सम्पन्न हुदैं आएका छन भने यसलाई बढावा दिँदै विभिन्न कार्यक्रमहरुलाई हल उपलब्ध गराई प्रतिष्ठानको गतिविधिहरु निरन्तर सञ्चालन गर्ने र हलबाट नियमित आम्दानी गराउनेपनि कार्यलयकोतफर्ब ाट गर्दै आएको जानकारी गराउँदछु । यसै बिच प्रतिष्ठानमा कार्यरत कार्यालय साहयक श्री सुरज भुलले अवकास लिएपछि सुश्री विनिता श्रेष्ठलाई अस्थायी नियुक्ति गरिएको थियो । तर उनले पनि अस्वस्थ भई काम छोड्केोले २०७९ बैशाख १ गते देखि श्री विष्णु पोखरलले केन्द्रीय कार्यालय सहायकको रुपमा काम गरिरहनु भएको छ । यसै गरी कार्यालय सहयोगी श्री बलराम घिमिरे लाई पनि बिदा गरी श्रीमती ठाकुर तिमिल्सिना (सावित्री) लाई काममा लगाईएको जानकारी गराउँदछु । तुल्सी लाल स्मृति प्रतिष्ठान,अध्ययन अनुसन्धान केन्द्र : २०७९ साल असाढ ३१ गते बसेको प्रतिष्ठानको चौंथो बैठकले अध्ययन अनुसन्धानको क्षेत्रलाई अझ व्यापक रुपले समेटन आवश्यक परेकोले र विभिन्न बुद्धिजिवीहरुबाट प्राप्त सुझाव अनुरुप "नेपालको लोकतान्त्रिक एवं कम्युनिष्ट आन्दोलनको अध्ययन अनुसन्धान केन्द्र" को नाम

तुल्सी लाल स्मृति प्रतिष्ठान

परिवर्तन गरी "तुल्सी लाल स्मृति प्रतिष्ठान, अध्ययन अनुसन्धान केन्द्र" राखेको जानकारी गराउँछु। प्रतिष्ठानका अध्यक्ष श्री गोपाल शाक्य ज्यूको संयोजकत्वमा अध्ययन अनुसन्धान केन्द्रले नियमित रुपले कार्य गरिराखेको छ। नेपालको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगालयत विविध पक्षमा एवं नेपालको लोकतान्त्रिक, कम्युनिष्ट र किसान आन्दोलनका साथै युवा, महिला आदिका विविध सवालहरुमा प्रतिष्ठानको उद्देश्य अनुरुप अध्ययन अनुसन्धान जारी राखेको छ। अब नियमित अन्तरकृया, गोष्ठीहरु र स्थलगत अध्ययन अनुसन्धानमा समेत नयाँ कार्ययोजनाका साथ अघि जाने सोच रहेको जानकारी गराउन चाहन्छु। हालसम्म ४० जना नेताहरुको अन्तर्वाता लिएर संकलन गर्ने काम गरीएको छ। तुल्सी लाल जन स्वास्थ्य सेवा कार्यक्रम संञ्चालन गर्ने बारे : समाजिक विकास रुपान्तर सँस्था सँगको सहकार्यमा तुल्सी लाल जेष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन गर्दै आएकोमा अगामी दिनहरुमा प्रतिष्ठानको केन्द्रीय कार्यालयले "तुलसी लाल जन स्वास्थ्य सेवा" को नामले विभिन्न स्वास्थ्य सेवा सम्बन्धि संस्था वा व्यक्तिहरु सँगको सहकार्यमा विविध स्वास्थ्य सेवा सञ्चालन गरिने छ। यसै वर्ष गुल्मी जिल्लामा स्वास्थ्य शिविर संञ्चालन गर्ने जानकारी गराउँछु। आर्थिक सहयोगको बारे : स्वास्थ्य उपचारका लागी यस प्रतिष्ठानका निवर्तमान कोषाध्यक्ष श्री मिठाराम शर्मा बजगाई र कार्यसमितीका संस्थापक सदस्य दुर्गामान खड्गीलाई रु. ५०/५० हजारका दरले आर्थिक सहयोग गरिएको जानकारी गराउँछु। यसका अलावा शिन्धुपाल्चोकका ७ वर्षका बालक सुसान्त पराजुली क्यान्सर जस्तो प्राण घातक रोगबाट ग्रसित भई टिचिङ हस्पिटलमा उपचारथ रहनुभएकोमा उहाँको लागि रु २०१०/-आर्थिक सहयोग पुऱ्याएका छौं। यसले गर्दा हाम्रो प्रतिष्ठानको उद्देश्य अनुरुप मानव स्वास्थ्य सेवाको क्षेत्रमा पनि हाम्रो योगदान रहेको कुरा जानकारी गराउँदछु। आगामी वर्ष २०७९/८० को कार्य योजनाहरु:

तुल्सी लाल स्मृति प्रतिष्ठान

१. प्रतिष्ठानको स्मारिका प्रकाशन गर्ने।

२. जननायक तुल्सी लाल अमात्यद्धारा नेपाल भाषा (नेवारी) मा लेखिएको कृति "सून्यवाद,ब्रम्हाबाद र मार्क्सवाद" प्रकाशित गर्ने।

३. जननायक तुल्सी लाल अमात्य स्मृति ग्रन्थ प्रकाशनका लागि तयारी कार्यमा जुट्ने।

४. प्रतिष्ठानको अध्ययन अनुसन्धान केन्द्रका कार्यहरु जारी राख्ने।

५. तुल्सी लाल जनस्वास्थ्य सेवा कार्यक्रमहरु सञ्चालन गर्ने।

६. तुल्सी लाल स्पोर्टस क्लबसँगको सहकार्यलाई जारी राख्ने, खेलकुद प्रतियोगिताहरु आयोजन गर्ने।

७. नेकपा (एमाले) सँगको सहकार्यमा अध्ययन अनुसन्धान, पुस्ताकालय र संग्रालय निर्माणको कार्यलाई जारी राख्ने।

८. तुल्सीलाल रनिङ सिल्ड, हाजिरी जवाफ/बक्तृत्वकला प्रतियोगिता जारी राख्ने। सामाजिक सञ्जाल माफर्त प्रतिष्ठानसँग सम्बन्धित उत्कृष्ट टिकटक तथा युटुव भिडियोको प्रतियोगिताकोआयोजना गरी उत्कृष्ट हुनेलाई पुरस्कृत समेत गरिने छ।

९.नेपालको किसान आन्दोलन तथा गरिब किसान, भूमिहीन र सुकुम्बासी श्रमिकहरुको समस्याहरु बारे अध्ययन अनुसन्धान कार्य प्रारम्भ गर्ने। यसको लागी आवश्यकता अनुसार विभिन्न संस्था तथा व्यक्तिहरुसँग सहकार्य पनि गर्न सकिनेछ।

१०. कमरेड तुल्सी लाल अमात्यको जीवनीमा आधारित डकुमेन्टरीहरु तयार पार्ने।